# सामाजिक जवाफदेहिता प्रवर्द्धन तथा अभ्यास सन्दर्भ-पुस्तिका

# २०८०

**नेपाल सरकार**
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम**
**सिंहदरबार, काठमाडौँ**

**मिति: २०८०**

जर्मन
सहयोग
DEUTSCHE ZUSAMMENARBEIT

giz Deutsche Gesellschaft für Internationale Zusammenarbeit (GIZ) GmbH

जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालयको आर्थिक सहयोग तथा Capacity Development Support to Governance II (CDSG II) मार्फत GIZ को प्राबिधिक सहयोगमा तयार पारिएको।

# विषय सूची


भाग – एक: सैद्धान्तिक दृष्टिकोण/ व्यवस्था ........ ५

परिच्छेद १ : सामाजिक जवाफदेहिताको प्रवर्द्धन तथा अभ्यास सम्बन्धी स्रोत-पुस्तिका ........ ६

१.१ पृष्ठभूमि ........ ६

१.२ श्रोत पुस्तिकाको उद्देश्य तथा उपयोगिता ........ ७

परिच्छेद २: सामाजिक जवाफदेहिता र सुशासनको अवधारणा तथा परिभाषा, प्रकार र औचित्यता ........ ९

२.१ सु-शासन तथा सामाजिक जवाफदेहिताको अवधारणा तथा परिभाषा ........ ९

२.२ सामाजिक जवाफदेहिताको आधारहरू ........ १०

२.३ सामाजिक जवाफदेहिताका प्रकार ........ १०

२.४ सामाजिक जवाफदेहिताको औचित्य ........ ११

परिच्छेद ३ : सामाजिक जवाफदेहिताका आधारभूत पक्षहरू र यसको प्रवर्द्धनमा केन्द्र देखि स्थानीय तहसम्म नागरिकको दायित्व तथा अन्तर्राष्ट्रिय अभ्यास र सिकाईहरू ........ १३

३.१ सामाजिक जवाफदेहिता र सुशासन अवधारणाको अन्तरसम्बन्ध ........ १३

३.२ सरकारका विभिन्न तहमा सामाजिक जवाफदेहिताको आधारभूत पक्षहरू ........ १३

३.३ सामाजिक जवाफदेहिता प्रवर्द्धनमा केन्द्र देखि स्थानीय तहसम्मका संघ-संस्था तथा क्षेत्रहरू र यसको भूमिका ........ १५

३.४ सामाजिक जवाफदेहिता र सुशासन अभिवृद्धिमा  नागरिकको भुमिका ........ १८

३.५ सामाजिक जवाफदेहिता सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास तथा सिकाईहरू ........ १९

परिच्छेद ४: नेपालमा सामाजिक जवाफदेहिता तथा सुशासनबारे संवैधानिक तथा कानूनी व्यवस्थाहरू ........ २१

४.१ सामाजिक जवाफदेहिता सम्वन्धी संवैधानिक व्यवस्था ........ २१

४.२ सामाजिक जवाफदेहिता सम्वन्धी कानूनी व्यवस्था तथा कार्यान्वयनको अवस्था ........ २३

परिच्छेद ५: नेपालमा सामाजिक जवाफदेहिता कार्यान्वयन गर्न स्थापित संस्थागत व्यवस्था तथा यसका सरोकारवालाहरू ........ २९

५ .१ तीन तहका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको भूमिका ........ २९

५.२ संघीय तथा प्रदेश तहमा हेलो सरकार ........ ३१

५.३ सामाजिक जवाफदेहिता सम्वन्धी केही स्थानीय तहले तर्जुमा गरेका कानूनी व्यवस्थाहरू ........ ३३

**भाग – दुई: प्रयोगात्मक व्यवस्था........................................................................४७**

**परिच्छेद ६ : सामाजिक जवाफदेहिता  प्रवर्द्धन गर्ने औजारहरू र यिनीहरूको प्रयोग गरी केन्द्रदेखि स्थानीय तहसम्म सार्वजनिक सेवालाई प्रभावकारी बनाउने खाका......................४८**

६.१ सामाजिक जवाफदेहिताका औजारहरू.......................................................................................४८

६.२ सामाजिक जवाफदेहिता कायम गरी स्थानीय तहको  सेवालाई प्रभावकारी बनाउने थप उपायहरू.................................७७

**परिच्छेद ७: स्थानीय तहमा सामाजिक जवाफदेहिताका औजार प्रयोगमा सहजीकरण ज्ञान तथा सीप............................................................................................ ८२**

७.१ सहजीकरण ज्ञान तथा सीप.......................................................................................८२

७.२ प्रशिक्षक/सहजकर्ताको कर्तव्य तथा जिम्मेवारी.......................................................................८२

७.३ सहभागीहरूका विषयमा प्रशिक्षक/सहजकर्ताले जान्नु पर्ने कुराहरू ..................................................८३

७.४ प्रशिक्षक/सहजकर्ताले गर्न हुने र गर्न नहुने कुराहरू ..................................................................८३

७.५ प्रशिक्षक/सहजकर्ताले बुझ्नुपर्ने सिकाईका केहि महत्वपूर्ण आधारहरू.................................................. ८४

७.६ सामाजिक जवाफदेहिताका औजारहरू प्रयोगमा सहजकर्ताको आचारसंहिता :...........................................८५

७.७ सामाजिक जवाफदेहिताका औजार प्रयोग गर्ने व्यक्तिले ध्यान दिनुपर्ने कुराहरू :........................................८५

**अनुसूचीहरू........................................................................................ ८७**

अनुसूची–१ : सामाजिक परीक्षक सम्वन्धी व्यवस्था.......................................................................८७

अनुसूची -२: सामाजिक परीक्षण.......................................................................................... ८८

अनुसूची– ३: विषयगत कार्यालय, गैर सरकारी संस्था, जिल्ला, गाउँपालिका/नगरपालिकाको सामाजिक परीक्षकको प्रतिवेदन . ९१

अनुसूची–४ : सामाजिक परीक्षकले गाउँपालिका/नगरपालिकाका अध्यक्ष/प्रमुख समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा .............. ९४

अनुसूची–५  : छलफल कार्यक्रममा सहभागीले पालना गर्नुपर्ने आचारसंहिता............................................... ९५

अनुसूची–६ : सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको कार्यक्रम संचालन विधि ..................................... ९६

अनुसूची –७: सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनको ढाँचा................................................................ ९७

अनुसूची—८ : सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने आचार संहिता ...............................................................९८

अनुसूची—९ : सार्वजनिक सुनुवाइ सम्वन्धी प्रतिवेदनको ढाँचा .........................................................................९९

अनुसूची – १० : उपभोक्ता समिति वा सामुदायिक संस्थाले तयार गर्ने आयोजना वा कार्यक्रम सम्वन्धी विवरणको ढाँचा .......१००

अनुसूची—११ : सार्वजनिक परीक्षण कार्यक्रममा प्रस्तुत गर्ने विषयवस्तु..........................................................१०२

अनुसूची – १२: सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा.......................................................................१०५

अनुसूची – १३: सार्वजनिक परीक्षणको लागि निर्माण व्यवसायीले तयार गर्ने विवरणको ढाँचा ....................................१०८

अनुसूची – १४: निर्माण व्यवसायीवाट संम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा ............ 109

अनुसूची – १५: सार्वजनिक परीक्षण कार्यक्रमको आचार संहिता ....................................................................१११

अनुसूची – १६: सहजकर्ताले सार्वजनिक परीक्षण गर्न प्रयोग गर्नुपर्ने कार्यतालिकाको नमूना ..........................................११२

अनुसूची – १७: सार्वजनिक परीक्षणका लागि सहजकर्ताले प्रयोग गर्नुपर्ने चेकलिष्ट ....................................................११३

अनुसूची — १८ : नागरिक प्रतिवेदन (Citizen Report Card ) ............................................................................ ११५

अनुसूची—१९: सेवा पछिको अभिमत (Exit Poll) संकलन गर्ने ढाँचा .....................................................................१२१

अनुसूची– २०: सार्वजनिक उजुरी तथा गुनासो दर्ता किताब .....................................................................................१२४

अनुसूची–२१ : सार्वजनिक उजुरी तथा गुनासो समाधानको लागि प्रस्ताव ...................................................................१२५

अनुसूची–२२ : गुनासो समाधान समन्वय समितिमा पेश गर्नु पर्ने विवरण ...................................................................१२६

अनुसूची —२३: आयोजनाको सूचनापाटीको ढाँचा ................................................................................................१२७

अनुसूची - २४ : सूचना माग गर्ने निवेदनको नमुना फारम .......................................................................................१२८

**सन्दर्भ सामग्री ........................................................................................................ १५६**

# भाग – एकः

# सैद्धान्तिक दृष्टिकोण/ व्यवस्था

# परिच्छेद १ : सामाजिक जवाफदेहिताको प्रवर्द्धन तथा अभ्यास सम्बन्धी स्रोत-पुस्तिका

## १.१ पृष्ठभूमि

उत्तरदायित्व शब्दको उत्पत्ति ल्याटिन भाषाको Accomptare र Computare को मिश्रणबाट भएको पाईन्छ। जसको शाब्दिक अर्थ  बही खाताको हिसाबकिताब भन्ने बुझिन्छ । प्राचिन इजिप्ट, इजरायल, बेबिलोनिया, ग्रीस र रोममा ब्यापक प्रयोगमा आई बिस्तारै विश्वका अन्य देशहरूमा यसको प्रयोग बढदै गएको हो। सन १२१५ मा इङ्ल्याण्डका राजा जोनलाई स्थानीय सामन्तहरूसंगको छलफलका आधारमा कर सम्बन्धी आधारभूत नीतिको आधारमा निर्णय लिनकालागि बाध्य पार्न गरिएको हस्ताक्षर म्याग्नाकार्टा संझौता नै जवाफदेहिता कार्यान्वयनको पहिलो उदाहरण हो। तत्पश्चात १५१७ मा विटेनबर्ग युनिभर्सिटीका प्राध्यापक डाक्टर मार्टिन लूथरले चर्चहरूमा हुने अनैतिक कृयाकलाप र सोको सुधारका बारेमा "Ninety-Five Theses on the Power and Efficacy of Indulgences" लेखेका थिए। यस्ले तत्कालिन समयमा पोप र पादरीहरूको आध्यात्मिक अधिकारलाई चुनौती दिंई जवाफदेहिताको माग गरेको थियो। जस्ले  रोमन क्याथोलिक र प्रोटेस्टेन्टवाद भित्र तमाम  सुधारका प्रयासहरूको सुरूवात भएको मानिन्छ ।

शासन प्रकृयालाई नागरिक प्रति जिम्मेवार र उत्तरदायी बनाउन, सार्वजनिक ओहदा धारण गरेका कर्मचारी तथा पदाधिकारी राजनीतिज्ञले सार्वजनिक सरोकार वा चासोको  विषयमा आफूले गरेको कार्य वा कार्यसम्पादनको स्तर, सोको गुणस्तर एवं सार्वजनिक स्रोतको उपयोगबारे सरोकारवाला वर्गलाई उत्तर दिने प्रणाली वा व्यवस्था नै सार्वजनिक उत्तरदायित्व हो। सार्वजनिक पदमा बस्ने वा शक्तिको प्रयोग गर्नेले आफुले गरेका कार्यको लागि जिम्मेवारी लिनु वा दायित्व निर्वाह गर्नु उत्तरदायीत्व वा जवाफदेहिता बहन गर्नु हो।

उत्तरदायित्व निर्वाहका विभिन्न तरिकाहरूमध्ये नागरिकको सहभागिता र नागरिकहरूको मागमा आधारित उत्तरदायित्व निर्वाह गर्ने प्रमुख विधि सामाजिक उत्तरदायित्व हो।

तत्कालिन समयको यूरोपियन शासन व्यबस्थामा जवाफदेहिता सम्बन्धी दुई वटा अवधारणा  रहेको  पाईन्छ। प्रथम, नागरिकको साधन, स्रोत र शक्ति नागरिककै अनुमोदनमा नागरिकको हितमा मात्र प्रयोग गर्नुपर्ने।  दोस्रो, यसरी साधन स्रोत र शक्ति प्रयोग गर्ने पदाधिकारीलाई त्यत्तिकै विश्वास गरिनु हुन्न भन्ने थियो। अरूको श्रोत साधन सङ्कलन गरी अरूकै लागि खर्च गर्नेहरू संधैभरी नागरिकको निगरानी, परीक्षण र प्रतिवेदनमा रहनु पर्दछ र यसबारे बारम्बारको प्रश्न उठाउनु पर्दछ भन्ने मान्यता स्थापित थियो । युरोपमा भएको राजा र संसदको लामो द्वन्द्व र यसले निकालेको निष्कर्ष प्रतिनिधित्व विना कर लगाउन र खर्च गर्न नपाइने भन्ने विषयको केन्द्रविन्दुमा सामाजिक जवाफदेहिता रहेको थियो।

***शासन तथा स्थानीय शासन प्रक्रियालाई नागरिकप्रति जिम्मेवार र उत्तरदायी बनाउने, सार्वजनिक ओहदा धारण गरेका सबै राजनीतिज्ञ, प्रशासक, प्राविधिक आदि पदाधिकारीहरूले सार्वजनिक सरोकार वा चासोको विषयमा आफूले गरेको कार्य, कार्यसम्पादनको स्तर, सोको गुणस्तर एवं सार्वजनिक स्रोतको उपयोगबारे सरोकारवाला वर्ग लगायत स्थानीय नागरिकलाई उत्तर दिने प्रणाली वा व्यवस्था नै उत्तरदायित्व हो ।***

तसर्थ, जवाफदेहिता लोकतन्त्रलाई संस्थागत गर्ने विषय हो र लोकतान्त्रिक राज्य-व्यवस्थामा राज्यका औपचारिक संस्था र संरचनाहरू जवाफदेहितालाई स्वचालित गराउने तन्तुहरू हुन् भने राज्यबाहिरका संरचनाहरू चाहिँ जवाफदेहिता मापन र यसका पहरेदारीका आधार हुन् ।

नेपालको सन्दर्भमा विशेष गरी सन् १९९० देखि सुशासन तथा सामाजिक उत्तरदायित्व तथा जवाफदेहीताको बारेमा उल्लेखनीय अध्ययन, अनुसन्धानका साथै यसको प्रयोग गर्न शुरू भएको पाईन्छ I  यसवाट खासगरी सामाजिक तथा गैर-सरकारीस्तरबाट सामाजिक लेखा-जोखा औजार प्रयोग गरी आफ्नो संघ-संस्थाहरूको पारदर्शीता, जवाफदेहिता तथा समग्र कार्य-सम्पादनमा वृद्धि गर्ने उद्देश्य राखेको पाईन्छ ।

## १.२ श्रोत पुस्तिकाको उद्देश्य तथा उपयोगिता

### उद्देश्य

यस श्रोत-पुस्तिकाको प्रमुख उद्देश्य भनेको सुशासन तथा सामाजिक उत्तरदायित्व तथा जवाफदेहीताबारे उपलब्ध नीति, कानून, ऐन, कार्यविधि, निर्देशिका आदिका साथै यसबारे सरकार, विकास साझेदार आदिले विकास गरी प्रयोग गर्दै आएका विभिन्न औजारहरूको विवेचना/अध्ययन गरी सामाजिक उत्तरदायीत्व तथा जवाफदेहिताको प्रवर्द्धन गरी स्थानीय सरकार संचालनको प्रभावकारीतालाई वृद्धि गर्दै स्थानीय विकास तथा नागरिकहरूलाई सर्व-सुलभ सेवा सुविधा पु-याउन सहयोग गर्नु हो ।

तथ्यमा आधारित भएर सामाजिक उत्तरदायित्व तथा जवाफदेहितालाई अझै बढी समावेशी, मजबुत तथा सशक्त बनाउन विभिन्न औजारहरूको सिफारिस गरी यसको माध्यमबाट सेवा प्रदायक, नागरिक समाज, निजी क्षेत्र तथा सर्वसाधारण नागरिकको क्षमता अभिबृद्धि गर्ने पनि यस श्रोत-पुस्तिकाको अर्को प्रमुख उद्देश्य हो ।

स्थानीय तहहरूमा कानूनले व्यबस्था गरे अनुरूप सामाजिक उत्तरदायित्व सम्बन्धी कृयाकलापहरू तयार गरी कार्यान्वयन गर्नका लागि यो श्रोत  पुस्तिका उपयोगी हुने अपेक्षा गरिएको छ ।

### उपयोगिता

यस श्रोत-पुस्तिकाको उपयोग निम्न तरिकाबाट गर्न सकिन्छ :

(क) सु-शासन तथा सामाजिक उत्तरदायीत्व र जवाफदेही अवधारणा, यस सम्बन्धी विभिन्न ऐन, नीति, कार्यविधि आदि तथा सूचनाको हक आदि बारे सहभागीहरूलाई जानकारी दिई यसबारे ज्ञानमा अभिवृद्धि गरी स्थानीय तहमा यसलाई नतिजामुखी कार्यान्वयन गर्न सहयोग गर्ने ।

(ख) सामाजिक उत्तरदायीत्व तथा जवाफदेहितालाई अंझ बढी समाबेशी, मजबुत तथा सशक्त बनाउन विभिन्न सिफारिसहरू गरी यसका माध्यमबाट सेवा प्रदायक, नागरिक समाज, निजी क्षेत्र तथा सर्व-साधारण नागरिकको क्षमता अभिबृद्धि गरी नागरिकको नजिकको स्थानीय सरकारलाई जनउत्तरदायी बनाई आफ्नो जिम्मेवारीहरू पूरा गर्न सहयोग गर्ने ।

(ग) स्थानीय सरकारले गर्ने सबै कामलाई पारदर्शी, निष्पक्ष एवं जवाफदेहीयूक्त बनाई स्थानीय सरकारलाई बढी सक्षम र समावेशीका साथै असल शासनको संस्थागत विकासमा योगदान पु-याउने ।

(घ) सेवा प्रदायक, नागरिक समाज, निजी क्षेत्र तथा सर्वसाधारण नागरिकको सामाजिक जवाफदेहिताबारे ज्ञान वृद्धि गरी विषयवस्तु अनुसारको विधि तथा प्रक्रियाको तयारी गर्न सक्षम भई यसलाई व्यवहारमा उतार्न योगदान पु-याउने ।

(ङ) समग्र स्थानीय सरकारको कामहरूलाई नागरिक प्रति जवाफदेही बनाउनका लागि सेवाग्राही तथा समुदायलाई सक्रिय सहभागिता गर्न सक्नेगरी सचेत र सशक्त बनाउने।

च) सामाजिक जवाफदेहिताको विभिन्न औजारहरू प्रयोग गरी स्थानीय सरकारको कार्यसम्पादनको गुणस्तर वृद्धि गर्न नागरिक सचेतना बढाउन, नागरिकको सकारात्मक दवाव सृजना गर्न, नागरिक पृष्ठपोषण पद्धतिलाई क्रियाशील बनाउन र समग्र स्थानीय सरकारका कामहरूमा नागरिकको अर्थपूर्ण सहभागिता गराई समावेशी बनाउने।

# परिच्छेद २: सामाजिक जवाफदेहिता र सुशासनको अवधारणा तथा परिभाषा, प्रकार र औचित्यता

## २.१ सु-शासन तथा सामाजिक जवाफदेहिताको अवधारणा तथा परिभाषा

सुशासन राज्य सञ्चालन प्रक्रियाको सबैभन्दा राम्रो कला हो । राज्य र राज्य अन्तर्गतका सेवाप्रदायक, चाहे ती प्रशासनिक वा सुरक्षा तह हुन् या नागरिक समाज, निजी क्षेत्र वा सम्बन्धित अन्य संघ-संस्था हुन्, तिनले आआफ्नो आन्तरिक लोकतान्त्रिकीकरण सहित सुशासनलाई बलियो बनाउन आवश्यक हुन्छ । त्यस्तै, सामुदायिक संस्थाहरू परिवर्तनका बाहक तथा सचेतनाका माध्यमसमेत भएको हुँदा उनीहरूले समुदाय तथा स्थानीय तहमा सुशासन प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । कमजोर जवाफदेहिताले दण्डहिनता बढ्छ । भ्रष्टाचारजन्य कृयाकलापका कारण राज्यको स्रोतको दुरूपयोग मात्र हुने होइन कि आम नागरिकमा राज्यका तहहरू प्रतिको विश्वास पनि घट्छ । तसर्थ, सार्वजनिक तहका पदाधिकारीहरू र सेवाप्रदायकहरू नागरिक प्रति जवाफदेही हुनुपर्दछ । अर्को शब्दमा भन्ने हो भने सुशासन त्यो बिधि तथा प्रक्रिया हो जसमा राज्यका संस्था वा तहले नागरिकको सक्रिय संलग्नता सुनिश्चित गर्दै पारदर्शी तथा जवाफदेही तरिकाले सेवा-सुविधा प्रदान गर्छ । यस बिधि तथा प्रक्रिया अन्तर्गत विशेष गरी तीन वटा पक्षहरू रहन्छन् :

**क) संस्थाहरू**: औपचारिक, अनौपचारिक, सरकारी, व्यावसायिक तथा निजी क्षेत्रका संघ,संस्थाहरू ।

**ख) नियम/कानून** : औपचारिक नीति, कानून तथा नियमावली एवं मूल्यमान्यता र अभ्यासहरू तथा यी सबै बीचका अन्तरक्रियाहरू ।

**ग) नागरिक** : व्यक्ति, सङ्गठित समूह, औपचारिक तथा अनौपचारिक गैर-सरकारी संस्थाहरू र नागरिक समाजसंग सम्बन्धित संस्थाहरू ।

राज्यमा माथिका तीनैतीनै वटा पक्षहरू कत्तिको सन्तुलित, समन्वयकारी र व्यावहारिक रूपमा कार्यरत छन् भन्ने कुरा त्यहाँको शासन प्रणालीले देखाउँछ । सरकारी तहहरूमा सर्वसाधारण नागरिकको सहज पहुँच छ कि छैन । सर्वसाधारण नागरिक आफूले राज्यबाट पाउने सेवा/सुविधाप्रति कति जानकारी राख्छन् । उनीहरूले आफ्नो कर्तव्य तथा जिम्मेवारीको पालना वा बहन कुन हद सम्म गर्दछन् र राज्यबाट उपलब्ध हुने सेवा/सुविधा प्राप्त गर्ने कुरामा कत्तिको चासो वा क्षमता राख्छन् भन्ने कुराले पनि त्यहाँको शासन व्यबस्थाको अवस्था कस्तो छ भनेर देखाउँछ । त्यसैगरी, राज्यले नागरिकलाई पु-याउने सेवा/सुविधा र नागरिकका कर्तव्यका लागि कस्ता नीति, ऐन, नियमावली, कार्यविधि, निर्देशिका आदि तयार गरेका छन् ? ती कुरा तयार गर्दा नागरिकहरूको कस्तो र कुन तहको संलग्नता छ र ती नीति तथा कानूनहरू व्यवहारमा वा कार्यान्वयनमा कत्तिको ल्याइएको छ भन्ने कुरा पनि त्यति नै महत्वपूर्ण हुन्छ ।

यसैगरी, यी तीनैतीनै वटा पक्षहरूको आपसी सम्बन्ध र अन्तरक्रियाको पद्धति पनि सेवाका प्रकार तथा क्षेत्र अनुसार फरक पर्न सक्छन् । उदाहरणका लागि स्वास्थ्य सेवाका लागि अलग किसिमको नीति, कानून हुन्छन् भने वातावरण संरक्षण तथा जलवायु परिवर्तनका क्षेत्रमा काम गर्ने तहका लागि अलग नीति र कानूनहरू तयार पारिएका हुन्छन् । यस कारण शासन प्रणालीमा खास गरेर नीति र कानून के के छन् ? ती नीति र कानून कसरी तयार गरिन्छन् र कसरी कार्यान्वयनमा ल्याइन्छन् भन्ने कुराले नै धैरै महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

मुलुकमा सुशासनका निम्ति विधिको शासन, नागरिकप्रति उत्तरदायी व्यवस्था, भ्रष्टाचारमुक्त समाज, खुला सरकार, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता एवं दक्षता र काम कारवाहीमा खुलापन जस्ता कुरा आवश्यक हुन्छ।

***मुलुकमा सुशासनका निम्ति निम्न कुराहरू आवश्यक छन ।***

*१. विधिको शासन*
*२. नागरिकप्रति उत्तरदायी व्यवस्था*
*३. भ्रष्टाचारमुक्त समाज*
*४. सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता र दक्षता*
*५. कामकारवाहीमा खुलापन*

## २.२ सामाजिक जवाफदेहिताको आधारहरू

### (क) सगंठित, जुझारू, जीवन्त तथा सक्षम नागरिक समूह

जसले राज्यका कार्यक्रमहरूको सूचना सङ्कलन गरी सो सूचना राजनितिज्ञ, सार्वजनिक अधिकारी र सेवा प्रदायकलाई रचनात्मक रूपमा संलग्न गराउन न्याय सँगत तरिकाले उपयोग गर्छ र सार्वजनिक हितलाई निष्पक्ष, दक्ष तथा प्रभावकारी रूपमा निर्वाह गर्न जोड दिन्छ।

### (ख) जवाफदेही तथा जन-उत्तरदायी सरकार

जसले रचनात्मक नागरिक संलग्नताका लागि ठाउँ र प्रक्रियाहरू प्रदान गर्दछ । सरकारमा रचनात्मक नागरिक संलग्नतालाई महत्व दिन्छ र शासन संचालनमा नागरिक सहभागिता अभिवृद्धि गर्न जोड दिन्छ।

### (ग) पर्याप्त सूचनामा पहुंच तथा प्रभावकारी उपयोग

गुणस्तरीय तथा विश्वसनीय सूचनाको सङ्कलन सामाजिक जवाफदेहिताको पूर्वशर्त वा आवश्यकता हो। सरकार र अन्य सेवा प्रदायकको कार्यसम्पादन अनुगमन विश्वसनीय प्रमाणमा आधारित हुनु पर्दछ । सार्वजनिक विषयको (सरोकारको) सूचनामा नागरिकको पहुँच हुनुपर्दछ र त्यस्तो सूचना मूल्याङकन गर्ने क्षमता पनि हुनुपर्दछ।

### (घ) संस्कृति तथा सन्दर्भप्रति संवेदनशीलता:

सामाजिक जवाफदेहिताका उपकरणहरू कार्यान्वयन गर्दा सघाने वा बाधा पु-याउने अवस्थाको विश्लेषण गर्नुपर्ने हुन्छ। यसतर्फ संवेदनशील भै समझदारीपूर्वक काम गर्नुपर्ने हुन्छ। राजनीतिज्ञ, सरकार वा अन्य सेवा प्रदायकले गर्ने दुरूपयोग वा अपचलनलाई समर्थन गर्ने खालका मान्यताहरू बाधक बन्न सक्दछन्। तसर्थ, सामाजिक जवाफदेहितालाई सांस्कृतिक पक्षहरूसँग जोडेर मूलप्रवाहीकरण गर्नु पर्दछ।

## २.३ सामाजिक जवाफदेहिताका प्रकार

माग तथा आपूर्तिका आधारमा सामाजिक जवाफदेहिता निम्न प्रकार छन् ।

**(क) माग तथा आपूर्ति पक्षको जवाफदेहिता र यसका औजारहरू**

**मागकर्ता (Demand Side) वा नागरिक पक्षको जवाफदेहिता :**

नागरिक वा समाजको पक्षबाट सु-शासन तथा सामाजिक उत्तरदायित्व अभिबृद्धिका लागि अवलम्वन गरिने औजारहरू खास गरी *सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामुदायिक अंक पत्र, नागरिक प्रतिवेदन पत्र, सार्वजनिक खर्चको सोध-खोज, सहभागीतामूलक योजना तथा बजेट तर्जुमा,* आदि हुन् ।

**आपुर्तिदाता (Supply Side ) वा राज्य पक्षको जवाफदेहिता :**

सरकारी स्तरबाट/पक्षबाट सु-शासन तथा सामाजिक जवाफदेहिताको लागि गरिने पहल कदमी । विशेषगरी *सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, बहिर्गमन मत, सार्वजनिक गुनासो सुनुवाई संयन्त्र/सुझाव पेटिका, नागरिक बडापत्र* आदि औजारहरू यसमा पर्दछन् ।

**(ख) प्रशासनिक जवाफदेहिता निम्न प्रकार रहेको पाईन्छ**

- **ठाडो जवाफदेहिता :** यस प्रकारको उत्तरदायित्व तहगत हुन्छ । जस्तै: मतदाता तथा निर्वाचित जनप्रतिनिधि बिचको जवाफदेहिता, पदसोपान ।
- **तेर्सो जवाफदेहिता : :** यस प्रकारको उत्तरदायित्व एकै तहमा हुन्छ I जस्तै: सार्वजनिक प्रशासन, लेखापरीक्षण गर्ने कार्यालय, न्यायलय आदि बीचको उत्तरदायित्व ।

**(ग) राजनीतिक जवाफदेहिता, कानूनी उत्तरदायित्व, नैतिक उत्तरदायित्व, प्रशासनिक तथा आर्थिक जवाफदेहिता आदि ।**

**(घ) माथिल्लो निकाय को जवाफदेहिता (Upward Accountability):** आफूलाई कामको जिम्मेवारी अथवा अधिकार दिने प्रतिको जवाफदेहितालाई माथिल्लो निकाय प्रतिको जवाफदेहिता (Upward Accountability) भनिन्छ ।

**ङ) तल्लो निकाय प्रतिको (Downward Accountability) जवाफदेहिता**: प्राप्त जिम्मेवारी वा अधिकारको प्रयोग गर्दै सम्पादन गरिने कामको प्रभावबाट प्रभावित हुने वर्ग प्रतिको जवाफदेहिता, जसलाई तल्लो निकाय प्रतिको (Downward Accountability)जवाफदेहिता भनिन्छ ।

तर, अहिले माथि उल्लेख गरिए बाहेक प्रयोगमा आउन थालेको तेस्रो पक्ष पनि छ । जसलाई आफूबाट सम्पादन गरिने कामको प्रभावकारिता अरूको कार्यसम्पादनको प्रभावकारितासँग पनि गाँसिने हुँदा, समकक्षी प्रतिको जवाफदेहितालाई पनि जोडेर हेर्न थालिएको छ । (यस पुस्तिकामा स्थानीय तहमा सुशासनको संस्थागत विकासका लागि सामाजिक उत्तरदायित्व सम्बन्धी भएका प्रयासहरूको तथ्यगत विश्लेषण गरिएको छ ।)

## २.४ सामाजिक जवाफदेहिताको औचित्य

सामाजिक जवाफदेहिता समाजप्रतिको जिम्मेवारी हो । समाजको सकारात्मक भूमिका, सहयोग विना कुनै पनि संस्था वा संगठनले आफ्ना क्रियाकलाप प्रभावकारी बनाउन सक्दैन । व्यक्तिगत रूपमै पनि सामाजिक उत्तरदायित्व अनिवार्य र गम्भिर बन्दै गइरहेको परिवेशमा सबै तहको सरकारहरूको निम्ति यो एक प्रकारको बाध्यकारी कर्तव्य बनेको छ । हरेक तहको

सरकारलाई नैतिकवान् बनाउने र सरोकारवालाहरू प्रतिको दायित्वलाई यथोचित निर्वाह गर्ने विषय समेत सामाजिक जवाफदेहिता भित्र पर्दछ ।

सार्वजनिक पदमा कार्यरत पदाधिकारीले नागरिक वा सेवाग्राही प्रतिको जवाफदेहिता सुनिश्चित गर्नु पर्दछ । सेवा प्रदायक तहले ऐनकानूनको पूर्णपालन, वित्तिय अनुशासनको अवलम्वन र आन्तरिक नियन्त्रणको कार्यान्वयनमा पूर्ण प्रतिवद्ध हुनु आवश्यक छ । छोटकरीमा नेपालमा निम्न काम गर्न गराउन सामाजिक उत्तरदायित्व र जवाफदेहिताको आवश्यक पर्दछ :

- सार्वजनिक जिम्मेवारी लिएका पदाधिकारीहरूले विद्यमान ऐन, नियम, कार्यविधि आदिको पूर्ण पालना गर्नुपर्ने,
- सार्वजनिक निकायले प्रभावकारी, कुशल र निष्पक्ष रूपमा सर्वसाधारण नागरिकको हितमा काम गर्ने गराउने र आफूले गर्ने कामलाई पारदर्शी तथा जवाफदेही बनाउने,
- नागरिकलाई उनीहरूको हक/अधिकार र कर्तव्य सम्बन्धी सूचना प्रदान गरी अधिकार र कर्तव्यको बोध गराउने,
- नागरिकका हक/अधिकारमा आघात पुग्ने कार्य गर्न नदिने, अनियमितता वा वित्तीय अनुशासन कायम गरी सुशासनको अनुभूति गराउने,
- सरकार तथा सेवाप्रदायकहरूलाई नागरिकप्रति खुला, पारदर्शी तथा इमान्दार बनाउने,
- नागरिकहरू सत्य पत्ता लगाउन सक्छन् भन्ने यथार्थ राज्य र अन्य सेवाप्रदायकलाई बोध गराउने,
- राज्य वा सेवाप्रदायकले के-के गर्न सके वा सकेनन् ? भन्ने कुरा नागरिकलाई जानकारी प्रदान गर्ने,
- सरकार, सेवाप्रदायक र नागरिक (सेवाग्राही) बीच दोहोरो र सहज सम्बन्ध स्थापित गराउन र सुसूचित एवं कर्तव्यबोध सहितको नागरिक तयार गर्ने ।

## २.४ सामाजिक जवाफदेहिता प्रवर्द्धन तथा प्रभावकारी कार्यान्वयनको लागि आवश्यक तत्वहरू

- सरकारी, गैर सरकारी संस्था तथा निजी क्षेत्रको संस्थागत क्षमता,
- राजनैतिक संस्कार तथा संस्कृति,
- सूचनामा पहुँचको सुनिश्चितता,
- सञ्चार क्षेत्रको सकरात्मक भूमिका,
- नागरिक समाजको क्षमता तथा भूमिका,
- सार्वजनिक निकायको सामाजिक जवाफदेहिता कार्यान्वयनमा प्रतिवद्धता ।

राज्यले सहयोग नगरेमा नागरिक समूह, गैर सरकारी संस्था तथा निजी क्षेत्रको प्रयासले मात्र सामाजिक जवाफदेहिताका पहलहरू सफल हुन कठिन हुन्छ । सरकारले सुशासनका परम्परागत संयन्त्रको विकास मात्र गरेर नपुग्ने हुँदा सरकार र नागरिकको आपसी संलग्नता एवं साझेदारीको अभ्यासलाई जोड दिई सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्न आवश्यक छ ।

# परिच्छेद ३ : सामाजिक जवाफदेहिताका आधारभूत पक्षहरू र यसको प्रवर्द्धनमा केन्द्र देखि स्थानीय तहसम्म नागरिकको दायित्व तथा अन्तर्राष्ट्रिय अभ्यास र सिकाईहरू

## ३.१ सामाजिक जवाफदेहिता र सुशासन अवधारणाको अन्तरसम्बन्ध

सुशासन राज्य सञ्चालन प्रक्रियाको सबैभन्दा राम्रो कला हो । राज्य र राज्य अन्तर्गतका सेवाप्रदायक, चाहे ती प्रशासनिक वा सुरक्षा तह वउ सम्बन्धित अन्य संघ/संस्था हुन्, तिनीहरूले आ–आफ्नो आन्तरिक लोकतान्त्रिकीकरण सहित सुशासनलाई बलियो बनाउनुपर्छ । त्यस्तै, सामुदायिक संस्थाहरू परिवर्तनका वाहक तथा सचेतनाका माध्यमसमेत भएकाले यीनीहरूले पनि समुदाय तथा स्थानीय तहमा सुशासन प्रवर्द्धन गर्ने महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

सुशासनको एक महत्वपूर्ण पक्ष सामाजिक जवाफदेहिता हो । सुशासन अन्तिम लक्ष्य हो भने त्यो लक्ष्य प्राप्त गर्ने एउटा सशक्त माध्यम सामाजिक जवाफदेहिता हो । सामाजिक जवाफदेहिताले प्रत्यक्षरूपमा गुणस्तरीय सार्वजनिक सेवा-सुविधाको प्रवाह वृद्धि गर्न सहयोग गर्छ ।


यसले सेवाप्रदायक र सेवाग्राही दुवैको अर्थपूर्ण सम्बन्ध एवं दक्षता अभिवृद्धि समेत गर्छ । सामाजिक जवाफदेहिताले प्रतिवद्धतामा आधारित नागरिक जवाफदेहिता निर्माण गर्छ । नागरिकहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सरकार, कर्मचारी, सेवाप्रदायक, राजनीतिज्ञ तथा सामाजिक पदाधिकारीहरूबाट उनीहरूको काममा पारदर्शीता तथा जवाफदेहिता माग गर्न सहभागी हुन्छन् ।

***सामाजिक जवाफदेहीता सार्वजनिक हितका विषयमा निर्णय गर्ने र यसको कार्यान्वयन गर्ने कुरामा नागरिकको संलग्नता सुनिश्चित गर्दै उनीहरूको सरोकारका बिषयहरूलाई पनि समेटेर कार्यान्वयन गर्ने पद्धति हो ।***

यस सन्दर्भमा सङ्घीय व्यवस्था लागू भई ७५३ वटा स्थानीय सरकारहरूले संविधानत: एकल तथा साझा अधिकारलाई सदुपयोग गरी स्थानीय विकासको लागि जवाफदेही, पारदर्शीता र उत्तरदायित्वको सुनिश्चितता कायम गरी समग्र रूपमा सुशासनको जग मजवुत बनाउन महत्वपूर्ण भूमिका खेल्ने जिम्मेवारी बहन गर्नु पर्दछ ।

## ३.२ सरकारका विभिन्न तहमा सामाजिक जवाफदेहिताको आधारभूत पक्षहरू

सरकारको सामाजिक जवाफदेहिता प्रवर्द्धनकालागि नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने, यस विषयमा स्वामित्व ग्रहण गर्नसक्ने र यसलाई उपलब्धिमूलक तुल्याउने कार्य नै आधारभूत पक्षका रूपमा रहन्छन् यसका लागि सार्वजनिक तह र पदधिकारीहरूमा कर्तब्यवोध, दायित्ववहन र कृयाशिलताका पक्षमा क्षमता अभिवृद्धि गर्न आवश्यक हुन्छ ।




नागरिक सशक्तीकरणको दृष्टिकोणलाई सामाजिक जवाफदेहिता सम्बन्धी आवश्यकता, सो को पहिचान, यस सम्बन्धी आधारभूत सूचना र जानकारी, गुणस्तरीय सेवा तथा सुविधाको माग, यसबाट प्राप्त हुने लाभ र परिणाम बारेको जानकारी हुने, सरकारबाट उपलब्ध हुने सेवा सुविधा प्रति सजग र जागरूक हुने गरी नागरिकको क्षमता विकास गर्नुपर्दछ।

यसैगरी, सरकारका कामकारवाहीलाई खुल्ला, पारदर्शी र प्रभावकारी तथा दिगो एवं परिणाममुखी बनाउन आवश्यक क्रियाकलापहरू संचालन गर्ने, सदाचार एवं उच्च मनोवलयुक्त जिम्मेवार कर्मचारीबाट स्वच्छ कार्य सम्पादन र निष्पक्ष प्रशासन सन्चालन गर्ने, सेवाग्राहीहरूमा सुशासनको अनुभूति हुनेगरी कार्यालय र सेवाग्राही बीच समन्वय र सहकार्यका माध्यमबाट सुमधुर अन्तर-सम्बन्धको वातावरण सृजना गर्ने, नागरिकका गुनासाहरूको सुनुवाई गर्ने र सूचनाको पहुँच निर्माण गर्न सहज तथा सरल प्रणालीको स्थापना गर्ने कामहरू गरी सरकारको विभिन्न तहमा सामाजिक जवाफदेहिताको प्रवर्द्धन गर्न सकिन्छ ।

स्थानीय सरकारले आफुलाई प्राप्त २२ वटा अधिकार अधिकारलाई कार्यान्वयन गर्न आवश्यक नीति-नियम, कानून निर्माण गर्नका साथै योजना तथा बजेट निर्माण गर्ने भएकाले पनि नागरिकका आवश्यकता तथा समस्याहरूसँग यो सरकार प्रत्यक्ष जोडिएको हुन्छ। स्थानीय तहलाई प्राप्त भएका अधिकारहरूमा स्थानीय कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन, स्थानीय सेवाको व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख संकलन, स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू, शिक्षा, स्वास्थ्य, सरसफाई, स्थानीय बजार व्यवस्थापन, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन, कृषि, बेरोजगारको तथ्यांक संकलन,

विपद व्यवस्थापन जस्ता अधिकारहरू कार्यान्वयन गर्न स्थानीय सरकारलाई नागरिकको सहभागिता अपरिहार्य हुन्छ। नागरिकको सहभागिता गराइएन भने नागरिक केन्द्रित भन्दा पनि शक्ति केन्द्रित योजनाहरू निर्माण हुनसक्छ। जसले सीमित व्यक्तिमा शक्ति केन्द्रित भएर स्रोत साधनको दुरूपयोग हुनसक्दछ। प्राथमिकता प्राप्त भन्दा पनि अन्य योजनाले प्राथमिकता पाउने, योजनाहरू खर्चिलो हुने तर नतिजा नदिने जस्ता समस्या ल्याउँछन। नागरिकको इच्छा विपरीत स्थानीय तहका सीमित व्यक्तिले बढी लाभ लिनसक्छन्। फलस्वरूप, स्थानीय सरकार आफ्नो लक्ष्य विपरित असफलता तिर उन्मुख भई दण्डहिनता बढ्नसक्छ। तसर्थ, स्थानीय तहलाई सही मार्गमा परिचालन हुन पनि नागरिकको सहभाग जरूरी हुन्छ।

हरेक तहको सरकारबाट निर्माण हुने नीति तथा योजनामा नागरिकहरूको सहभागीता आवश्यक हुन्छ । दीर्घकालीन हित र परिणाममुखी विकासको लक्ष्य प्राप्त गर्ने सक्षम प्रणाली स्थापना गर्न, दिगो विकास र सुशासनका लागि राज्य, नागरिक समाज र नीजी क्षेत्रबीच समन्वय र सहकार्य वृद्धि गर्न आवश्यक हुन्छ । सबै सरकारी कार्यालयहरूको निर्णय, कार्यालयबाट प्रदान गरिने सेवा, सुविधा र अवसरलाई पारदर्शी बनाई नागरिकहरूको सहज पहुँच बृद्धि गर्न कार्यालयमा विद्युतीय सुचना प्रविधिको विकास तथा कार्यान्वयन गर्ने, नागरिक र सेवाग्राही बीच सेवा प्रवाह, स्रोत र साधनका बीच सामन्जस्यता कायम गरी प्रभावकारी कार्यान्वयन गर्ने तथा नियमित अनुगमन गरी सरकारले गरेका कामको जानकारी तथा सुझाव संकलन गर्नका लागि संवाद, छलफल, सुनुवाईको व्यवस्था आवश्यक छ ।

त्यासकारण, सामाजिक जवाफदेहिता कायम राख्न प्रचलित कानून बमोजिम स्थानीय तहले पनि पारदर्शीता जवाफदेहिता र सदाचारका लागि सार्वजनिक सुनुवाई, सूचनाको हक सम्बन्धी कार्यविधि, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण,लैगिक उत्तरदायी बजेट एवं समावेशी बजेट परीक्षण, सामुदायिक अंक तालिका सम्बन्धी कार्यविधि तर्जुमा गरी नागरिक सहभागीता, पारदर्शीता तथा जवाफदेहिता, सामाजिक उत्तरदायित्व र जिम्मेवारी र प्रभावकारी कार्यान्वयन तथा नियमित अनुगमन आदि कार्यहरू गर्न आवश्यक हुन्छ ।

## ३.३ सामाजिक जवाफदेहिता प्रवर्द्धनमा केन्द्र देखि स्थानीय तहसम्मका संघ-संस्था तथा क्षेत्रहरू र यसको भूमिका

### क) संघीय तह

राज्यका हरेक संयन्त्रलाई जनमुखी बनाई नागरिकको आवश्यकता अनुसार सेवा प्रवाह गर्नु राज्यको प्रमुख दायित्व हो । राज्य प्रणालीमा सरोकारवालाहरूको सक्रिय एवं सार्थक सहभागिता गराई नागरिकलाई उपलब्ध गराउने वस्तु तथा सेवाहरू छिटो, छरितो, सरल एवं न्यायिक रूपमा उपलब्ध गराउन र आम नागरिकलाई शासनको सुखद अनुभुति दिलाउन नेपाल सरकारले बि. सं.. २००८ सालमा पहिलोपटक सरकारी आयव्यय विवरण सार्वजनिक गरेको थियो ।

नेपालमा २०४७ सालको संविधान, नेपालको अन्तरिम संविधान वि.सं.२०६३ र २०७२ सालमा जारी गरिएको नेपालको संविधानमा समेत सूचनाको हकलाई मौलिक हकको रूपमा राखिएको छ ।

नेपालको संविधान २०७२ ले सार्वजनिक उत्तरदायित्वका आधारभूत संरचना तथा विशेषताहरूलाई आत्मसात गरेको छ । मुलुकमा विधिको शासन, भ्रष्टाचारमुक्त समाज, आर्थिक अनुशासन, दण्डहीनताको अन्त्य, मानव अधिकारप्रतिको सम्मान, जनउत्तरदायी सरकार, भ्रष्टाचारको रोकथाम र नियन्त्रणको निम्ति संवैधानिक अंगको रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सूचना आयोग, राष्ट्रिय सतर्कता केन्द्र, महालेखा परीक्षकको कार्यालय र स्वतन्त्र न्यायालाय आदिको स्थापना गरी सार्वजनिक तहको काम कारबाहीमा खुलापन र पारदर्शीताको सुनिश्चितता गरी जनउत्तरदायी सरकार संचालनको व्यवस्था गरिएकोछ । वि.सं. २०६४ मा बनेको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन ले कानुनी शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापनलाई सुशासनको रूपमा परिभाषित गरेको छ ।

***वास्तवमा सुशासनलाई प्रभावकारी शासन व्यवस्थाको माध्यमबाट नागरिकको हित अभिवृद्धि गर्ने दिशामा परिलक्षित मूल्य र मान्यताको रूपमा ग्रहण गरिन्छ । यो बहुआयामिक मान्यता र प्रक्रिया हो । यो लोकतान्त्रिक शासन व्यवस्थाको मेरूदण्ड हो ।***

यसका अलावा सार्वजनिक तहहरूलाई जनउत्तरदायी बनाउन र उनीहरूले सम्पादन गरेका कामहरूको सुचना सम्प्रेषण गर्न वि.स. २०६४ मा सूचनाको हक सम्बन्धी ऐन र २०६५ मा सूचनाको हक सम्बन्धी नियमावली जारी गरी कार्यान्वयन गरिएको छ् । यसैका आधारमा सजायको व्यवस्था, पुनरावेदन र क्षतिपूर्तिको व्यवस्था भएको पनि छ । सबै सूचनाहरूमा सर्वसाधारणको सरल र सहज पहुँचपनि सुनिश्चितता गरिएको छ । वि.सं २०६५ मा राष्ट्रिय सूचना आयोग समेत गठन भएको छ । आयोग स्थापना भएदेखि सूचनाको हकलाई कार्यान्वयन गर्न गराउन निकै तदारूकताको साथ लागेको देखिन्छ । हालमा सूचनाको हक सम्बन्धी थुप्रै व्यस्थाहरूमध्ये सरकारी कार्यको प्रगति प्रतिवेदन सार्वजनिक गर्ने, यसको लागि सूचना टाँस गर्ने, वेब साइटमा राख्ने तथा पत्रकार सम्मेलन गर्ने लगायतका विधिहरूको अवलम्बन गर्ने गरिएको छ ।

यस्तै, हरेक सार्वजनिक तहमा नागरिक बडापत्रको व्यवस्था गरिएको छ । सार्वजनिक तहमा सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणको व्यवस्था गरिएको छ । हरेक सार्वजनिक तहले सूचना प्रवाहको लागि सूचना अधिकारीको व्यवस्था गर्ने गरेका छन् । साथै, केन्द्रीय तहले प्रवक्ता समेत तोक्ने गरेका छन् । सरकारका महत्त्वपूर्ण सूचनाहरू राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था अनुसार प्रकाशन हुँदै आएका छन् । हरेक सार्वजनिक तह नागरिकका प्रत्यक्ष सरोकारका तहहरू हुन । यी तहले के काम गर्दछन् ? कसरी गर्दछन् ? र तिनको प्रभाव र परिणाम कस्तो परिरहेको छ ? भन्नेबारे नागरिकले सदैव जान्न खोजिरहेका हुन्छन् । जिम्मेवार सार्वजनिक तहले नागरिकको यस्तो चासोको सम्बोधन गर्नुपर्दछ, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, र आफ्ना काम कारबाहीहरूलाई खुला, पारदर्शी र नागरिकमैत्री वनाउनु पर्दछ ।

**ख) प्रदेश तह:**

संविधानको धारा २२६ र २२७ को व्यवस्था बमोजिम स्थानीय सरकारका लागि जारी गर्नुपर्ने न्यूनतम कानून जारी गर्ने र कानूनको सञ्चार गर्ने, प्रदेश लोकसेवा आयोग गठन गरी मागबमोजिम कर्मचारी छनोट गरी सिफारिस गर्ने र ती कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, स्थानीय सरकारको क्षमता अभिवृद्धिका लागि ठोस नीति तथा कार्यक्रम तर्जुमा र प्रभावकारी कार्यान्वयन गर्ने, प्रदेश समन्वय परिषद्को क्रियाशीलता बढाउने, स्थानीय तहबाट माग भई गएका आयोजना तथा कार्यक्रमको स्वीकृती र समयमा नै स्रोतको निकासा गर्ने आदि कार्य प्रदेश तहले गरी आएको छ ।

यसका साथै संविधानमा संघ, प्रदेश र स्थानीय तहका सरकारको एकल र साझा अधिकार क्षेत्र तोकिएको छ । तदनुरूप प्रदेश सरकारहरूले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, पारदर्शी, भ्रष्टचारमुक्त, जनउत्तरदायी तथा सहभागीमूलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गर्न, आर्थिक अनुशासन कायम गर्न तथा सार्वजनिक कार्य र श्रोतको कुशल व्यवस्थाव्यवस्थापन जस्ता असल शासनका मूल्य-मान्यतालाई आत्मसात गरी सुशासनको प्रत्याभुति गर्नको लागि विभिन्न कानूनी व्यवस्था गरेको छ । यस सन्दर्भमा प्रदेशहरूले सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्ने र आफ्नो कामहरूलाई जिम्मेवारीपूर्बक सम्पन्न गर्न विभिन्न ऐन, कार्यविधि आदि निर्माण गरी कार्यान्वयन गरिरहेका छन् ।

यस परिप्रेक्ष्यमा बागमती प्रदेश, गण्डकी प्रदेशले प्रदेश सु-शासन ऐन निर्माण गरी आफ्नो कामलाई पारदर्शी तथा जवाफदेहि बनाउन कार्यरत रहेका छन । त्यस्तै मधेश प्रदेश को सभाले प्रदेशमा सुशासन कायम गर्न प्रदेश जनलोकपाल (अम्बुड्सम्यान) ऐन, २०७७ ल्याएको छ । यसमा प्रदेशमा भ्रष्टाचार, ढिलासुस्ती जस्ता अनियमिततालाई रोक्ने मुमुख्य उद्देश्य राखेको छ । सोहि ऐनको दफा २३ बमोजिम सरकारले भ्रष्टाचारमुक्त, उत्तरदायी र सुशासनसहित नागरिकका अधिकारलाई व्यवहारमा लागु गर्न जनलोकपाल आयोग पनि गठन गरेको छ् ।

तर, नेपालको संविधान मा भ्रष्टाचार निरोधक संस्था एकमात्र अख्तियार दुरूपयोग अनुसन्धान आयोग भएको हुनाले सरकारले अर्को समानन्तर आयोग गठन भएको सन्दर्भमा केहि विवाद उत्पन्न भएको छ् ।

**ग) स्थानीय तह:**

स्थानीय तहहरूमा जनताको पहुँच सहज हुन्छ। जनताले सेवा प्रभावकारिताको महसुस गर्ने पहिलो सरकारी तह भएको नाताले स्थानीय तहका प्रत्येक कार्यालय वा शाखाहरूबाट हुने कार्यसम्पादनका लागि सुशासनको प्रत्याभूतिका लागि सदाचारका आचारसंहिता सहितको ऐन कानूनहरू निर्माण र सोको प्रभावकारी कार्यान्वयन कोशे ढुङ्गा सावित हुन सक्छ।

बर्तमान संविधान र अन्य ऐन कानूनहरूको परिधिमा रहेर स्थानीय तहहरूले हाल करिब ३२० वटाभन्दा बढी कार्यहरू कार्यान्वयन गर्नुपर्दछ । स्थानीय तहले उत्तरदायित्व र सदाचार व्यवस्थापन गर्न रणनीति निर्माण गर्ने, , पदाधिकारी र कर्मचारीहरूको जिम्मेवारी निर्धारण र मूल्यांकनको व्यवस्था कार्यान्वयन गर्ने, सेवा प्रवाह, वित्तीय अनुशासन र जोखिम न्यूनीकरण, विद्युतीय सुशासन, गुनासो सुनुवाई, सुझाव पेटिकाको प्रभावकारी कार्यान्वयन, पृष्ठपोषण प्रणाली, प्रभावकारी अनुगमन, लगायत नागरिक निगरानीका लागि २०७४ को कार्ययोजनामा निर्दिष्ट गरिएका कार्यहरू कार्यान्वयन गर्नुपर्ने हुन्छ।

स्थानीय तहले सामाजिक जवाफदेहिता पूरा गर्न त्यहाँका निर्वाचित जनप्रतिनिधिहरू तथा कर्मचारीहरू नीति निर्माण, योजना तर्जुमा तथा कार्यान्वयन, सोको अनुगमन, मूल्यांकन तथा सुपरीवेक्षण जस्ता क्षेत्रमा क्रियाशिल हुनुपर्ने हुन्छ । प्रशासनिक जवाफदेहिता पूरा गर्नका लागि स्थानीय सरकारको कार्यान्वयन तहको भूमिकामा रहेका कार्यकारी अधिकृत लगायत विषयगत शाखाहरू सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन, प्रगति समीक्षा, आन्तरिक नियन्त्रण, प्रतिवेदन जस्ता क्रियाकलापहरूमा संलग्न हुनुपर्ने हुन्छ।

स्थानीय तहले प्रवाह गरेका सेवाहरूमा नागरिकका सन्तुष्टि/असन्तुष्टिहरू के रहेका छन्? सेवा सुधारका लागि थप के कस्ता उपायहरू अपनाउनु पर्ने हुन्छ? भनि सेवा प्रदायक, सेवाग्राही र नागरिकका बीचमा सहभागितात्मक अन्तरक्रिया गरी सुधारका उपायहरू स्थानीय तहहरूमा अबलम्बन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ७८ को उपदफा (५) र स्थानीय तह सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ ले निर्देश गरेकोछ। यसमा हरेक स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरी स्थानीय सरकारलाई पारदर्शी र जवाफदेही बनाउने व्यवस्था गरेकोछ। अधिकांश स्थानीय तहमा उपभोक्ता समितिहरू मार्फत सञ्चालित योजनामा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायत विषय स्पष्ट गरी सरोकारवालासहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण गरी पारदर्शी र जवाफदेहिताको पालना भएको सुनिश्चित गर्नुपर्दछ।

सामाजिक जवाफदेहिताका अन्य औजारहरू जस्तै सामाजिक परीक्षण, नागरिक वडापत्र, गुनासो पेटिका लगायतको नतीजामुखी ढंगले कार्यान्वयन गर्नु पर्ने दायित्व स्थानीय सरकारको हो। यस्ता औजारहरूले स्थानीय सरकार लगायत अन्य सरोकारवालाहरूको सेवा प्रवाहको सम्पादन, सेवा सुविधामा नागरिकको पहुंच कसरी भएको छ सोको नागरिक अनुगमन गर्न मद्दत पु-याउँछन। यो प्रकृयामा नागरिकको संलग्नता कस्तो रहेको छ, सन्तुष्टि र असन्तुष्टि के कस्तो रहेको छ भनी सबै कुरा समेटेर उनीहरूको कामकारवाहीको पृष्ठपोषण गर्ने गर्दछन्।

स्थानीय सरकारहरूमा राजस्व असुली र खर्चमा स्पष्टता तथा पारदर्शीता, जिम्मेवारी तथा उत्तरदायित्व किटान र वित्तीय जवाफदेहिता सुनिश्चित गरी सार्वजनिक तहको साधन परिणाममुखी कार्यमा लगाउनु पर्दछ। परिणाम ननिस्कने गरी काम गर्दा स्थानीय स्तरमा वित्तीय अनुशासन कमजोर देखिन्छ। महालेखा परीक्षकको कार्यालय, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रजस्ता निगरानी गर्ने तहहरू र विभिन्न अनुसन्धानमूलक प्रतिवेदनहरूले कतिपय स्थानीय तहमा वित्तीय स्रोत सही ढंगले उपयोग नभएको विषय औल्याएका छन्। महालेखा परीक्षकको विगत दुई वर्षका प्रतिवेदनहरूले स्थानीय तहमा उत्तरदायित्व पूरा नभएको, वित्तीय जवाफदेहिता न्यून रहेको, बजेट सीमा र मार्गदर्शन नबनाई बजेट बिनियोजन

गरेको, अनुदान, राजस्व बाँडफाँड र आन्तरिक स्रोतबाट अनावश्यक प्रशासनिक खर्च गरेको जस्ता विषय औंल्याएको पाईन्छ । यस सन्दर्भमा सामाजिक जवाफदेहिताका औजारहरूको समसामयिक अवलम्वन गरेमा अपेक्षित परिणाम प्राप्त गर्न सकिन्छ ।

## ३.४ सामाजिक जवाफदेहिता र सुशासन अभिवृद्धिमा नागरिकको भुमिका

सुशासनले जहिले पनि कानूनको शासन, पारदर्शीता, जवाफदेहिता, उत्तरदायित्व, जनसहभागिता, समता र समावेशिता, सामाजिक न्यायलाई आधारभूत शर्त मान्छ । सामान्य अर्थमा सुशासन भन्नाले राम्रो वा असल ढङ्गबाट गरिने शासन भन्ने बुझिन्छ । नागरिकलाई केन्द्रबिन्दुमा राखेर गरिने शासन व्यवस्था नै सुशासन हो । सुशासनले लोकतन्त्रलाई मजबुत पर्ने काम गर्छ । सुशासन अन्तर्गत नियमित चुनावबाट निर्वाचित जनप्रतिनिधि, स्वतन्त्र सञ्चार माध्यमको व्यवस्था, नियम कानूनको पूर्ण परिपालना, जबाफदेही शासन सञ्चालन, कानूनमा आधारित शासन व्यवस्था, जनउत्तरदायी सरकार सञ्चालन, समावेशितामा आधारित न्यायपूर्ण समाजको निर्माण एवं भ्रष्टाचाररहित समाजको परिकल्पनामा जोड दिइन्छ । सबै कार्यहरू नागरिकको सक्रिय सहभागिता बिना उपर्यूक्त कुराहरूको प्राप्त हुने परिकल्पना पनि गर्न सकिंदैन ।

***जनसहभागितामूलक, स्वच्छ, पारदर्शी, र उत्तरदायीहरूको शासन नै समग्रमा सुशासन हो ।***

सुशासन बिना कुनैपनि देशले आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक विकासका लक्ष्यहरू हासिल गर्न सक्दैन । नेपालको संविधानले मुख्य रूपमा दिगो शान्ति, विकास, समृद्धि र सुशासनका विषयमा जोड दिएको छ । वास्तवमा सुशासनका लागि, सरकारका प्रमुख अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका अन्तर्गत गठन भएका संरचनाहरू निजी क्षेत्र र नागरिक समाजसँगको सहकार्यमा पारदर्शी तरिकाले चल्नु पर्दछ ।

सुशासन ऐन, २०६४ मा सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी र सहभागितामूलक बनाई त्यसको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानूनको शासन, भ्रष्टाचार मुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो र कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सिर्जना गरी मुलुकमा सुशासन प्रत्याभूति दिने व्यवस्था उल्लेख छ ।

कुनै पनि सरकारलाई आफ्नो अधिकार क्षेत्र भित्र सुशासन कायम गर्न आफ्ना नागरिकको सहभागिता आवश्यकता पर्छ । विभिन्न समिति निर्माण गर्दा होस् वा सरकारले आफ्नो वार्षिक योजना तथा कार्यक्रम वनाउन होस वा विकासका पूर्वाधार निर्माण गर्दा होस् सबैमा नागरिकको सक्रिय सहभागिताले त्यसको औचित्यलाई थप मजबुत बनाउँछ । यी कार्यहरूमा नागरिकको सहभागिता गराइएन भने त्यहाँ भ्रष्टाचार, ढिलासुस्ती वा व्यक्ति केन्द्रित स्वार्थहरू हाबी हुनसक्ने बलियो सम्भावना रहन्छ ।

नागरिकहरूले आफ्ना स्थानीय सरकारका लागि फरक-फरक भूमिका निभाउन सक्दछन् । छलफल, मन्थन, विचार-विमर्शले स्थानीय सरकारलाई थप जिम्मेवार बनाउँछ । जसले स्थानीय सरकारमा सुशासन कायम गर्न मद्दत गर्छ । नागरिक सहभागिताले स्थानीय सरकारमा सेवा प्रवाहलाई सहज र सरल बनाउन, स्थानीय सरकार र नागरिकबीचको सम्बन्ध बिस्तार गर्न, नागरिक केन्द्रित योजना निर्माण गर्न, ऐन कानूनको पालना र त्यसको कार्यान्वयन गर्न र अनियमितता, अन्याय, अत्याचार, विभेद, विसङ्गति एवं भ्रष्ट्राचार विरूद्ध आवाज उठाएर जनचेतना फैलाइ सुशासनलाई कायम गर्न मद्दत गरी सुशासन प्रवर्द्धन गर्ने कार्यमा मद्धत पुग्दछ ।

सुशासन कायम हुनु भनेकै स्थानीय सरकार मजबुत र प्रभावकारी हुनु हो। जसले गर्दा स्थानीय क्षेत्रको विकास सँगै नागरिकले सेवा सुविधा पनि पाउने हुन्छ । तसर्थ स्थानीय सरकारले सुशासनका निम्ति नागरिक सहभागिताका लागि आफ्ना सेवाग्राहीलाई दिएको सेवा, गरेका निर्णय, उठाएको कर, दस्तुर, शुल्क, जरिवाना र राजस्व, संघबाट पाएको अनुदान, खर्चको अवस्था, त्यसको पारदर्शीता र नागरिकको माग अनुसार खर्च भएको विवरण नागरिकहरूका माझ स्पष्ट गर्नुपर्दछ। नागरिकका गुनासाहरूको सम्बोधन र सुझावहरू ग्रहण गरी कार्य प्रणालीमा सुधार ल्याउनु पर्दछ।

नागरिकको सहभागिताले नै कुनै पनि सरकारलाई सुशासन कायम गर्न सहयोग पुग्दछ। स्थानीय सरकारले सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई, नागरिक बडापत्र, नागरिक अभिमत पत्र, सेवा पछिको अभिमत, स्थानीय बजेट अनुशिक्षण, लैंगिक समावेशीकरण, गुनासो चौतारी, सामुदायिक अङ्क तालिका, सामुदायिक सूचना पाटी, गुनासो सम्बोधन आदि औजारहरूको व्यवस्थित प्रयोग गरी सुशासनको प्रवर्धन गर्न सक्दछन।

## ३.५ सामाजिक जवाफदेहिता सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास तथा सिकाईहरू

सामाजिक जवाफदेहिता/उत्तरदायित्वको अवधारणाको शुरूआत तथा विकास खासगरी पश्चिमा विकसित मुलुकहरूबाट भएको हो। सन् १९५० तिर विश्वमा सार्वजनिक उत्तरदायित्वका बारेमा विभिन्न अभिमतहरू व्यक्त भएको पाइन्छ। विद्धान द्वय वुर्टन र थाकरका अनुसार, ‘सार्वजनिक उत्तरदायित्व एउटा सङ्गठनको दायित्व हो, जसले समाजलाई संरक्षण र उन्नतिमा पुऱ्याउँछ, जहाँ त्यो सङ्गठन सञ्चालित हुन्छ।’

सामाजिक जवाफदेहिताका सम्बन्धमा निम्न तीन मान्यताहरू (Principles) रहेका छन् :

- **पहिलो,** नागरिकको सूचनामा पहुँच हुनुपर्ने, जुन तिनीहरूको जीवनसंग सम्वन्धित छ।
- **दोस्रो,** सरकार जवाफदेही र पारदर्शी हुनुपर्दछ।
- **तेस्रो,** सहभागितामूलक विकास पद्धति हुनु पर्दछ।

सन् १७६६ मा स्विडेनले ‘Freedom of Press Act’ नामक सूचनाको हक सम्बन्धी ऐन पारित गऱ्यो। यसको मुख्य उद्देश्य नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहमा गुणस्तरीयता र प्रभावकारिता बढाउनु रहेको थियो, जुन त्यसवेलाको अग्रगामी प्रयास थियो। यसैलाई पछयाउँदै सन् १९९० को दशकमा विकासशील मुलुकहरूमा शासन शक्ति र अधिकारको चरम दुरूपयोग भई शासन व्यवस्था प्रभावकारी हुन नसकेकाले शासन व्यवस्थामा सुधार ल्याई राजनैतिक तथा प्रशासनिक उत्तरदायित्वलाई सबल बनाउन रणनीतिक अवधारणाका रूपमा सार्वजनिक उत्तरदायित्वको विकास भएको थियो ।

त्यस्तै, सन १९६० को दशक पश्चात् राज्यकेन्द्रित शासन प्रणालीका कारण भ्रष्टाचार, अनुत्तरदायी सरकारहरूको बिगबिगीका कारण विकासशील देशहरूको शासन व्यवस्थामा सुधार ल्याउन सन् १९९५ मा “सामाजिक विकास सम्बन्धी विश्व सम्मेलन” को आयोजना भयो। सम्मेलनले “समाजका सबै क्षेत्रमा प्रजातान्त्रिक, पारदर्शी, उत्तरदायीमूलक शासन प्रणाली, सामाजिक र मानव केन्द्रित दिगो विकासका अभिन्न आधारशिलाहरू हुन्” भनेर उद्घघोष गरेपछि सुशासनतर्फ सारा विश्वकै ध्यानाकर्षण भएको हो ।

सार्वजनिक जवाफदेहिता/उत्तरदायित्व अन्तर्गत सार्वजनिक तहहरूले सरकारबाट प्रतिपादित कानून तथा सिद्धान्तहरू र अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूलाई पूर्णरूपमा पालन गर्नुपर्दछ भन्ने विश्वव्यापी मान्यता छ। यसका लागि संयुक्त राष्ट्र संघको महासभाले सन् १९४८ मा घोषणा गरेको मानव अधिकारको घोषणापत्रले विश्वका आम व्यक्तिलाई सीमाविहीनरूपमा सूचना प्राप्त गर्ने अधिकार उल्लेख गरेको छ। यो घोषणापत्रको प्रावधानहरूलाई सन् १९६७ को नागरिक र राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिले थप स्पष्ट गरेको छ। यी दुवै अन्तर्राष्ट्रिय दस्तावेजमा नेपालले पक्ष राष्ट्रका रूपमा हस्ताक्षर गरेको हुँदा सन् २००७ मा सूचनाको हक सम्बन्धी ऐन २०६४ जारी गरी देशभरी लागू गरिएको छ। यसरी उत्तरदायित्वका सम्बन्धमा नेपालले विश्वव्यापी अभ्यासलाई आत्मसात् गरेको छ।

सार्क राष्ट्रतर्फ सर्वप्रथम पाकिस्तानमा सन् २००२ मा र भारतमा सन् २००५ मा सूचनाको हक सम्बन्धी ऐन बनेको थियो। सूचनाको हक सम्बन्धी कुरालाई मौलिक हकको रूपमा संविधानमा राख्ने नेपाल सार्क क्षेत्रमा पहिलो मुलुक भए तापनि ऐन नै निर्माण गरी कार्यान्वयन गर्ने भने तेस्रो मुलुक हो। बोत्सवाना, श्रीलङ्का, चिली वा दक्षिण कोरिया जस्ता केही देशहरूमा उत्तरदायी र पारदर्शी राजनीतिक र आर्थिक संस्थाहरू र विकासका परिणामहरूको स्थिरताबीच सकारात्मक सम्बन्ध रहेको अनुसन्धानहरूले देखाएका छन्। यी देशहरूमा शासन संरचना र संस्थाहरूको उत्तरदायित्व सुदृढ पार्न संवैधानिक संशोधनका तमाम महत्त्वपूर्ण कामहरू गरिएको छ। सार्वजनिक तहहरूको उत्तरदायित्वमा वृद्धि गर्न सन् २००३ मा अफ्रिकामा "The Economic Commission for Africa's Conference of Ministers of Finance, Planning and Economic Development" को आयोजना गरिएको थियो। यसले चारवटा विस्तृत स्तम्भहरूको व्याख्या गरी तिनको प्रभावकारितामा वृद्धि गर्ने प्रतिवद्धता गरिएको थियो। यी चार स्तम्भहरूमा दिगो आर्थिक वृद्धि, मानव विकास, सुशासन र विकासको लागि वित्तीय व्यवस्थापन थिए।

तथापि, केहि देशहरूमा कमजोर उत्तरादायित्व रहेको पाईन्छ। जस्तै इथियोपियामा कमजोर प्राविधिक ज्ञान र व्यवस्थाका कारण तमाम पूर्वाधारका परियोजनाहरूमा सार्वजनिक उत्तरदायित्व कमजोर रहेको पाइन्छ। अफगानिस्तानमा अधिकांश परियोजनाहरूको सञ्चालन ठेक्का प्रणालीबाट हुने गर्दछन्। जहाँ मुल ठेकदारहरूले साना ठेकदारहरूलाई ठेक्का प्राप्त परियोजनाहरू बिक्री गर्ने प्रचलन रहेको छ। यसरी योजनाहरू बिक्री गर्ने प्रचलन ३/४ तहसम्म पनि हुने गरेको पाइन्छ। उक्त देशहरूमा राजनीतिक द्वन्द्वको कारण व्यवस्थित रूपमा अनुगमन गर्न नसकिनु मुख्य समस्या एकातिर रहेको छ भने अर्को तर्फ परियोजनाहरू बिक्री गर्ने प्रक्रियाको सार्वजनिक तहमा सामाजिक जवाफदेहिता, पारदर्शीता र वित्तिय अनुशासन समेत मजवुत हुनसकेको छैन।

धैरै एसियाली देशहरू सार्वजनिक क्षेत्र सुधारको एक हिस्साको रूपमा सार्वजनिक उत्तरदायित्व प्रवर्द्धन गर्न कोशिस गर्दै छन्, तर उनीहरूको अवस्था उन्नत देशहरूको तुलनामा अझै तल रहेको छ। धैरै एसियाली तथा अफ्रिकन देशहरू अझै पनि राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रको सुधारकालागि सङ्घर्ष गरिरहेका छन्।

नागरिकहरूको क्षमता तथा सबलताका मार्गहरू प्रशस्त गर्ने तर्फ शासकीय अधिकारको प्रयोग गर्नुपर्ने कुराहरूमा जवाफदेहिता/उत्तरदायित्वको प्रभावकारी प्रयोग खास गरी स्क्यान्डिनेभियन मुलुकहरूमा भएको पाईन्छ, जहाँ सार्वजनिक तहहरूले नागरिकलाई ग्राहक होइन, नागरिकका रूपमा व्यवहार गर्नुपर्छ भन्ने मूल मर्मलाई आत्मसात् गरी सेवा प्रवाह गरेका छन्।

# परिच्छेद ४: नेपालमा सामाजिक जवाफदेहिता तथा सुशासनबारे संवैधानिक तथा कानूनी व्यवस्थाहरू

मुलुकको सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही, पारदर्शी, समावेशी तथा जनसहभागितामूलक बनाई विकासको प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउन, कानूनको शासन, भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा सार्वजनिक कार्य र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गर्नुपर्ने हुन्छ । अनि मात्र सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गबाट पाउने अवस्था सृजना गर्न, सुशासन पाउने नागरिकको अधिकारलाई व्यवहारमा उतारी कार्यान्वयनमा ल्याउन, र प्रशासन संयन्त्रलाई सेवाप्रदायक संयन्त्र तथा सहजकर्ताको रूपमा रूपान्तरण गर्न सकिन्छ । यसको लागि मुलुकमा सुशासनको प्रत्याभूति दिने विशेष गरी सामाजिक जवाफदेहिताले राज्यका विभिन्न तहबाट जनताको सक्रिय संलग्नतामा पारदर्शी तथा जवाफदेही तरिकाले कसरी सेवा प्रदान गर्न सकिन्छ भन्ने कुराको उदाहरण प्रस्तुत गर्दछ । यस पद्धति अन्तरगत निम्न कुराहरू पर्छन्:

## ४.१ सामाजिक जवाफदेहिता सम्वन्धी संवैधानिक व्यवस्था

| | **संवैधानिक व्यवस्थाहरू** | **यसमा देखिएका कमजोर (Gaps) पक्षहरू, चुनौतिहरू** |
|---|---|---|
| <br>**नेपालको संविधान** | ▪ प्रस्तावनामै दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने कुरा उल्लेख गरिएको ।<br>▪ धारा २७ मा व्यवस्था भएको सूचनाको हक अनुसार प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकको व्यवस्था ।<br>▪ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत उपधारा (ख) ४ अन्तर्गत सार्वजनिक प्रशासन र सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी, सहभागितामूलक बनाउदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा नागरिकको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्यायोजन गर्ने व्यवस्था उल्लेख गरिएको । | ▪ राजनैतिक नेतृत्वको मतैक्यता बनाउन जटिल हुनु ।<br>▪ तीन तहको सरकार संचालनकालागि ज्ञान र अनुभव भएको कम्तीमा तत्काल काम संचालन गर्नसक्ने जनशक्तिको व्यवस्था गर्न, न्यूनतम भएपनि पूर्वाधार जुटाउन ,आवश्यक कानूनको निर्माण गर्न , कार्यविधीहरू बनाई जनशक्तिलाई आवश्यक तालीम र अनुशिक्षण दिई अगाडि बढ्न अझै चुनौतिपूर्ण रहेको । (work in progress) |
| **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** | ▪ ऐनको प्रस्तावनामै उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्ने कुरा स्पष्ट रूपमा किटान गरिएको छ । | ▪ नेपालको संविधान अनुसार साझा सूचीका कानून सम्बन्धी साझा अधिकार सूचीमा उल्लेखित विषयहरूले छाता कानूनको माग गर्दछन । संघले निर्माण गरेको कानूनको परिधि भित्र प्रदेश र संघ र |

| | | |
|---|---|---|
| | ■ पारदर्शीता र जवाफदेहिता प्रवर्द्धनका लागि ऐनको दफा ७६ को उपदफा ३ मा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित स्थानीय तहको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति चौमासिक अवधि समाप्त भएको १५ दिन भित्र कार्यपालिकाको बैठकमा पेश गर्नु पर्ने उल्लेख गरिएको छ।<br>■ उपदफा ४ मा गाउँपालिका र नगरपालिका तथा वडा कार्यालयले आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको ७ गते भित्र सार्वजनिक गर्नु पर्ने उल्लेख गरिएको छ। दफा ७८ अन्तर्गत आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्न उपदफा ५ मा गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रूपमा सञ्चालन गर्नु पर्ने उल्लेख गरिएको छ।<br>■ ऐनको दफा ८० अन्तर्गत सूचना प्रविधिको प्रयोगका लागि मन्त्रालयले स्थानीय तहको आर्थिक कार्य प्रणाली र प्रशासनिक काम कारबाहीमा एकरूपता कायम गर्न तथा पारदर्शीता र जवाफदेहिता प्रवर्द्धन गर्न त्यस्तो क्षेत्रमा प्रयोग गर्नु पर्ने सूचना प्रविधिको ढाँचा तोक्न सक्ने, दफा ११२ आचारसंहिता बनाई लागु गर्न उपदफा १ र ६ बमोजिम स्थानीय तह अन्तर्गतका नियमित सेवा तथा अन्य विषयका अतिरिक्त निर्णय प्रक्रियामा निजी स्वार्थ वा हकहित जोडिएका विषयमा संलग्न हुन नहुने, पारदर्शी, जबाफदेही कार्य प्रक्रियाको अवलम्बन गर्ने, सार्वजनिक सम्पत्तिको दुरूपयोग हुन नदिने, सार्वजनिक शिष्टाचार तथा सुशासन प्रवर्द्धन गर्ने, एक अर्को स्थानीय तह, प्रदेश र संघको कार्य प्रणाली तथा अधिकार क्षेत्रको सम्मान गर्ने लगायत विषयहरू समावेश गरी सदस्य तथा कर्मचारीहरूका लागि लागु गर्नु गराउनु पर्ने उल्लेख गरिएको छ। | प्रदेशले निर्माण गरेको परिधि भित्र स्थानीय तहहरूले कानून निर्माण गर्नु पर्ने र कतिपय कानूनहरू संसदमा विचाराधिन अवस्थामा रहेका र कतिपय कानूनहरूको मसौदा नै हुन नसकेको अवस्थामा स्थानीय तहहरूले आफ्नो अधिकार हाल सम्मपनि उपभोग गर्न नसक्नु।<br>■ हाल सम्म पनि साझा अधिकार सूचीमा परेका विषयविषयहरूको संघ, प्रदेश र स्थानीय तहको सीमा रेखा तयार हुन् नसक्नु।<br>■ एकल अधिकार सूचीका विषयहरू, साझा अधिकार सूचीका विषयहरू, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले थप गरेका विषयहरू, संघीय कानूनहरूले प्रदान गरेका विषयहरू र गाँउ तथा नगरपालिकाको काम, कर्तब्य र अधिकारका विषयमा बनाउन सक्ने कानूनका विषयहरूमा स्थानीय तहमा कानूनी दस्तावेजहरू बन्न नसक्नु।<br>■ संवैधानिक व्यवस्था बमोजिमका विषय सूचीमा रहेर ऐन, सोको आधारमा नियमावली, वा कार्यविधि वा निर्देशिका वा मापदण्ड बनाएर लागु गर्न नसक्नु।<br>■ संविधानको अनुसूची र अन्य विषयहरूमा आवश्यक कानूनहरूको आँकलन गरी कानून निर्माणको दीर्घकालिन योजना खाका बनाएर सहजिकरण गर्न प्रस्ट उल्लेख नहुनु।<br>■ फरक-फरक श्रोत, क्षमता आदिको कारणले जस्तै: काठमाडौ महानगरपालिका र बाजुरा वा हुम्लाको अतिदुर्गम स्थानको स्थानीय तहको अधिकार र उत्तरदायित्व एउटै भएको वर्तमान संविधानको कार्यान्यिवनको लागि कहां-कहां कस्तो-कस्तो सांगठनिक संरचना, जनशक्तिको आवश्यक दक्षता र श्रोतको आंकलन तथा ब्यवस्था कसरी र कुन आधारमा गर्ने हो भन्ने चुनौती रहेको।<br>■ स्थानीय सेवाको व्यवस्थाव्यवस्थापन बारे नीति, मापदण्ड,तर्जुमा, कार्यान्वयन तथा नियमन बारे नीति, नियम, निर्देशिकाहरू कहिले बनाउने कुरा ऐनमा प्रस्ट उल्लेख नहुनु।<br>■ स्थानीय तहमा रोजगारी सृजना, बातावरण संरक्षण र दिगो विकासका विविध पक्षहरू ऐनमा समाबेश भएता पनि यस्तो व्यवस्था कार्यान्वयन नहुँदा के कारवाही हुनेबारे ऐनमा प्रस्ट नहुनु। |

## ४.२ सामाजिक जवाफदेहिता सम्वन्धी कानूनी व्यवस्था तथा कार्यान्वयनको अवस्था

| सि.न | कानूनी व्यवस्थाहरू | यसका प्रावधानहरू तथा कार्यान्वयनको अवस्था | यसमा देखिएका कमजोर पक्षहरू र यसको न्यूनीकरण गर्ने उपायहरू |
|---|---|---|---|
| १. | **सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५** | ▪ सार्वजनिक प्रशासनलाई सेवाप्रवाह गर्न सक्षम र जवाफदेही बनाउने ।<br>▪ प्रशासकीय कार्यसन्चालनका आधारका रूपमा जवाफदेही र बस्तुनिष्ठ बनाउने।<br>▪ सावर्जनिक सेवाका विभिन्न तहका पदाधिकारीका जिम्मेवारी निर्धारण गर्ने।<br>▪ सरकारी कार्यसम्पादनमा कार्यविधिको पालना गर्ने, समयमा कार्यसम्पादन गरिसक्ने र कार्यदक्षता हासिल गर्ने।<br>▪ निजामती सेवाका विभिन्न पदाधिकारीको काम, कर्तव्य र अधिकार तोकिएको।<br>▪ लक्ष्यसहितको कार्यक्रम र प्रगतिसहितको प्रतिवेदन मासिक रूपमा तयार गरी पेश गर्ने।<br>▪ कार्यसम्पादन करार र सूचकको व्यवस्था।<br>▪ सर्व-साधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नु पर्ने। | प्रचलित कानून र आवश्यकता अनुसार कार्यन्वयन गर्ने। |
| २. | **सूचनाको हक सम्बन्धी ऐन, २०६४** | ▪ नागरिक सरोकारको वा सार्वजनिक सरोकारका कुनै पनि विषयका सूचना सहज, सरल र निःशुल्क तथा मागेकै स्वरूपमा र चाहेकै समयमा पाउने हकलाई कानुनी र व्यावहारिक रूपमा प्रत्याभूत गरिनुपर्ने मान्यता रहेको ।<br>▪ राज्यका हरेक काम कारबाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक तहमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले सरकारले यो ऐन बनाई कार्यान्वयन गरिरहेको।<br>▪ खुला सरकारको अवधारणालाई प्रभावकारी बनाउने विभिन्न संचार माध्यमहरूसंग सहकार्य गर्ने। | ▪ सूचनाको हकको ठुलो महत्व हुँदाहुँदै पनि यसबारेको अनभिज्ञता, सूचनाको हक कार्यान्वयनको प्रमुख चुनौतिका रूपमा देखा परेको छ।<br>▪ तहसूचनालाई 'डिजिटाइ' गर्न नसकिएकोले वर्तमान परिस्थितिमा नागरिकले अपेक्षा गरेको स्वरूप र समयमा सूचना पाउन सकिने स्थिति नहुनु। |
| ३. | **स्थानीय तह सामाजिक परीक्षण कार्यविधि,** | ▪ यस कार्यविधि अनुसार ***"सामाजिक परीक्षण"*** भन्नाले सेवाप्रदायक संस्थाको नीति, नियम, कार्यक्रम कार्यान्वयन, व्यवहार, स्रोत परिचालन, सेवाप्रवाहको अवस्था, सेवाको गुणस्तर, पारदर्शीता र प्रभावकारिता र सम्बन्धित सेवाग्राही, सेवाप्रदायक/ | ▪ सरकारको तहबाट तमाम प्रयास हुँदा हुँदै पनि सार्वजनिक सेवाको विभिन्न सेवा-सुविधाको क्षेत्रमा प्रयाप्त पहुँच तथा |

| सि.न | कानूनी व्यवस्थाहरू | यसका प्रावधानहरू तथा कार्यान्वयनको अवस्था | यसमा देखिएका कमजोर पक्षहरू र यसको न्यूनीकरण गर्ने उपायहरू |
|---|---|---|---|
| | २०६७ (तत्कालिन) | व्यवस्थापक पक्ष तथा सो क्षेत्रका सरोकारवालाहरूका धारणाका आधारमा गरिने विश्लेषणात्मक लेखाजोखालाई बुझाउँछ।<br>▪ यस प्रक्रियामा सेवा प्रदान गर्ने क्रममा प्राप्त उपलब्धि तथा सुधारात्मक पक्षहरूलाई तेस्रो पक्षद्वारा सार्वजनिक गरी जिम्मेवारी सहितको सुधार कार्ययोजना तयार गरिनेछ।<br>▪ यस कार्यविधिको उद्देश्य स्थानीय तहको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्ने, स्थानीय तहले अनिवार्य रूपमा लागू गर्नका लागि सामाजिक परीक्षण विधिलाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्ने, सामाजिक परीक्षण प्रक्रियामा एकरूपता ल्याउने र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्ने आदि रहेका छन् । | सुविधा नभएको र नागरिकले सहज, सुलभ र गुणस्तरीय ढंगले वस्तु, सेवा तथा सुविधाहरू प्राप्त गर्न अंझैपनि पर्याप्त छैन । यसको अर्को महत्वपूर्ण कारणमा स्थानीय सरकारले पहिले निर्माण गरी कार्यान्वयनमा रहेको विभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका आदि कार्यान्वयनमा अस्पष्टता हुनु र अहिलेको संवैधानिक प्रावधान अनुसार आफुलाई आवश्यक पर्ने नया ऐन, कार्यविधि आदि बनाउन अन्योल वा त्यसको लागि आवश्यक बिज्ञता नहुनु। |
| ४. | **स्थानीय तह सार्वजनिक परीक्षण कार्यविधि, २०६७ (तत्कालिन)** | ▪ स्थानीय तहहरूले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सहभागितामूलक किसिमले लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न यो **कार्यविधि** तर्जुमा गरिएको।<br>▪ यस कार्यविधि अनुसार स्थानीय तहले संचालन गर्ने कार्यक्रम आयोजनाको लक्ष्य, उद्देश्य, बजेट तथा यसबाट प्राप्त नतिजा, उपलब्धि र खर्च आदिको बारेमा सरोकारवालाहरू बीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य नै सावर्जनिक परीक्षण हो।<br>▪ स्थानीय तहले आयोजना तथा कार्यक्रमको आम्दानी खर्च तथा अन्य विवरणहरू आम उपभोक्ताहरू समक्ष राखी उपभोक्ताहरूको प्रतिक्रिया लिन र यसप्रति जनचासो वृद्धि गरी सम्बन्धित सरोकारवालहरूको सहभागिता वृद्धि गर्ने, निर्णय प्रक्रियामा लोकतान्त्रिक प्रक्रिया र पारदर्शी व्यवहार अवलम्बन गर्ने गराउन, आयोजना र कार्यक्रममा हुनसक्ने अनियमितता नियन्त्रण गर्ने र कुनै अनियमितता भएको पाइएमा उपभोक्ताहरूलाई जिम्मेवार बनाउने र यसमा आम उपभोक्ताहरूको स्वामित्वभाव स्थापित गर्ने आदि यसको प्रमुख उद्देश्यहरू हुन्। | प्रचलित कानून र आवश्यकता अनुसार कार्यन्वयन गर्ने। |
| ५. | **स्थानीय तह सार्वजनिक सुनुवाइ** | ▪ स्थानीय तह र नागरिकहरूका बीचमा दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट नागरिकलाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शीताको माध्यमद्वारा स्थानीय | प्रचलित कानून र आवश्यकता अनुसार कार्यन्वयन गर्ने। |

| सि.न | कानूनी व्यवस्थाहरू | यसका प्रावधानहरू तथा कार्यान्वयनको अवस्था | यसमा देखिएका कमजोर पक्षहरू र यसको न्यूनीकरण गर्ने उपायहरू |
|---|---|---|---|
| | **कार्यविधि, २०६७ (तत्कालिन)** | तहको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउन गरिने सार्वजनिक सुनुवाइ कार्यलाई व्यवस्थित गर्न यो ***कार्यविधि*** तर्जुमा गरिएको हो ।<br>▪ स्थानीय तहवाट संचालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरूमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउन गरिने सार्वजनिक सुनवाई गर्ने कार्य प्रक्रियालाई मार्गदर्शन गर्नु आदि यसको उद्देश्यहरू रहेको छ। | |
| ६. | **सुशासन प्रर्द्धन रणनीति तथा कार्य-योजना, २०७४** | ▪ सबै स्थानीय सरकार तथा अन्य सार्वजनिक तहहरूले पुर्ण परिपालना गर्दै वित्तीय सुशासन कायम गर्न, सेवा प्रवाहलाई जनमैत्री बनाउन र समग्र सुशासनको अभ्यासलाई स्थानीय सरकारको एक अभिन्न अंगको रूपमा स्थापित गर्न सहयोग पुगोस भन्ने उद्देश्यले उत्तरदायी सरकारको अवधारणालाई आत्मसात गर्दै स्थानीय तहको शासन प्रक्रिया तथा सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी, जवाफदेही, प्रभावकारी, गुणस्तरीय, सहभागितामुलक बनाई स्थानीय तहमा सस्थागत रूपमा सुशासन कायम गर्ने दुरदृष्टि राखेको पाईन्छ।<br>▪ स्थानीय तहले उत्तरदायित्व र सदाचार व्यवस्थापन गर्न रणनीति निमार्ण गर्नु पर्ने, निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरूको जिम्मेवारी निर्धारण र मूल्यांकनको व्यवस्था कार्यान्वयन गर्नु पर्ने, सेवा प्रवाहप्रवाह, वित्तीय अनुशासन र जोखिम न्युनिकरण, पारदर्शीता, नागरिक सहभागिता, क्षमता अभिबृद्धि, जवाफदेहिता प्रवर्द्धन, विद्युतीय सुशासन, गुनासो सुनुवाई, सुझाव पेटिकाको प्रभावकारी व्यवस्थापन तथा कार्यान्वयन, पृष्ठपोषण प्रणाली, प्रभावकारी अनुगमन तथा मूल्यांकन लगायत नागरिक निगरानीका लागि यस कार्ययोजना, २०७४ मा निदृष्ट गरिएका कार्यहरू कार्यान्वयन गर्नु प्रमुख जिम्मेवारी रहेको छ। | प्रचलित कानून र आवश्यकता अनुसार कार्यन्वयन गर्ने। |
| ७. | **सार्वजनिक वित्तीय व्यवस्थापन कार्य संचालन निर्देशिका, २०७५** | ▪ मुलुकको शासन प्रणालीको परिबर्तनबाट सार्वजनिक वित्तीय व्यवस्थापन प्रक्रिया तथा प्रणालीमा भएको परिवर्तनलाई व्यवस्थापन गर्दै तीनै तहको सार्वजनिक वित्तीय व्यवस्थापनमा पारदर्शीता तथा उत्तरदायित्वको प्रवर्द्धन, सुशासनको अभिबृद्धि, दिगो तथा प्रणालीगत सुधार मार्फत समस्त सार्वजनिक वित्तीय व्यवस्थाव्यवस्थापनको सुदृढीकरणको कार्यमा विभिन्न तहहरू तथा विकास साझेदारहरूसंग समेत सरकारले समन्वयात्मक रूपमा कार्य-सम्पादन गर्ने नेपाल सरकारको रणनीतिक संयन्त्रको रूपमा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व संरचनामा आधारित भई सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रमको तर्जुमा र संचालन गर्न यो निर्देशिका तयार पारी कार्यान्वयन गरी आएको छ । | ▪ प्रचलित कानून र आवश्यकता अनुसार कार्यन्वयन गर्ने। |

| सि.न | कानूनी व्यवस्थाहरू | यसका प्रावधानहरू तथा कार्यान्वयनको अवस्था | यसमा देखिएका कमजोर पक्षहरू र यसको न्यूनीकरण गर्ने उपायहरू |
|---|---|---|---|
| | | ▪ सुशासन तथा सामाजिक जवाफदेहितासंग सार्वजनिक वित्तीय व्यवस्थापनको प्रत्यक्ष सरोकार रहने भएकोले सबै तहको सरकारहरूको सार्वजनिक वित्तीय व्यवस्थापनमा पारदर्शीता तथा उत्तरदायित्वको प्रवर्द्धन एवं सुशासनको अभिबृद्धि गर्न यस निर्देशिकाको महत्वपूर्ण भूमिका रहेको छ। | |
| ८. | **स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि कार्यविधि, २०७७** | स्थानीय सरकारको कामलाई अझै पारदर्शी तथा जवाफदेही बनाउन स्थानीय तहको वित्तीय प्रणाली ब्यबस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन स्थानीय वित्त व्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट स्थानीय तहको वित्तीय सुशासनलाई संस्थागत गर्न बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० को प्रयोजनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यस कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। | |
| ९. | **हेलो सरकार कक्ष संचालन निर्देशिका, २०६८** | ▪ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ ले सार्वजनिक प्रशासनलाई जनमुखी, जबाफदेही, पारदर्शी, समावेशी तथा सहभागितामूलक बनाउने, सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गले प्राप्त गराउदैं मुलुकमा सुशासनको प्रत्याभूति दिने व्यवस्थालाई सहयोग पुऱ्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा २४ सै घण्टा संचालनमा रहने गरी हेल्पडेस्क, हेलो सरकार गुनासो सुनुवाई व्यवस्थापन कक्ष सञ्चालनमा रहेको छ।<br>▪ सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा ३१ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ को नियम २० लाई थप प्रभावकारी बनाउन नेपाल सरकार बाट हेलो सरकार कक्ष सञ्चालन निर्देशिका २०६८ जारी भए अनुरूप हेलो सरकार कक्ष स्थापना भई निरन्तर रूपमा गुनासो व्यवस्थापनमा क्रियाशील रहँदै आएको छ।<br>▪ हेलो सरकारको माध्यमबाट दूर दराजमा रहेका नागरिकका गुनासा सम्बोधन गर्न एवं सुशासन प्रवर्द्धन गर्ने संयन्त्रको रूपमा स्थापना कालदेखि हालसम्म प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एक शाखाको रूपमा रही आफ्नै पोर्टलमार्फत गुनासो व्यवस्थापनमा सक्रिय रहिआएको छ । विभिन्न माध्यमबाट प्राप्त भएका गुनासोहरूलाई विद्युतीय माध्यमबाट सम्बन्धित तहहरूमा पठाई गुनासो व्यवस्थापनमा सहजीकरण र समन्वयात्मक भूमिका खेलिरहेको छ। | ▪ हेलो सरकारले जुन रूपमा गुनासो सुनुवाइको लागि अग्रसरता लिएको छ त्यही अनुरूप यसको प्रचार प्रसार कमी भएको देखिन्छ । यसले गर्दा कतिपय सर्वसाधारण नागरिकलाई हेलो सरकारको कामबारे जानकारी नरहेको।<br>▪ देशभर इन्टरनेटको सहज पहुँच नभएकोले हेलो सरकारको आफ्नै पोर्टल भए पनि समय समयमा आईरहने प्राविधिक समस्याले हेलो सरकारको कार्य चुस्ततालाई असर पारेको देखिन्छ।<br>▪ हेलो सरकारको सञ्जालमा देश भित्र र बाहिरका कार्यालयमा रहनु भएका गुनासो सुन्ने अधिकारीको सरूवा भई राख्ने तर पोर्टलमा विवरण अद्यावधिक नहुने समस्या रहेको छ । कतिपय |

| सि.न | कानूनी व्यवस्थाहरू | यसका प्रावधानहरू तथा कार्यान्वयनको अवस्था | यसमा देखिएका कमजोर पक्षहरू र यसको न्यूनीकरण गर्ने उपायहरू |
|---|---|---|---|
| | | | गुनासोहरू अन्य कार्यालय तथा शाखा मार्फत पनि सुनुवाइ हुने भएकोले एउटै गुनासो दोहोरिने सम्भावना रहन्छ। |
| १०. | **स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९** | ▪ स्थानीय तहमा आर्थिक नीति तथा योजना, आर्थिक विकास, पूर्वाधार, आर्थिक सशक्तिकरण र उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धनप्रवर्द्धन जस्ता स्थानीय आर्थिक विकासका पक्षहरूको समग्र अवस्थाको मूल्याङ्कनको माध्यमबाट स्थानीय आर्थिक विकासको औद्योगिक प्रवर्द्धनमा सहयोग पु-याउने उद्देश्यले यसको तयार गरी कार्यान्वयनमा ल्याएको ।<br>▪ यसले हेर्ने विषय क्षेत्रहरूमा: १) आर्थिक नीति तथा योजना, २) आर्थिक विकास पूर्वाधार, ३) आर्थिक सशक्तिकरण र ४) उद्यमशीलता विकास तथा औधोगिक प्रवर्द्धन आदि रहेका छन् ।<br>▪ यसको कार्यान्वयनमा स्थानीय तहको भूमिकाहरूमा: स्थानीय आर्थिक विकासका सूचकहरूको मूल्याङ्कनका लागि जिल्ला समन्वय समिति (जिसस) समक्ष आवश्यक दस्तावेजहरू पेश गर्ने, निर्वाचित जनप्रतिनिधिहरू र कर्मचारीहरूलाई जिल्ला समन्वय समितिको सहजीकरण र समन्वयमा स्थानीय आर्थिक विकास सूचकाङ्कको उद्देश्य र विधिबारे जानकारी तथा प्रशिक्षण गर्ने, स्थानीय आर्थिक विकास सूचकाङ्कको बारेमा निजी क्षेत्रलाई अभिमुखिकरण गर्ने, स्थानीय आर्थिक विकासका कृयाकलापलाई बार्षिक योजना तथा कार्यक्रममा समावेश गर्ने, स्थानीय आर्थिक विकासका लार्ग निजी क्षेत्रसंग सहकार्य तथा समन्वय गर्ने, आर्थिक सामाजिक परिचालन बारे कार्यक्रम सञ्चालन गर्ने, स्थानीय आर्थिक विकासका लागि सहजीकरण गर्न सम्पर्क व्यक्ति तोक्ने, जिससबाट भएको मूल्याङ्कनको नतिजा छलफलका लार्ग कार्यपालिकाको बैठकमा पेश गर्ने, कार्यपालिकाले एकीकृत नतिजा उपर सूचकगत रूपमा छलफल र विश्लेषण गर्ने, मूल्याङ्कनको अन्तिम नतिजा सभामा छलफल एब जानकारीको लागी पेश गर्ने आदि रहेका छन्।<br>▪ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय आर्थिक विकासको मूल्याङ्कन प्रवक्रयालाई प्रभावकारी | प्रचलित कानून र आवश्यकता अनुसार कार्यन्वयन गर्ने। |

| सि.न | कानूनी व्यवस्थाहरू | यसका प्रावधानहरू तथा कार्यान्वयनको अवस्था | यसमा देखिएका कमजोर पक्षहरू र यसको न्यूनीकरण गर्ने उपायहरू |
|---|---|---|---|
| | | बनाउन स्थानीय तहको माग र आवश्यकता अनुसार स्थलगत सहयोग र सहजीकरण गर्न सक्नेछन।<br>▪ स्थानीय आर्थिक विकासको प्रवर्द्धनको लागि हरेक स्थानीय तहमा स्थानीय तहको प्रमुख वा अध्यक्षको संयोजकत्वमा एक स्थानीय आर्थिक विकास संवाद समिति गठन गरी कार्य गर्नेछ । जसमा घरेलु तथा साना उद्योग, उद्योग तथा बाणिज्य महासंघका स्थानीय स्तरमा रहेका इकाईहरू, स्थानीय तहमा रहेका उत्पादनमा आधारित सहकारीहरू, स्थानीय तहमा रहेका बैंक, स्थानीय तहमा रोजगारी दिने उद्यमीहरू आदिको प्रतिनिधित्व रहनेछ । | |

# परिच्छेद ५: नेपालमा सामाजिक जवाफदेहिता कार्यान्वयन गर्न स्थापित संस्थागत व्यवस्था तथा यसका सरोकारवालाहरू

## ५ .१ तीन तहका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको भूमिका

राजनीतिक, प्रशासनिक र वित्तीय प्रणालीलाई तीन तहको संरचनामा विभाजन गरी सुशासन तथा उत्तरदायित्वको सुनिश्चितता र सेवा प्रवाहलाई प्रभावकारी बनाउन तल्लो तहको सरकारलाई क्षमतावान र विश्वसनीय बनाउने परिकल्पनासहित नेपालको संविधान वि.सं. २०७२ मा जारी भएको हो।

सामाजिक जवाफदेहिता अन्तर्गत विद्यमान शासनसँग सम्बन्धित व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, राजनीति तथा आर्थिक पद्धति; सार्वजनिक प्रशासन, कानुनी संयन्त्र, नीति तथा कार्यक्रम, खर्च व्यवस्थापन र सोको जवाफदेहिता लगायत सार्वजनिक तहसँग सम्बद्ध पदाधिकारी तथा कर्मचारीको कार्यशैली, नीति तथा कार्यक्रमको कार्यान्वयन, नागरिकप्रतिको जिम्मेवारी, संसाधनको प्रयोगलगायत विषय पर्छन् । यसले राज्यका तहमा नागरिकको संलग्नता बढाई ती तहको उत्तरदायित्वलाई बढावा दिई संस्थागत कार्यकुशलतामा सुधार गर्ने प्रयास गर्दछ। यो एक राजनीतिक प्रक्रिया पनि हो, जसले एकातर्फ राज्य र नागरिक दुवैलाई एकअर्काको परिपूरकको रूपमा उभ्याई राज्यलाई चुस्तदुरूस्त शासन गर्न प्रेरित गर्दछ भने नागरिकलाई राज्यको शक्तिको स्रोतको रूपमा शासनका लागि परिचालन हुन प्रोत्साहन गर्दछ । **सामाजिक जवाफदेहिता कायम राख्न हालको नेपालको संघीय राज्य संरचना/बनावट**

| संघीय तह | प्रदेश तह (७) | स्थानीय तह (७५३) |
|---|---|---|
| <u>संघीय संसद</u><br>• राष्ट्रिय सभा (५३)<br>• प्रतिनिधि सभा : २७५ (१६५ प्रत्यक्ष +११० समानुपातिक )<br>• नेपाल सरकार<br>  • मन्त्रालय (२५)<br>  • विभाग<br>  • केन्द्रीय स्तरका आयोजनाहरू | <u>प्रदेश</u><br>• प्रदेश सभा<br>• प्रदेश सरकार<br>  • प्रदेश मन्त्रालय<br>  • प्रदेश विभाग<br>  • प्रदेश कार्यालय | <u>स्थानीय तह</u><br>• जिल्ला सभा/गाउँसभा/नगरसभा<br>• गाउँ/नगर कार्यपालिका<br>• विषयगत विभाग/महाशाखा/ शाखा/सेवा केन्द्र<br>• वडा कार्यालय<br>• न्यायिक समिति |
| न्यायपालिका (सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत) | | |
| संवैधानिक तथा नियमनकारी निकायहरू | | |

अर्कोतर्फ, नागरिकबाट निर्वाचित प्रतिनिधि, जसलाई शासन सत्ता चलाउने अधिकार प्राप्त हुन्छ, तिनले नागरिकको आवाजलाई बिनाभेदभाव ग्रहण गरी शासन सञ्चालनका लागि प्रासंगिक दृष्टिकोण बनाउँदछन्। यसले नागरिकका प्रतिनिधि र शासन सञ्चालनका लागि उत्तरदायी छन् भन्ने सन्देश दिन्छ । जवाफदेहिता मुख्यतया दुईतर्फ हुने गर्दछ । प्रथम, आफूलाई कामको जिम्मेवारी अथवा अधिकार दिनेप्रतिको जवाफदेहिता। दोस्रो, प्राप्त जिम्मेवारी वा अधिकारको प्रयोग गर्दै सम्पादन गरिने कामको प्रभावबाट प्रभावित हुने वर्गप्रतिको जवाफदेहिता। तर, अहिले माथि उल्लेख गरिएबाहेक प्रयोगमा आउन थालेको तेस्रो

पक्ष पनि छ, जसलाई आफूबाट सम्पादन गरिने कामको प्रभावकारिता अरूको कार्यसम्पादनको प्रभावकारितासँग पनि गाँसिने हुँदा समकक्षीप्रतिको जवाफदेहितालाई पनि जोडेर हेर्न थालिएको छ ।

शासनको वैधता स्थापना गर्न र आम नागरिकलाई शासनसँग निकट बनाउन शासनमा सामाजिक जवाफदेहिता आवश्यक हुन्छ । लोकतान्त्रिक शासन प्रणालीलाई बलियो बनाई न्याय र नैतिकतामा आधारित स्वस्थ्य समाज निर्माण गर्न उत्तरदायित्व पूर्ण शासन प्रणाली सामाजिक जवाफदेहिताको आवश्यकता र पहिलो शर्त हो । आजको विश्वमा घुमाउरो, तहगत, अप्रत्यक्ष, प्रक्रियागत भन्दा पनि सोझो, प्रत्यक्ष र नतिजामुखी सामाजिक जवाफदेहिताको आवश्यकता र महत्वमा जोड दिइएको पाइन्छ ।

यस्तो शासन प्रणाली कार्यपालिकासँग मात्र आवद्ध नभई राज्यका तीनवटै अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासंग पनि सम्वन्धित हुन्छ । यसको अर्थ, राज्यका सम्पूर्ण गतिविधि र क्रियाकलाप सामाजिक जवाफदेहितासँग प्रत्यक्ष सम्वन्धित हुन्छन् भन्न सकिन्छ । अर्को शव्दमा भन्दा, जनमुखी शासन, प्रभावकारी सार्वजनिक सेवा, कानूनी राज्य, आर्थिक तथा भौतिक समृद्धि, जवाफदेहिता, पारदर्शीता, नागरिक अधिकारको प्रत्याभूतिले सामाजिक जवाफदेहिताको सुनिश्चितता हुन्छ ।

नेपालमा सामाजिक जवाफदेहिता कार्यान्वयन गर्न नागरिक संस्थाको निरन्तर दवाव र पैरवीपछि नेपाल सरकारले नागरिकको सूचनामा पहुँच वृद्धि गर्न सूचनाको हक सम्वन्धी ऐन, २०६४ जारी गर्यो । नेपालको संविधान ले पनि सूचनाको हकलाई मौलिक हक अन्तर्गत राखेको छ । संविधान र सूचनाको हक सम्वन्धी ऐनले नागरिकको सूचना पाउने अधिकारलाई सुनिश्चित गरेका छन् । सार्वजनिक चासोका सूचना तथा विवरण नागरिकलाई नियमित रूपमा 'विना रोकटोक' प्रवाह गर्नुपर्छ भन्ने ऐनको मूल मर्म हो । यस ऐनले सम्भवत दक्षिण एसियामै पहिलो पटक सबै राजनीतिक दललाई सार्वजनिक तहको परिभाषाभित्र राखेको छ । सार्वजनिक सूचना कुनै सरकारी तह वा अधिकारीको व्यक्तिगत दस्तावेज नभएर सार्वजनिक चासोको विषय हो भन्ने तथ्यलाई यस ऐनले स्थापित गरिदिएको छ । कुनै पनि देशको लोकतान्त्रिक सरकार नागरिकप्रति कति पारदर्शी र जवाफदेही छ भन्ने कुरा त्यस देशका नागरिकले उपभोग गर्ने सूचनाको हकले प्रतिविम्बित गर्दछ । सूचनाको हक सम्वन्धी ऐनलाई भ्रष्टाचार नियन्त्रण र सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउने अस्त्रको रूपमा पनि प्रयोग गर्न सकिन्छ । भारतमा सूचनाको हक सम्वन्धी ऐनको प्रयोगले ठूल्ठूला भ्रष्टाचारका घटना सार्वजनिक भएका छन् । नेपालमा पनि नागरिकले यो ऐनलाई सार्वजनिक  जवाफदेहिता निर्माण गर्ने साधनको रूपमा प्रयोग गरेर राज्य संयन्त्रलाई पारदर्शी र जवाफदेही बनाउन सक्ने अवसरहरू प्रशस्त छ ।

त्यस्तै नागरिक संस्थाहरूको पहल र पैरवीमा जारी भएको अर्को ऐन हो, सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन, २०६४, दक्षिण एशियामै पहिलो पटक जारी गरिएको सुशासन सम्वन्धी ऐनले नागरिक वडापत्र र गुनासो सुनुवाइ संयन्त्रलाई कानूनी रूपमै सम्बोधन गरेर शासन व्यवस्था नागरिकमा केन्द्रित हुनुपर्छ भन्ने सन्देश दिन खोजेको छ । प्रत्येक कार्यालयमा सेवाग्राहीले देख्ने गरी नागरिक वडापत्र राख्नुपर्ने र सबै कार्यालयले गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्नुपर्ने कानुनी प्रावधानबाट सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी र जवाफदेही बनाउन खोजिएको छ ।

**सामाजिक जवाफदेहिता कार्यान्वयन गर्न स्थापित संस्थागत व्यवस्था संयन्त्र र सो सम्बन्धी व्यवस्थाहरू**

| **तहगत सरकार** | **व्यवस्थापिका** | **कार्यपालिका** | **न्यायपालिका** | संवैधानिक अंग |
|---|---|---|---|---|
| संघीय सरकार | संघीय संसद, सार्वजनिक लेखा समिति, संसदका अन्य समितिहरू | राष्ट्रिय सतर्कता केन्द्र | | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सूचना आयोग, महालेखा परीक्षक तथा नियन्त्रकको कार्यालय |

| | | | | |
|---|---|---|---|---|
| प्रदेश सरकार | प्रदेश सभा, प्रदेश सभाका समितिहरू | सुशासन केन्द्र | | |
| स्थानीय तह | गाउँपालिका तथा नगरपालिकाका सभाहरू, लेखा समिति र अनुगमन तथा सुशासन समिति, आन्तरिक लेखा परीक्षण | बजेट तथा योजना तर्जुमा समिति, स्थानीय राजस्व परामर्श समिति, अनुगमन तथा सुपरीवेक्षण समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ७८ को उपदफा-५ र स्थानीय तह सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ अनुसार हरेक स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाइजस्ता कार्यक्रम सञ्चालन गरी स्थानीय सरकारलाई पारदर्शी र जवाफदेही बनाउने व्यवस्था गरेको छ। | |

## ५.२ संघीय तथा प्रदेश तहमा हेलो सरकार

सामाजिक जवाफदेहिता कार्यान्वयन गर्न शुरू गरिएको ***हेलो सरकार*** वि.सं. २०६८ कार्तिक १७ गते स्थापना भएको हो । दूर दराजमा रहेका नागरिकका गुनासा सम्बोधन गर्न एवं सुशासन प्रवर्द्धन गर्ने संयन्त्रको रूपमा स्थापना कालदेखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको एक शाखाको (कक्षको काम-कारबाहीको समन्वय र व्यवस्थापन गर्न एक जना उप-सचिवको व्यवस्था गरी टोल फ्री-नम्बर, फ्याक्स, इमेल, एसएमएस, चिठी-पत्र आदिबाट प्राप्त गुनासो, उजुरी आदिको प्रशोधन गर्ने व्यवस्था गरेकोछ) रूपमा रही आफ्नै पोर्टलमार्फत गुनासो व्यवस्थापनमा सक्रिय रही आएको छ र यसको कार्यान्वयन प्रदेश तहमा पनि शुरू भएको छ । विभिन्न माध्यमबाट प्राप्त भएका गुनासोहरूलाई विद्युतीय माध्यमबाट सम्बन्धित तहहरूमा पठाई गुनासो व्यवस्थापनमा सहजीकरण र समन्वयात्मक भूमिका खेलिरहेको छ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ मा टेकेर देशको सार्वजनिक प्रशासनलाई जनमुखी, जबाफदेही, पारदर्शी, समावेशी तथा सहभागितामूलक बनाउने, सर्वसाधारणले पाउनुपर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढङ्गले प्राप्त गराउदैं मुलुकमा सुशासनको प्रत्याभूति दिने व्यवस्थालाई सहयोग पुऱ्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हेलो सरकार गुनासो व्यवस्थापन कक्ष सञ्चालनमा रहेको छ।

यस्तै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा ३१ तथा सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ को नियम २० लाई थप प्रभावकारी बनाउन नेपाल सरकार बाट हेलो सरकार कक्ष सञ्चालन निर्देशिका २०६८ जारी भए अनुरूप हेलो सरकार कक्ष स्थापना भई निरन्तर रूपमा गुनासो व्यवस्थापनमा क्रियाशील रहँदै आएको छ। (बिस्तृत जानकारी www.opmcm.gov.np : "हेलो सरकार "कक्ष संचालन निर्देशिका, २०६८ बाट प्राप्त गर्न सकिन्छ)

पछिल्लो समयमा हेलो सरकारले सामाजिक सञ्जाल ट्वीटर र फेसबुक मार्फत् पनि गुनासो सुन्ने र त्यसको व्यवस्थापन गर्ने कामको सुरूवात गरेको छ। यसका लागि कार्यपद्धति समेत बनाएको छ।

हरेक सार्वजनिक तहले आफ्नो ट्वीटर एकाउण्ट र फेसबुक पेज खोल्नुपर्ने र त्यसबाट आएका गुनासाहरूको सिधै सम्बोधन गर्नुपर्ने व्यवस्था छ। सो नभएमा माथिल्लो तहको निर्देशन माग गर्नुपर्ने अवस्था आएमा पनि सोही एकाउण्ट फेसबुक पेजमा निर्देशन माग गर्ने तथा माथिल्लो तहले निर्देशन दिन सक्ने व्यवस्था समेत गरिएको छ। गुनासोकर्ताले गुनासो वा उजुरी गर्दा गुनासोकर्ताको नाम ठेगाना (जसलाई आवश्यक परेमा गोप्य राख्न पनि सकिन्छ), गुनासोकर्ताको एकीकृत प्रविधिमार्फत सुशासन प्रवर्द्धनमा नागरिक सहभागिताः प्रशिक्षण सहजीकरण सहायक पुस्तिका टेलिफोन तथा मोबाइल नम्बर (आवश्यक पर्दा सम्पर्कका लागि) गुनासोको सङ्क्षिप्त विवरण (बढीमा १०० शब्द) र गुनासोकर्ताले अपेक्षा गरेको प्रतिफल समेत लेख्नुपर्ने व्यवस्था रहेको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७२ असार १८ गते एक परिपत्र जारी गर्दै तत्कालीन अवस्थामा रहेका आफू मातहतका सम्पूर्ण विभाग, आयोग, केन्द्र, प्रतिष्ठान, विकास समिति, तथा स्थानीय तहलाई हेलो सरकार फेसबुक एकाउण्ट खोल्न तथा त्यसको सञ्चालनका लागि १४ बुँदे परिपत्र जारी गरेको छ। मन्त्रालय आफैँले पनि "हेलो सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय" समेत बनाएर सञ्चालनमा ल्याएको छ। सबै तहका वेबसाइटमा ट्वीटर संवाद र गुनासो सम्प्रेषण सूची समेत अनिवार्य गरिएको छ।

## हेलो सरकारका सबल पक्ष, दुर्बल पक्ष, चुनौती, अवसर तथा आगामी कार्यदिशा

नेपाल सरकारको गुनासो सुन्ने तहको रूपमा हेलो सरकारले काम गरेता पनि यसका आफ्नै सीमितता, चुनौती र अवसरहरू रहेका छन्। हेलो सरकारका सबल पक्ष, दुर्बल पक्ष, चुनौती र अवसरलाई निम्न बमोजिम क्रमबद्ध गर्न सकिन्छ।

**सबल पक्षहरू:** हेलो सरकारको सबैभन्दा सबल पक्ष भनेको यसको सञ्जाल नै हो। गुनासो दर्ता भइसकेपछि त्यसको अवस्था, कुन कुन कार्यालयमा गुनासोको अवस्था के के छ भनेर 'गुनासो ट्रयाकिङ्ग' पनि गर्न सकिने भएकोले गुनासोकर्ताले नियमित रूपमा फलो अप गर्न सक्नेछन्। प्रायः सवै सरकारी कार्यालयका नोडल अफिसर र कार्यालय प्रमुखसँग सिधै सम्पर्क गर्न सकिने भएकोले पनि गुनासोका सम्बोधनका लागि हेलो सरकारबाट सिधै फोन सम्पर्क गर्न सकिन्छ। यसमा कार्यरत जनशक्ति पनि सबल पक्षहरूमध्ये एक हो। हेलो सरकारको आफ्नै पोर्टल भएकोले गुनासाको अवस्था हेर्न, तथ्याङ्क विश्लेषण गर्न, फलो अप गर्न तथा रिपोर्ट तयार पार्ने जस्ता कार्य गर्न सजिलो भएको छ।

**दुर्बल पक्षहरू:** हेलो सरकारले जुन रूपमा गुनासो सुनुवाइको लागि अग्रसरता लिएको छ त्यही अनुरूप यसको प्रचार प्रसारमा कमी भएको देखिन्छ। यसले गर्दा कतिपय सर्वसाधारण नागरिकलाई हेलो सरकारको कामबारे कम जानकारी हुन्छ। देशभर इन्टरनेटको सहज पहुँच नभएकोले हेलो सरकारको आफ्नै पोर्टल भएपनि समय समयमा आईरहने प्राविधिक समस्याले हेलो सरकारको कार्य चुस्ततालाई असर पारेको देखिन्छ। हेलो सरकारको सञ्जालमा देश भित्र र बाहिरका कार्यालयमा रहनु भएका गुनासो सुन्ने अधिकारीको सरूवा भई राख्ने तर पोर्टलमा विवरण अद्यावधिक नहुने समस्या रहेको छ। कतिपय गुनासोहरू अन्य कार्यालय तथा शाखा मार्फत पनि सुनुवाइ हुने भएकोले एउटै गुनासो दोहोरिने सम्भावना रहन्छ।

**अवसर :** सर्वसाधारण नागरिकको गुनासो सम्बोधनको लागि हेलो सरकार एक-द्वार नीति अन्तर्गतको गुनासो सुन्ने सरकारी संयन्त्र बन्न सक्ने सम्भावना छ। संघ, प्रदेश र स्थानीय गरी तीनै तहको गुनासो सम्बोधनका लागि संघीय गुनासो व्यवस्थापनको इकाईको रूपमा स्थापित गराउन सकिन्छ। नागरिकको हेलो सरकार प्रतिको बढ्दो अपेक्षा र विश्वास पनि हेलो सरकारको लागि ठुलो अवसर हो। सामान्य देखि अति गम्भीर प्रकृतिका गुनासा समेत हेलो सरकारमा दर्ता हुनाले नागरिकले आफ्नो गुनासोको सुनुवाइका लागि हेलो सरकारलाई रोजेको देखिन्छ। त्यस्तै गरी हेलो सरकारलाई नीति संचारको लागि आवश्यक आधिकारिक

सूचना केन्द्रको रूपमा पनि विकास गर्न सकिन्छ । कोभिड-१९ जस्तो सङ्कटको समयमा पनि नागरिकको गुनासो सुनुवाइको लागि हेलो सरकार जस्ता संयन्त्रको आवश्यकता देखिएको छ । आगामी दिनमा हेलो सरकारको जस्तै अनलाइन कार्यसम्पादन प्रणाली अन्य सरकारी तहका लागि नमुनाको रूपमा विकसित गर्न सकिन्छ ।

**चुनौती :** कतिपय अवस्थामा झुटा समाचार तथा गुनासोकर्ताद्वारा सूचनाको गलत प्रयोग हेलो सरकारको लागि चुनौतीको विषय हो । बेनामी गुनासो दर्ता गर्ने सन्दर्भमा फरक व्यक्तिको नाम, नम्बर प्रयोग गर्ने प्रवृत्ति पनि कहिलेकाहीँ देखिने गरेको छ । भविष्यमा हेलो सरकारका चुनौतीहरूमध्ये यसको डाटा चोरी हुने सक्ने सम्भावना पनि एक हो । साथसाथै आगामी दिनमा गुनासोकर्ताको गोपनीयता संरक्षणको पनि उत्तिकै चुनौती रहेको छ । आवश्यक समन्वय र सहकार्यको अभावले प्रदेश कार्यालय तथा स्थानीय तहतहले हेलो सरकार मार्फत प्राप्त भएका गुनासाहरूलाई  समयमै समाधान गर्ने कार्य नगर्दा गुनासो व्यवस्थाव्यवस्थापन चुनौतीपूर्ण बनेको छ । गुनासो सम्बोधनमा हेलो सरकारको निर्देशनको गैर-अनुपालन भएमा के गर्ने भन्ने स्पष्ट म्यान्डेट नहुनु हेलो सरकारको लागि चुनौती हो ।

**भावी कार्यदिशा :** हेलो सरकारलाई आगामी दिनमा अझै थप प्रभावकारी बनाउन निम्न कामहरू गर्न आवश्यक देखिन्छ:

**क)** हेलो सरकारका लागि कार्यप्रक्रिया सञ्चालन निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने ।

**ख)** विश्वका धेरै देश तथा छिमेकी राष्ट्रमा समेत गुनासो सुनुवाइका लागि विभाग नै गठन गरेको उदाहरण छ । तसर्थ हेलो सरकारबाट गुनासो सम्बोधनमा हुने हेलचक्र्याइँलाई निस्तेज पार्न र  हेलो सरकारको कामकारबाहीको प्रभावकारिता वृद्धि गर्न यसलाई एक महाशाखा रूपमा विकसित गर्नुपर्ने ।

**ग)** यसको प्राविधिक पक्षमा आई रहने समस्या सम्बोधनका लागि आफ्नै प्राविधिक जनशक्ति तथा कर्मचारीको व्यवस्थाव्यवस्थापन गर्ने । सम्बद्ध तहबाट हेलो सरकार प्रतिको स्वामित्व आवश्यक देखिन्छ । हेलो सरकारमा कार्यरत कर्मचारीको सेवा सुविधा लगायत क्षमता प्रवर्द्धनका लागि कार्यक्रम संचालन गरी यसको कार्यसम्पादनमा सकारात्मक प्रभाव पार्न सक्दछ ।

**घ)** हेलो सरकारको कार्य प्रकृति फरक किसिमको भएकोले अन्य कार्यालयको तुलनामा यसको फरक विश्लेषण गरी यसबाट सर्वसाधारण नागरिकलाई प्राप्त हुने सेवा सुविधा तथा फछ्र्यौट भएका काम कारवाहीबारे जनस्तरमा व्यापक प्रचारप्रसार गर्नुपर्ने । यसले गर्दा नागरिकमा हेलो सरकार बारे नागरिकको स्वामित्व, विश्वास र लोकप्रियता बढ्ने देखिन्छ । नेपाल सरकारका सफल कार्यक्रम मध्ये एक हेलो सरकार भएकोले यसलाई थप प्रभावकारी बनाउनु आवश्यक देखिन्छ ।

## ५.३ सामाजिक जवाफदेहिता सम्वन्धी केही स्थानीय तहले तर्जुमा गरेका कानूनी व्यवस्थाहरू

स्थानीय बासीन्दाको सुखःदुख सुन्ने र उनीहरूको विश्वास संस्थागत गर्ने राज्यको प्रारम्भिक संरचना स्थानीय तह हो । स्थानीय स्तरको विकासको प्रमुख जिम्वेवारी पनि स्थानीय तहकै छ । स्थानीय तहलाई निर्णय गर्ने, कार्यान्वयन गर्ने, आवश्यक नीति नियम तयार गर्ने, स्थानीय स्तरका केही विवादहरूको निरूपण गर्ने, समाजमा शान्ति, सुव्यवव्यवस्था र सद्भाव कयम गराउने, वातावरण संरक्षण गर्ने अधिकारपनि छ ।

स्थानीय साधन श्रोत व्यवस्थाव्यवस्थापन र परिचालन गर्न स्थानीय तहलाईनै सहज हुन्छ । स्थानीय तहले लोकतन्त्रका अवसरहरू घर आँगनमा पुर्याउनु पर्दछ । स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायीकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको गठन भएको हो । स्थानीय सरकारले जनभावना अनुरूप काम गर्न सकेमात्रै नागरिकहरूले साँचो अर्थमा लोकतन्त्रका लाभहरूको उपभोग गर्न सक्दछन् ।

यस सन्दर्भमा निम्न तीन (३) वटा स्थानीय तहहरूले न.पा. हरूले सामाजिक जवाफदेहिता सम्वन्धमा गरेका कानूनी व्यवस्थाहरूलाई नमूनाको रूपमा देहाय वमोजिम प्रस्तुत गरिएकोछ ।

| बडिमालिका न.पा., बाजुरा | छेडागाढ न.पा., जाजरकोट | बाँसगढी न.पा., बर्दिया |
|---|---|---|
| १. नगर शिक्षा नीति तथा नियमावली, २०७४ | १. बाल समुह गठन तथा सहजिकरण निर्देशिका, २०७४ | १. सहकारी दर्ता, संचालन, लेखा परीक्षण, अनुगमन, तथा नियमन सम्बन्धी मापदण्ड् २०७४ |
| २. युवा नीति २०७४ | २. राजपत्र प्रकाशन गर्ने, अद्यावधिक गर्ने र वेवसाइटमा प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, २०७४ | २. ज्येष्ठ नागरिक परिचय–पत्र वितरण निर्देशिका, २०७५ |
| ३. टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७४ | ३. बाल श्रम न्यूनिकरण तथा व्यवस्थापनका लागि कार्यविधि, २०७६ | ३. विपद व्यवस्थापन कोष तथा स्रोत परिचालन कार्यविधि, २०७६ |
| ४. विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७५ | ४. बाल संरक्षण नीति, २०७६ | ४. नगर स्वास्थ्य ऐन, २०७६ |
| ५. अपाङ्गता भएका व्यक्तिको परिचय वितरण कार्यविधि, २०७६ | ५. बाल विवाह विरूद्ध कार्यक्रम संचालन खर्च कार्यविधि, २०७५ | ५. असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ |
| ६. लैङ्गिक हिंसा निवारण कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ | ६. बाल विवाह विरूद्ध कार्यक्रम संचालन खर्च कार्यविधि, २०७५ | ६. योजना अनुगमन तथा मूल्यांकन कार्यविधि, २०७६ |
| ७. सार्वजनिक जवाफदेहियता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७७ | ७. आपतकालिन केन्द्र संचालन कार्यविधि, २०७५ | ७. आर्थिक ऐन, २०७७ |
| ८. मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७७ | | |
| ९. सार्वजनिक नीजी साझेदारी सम्बन्धी विधेयक, २०७८ | | |
| १०. बडीमालिका नगरपालिकाको फोहर मैला व्यवस्थापन विधेयक, २०७८ | | |

## ५.३.१ स्थानीय सरकारहरूले तर्जुमा गरेका कानूनी व्यवस्थाहरूको कार्यान्वयनको स्थिति

सुशासन तथा सामाजिक जवाफदेहिता राज्य सञ्चालनको मेरूदण्ड हो । यसको अभावमा शासन प्रणाली एकतन्त्रीय र तानाशाही हुनपुग्छ । यी दुवै सुनिश्चित भएको शासन प्रणालीमा राज्यको नीति निर्माण र विकासको निर्णय प्रक्रियामा जनता तथा सरोकारवालाको अर्थपूर्ण सहभागिता भई केन्द्र देखि स्थानीय तहसम्मै सहमति तथा जनभावना अनुसारको निर्णय भई कार्यान्वयन हुन्छन् । तदनुरूप राज्यका विभिन्न अंग र सरकारका निर्णयहरू पारदर्शी हुन्छन्, हरेक निर्णय कार्य-कौशल र सारभूत रूपमा प्रभावकारी हुन्छ् । राज्यका अंगहरू जनताप्रति पूर्ण जवाफदेहि भई सरकारका निर्णयहरू समतामूलक तथा समावेशी हुन्छन् र सबै काम-कारबाही कानून सम्मत हुन्छन ।

माथि उल्लेख गरेका विषयबस्तुहरूको पालिका स्तरमा (जी.आई.जेड. नेपालले सहयोग गर्दै आएका ९ मध्ये ३ न.पा. केन्द्रित) सामाजिक जवाफदेहिताको औजारहरू प्रयोग गरी आफ्नो कामलाई पारदर्शीता र सु-शासनको संस्थागत

व्यवस्थाव्यवस्थापनमा के कस्तो पहल कदमी, योगदान, अभ्यासहरू भईरहेकोछ, यसबारे न.पा. नेतृत्व तह, कर्मचारी, नागरिक समाज, सर्व-साधारण नागरिक आदिको प्रत्यक्ष्य भनाई तथा बुझाई के रहेछ भनी बुझ्नको लागी हालै सुदूरपश्चिम तथा कर्णाली प्रदेशको ३ वटा न.पा. (बाजुरा जिल्लाको बडीमालिका, जाजरकोटको छेडागाड र बर्दियाको बाँसगडी) को स्थलगत भ्रमण गरी माथि उल्लेख गरिएका विषयहरूमा एकल तथा सामूहिक छलफल तथा अन्तरक्रिया गरिएको थियो। यस दौरानमा निम्न सबल पक्षहरू अभ्यासमा रहेको जानकारी प्राप्त भयो:

तीनै वटा न.पा.को नेतृत्व तह आफ्ना सबै कामहरू पारदर्शी तथा जवाफदेहिता कायम राखी सम्पन्न गर्न प्रतिवद्ध रहेका,

न.पा.ले आफ्नो नीति, बजेट तथा कार्यक्रमहरू निर्माणगर्दा महिला, वञ्चितीकरणमा पारिएका र सीमान्तकृत समुदायहरूको अर्थपूर्ण सहभागिता, वृहत छलफल र उनीहरूको प्रतिनिधित्व सुनिश्चित गरी वनाउने गरेका जसले गर्दा उनीहरूका आवश्यकता, समस्या, सवाल, अधिकार, विकास आदिको सम्बोधन गरी सोको प्रभावकारी कार्यान्वयन गरिरहेका,

न.पा.ले गर्ने अनुगमन तथा मूल्याङ्कन गर्दा सहभागीमूलक विधि प्रयोग गरी महिला, विपन्न, जोखिममा परेका र वञ्चित समूहको सुझाव संकलन गर्ने, उनीहरूमा विभिन्न आयोजना/कार्यक्रमले पारेको प्रभावलाई छुट्टा-छुट्टै रूपमा हेर्न सकिने विधिहरूको विकास र उपयोग गर्ने, परिमाणात्मक र गुणात्मक दुवै प्रकारको विधिहरू सम्भव भएको ठाउँमा उपयोग गरी महिला, विपन्न, जोखिममा परेका र वञ्चितले हासिल गरेका लाभ तथा असरहरू देखिने खण्डिकृत तथ्यांङ्क र मूल्यांकन प्रतिवेदन तयार गर्ने र यसका निष्कर्ष तथा सिफारिसहरू अनुसार थप योजना तथा बजेट निर्माण गरी कार्यान्वयन गर्ने गरेको,

कुनै पनि योजना वा कार्यक्रम सम्पन्न भएपछि सम्वन्धित आयोजना कार्यान्वयन गर्ने तहले पूरा गर्नुपर्ने भनी निर्देशित गरेअनुसार सार्वजनिक लेखा परीक्षण र कार्य सम्पन्न प्रतिवेदन न.पा. ले प्राप्त गरेपछि मात्र अन्तिम भुक्तानी दिने गरेको,

वित्तीय जोखिमको न्यूनीकरणको लागि सार्वजनिक खर्च, वित्तिय जवाफदेहिता आदि सम्वन्धी कार्ययोजना बनाई लागु गरी रहेको,

आर्थिक पारदर्शीता तथा सुशासन प्रवर्द्धनका लागि सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोग गर्नुको साथै संचार तथा विद्युतीय सूचना प्रविधिको विकास गरी प्रयोग गरिरहेको,

न.पा. ले सामाजिक जवाफदेहिताको औजार प्रयोग गरी संयुक्त अनुगमन, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, गुनासाहरूको सम्बोधन गर्ने परिपाटी बसालेको,

नागरिक वडापत्रको अद्यावधिक गरेको, वडापत्रमा उल्लेख भएका प्रावधान अनुसार तोकिएकै समय, दिन र शुल्कमा जनतालाई सेवा सुविधा उपलब्ध गराईरहेको,

न.पा.ले विभिन्न सञ्चार माध्यमहरूको प्रयोग गरी सामाजिक जवाफदेहिता सम्वन्धी संदेश तथा सूचनाहरूको प्रचार प्रसार, र प्रवर्द्धन गरी यसबारे जनचेतना वृद्धि गर्ने गराउने र यसबारे सम्पूर्ण सरोकारवालाहरू, नागरिक आदिसंग निरन्तर समन्वय, संचार तथा सहकार्य गर्ने गरेको,

लोकतन्त्रान्त्रिक मूल्य र मान्यताको अभ्यास र कानूनको शासनलाई स्थापित गर्नमा नागरिकहरूको सरकार र सेवा प्रदायक तहहरूबीच सहकार्य तथा समन्वय भईरहेको,

सामाजिक उत्तरदायी तथा जवाफदेहिताको अभिबृद्धिका लागि नागरिकहरूका गुनासाहरूको बढिभन्दा बढि सम्बोधन गर्ने प्रयास भईरहेको,

नागरिकलाई जन-गुनासो व्यवस्था सम्वन्धी सूचना, प्रकृयाबारे सू-सूचित गरी गुनासो सुन्ने व्यवस्था शुरू गरिएको,

न.पा. मा हेल्प डेस्क, उजुरी पेटीका, गुनासो सुन्ने अधिकारीको व्यवस्था गरी जन-गुनासाहरूको व्यवस्थापन गरेको,

माथि उल्लेख गरेअनुरूप न. पा. ले आफ्नो जिम्मेवारी प्रभावकारी रूपले सम्पादन गर्न सामाजिक जवाफदेहितालाई अंगालेको भएतापनि निम्न कमजोर पक्षहरू देखिन्छ :

**क) सामाजिक जवाफदेहिताबारे बनेका पुराना ऐन, कानून आदिको बारेमा जानकारी नहुनु र न.पा.मा यसको कार्यान्वयन गर्न आवश्यकता अनुसार ऐन, कार्यविधि, निर्देशिका आदि निर्माणको अवस्था**

सामाजिक जवाफदेहिता कायम गर्न केन्द्रमा अहिले सम्म बनेका ऐन, कानून आदिको बारेमा स्थानीय तहमा जानकारी नहुनु र अझैपनि प्रदेश तहमै पनि कानुनी कठिनाइ यथावत् रहेकोले यसको असर न.पा. मा पनि परि काम गर्न नसकेको,

संविधानको अनुसूचीमा भएका साझा अधिकार सम्बन्धी कानूनहरू समयमै नबन्दा पनि न.पा. ले यसबारे आवश्यक ऐन, नियम, कार्यविधि आदि बनाउन नसकेको र संघ/प्रदेशको ऐन, कानून आदि संग बाझिने गरी आफ्नो ऐन, कार्यविधि, निर्देशिका आदि निर्माण गर्ने जोखिम न.पा.ले उठाउन नचाहेको,

न.पा. मा विज्ञता नभएको, जनप्रतिनिधिमा कानून निर्माण गर्न ज्ञानको कमी, स्थानीय सरकारले जे जति बनाएको कानून पालनामा स्थानीयले अपनत्व ग्रहण गर्नमा समस्या, कानून कार्यान्वयनमा सबै सरोकारवालाहरूको सहयोग तथा समन्वयमा कमि,

***ख) संस्थागत संरचना, जिम्मेवारी/अधिकार तथा गुनासो व्यवस्थापन***

न.पा. मा सामाजिक जवाफदेहिता कायम गर्ने सवालमा अझै पनि संस्थागत रूपमा शाखा/महाशाखा तोकी जिम्मेवारी र अधिकार दिन नसकेको,

नागरिक बडापत्रको व्यवस्था गरे पनि यस अनुरूप काम हुन अझै नसकिरहेको, निरक्षर जनताको लागि यो उपलब्धिमूलक हुन नसकेको,

न.पा. ले गुनासो सुन्ने अधिकारीको व्यवस्था तथा हेल्प डेस्कको व्यवस्था गरेपनि यसबारे नागरिकलाई यथेस्ट जानकारी नभएको,

सार्वजनिक सुनुवाई तथा सामाजिक एवं सार्वजनिक परीक्षणहरू तोकिएको कार्यविधि अनुसार सम्पन्न नगरी विधी मात्र पु-याउने हिसाबले गरिरहेको,

सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण आदि गर्दा व्यक्त गरिएका प्रतिवद्धता के के थिए, के के पुरा गरियो वा ती मध्ये यथार्थमा कतिवटाले पूर्णता पाए वा पाएनन आदि बारे केही अभिलेख नरहेको,

न.पा. को सुपरीवेक्षण तथा अनुगमन समितिमा रहेका व्यक्तिहरूमा प्रभावकारी सुपरीवेक्षण तथा अनुगमन सम्बन्धी ज्ञान तथा क्षमता अभिबृद्धिका कार्य गर्न नसकिएको, कुन समयमा कतिवटा योजनाहरू अनुगमन भए सोको ब्यबस्थित दस्तावेजीकरण नभएको,

गुनासो व्यवस्थापन गर्नेबारे नागरिकलाई सूचना दिएको भनिएता पनि यसले प्रभावकारी रूपमा काम गर्न नसकिरहेको,

उजुरी पेटीका राखिएको भएतापनि प्रायः उजुरी नपरेको, किनकी अहिले सामाजिक संजाल आदि मार्फत उजुरी गर्ने र नागरिकलाई तुरून्त जवाफ चाहिने आदि अवस्था भएकोले यो पेटिकाको सदुपयोग नभएको र निश्चित समयमा के कति गुनासो आयो, कतिको समाधान भए वा भएन सोको रेकर्ड व्यवस्थापन नभएको,

नागरिक स्तरबाट न.पा. को कामलाई प्रभावकारी बनाउन कुनै निगरानी वा खबरदारीका क्रियाकलापहरू खासै संचालन नभएको, किनकि यहा सेवाग्राहीहरूमा निगरानी वा खबरदारी गरेर के नै हुन्छ र भन्ने धारणा रहेको,

न.पा. ले बनाएका विभिन्न उपभोक्ता समितिहरूमा सर्व-साधारण नागरिक भन्दापनि राजनैतिक सम्पर्क तथा पहुँच भएका व्यक्तिहरू सहभागी हुने अवस्था देखिने गरेको ।

***ग) समावेशी सहभागीतामूलक नीति तथा योजना तर्जुमा प्रकृया तथा कार्यान्वयन***

सामाजिक क्षेत्रहरू जस्तै: शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना गर्ने योजना तथा कार्यक्रम तयार गर्दा यसले महिला, विपन्न वर्ग, क्षेत्र तथा बञ्चित समूहका आवश्यकताहरूलाई सम्बोधन गर्ने काम प्रभावकारी हुन नसकेको,

न.पा. ले प्रत्येक वर्ष बनाउने नीति, योजना, कार्यक्रम, बजेट आदि तर्जुमा गर्दा वडा तथा बस्ति तहबाट आएका योजना तथा कार्यक्रमहरूलाई पारदर्शी ढंगले समाबेश नगरी कार्यान्वयन हुने अवस्था रहेको ।

आबधिक योजनाले प्राथमिकिकरण गरेका कार्यक्रमहरू र वार्षिक  विकास कार्यक्रम वीच तालमेल नभएको, अंझै कतिपयमा आबधिक योजना नबनाई वार्षिक कार्यक्रम मात्र बन्ने गरेको ।

न.पा.को संस्थागत क्षमता बढाउन र लैंगिक, सामाजिक, आर्थिक हैसियत, स्थान, जात/जातीयता, जेष्ठ-नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक र अपांगताका आधारमा हुने सबै प्रकारका असमानता तथा विभेदहरूको सामना गरिरहेका साथै पछाडि परेका/पारिएका महिला तथा वञ्चितीकरणमा पारिएका र सीमान्तकृत समुदायमा केन्द्रित हुदै न.पा. ले योजना, कार्यक्रम, बजेट आदि तर्जुमा गरी लगानीमा वृद्धि गरी सोही अनुसार कार्यान्वयन गर्न नसकेको ।

जे जति योजनाहरू परेर कार्यान्वयन भए सोको अपनत्व नागरिकहरूले लिन नसकेको ।

**घ) जन-चेतना, क्षमता, समन्वय तथा सहकार्यको अवस्था**

सुशासन, सूचनाको हक तथा सामाजिक जवाफदेहिताबारे निर्वाचित जनप्रतिनिधि, सरकारी कर्मचारी, नागरिक समाज, गै.स.स., निजी क्षेत्र, संचार क्षेत्र, नागरिक आदिमा कम जानकारी वा जानकारी नै नहुनु,

सूचनाको हक तथा सामाजिक जवाफदेहिताबारे निर्वाचित जनप्रतिनिधि, सरकारी कर्मचारी, नागरिक समाज, गै.स.स., संचार क्षेत्र आदिमा आवश्यक ज्ञान, व्यावसायिक कार्य-शैली, दक्षता  तथा क्षमता नहुनु,

सामाजिक जवाफदेहिताको अवधारणा र यसको औजारहरूलाई मुलुकको स्थानीय शासन प्रणालीमा गहिरोसँग अन्तरघुलित गरी कार्यान्वयन गर्न नसकिएको,

स्थानीय तहले सामाजिक जवाफदेहितालाई कायम राख्न सबै सरोकारवालाहरूसंग गर्नुपर्ने समन्वय तथा सहकार्य हुननसक्नुको कारणले न.पा. लाई जनताका घरदैलोको सुख-दुःखको सरकारका रूपमा रूपान्तरण गर्न चुनौतीपूर्ण रहेको ।

## ५.३.२ स्थानीय तहले सामाजिक जवाफदेहिता कायम राख्न विभिन्न सरोकारवालाहरूसंग सहकार्यको स्थिति

### *क) गैर सरकारी क्षेत्र*

गैर-सरकारी क्षेत्र शासकीय संरचनाको एक महत्वपूर्ण साझेदार हो । नाफा-रहित, स्वयंसेवी भावना, स्वतन्त्र समाजका विभिन्न सरोकारहरूमा एकल र साझेदार संस्थाको रूपमा काम गर्ने उद्देश्यले यस्ता संस्थाहरूको स्थापना भएको हुन्छ । राज्यको विशेष पहुँच पुग्न नसकेको वा सरकारी संरचनाको कार्य मात्रले अपुग भएका क्षेत्र, वर्ग, समूह र मुद्दाहरूको हित प्रवर्द्धनका लागि स्वतः स्फूर्त रूपमा स्थापना र सञ्चालन हुने आपसी सद्भाव तथा समझदारीको आधारमा आफ्ना कार्यक्रमहरू अगाडि बढाउने हुँदा सरकारी क्षेत्रको तुलनामा गैर-सरकारी संस्था बढी व्यवहारिक, सक्रिय, गतिशील, प्रभावकारी तथा कर्तव्यनिष्ठ भई कुनै पनि राष्ट्रको विकास र उत्थानमा आफ्ना विविध कार्यक्रमहरूको माध्यमद्वारा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् भन्ने मान्यता रही आएको छ ।

सन् १९४५ मा संयुक्त राष्ट्र संघ स्थापना भएसँगै गैर-सरकारी संस्था शब्दको प्रयोग हुन थालेको पाईन्छ । संयुक्त राष्ट्र संघका अनुसार कुनै पनि क्षेत्र जो सरकारी नियन्त्रणभन्दा बाहिर छ र मुनाफारहित छन् तिनीहरूलाई गैर- सरकारी संस्था भनिन्छ । कार्यक्षेत्र र कार्य विशिष्ठताको आधारमा गैर-सरकारी संस्थाहरू सेवामूलक, सहभागितामूलक र सशक्तीकरणमूलक प्रकृतिका हुन्छन् ।

**जन-आवाज : १**

**स्थानीय तहमा सामाजिक जवाफदेहिता : कामकुरो एकातिर कुम्लो बोकी ठिमी तिर !!**

**[नागरिक अगुवा तथा स्थानीय राजनीतिक नेता, बाँसगडी न.पा-४, बर्दिया ]**

स्थानीय तहमा सामाजिक जवाफदेहिताको अहिलेको अवस्थाबारे बर्दियाका एकजना स्थानीय राजनीतिक नेताका अनुसार अहिले केन्द्र देखि स्थानीय तहसम्मका सबै सरकारी कार्यालयहरू, जनप्रतिनिधिहरू, सरकारी कर्मचारीहरू आदि बाहिर सबै ठिक-ठाक छ भन्छन तर भित्रको वास्तविक अवस्था साह्रै दर्दनाक रहेको व्याख्या गर्दछन् ।

उनका अनुसार, अहिलेका नेता, जनप्रतिनिधि तथा कर्मचारीहरू जनतालाई कसरी प्रभावकारी सेवा सुविधा र दिगो स्थानीय विकास गर्नु भन्दा पनि यसबाट आफुलाई के कसरी बढी फाईदा हुन्छ सो मात्र हेर्दछन । उनीहरूमा केही डर, त्रास तथा जन-उत्तरदायित्व छैन, कोहि प्रति कोहि जिम्मेवार छैनन् । सामाजिक जवाफदेहिताको लागि तीन-तहको सरकारबीच पनि कुनै समन्वय तथा सहकार्य भएको देखिदैन ।

न.पा. नेतृत्वले आफ्नो भोट आउने क्षेत्रको मात्र विकास गर्न योजना दिएको, आफूखुसी जनप्रतिनिधिहरूले तलब/भत्ता लिने गरेको, न.पा. ले गर्ने कामहरू पारदर्शी नभएको, न.पा.मा केही काम परि जाँदा कर्मचारीहरू नभेटिने, एउटा सानो काम गराउन पनि पटक पटक धाउनुपर्ने, समाजका कमजोर वर्ग तथा समुदायहरू जस्तै: जेष्ठ-नागरिक, अपांगता भएका व्यक्ति आदिको न.पा. को सेवा सुविधामा पहुँच नहुनु आदिले गर्दा अहिले जनताहरू सारै निराश छन् ।

यसले के देखाउछ भने न.पा. बाट प्रवाह गरिने सेवा-सुविधा जनतालाई बिना-झन्झट, निष्पक्ष, निस्वार्थ र छिटोछरितोरूपमा प्रदान भईरहेको छैन । तसर्थ स्थानीय तहमा सामाजिक जवाफदेहिता कायम गर्ने अहिलेको स्थितिलाई “काम कुरो एकातिर कुम्लो बोकी ठिमी तिर” भन्ने उखानको संज्ञा दिदा फरक नपर्ला । माथि उल्लेख गरिएका अवस्थाहरूलाई चाँडै सुधार गर्नु अति-आवश्यक देखिन्छ । यसको लागि सबैले आ-आफ्नो जिम्मेवारी शुद्ध मनले बहन गर्ने, सबै सेवाग्राही जनता, नागरिक समाज, गै.स.स., पत्रकार आदि सबै एक भई न.पा.ले गर्ने सबै विकास सम्बन्धी सबै काम तथा सेवा प्रवाहलाई प्रभावकारी र जन-मुखी बनाउन जन-दबाब सृजना गर्नु अति आवश्यक देखिन्छ ।

देश भित्र द्वन्द्व व्यवस्थापन, संक्रमणकालीन न्याय व्यवस्था, सामाजिक जवाफदेहिता, भ्रष्टाचार नियन्त्रण गरि सु-शासन कायम गर्ने, जनकल्याण, सामुदायिक विकास, दिगो विकास, लोकतन्त्र र मानव अधिकार, शान्ति निर्माण र पुनः स्थापना आदि क्षेत्रहरूमा गैरसरकारी संस्थाहरू, जसलाई "तेस्रो-दृष्टिकोण वा क्षेत्र (Third perspective)" भन्नेपनि गरिन्छ, ले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछन। यसको लागि सरकारले अनुभव एवं विज्ञता भएका र गुणस्तरीय गैर-सरकारी संस्थाहरूलाई आफ्नो विकास प्रयासमा सहयोगीको रूपमा योगदान गर्नसक्ने वातावरण निर्माण गर्ने र उनीहरूबाट पारदर्शी र उत्तरदायी सेवा प्रवाह गराउनेतर्फ जोड दिनु आवश्यक देखिन्छ।

**पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व प्रवर्द्धन गर्न सहकार्यका क्षेत्रहरू**

नेपालमा कतिपय गैर-सरकारी संस्थाहरूको लामो अनुभव, सामाजिक विषयहरूमा दिगो संलग्नता, सरकारको सहयोगीको रूपमा विकसित हुँदै गएको, गैर-सरकारी संस्थाहरू संस्थागत पूँजी आर्जन गरी स्व-निर्भरतातर्फ उन्मुख हुँदै गएका, सरकारी स्तरबाट सामाजिक एवम् आर्थिक क्रियाकलापमा लगानी गर्न नसक्ने क्षेत्रमा गैर-सरकारी संस्थाहरूलाई साझेदारको रूपमा परिचालित हुंदै आएका छन। त्यास्ता गैससहरूलाई अझै प्रभावकारी बनाउन स्थानीय सरकार तथा गैर-सरकारी संस्थाहरूबीच निम्न क्षेत्रहरूमा सहकार्य हुनसक्छ :

- गैर-सरकारी संस्थाहरूले स्थानीय सरकारको समग्र विकास निर्माण तथा सेवा सुविधा उपलब्ध गराउने क्रियाकलापहरूमा पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्न यसको योजना निर्माणदेखि कार्यान्वयनसम्मका सबै चरणहरूमा स्थानीय सरोकारवाला तथा स्थानीय सरकारको सहभागिता, सहकार्य र समन्वयलाई सुनिश्चित गर्न सहजकर्ताको भूमिका खेल्ने।

- गै.स.स. ले स्थानीय सरकारले गरेका कामहरू कत्तिको पारदर्शीता, जवाफदेहिता र उत्तरदायित्व बहन गरी गरेका छन् सोको सार्वजनिक लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइको व्यवस्था गर्न सहजीकरण गर्न सक्ने ।

- स्थानीय तहमा उपलब्ध हुने भौतिक, मानवीय तथा प्रविधिजन्य स्रोतको उपयोगलाई प्राथमिकता दिँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको स्रोत परिचालन गरी स्थानीय सरकारलाई सहयोग गर्न सकिने।

- मानव विकास सूचकांकमा पछाडि परेका क्षेत्र, लक्षित समूह, सीमान्तकृत समुदाय, पिछडिएको क्षेत्र एवं ग्रामीण विपन्न क्षेत्र तथा समुदायको सशक्तीकरण, जीविकाको प्रवर्द्धन, शिक्षा, स्वास्थ्य, खानेपानी, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन, विपद्पछिको नवनिर्माण तथा पुन-र्निर्माण जस्ता राष्ट्रिय प्राथमिकताका क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाका कार्यक्रमहरू परिचालन गर्न सकिने।

- सामान्य अवस्थामा बजार र राज्यका कमीकमजोरी सुधार गर्ने, सार्वजनिक तहका कार्यप्रक्रियालाई पारदर्शी, प्रभावकारी, जिम्मेवार र जवाफदेही बनाइ सुशासन स्थापनाको लागि समेत वकालत तथा पैरवी गर्ने।

- विपन्न तथा पिछडिएका समुदायका नागरिकलाई संगठित गर्नुका साथै सामाजिक तथा आर्थिक पूँपूँजीको निर्माण गरी त्यसैको परिचालनमार्फत उनीहरूको जीवनस्तर उकास्नको लागि स्थानीय तहको कार्यक्रममा सहयोग वा साझेदारी गर्ने ।

- विशेषगरी आवाजविहिनहरूको आवाज बनेर, पाखा पारिएकालाई मूल प्रवाहमा ल्याउन र नीति निर्माण र विकास प्रक्रियामा यस्ता समुदायको मूल प्रवाहीकरणको लागि बहस र पैरवी गर्ने।

- बहस र पैरवीमार्फत खास विषयमा सचेतना अभिवृद्धि गर्ने र नागरिक अभिमत निर्माण गर्न सघाउने काम गरी आएका छन् ।
- कुनै क्रियाकलाप गर्नको लागि सामाजिक पूँजी निर्माण गर्ने वा यस्तो पूँजी परिचालन गरी विकास तथा सेवा प्रवाहका लागि आवश्यक पर्ने विभिन्न स्रोतसाधनको निर्माण तथा जोहो गर्न समेत सहयोग गर्ने काममा यस्ता संस्थाहरू सक्रिय रूपमा संलग्न रहँदै आएका छन् ।
- यसैगरी, स्थानीय तहले प्रवाह गर्दै आएका कामहरूमाको सहजीकरण गर्ने गरेका छन् ।
- यसैगरी नागरिक संस्थाहरूले सामाजिक न्यायको अभिवृद्धि गर्ने काममा स्थानीय तहहरूसंग साझेदारी गरी योगदान गरीरहेका छन् ।
- स्थानीय तहले सहकार्यका सम्बन्धमा महसुस गरेका क्षेत्रहरूमा गैरसरकारी संस्थाहरूको सकारात्मक सहभागिता भई आर्थिक तथा सामाजिक पूँजी निर्माणमा सहयोग पुर्याउन सहयोग गर्ने ।

**ख) नागरिक समाज**

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरागर्न संविधान सभाबाट पारित भै जारी भएको नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भै निर्वाचित जन प्रतिनिधिहरूले शासन संचालन गरेको अवस्था छ ।

स्वतन्त्र बुबुद्धिजिवीहरू, स्थानीय समाजसेवीहरू, सेवामा समर्पित संघ संस्थाहरू, स्थानीय स्तरमा गठन भएका उपभोक्ता समितिहरू आदिको समूह नै नागरिक समाज हो । नागरिक समाज लोकतन्त्रप्रति प्रतिवद्ध, मानव अधिकारका लागि कृयाशिल, राजनीतिमा प्रत्यक्ष संलग्नता नभएको,  र राजनीतिक पार्टी, सरकार र संस्थाहरूलाई सही बाटोमा मार्गदर्शन गर्न अग्रसर आफैंमा सचेत र निष्ठाबान समूह हो । नागरिक समाज गैर-राजनीतिक, स्वयंसेवी, आत्मनिर्भर, स्वायत्त र संगठित समूह हो, जसले जनहीत र सार्वजनिक विषय बस्तुसंग सरोकार राख्दछ । राज्यको हस्तक्षेप र नियन्त्रणबाट मुक्त रहन्छ । जन विरोधी कृयाकलापको विरूद्धमा आवाज उठाई यसको लागि जनदवाब सृजना गर्नुको साथै राज्य र नागरिक बीच पुलको काम गर्दछ । आवाजविहिनहरूको आवाज बन्दछ र सरकारलाई सही बाटोमा हिंडाउन दवाव मुलक काम गर्दछ ।

नागरिकहरूको लामो प्रतिक्षापछि आफैंबाट निर्वाचित प्रतिनिधि मार्फत शासन गर्ने अवसर प्राप्त गर्दा नागरिकहरूले शान्ति, सुशासन र परिवर्तनको चाहना राख्नु, विकास निर्माणको कुरामा तिब्र अपेक्षा राख्नु र त्यसमा पनि स्थानीय सरकारबाट बढ्ता अपेक्षा राख्नु कुनै अस्वाभाविक कुरा होईन । भर्खरै मात्र संघीय स्वरूपमा प्रवेश गरेको, लामो समय सम्म स्थानीय तह जनप्रतिनिधिविहिन रहेको, स्थानीय तहको लागि आवश्यक ऐन, कानूनको निर्माणको कार्य सम्पन्न भै नसकेको, स्थानीय तहमा साधन श्रोत पर्याप्त नभएको कारण जन अपेक्षा पूरा गर्न स्थानीय सरकारलाई कठिनाई परिरहेको छ । यस अवस्थामा नागरिकहरूको भावनालाई आत्मसात गर्दै स्थानीय तहबाट कार्य सम्पन्न हुनसके नागरिकहरूले साँचो अर्थमा लोकतन्त्रको अनुभूति गर्न पाउने अवस्थाको सृजना हुन्छ । नागरिकहरूले लोकतन्त्रको अनुभूति गर्न सक्ने अवस्थाको सृजना गर्न निर्वाचीत जन प्रतिनिधिहरूको साथै नागरिक समाजको समेत उतिकै भूमिका र जिम्बेवारी रहन्छ ।

समाजमा विकासको गति अगाडिअगाडि बढाउनु, नागरिकहरूलाई लोकतन्त्रको अनुभूति गराउनु, लोकतान्त्रिक पद्धतिलाई संस्थागत विकास गर्नु, मानव अधिकारको संरक्षण गर्नु, दिगो शान्ति, सुशासन, विकास र समृद्धको आकाँक्षा पूरागरी नागरिकको भावना बमोजिम काम गर्नु अहिलेको प्रमुख आवश्यकता हो ।

**जन-आवाज : २**

**पारदर्शी, सर्व-सुलभ सेवा-प्रवाहको बाधक : कोरोना महामारी**

**[गै.स.स. तथा मानव अधिकारकर्मी, छेडागाड न.पा., वडा न. २, जाजरकोट]**

सामाजिक जवाफदेहिताले प्रत्यक्षरूपमा गुणस्तरीय तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाह वृद्धि गर्न सहयोग गर्छ भने अप्रत्यक्षरूपमा सेवाप्रदायक र सेवाग्राही दुवैको दक्षता अभिवृद्धिसमेत गर्दछ। यसले प्रतिवद्धतामा आधारित नागरिक जवाफदेहिता निर्माण गर्छ जसमा सेवाग्राहीहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सेवाप्रदायक, राजनीतिज्ञ नेतृत्व तथा कर्मचारीहरूबाट जवाफदेहिता माग गर्न सहभागी हुन्छन्।

जवाफदेहिताका लागि सबैले आ-आफ्नो जिम्मेवारी लिनुपर्दछ। न.पा. मा कार्यरत रहनेले जनतालाई राम्रो सेवा दिनुपर्दछ र यो उनीहरूको जिम्मेवारी हो। सेवा प्रदान गर्न नसकेको खण्डमा के कारणले त्यसो भएको हो जवाफ दिन पनि तयार हुनु पर्दछ। त्यस्तै गरी प्रभावकारी जवाफदेहिताको लागि अर्थपूर्ण सहभागिताको आवश्यकता पर्दछ। यसले महिला, पुरूष, लैंगिक तथा यौनिक अल्पसंख्यक, अपांगता भएका व्यक्ति, जेष्ठ-नागरिक, सेवा प्रदान गर्ने र सेवा प्राप्त गर्नेहरू, सञ्चार माध्यम, नागरिक समाज र अन्य सरोकारवालाहरूलाई संयुक्तरूपमा सहमति गरिएका प्रतिवद्धता र यसको कार्यान्वयन माथि निगरानी राख्न सहयोग पुर्याउँछ।

तर हाम्रो न.पा. मा सामाजिक जवाफदेहिताको कार्यान्वयनको वास्तविक स्थिति भने फरक छ। देशमा संघीयता आएर तीनै तहको सरकारको निर्वाचन सम्पन्न भई पाँच वर्षको कार्यकाल सकिदैछ र अब देश चाडै स्थानीय चुनावमा जादैछ। यस अवधिमा न.पा. ले जे जति कामहरू गरे त्यसले यहाँको कमजोर वर्गलाई खासै छुन सकेको छैन।

प्रत्येक वर्ष न.पा.को नीति, योजना तथा बजेट त बन्छ, तर जनतालाई खासै थाहा हुदैन र जनताहरू पनि खासै चासो राख्दैनन। सामाजिक जवाफदेहिता के हो ? यसको आवश्यकता किन र कसरी ? आदि बारे यहाँ निर्वाचित जनप्रतिनिधिहरू नै अनभिज्ञ छन्, सर्व-साधारण जनताको त कुरै नगरौ। साथै यहाँको अर्को समस्या भनेको न.पा.को आफ्नै भवन नभएकोले एकै ठाउमा कार्यालयहरू छैन। फलस्वरूप सेवाग्राहीले छिटो-छरितो सेवा पाउन सकिरहेका छैनन्। यो पाँच वर्षमा करिब २ वर्ष जति त न.पा. ले दिने काम तथा सेवाहरूमा कोरोनाले धेरै असर गर्यो। अरू सामान्य अवस्थामा त जनतालाई पारदर्शी, प्रभावकारी तथा सर्व-सुलभ सेवा प्रवाह गर्न नसकेको न. पा. यी २ वर्षमा राम्रो काम गर्न नसकेको दोष कोरोना महामारीलाई दिन पछि पर्दैनन्।

परिवर्तित सन्दर्भमा अहिले नागरिकहरूमा स्थानीय सरकार प्रति धेरै अपेक्षाहरू जागृत भएका छन् तर नागरिकहरूले अपेक्षाकृत सन्तुष्टि प्राप्त गर्न सकिरहेका छैनन्। रोजगारीको लागि विदेशिने युवाहरूको संख्या दिनदिनै बढीरहेको छ। लैंङ्गिक हिंसाका घटनाहरूमा कमी आउन सकेको छैन। यौन दुर्व्यबहार, बलात्कारका घटनाहरू बढीरहेका छन्। जेष्ठ नागरिकहरू उपेक्षा, हेंला र तिरस्कारको शिकार भएका छन्। स्वास्थ्य सेवामा नागरिकहरूको सहज पहुँच पुग्न सकेको छैन। यस अवस्थामा स्थानीय सरकारले नागरिकको भावनालाई आत्मसात गर्दै जनचाहना बमोजिम कामगर्नु निकै चुनौतीपूर्ण देखिन्छ्। नागरिकहरूको बीचमा आपसी विश्वास र सद्भाव अभिबृद्धि गर्दै नागरिकहरूको भावना बमोजिम स्थानीय सरकारका कार्यहरू संचालन गर्ने, स्थानीय सरकार र नागरिकहरूको बीचमा पुलको काम गर्ने, लोकतन्त्रको सुदृढिकरण र संस्थागत विकासको लागि स्थानीय तह र नागरिक समाज बीचको सहकार्य अत्यन्त महत्वपूर्ण हुन्छ।

## नागरिक समाज संग किन सहकार्य गर्ने ?

नागरिक समाजले जनदवाब मार्फत राजनैतिक दल र प्रशासन यन्त्रलाई नागरिक प्रति उत्तरदायी बनाउने काम गर्छ। सुशासनको प्रत्याभूति गराउन क्रियाशिल रहन्छ। राज्य तथा राजनैतिक दलहरूलाई उनीहरूको जिम्वेवारी प्रति घच्घच्याउने काम गर्छ। राजनीतिलाई जन उत्तरदायी बनाउन क्रियाशिल रहन्छ। सामाजिक बिकृति बिसंगति विरूद्ध आवाज उठाउने काम

गर्छ। निजी क्षेत्रमा सेवा र मुनाफालाई आदर्श बनाउन दवाव दिने काम गर्छ। संचार क्षेत्रलाई कमजोर वर्गको साथी र राज्यलाई घच्घच्याउने साधनको रूपमा लैजान प्रयास गर्छ। प्रजातान्त्रिकरणको लागि रचनात्मक वातावरण तयार गर्ने र कमजोर बर्गको पीडा सार्वजनिक गर्ने काम नागरिक समाजले गर्दछ। स्थानीय तहले सु-शासन कायम गर्न, विकासको गतिलाई तिब्र पार्न, नागरिकहरूलाई परिवर्तनको अनुभूती गराउन, विभिन्न सरकारी एबं गैर-सरकारी तहहरूबाट नागरिकहरूलाई उपलब्ध हुने सेवा सुविधालाई प्रभावकारी बनाउन, समाजमा रहेका जातीय बिभेद, बोक्साबोक्सीको आरोप जस्ता अन्धविश्वास र रूढीवादलाई अन्त्य गर्न र आम नागरिकहरूले भयमुक्त बाताबरणमा आफ्ना अधिकारहरू उपभोग गर्न पाउँछु भन्ने विश्वास गर्ने वातावरण तयार गर्नसके साँचो अर्थमा नागरिकहरूले लोकतन्त्रको अनुभूती गर्न सक्ने भएको हुँदा यस्ता कार्यमा स्थानीय तह र नागरिक समाज बीचको सहकार्य अत्यन्त आवश्यक छ।

### सहकार्यको अवसर

लोकतन्त्रको संस्थागत विकास र सुशासन नागरिक समाज र स्थानीय सरकारको साझा एजेण्डा रहेको, नागरिक समाज स्थानीय सरकारलाई मजबुत बनाउन एवं, स्थानीय स्तरबाटै लोकतन्त्रको संस्थागत विकास गर्न तयार रहेको, नागरिक समाजले स्थानीय सरकार समक्ष समस्या उजागर गर्ने र जन भावना अनुकुल काम गर्न दवाव दिने भएको कारण स्थानीय सरकार र नागरिक समाज बीच सहकार्य आवश्यक छ।

### सहकार्य गर्न देखिएका चुनौतीहरू

स्थानीय सरकार नागरिक समाज बीचको सहकार्य जति महत्वपूर्ण छ उतिकै चुनौतीपूर्ण पनि छ। सहकार्यले एकातर्फ स्थानीय जन प्रतिनिधिहरूले नागरिक समाजबाट आफ्ना कार्यक्रमहरूमा हस्तक्षेप गरेको महशुस गर्न सक्ने अवस्था आउन सक्छ भने अर्कोतर्फ नागरिक समाजको आफ्नो स्वतन्त्र पहिचानमा कमी कमजोरी आउन सक्छ। नागरिक समाजले जुन हैसियतमा स्थानीय सरकारलाई खबरदारी गर्नुपर्ने हो त्यसमा कमी कमजोरी आउन पनि सक्छ। स्थानीय सरकार र नागरिक समाजले एक अर्कोको कमजोरी देख्ने तर सहकार्य आवश्यक नदेख्ने हुनसक्छ।

अन्त्यमा यो भन्न सकिन्छ कि स्थानीय सरकार र नागरिक समाज बीचको सहकार्यले समाजमा विकासको गति अगाडिअगाडि बढ्छ। स्थानीय सरकारलाई आवश्यक मानवीय श्रोत नागरिक समाजले उपलब्ध गराउन सक्छ। स्थानीय व्यक्तिहरूनै स्थानीय प्रतिनिधि भएको कारण स्थानीय समस्याको बारेमा जानकार छन्। नागरिक समाजसंगको सहकार्यले स्थानीय सरकारलाई स्थानीय साधन श्रोत व्यवस्थाव्यवस्थापन र परिचालन गर्न सहज हुन्छ। स्थानीय सरकार अनुगमन, मूल्याङ्कन र नियमनकारी तह पनि हो, नागरिक समाज संगको सहकार्यले यसमा मदत पुग्छ।

स्थानीय स्तरमै लोकतन्त्रलाई सुदृढ बनाउनु र सुव्यवस्था कायम गर्नु स्थानीय सरकार र नागरिक समाजको सवाल साझा हो। सहकार्यले एक अर्कोलाई बल पुग्छ। सहकार्यले नागरिकहरूको भावना समेटीन्छ। स्थानीय सरकारमा नागरिकहरूको पहुँच बृद्धि हुन्छ। नागरिकहरूले परिवर्तनको अनुभूति गर्न सक्छन्।

### ग) निजी क्षेत्र

निजी क्षेत्र कुनैपनि देशको राष्ट्रिय अर्थतन्त्रका दरिला संवाहकहरू हुन्। व्यक्तिगत वा सामूहिक लगानीद्वारा ब्यापार व्यवसायमा संलग्न वैधानिक हैसियत प्राप्त संस्थालाई निजी क्षेत्र भनेर चिन्ने गरिन्छ। निजी क्षेत्र कुनै पनि देशको नीति तथा कानून बमोजिम स्थापना भएको उद्यमशील, व्यावसायिक व्यक्ति वा व्यक्तिहरूको समूह हो, जसको संलग्नता, व्यापार, व्यवसाय, वस्तु वा सेवा व्यापार आदिमा रहेको हुन्छ। लगानीको स्वामित्व, कार्यप्रणालीमा नियन्त्रण र व्यवस्थापनको समग्र

अधिकार एक व्यक्ति वा एकभन्दा बढी व्यक्तिहरूको समूहमा रहने र यसमा स्वामित्व , व्यवस्थापन, कार्य संचालन र स्व-नियन्त्रणको अधिकार सरकार बाहिर रहने भएकोले यसलाई निजी क्षेत्र भन्ने गरिएको हो।

नेपालको आर्थिक विकासमा निजी क्षेत्रको भूमिका उल्लेखनीय रहँदै आएको छ। नेपालले आठौं योजना अवधि देखि नै निजी क्षेत्रलाई साझेदार तहको रूपमा स्वीकार्दै आएको छ र तत्पश्चात् यो भूमिकाले निरन्तरता पाउनुको साथै अर्थतन्त्रको एउटा महत्वपूर्ण आधार स्तम्भको विशिष्ट भूमिकामा सरकारले निजी क्षेत्रलाई लिदै आएको छ।

निजी क्षेत्रमा रहेको व्यावसायिकता, नवीनतम सोच र उद्यमशीलताको उपयोग गर्न सकिने सम्भावनाको सन्दर्भमा निजी क्षेत्रको भूमिका र आवश्यकता दिनानुदिन बढ्दै गैरहेको छ। यसका लागि नीतिगत, प्रक्रियागत र कार्यगत उदारता निजी क्षेत्रका न्यूनतम आवश्यकताका विषयहरू हुन्। एउटा शासकीय सहजकर्ताको हैसियतले निजी क्षेत्र पनि संस्थागत सामाजिक उत्तरदायित्वको आयाम प्रति उति नै प्रतिवद्ध हुनु आवश्यक छ।

**जन-आवाज : ३**
**निजी क्षेत्रको भूमिका गौण ठानी बेवास्ता गरियो !!**
**(निजी क्षेत्र/होटेल ब्यबसायी, बडीमालिका नगरपालिका, बाजुरा)**

बाजुरा जिल्लाको सदरमुकाममा अवस्थित एक होटेल व्यवसायी आफ्नो न.पा. ले पारदर्शी तथा जवाफदेही भएर काम गर्न नसकेको धारणा व्यक्त गर्दछन। उनी अहिलेको व्यवस्था सिद्धान्तमा राम्रो भएपनि निर्वाचित जनप्रतिनिधिहरूले राम्रोसंग सोचे अनुरूप काम गर्ने नसकेको भन्दछन्। उहाँको अनुसार यो पाँच-वर्षे कालमा न.पा. को नीति, ऐन, कार्यविधि, बजेट, कार्यक्रम आदि बनाउदा सर्व-साधारण नागरिक, नागरिक समाज, निजी क्षेत्र, समाजका कमजोर वर्ग, क्षेत्र, लिङ्ग लगायत सीमान्तकृत समूह कसैलाई पनि सहभागी, छलफल, बहस गराईएको पाईएन। यसले गर्दा जसले जे गरे पनि हुने स्थिति सिर्जना भयो र फलस्वरूप जहाँ पनि बिकृति, मनपरीतन्त्र भ्रष्टाचार तथा दण्डहीनताको स्थिति देखापर्यो जुन अतीनै दुर्भाग्यपूर्ण हो किनकि नेपाली जनताले यस्तो स्थिति व्यहोर्न नयाँ व्यवस्था ल्याएको होईन।

त्यस्तै गरी न.पा. बाट यसको विकासमा निजी क्षेत्रको भूमिका गौण ठानी बेवास्ता गरियो र यसको फल-स्वरूप केही ठोस काम गर्न चाहेन र सकेन। किनभने न.पा. नेतृत्व निजी क्षेत्रको विकासको लागि दीर्घकालीन सोच तथा अवधारणा तय गरी योजना तथा नीति तर्जुमा र कार्यान्वयन गर्ने, दिगो आर्थिक विकासका लागि तुलनात्मक लाभ भएका क्षेत्रहरूको पहिचान र उपयोग गर्नुका साथै प्रतिस्पर्धात्मक क्षमताको विकासमा जोड दिन, उदार तथा खुला बजारोन्मुख आर्थिक प्रक्रियालाई सुदृढ गर्न एक उत्प्रेरक, सहजकर्ता र निर्णायकको भूमिका खेल्ने काममा ध्यान दिन सकेन।

त्यसैले अब आउने नेतृत्वले कोरोनाले गर्दा थलिएको निजी क्षेत्रको पनि अर्थपूर्ण सहभागितामा ऐन, कानून, कार्यविधि आदि तर्जुमा गरी निजी क्षेत्र लगायत सबै सरोकारवालाहरूको सहभागितामा समयमै बजेट ल्याई प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्नुपर्ने, नतिजासँग आवद्ध हुने गरी अनुगमन र मूल्यांकन प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने, थलिएको निजी क्षेत्रको विकास तथा प्रवर्द्धनमा सहयोग गर्नुपर्ने, सार्वजनिक खर्च व्यवस्थापनलाई विश्वसनीय, जवाफदेही, पारदर्शी र उपलब्धिमूलक वनाउनुपर्ने, निजी क्षेत्रका संस्थाहरूले आफ्नो सामाजिक उत्तरदायित्वको धर्मलाई निभाउन प्रोत्साहन गर्ने, न.पा. को निर्णय प्रक्रिया पारदर्शी र परिणाममुखी हुनुपर्ने, न.पा ले नगरी नहुने क्षेत्रमा मात्र लगानी केन्द्रित गरी अन्य क्षेत्रमा निजी र सहकारी क्षेत्रको सहभागितालाइ प्रोत्साहन गरेमा अहिलेको बेथिति तथा मनपरीतन्त्रको अन्त्य भई यहाँ सु-शासनको स्थापना हुन सक्दछ।

## सामाजिक उत्तरदायित्व प्रवर्द्धन गर्न निजी क्षेत्रको भूमिका

सार्वजनिक तहहरू सेवाग्राहीप्रति कम संवेदनशील, बोझिलो र कम उत्तरदायी देखिने भएकाले देशमा सु-शासन तथा सामाजिक उत्तरदायीत्व कायम गरी अर्थतन्त्रको विकासमा निजी क्षेत्रको महत्व बढेको हो। त्यसैले निजी क्षेत्रलाई शासन, सामाजिक उत्तरदायित्व तथा विकासको साझेदाररूपमा लिने सन्दर्भमा आठौँ पञ्चवर्षीय योजनापछिका सबै आवधिक योजना

र यसअन्तर्गतका क्षेत्रगत कार्यक्रमहरूले समान दृष्टिकोण राखी निजी क्षेत्रको विकास गरी यसको सम्भावनाको उपयोग गर्ने नीति राज्यले लिएको पाईन्छ। यस क्रममा सरकारले लगानीमैत्री वातावरण सिर्जना गरी निजी क्षेत्रको लगानी अभिवृद्धि गर्ने, लचिलो श्रम सम्बन्ध कायम गर्ने, औद्योगिक सुरक्षाको वातावरण सिर्जना गर्ने, राष्ट्रिय प्राथमिकता प्राप्त भौतिक पूर्वाधार क्षेत्रको विकासका लागि निजी क्षेत्रको सहभागिता बढाउँदै लैजाने र संस्थागत सामाजिक उत्तरदायित्व परिभाषित गर्ने रणनीति लिएको देखिन्छ।

निजी क्षेत्रले नाफा कमाउने मात्र होइन उसले सरकारसंग मिलेर काम गरी सामाजिक उत्तरदायित्वको कार्यक्रम हरू पनि गर्न सक्छ। यस सन्दर्भमा भारतको टाटा, चीनको अलिबाबा कम्पनी लगायत पश्चिमी देशहरूमा पनि सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू गर्नैपर्छ र उनीहरू यास्ता कार्यक्रम गर्नकालागि तयार हुन्छन। सरकारले आफ्नो योजना र नीति बनाउँदा समेत यसलाई महत्व दिन थालेको छ। निजी क्षेत्रलाई समेत सामाजिक उत्तरदायित्वको कार्यक्रम अघि बढाउनका लागि सरकारले प्रभावकारी भूमिका खेली अगाडि बढ्नुपर्छ।

**घ) विकास साझेदार संस्थाहरू**

देशमा सुशासन कायम राख्न सरकारले विभिन्न सरोकारवालाहरू जस्तै: नागरिक समाज, गैर-सरकारी संघ-संस्थाहरू, निजी क्षेत्र, नागरिक समुह लगायत नेपालस्थित विभिन्न अन्तर्राष्ट्रिय गैर-सरकारी संघ-संस्थाहरू तथा विकास साझेदारीहरूसंग सहकार्य गर्नु आवश्यक रहन्छ। यस दौरानमा नेपाल स्थित विश्व बैंक, एसियाली विकास बैङ्क, संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमका साथै अन्य द्विपक्षीय तथा बहुपक्षीय संघ-संस्थाहरूले सुशासन तथा सामाजिक जवाफदेहिता सम्बन्धी विविध अध्ययन, अनुसन्धान गरी धेरै प्रतिवेदन तथा दस्तावेजहरू प्रकाशित गरेको पाईन्छ। यी सबै दस्तावेजहरूको उद्देश्य मुख्य रूपमा नेपाल सरकारलाई नागरिकप्रति उत्तरदायी बनाउन प्रोत्साहन गर्नु नै हो। यसका साथै यी विकास साझेदार संस्थाहरूले सुशासन तथा सामाजिक जवाफदेहिताको प्रवर्द्धन गरी यसलाई व्यवहारमा कार्यान्वयन गर्न (विभिन्न औजारहरू जस्तै: सामाजिक लेखाजोखाको प्रयोग गर्न) नेपाल सरकारलाई सहयोग गरिरहेका छन्।

यसै सन्दर्भमा नेपालमा कार्यरत विभिन्न अन्तर्राष्ट्रिय गै.स.स.हरूको छाता सङ्गठनले पनि सामाजिक जवाफदेहिताको प्रवर्द्धन तथा विकास गर्न यसका मुख्य औजार "सामाजिक परीक्षण" को निर्देशिका तयार गरी विभिन्न सरकारी तह, स्थानीय गै.स.स., नागरिक समाज आदि मार्फत श्रोत-साधन जुटाई कार्यान्वयन गरिरहेका छन् ।

**जन-आवाज : ४**

**समावेशी तथा पारदर्शी स्थानीय सरकार : दिगो विकासको आधार**

**[वडा अध्यक्ष -१, बडीमालिका न.पा., बाजुरा]**

देशमा नया संघीय व्यवस्था आएपछि यसको मुख्य जगको रूपमा स्थानीय सरकारहरू दूर-दराजमा रहेका जनताको सेवामा लागिरहेका छन्। अहिले धेरै कामहरू सहज रूपमा स्थानीय तहमै हुने गरेको, हामी सबैलाई थाहै छ। त्यसैले यो व्यवस्था आएपछि धेरै कुरामा परिवर्तन आएको छ र फलस्वरूप गरीब जनताहरूले भए-नभएको पैसा खर्च गरी साना-तिना कामको लागि पनि काठमाडौँ धाउनुपर्ने बाध्यता हटेको छ। तसर्थ अहिले सरकार गाउँमै भएजस्तो अनुभूति जनताले गरेका छन्।

जुन अत्यन्त राम्रो पक्ष हो। यसको अर्थ यो होईन की नया व्यवस्था आएपछि सबै चिजहरू ठिकसंग, बिना व्यवधान, चलिरहेकोछ। अझै पनि नयाँ व्यवस्था, नया प्रणाली, नयाँ नियम-कानून, प्रक्रिया आदि भएकोले हामी स्थानीय जनतामा विभिन्न प्रकारका असहजता तथा अप्ठ्याराहरूको अझै सामना गरिरेहेका छौं।

यस परिप्रेक्ष्यमा सामाजिक जवाफदेहिताको कार्यान्वियनको हकमा पनि धेरै समस्याहरू अझै विद्यमान छन्। निर्वाचित जन-प्रतिनिधि तथा कर्मचारीहरूले आफ्नो जिम्मेवारी, काम तथा कर्तव्यलाई जिम्मेवारीपूर्बक बहन नगर्दा

जनताले छिटो-छरितो सेवा पाउन नसक्ने, अपारदर्शी तथा गैर-जिम्मेवारीपन बढ्दै गई भ्रष्टाचार एवं बेथिति बढ्दै गएको पाईन्छ । यसको फलस्वरूप न.पा. को नीति, योजना तथा कार्यक्रमहरू भुई तहको जनतामा पुग्नको साटो नाताबाद, कृपाबाद, मनपरीतन्त्र अंगाली आफ्नै कार्यकर्ता वा जहाँबाट आफुले धैरै भोट पाउछ त्यहि योजना पारि सरकारी बजेटको दुरूपयोग पनि भईरहेको पाउछौ, जुन सरासर गलत छ ।

यस्ता नकारात्मक स्थितिलाई आवश्यक नीति, नियम, ऐन, कार्यविधि, निर्देशिका आदि निर्माण गरी सबै तह-तप्काका सरोकारवालाहरूलाई यसबारे जागरूक बनाई जन-चेतनाको अभिवृद्धि गरी भईरहेका गलत कामहरूलाई सच्याई शासक तथा प्रशासकहरूको आचरण तथा व्यवहारमा परिबर्तन ल्याउनु आजको आवश्यकता हो । किनभने समावेशी तथा पारदर्शी स्थानीय सरकारनै हामी सबैको दिगो विकासको आधार हो । यसको लागि हाम्रो विकास साझेदार संस्थाहरूले स्थानीय सरकारसंग मिलेर अहिले भईरहेको सहयोगलाई आगामी दिनहरूमा अझै थप प्रभावकारी बनाउदै अगाडि बढ्नु आजको आवश्यकता हो ।

मुलुक संघीयतामा प्रवेश गरे सँगै हाम्रो जस्तो अल्पविकसित देशको बढ्दो सार्वजनिक खर्च, भूकम्प पछिको पुर्ननिर्माण, अर्थतन्त्रको कमजोर अवस्था, प्रविधिको अभाव, आन्तरिक स्रोत परिचालन क्षमताको कमी, चुलिँदो व्यापार घाटा, राजस्व परिचालनको कमजोर अवस्था, पूँजीगत खर्चको लागि वजेट अभाव र प्राविधिक जनशक्तिको अभाव आदि कारणले पैदा भएको तमाम चुनौतीहरूसंग भिड्न हामीले विभिन्न विकास साझेदार संस्थाहरूसंग मिलेर सहकार्य गर्नुपर्ने आवश्यक्ता छ ।

तसर्थ नेपालको आर्थिक तथा सामाजिक विकासमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूसमेत महत्वपूर्ण साझेदारको रूपमा छन् । गैर-सरकारी संस्थाहरूलाई सरकारको विकास प्रयासमा सहयोगीको रूपमा योगदान गर्नसक्ने वातावरण निर्माण गर्ने गराउनेतर्फ जोड दिनु आवश्यक देखिन्छ ।

यसका साथै स्थानीय तहमा उपलब्ध हुने भौतिक, मानवीय तथा प्रविधिजन्य स्रोतको उपयोगलाई प्राथमिकता दिँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको स्रोत प्रवाहित गर्न र नेपालमा कार्यालय नभएका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट सोझै प्राप्त हुने स्रोतका कार्यक्रमसमेत सहजीकरण समितिबाट सिफारिस गर्नुपर्ने प्रावधानलाई प्रभावकारी कार्यान्वयनमा ल्याई मुलुकमा सु-शासन तथा सामाजिक उत्तरदायी बनाउनपनि विकास साझेदार संस्थाहरूले सकारात्मक भूमिका खेल्न सक्दछ् ।

## ५.३.३ स्थानीय तहमा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि अब के गर्ने?

- सुशासन, सूचनाको हक तथा सामाजिक जवाफदेहिताबारे आवश्यक ऐन, कानून, कार्यविधि, निर्देशिका आदि बनाई कार्यान्वयन गर्ने,
- सुशासन, सूचनाको हक तथा सामाजिक जवाफदेहिताबारे निर्वाचित जनप्रतिनिधि, सरकारी कर्मचारी, नागरिक समाज, निजी क्षेत्र, वडा तह र  समुदायमा आधारित संघ-संस्था, आमा समूह, युवा समूह, सर्व-साधारण नागरिकहरूको निरन्तर क्षमता अभिबृद्धि गर्ने गराउने,
- सुशासन तथा सामाजिक जवाफदेहिताबारे नियमित अनुशिक्षण, रेडियो कार्यक्रम, पत्रिका प्रकाशन, समन्वय, नागरिक शिक्षा मार्फत नागरिकलाई जानकारी दिने,

- स्थानीय तहमा हुने समावेशी योजना तथा बजेट तर्जुमा, आफ्नो समुदायमा भैरहेका आयोजना कार्यान्वयन र त्यसको बारेमा जानकारी र निगरानी, अनुगमन, सार्वजनिक परीक्षण एवं सार्वजनिक सुनुवाईमा सहभागीताको स्थिति र त्यससम्बन्धी राम्रा भए-गरेका कार्य र गुनासाहरू, सुधार गर्नुपर्ने कुराहरू, सुझावहरू प्रस्तुत गर्ने लगायत नागरिकका पक्षमा गर्नुपर्ने कार्यहरूको नियमित अनुगमन गर्ने,

- सामाजिक जवाफदेहिताको प्रभावकारी कार्यान्वयन कानूनी शासनमा निर्भर हुन्छ। यसले स्थानीय तहको पद्धति बनाउन र त्यसलाई मजबुत गर्न योगदान दिने भएकोले गलत आचरण र गलत काम कारवाहीलाई सुधार र दण्डित गर्ने,

- सबै स्थानीय तहहरूले आफ्नो आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न आवश्यक छ। व्यवस्थित आवधिक योजनाले एकातिर लक्ष्यमा पुग्ने कुरालाई सुनिश्चित गर्छ भने अर्कातिर आगामी चुनावबाट आउने नेतृत्वलाई पनि थप दिशानिर्देश गर्नेछ,

- सामाजिक जवाफदेहिताको माध्यमबाट नागरिक संलग्नताको उपयोग गरी स्थानीय सरकारको नीति–कानून निर्माण, बजेट निर्माण, सेवा प्रवाह, सार्वजनिक खर्च व्यवस्थापन र आयोजना/कार्यक्रम व्यवस्थापन गर्न, सार्वजनिक सेवा सरल र गुणस्तरीय बनाउन, सार्वजनिक खर्चको प्रभावकारिता वृद्धि गर्न, सार्वजनिक पदमा रहेका व्यक्तिहरू तथा संस्थाहरूलाई सार्वजनिक स्रोतको बाँडफाँडमा जवाफदेही बनाउन र नीति, नियम, कानूनमा नागरिकको अपनत्वको लागि वातावरण सिर्जना गर्न प्रयोग गर्ने,

- स्थानीय सरकारबाट प्रदान गरिने सेवा-सुविधाहरूकोबारे जानकारी लिन, सेवा-सुविधा कहिले र कहाँबाट प्राप्त हुन्छ थाहा पाउन, सेवासुविधा लिन आवश्यक प्रक्रिया र विधिबारे जानकारी लिन, तोकिएको सेवाहरूको प्राप्तिमा लाग्ने रकम थाहा पाउन, तोकिएको सेवा कति समयभित्र प्राप्त हुन्छ स्पष्ट हुन, सेवा-सुविधा प्राप्तिमा नागरिकले निर्वाह गर्नुपर्ने दायित्व के हो स्पष्ट हुन, सेवासुविधा तोकिएको समय तथा प्रक्रिया बमोजिम नभएमा त्यसको उपचार बारे स्पष्ट हुन, प्रदान गरिएका सेवाको पारदर्शीता सम्वन्धमा थाहा पाउन र तोकिएको काम तोकिएको समयमै सम्पन्न किन भएन भन्ने जानकारी लिन पाउने अभ्यास गर्न पाउन स्थानीय तहमा सूचनाको हक सम्बन्धी ऐन तथा नियमावली (सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५) बारे जन-चेतना वृद्धि गर्ने,

- सामाजिक जवाफदेहिता अवधारणाको प्रभावकारी कार्यान्वयन गर्न स्थानीय तहको क्षमता अभिवृद्धि तथा स्रोतसाधन परिचालन गर्न संघ र प्रदेशले होस्टेमा हैंसे गर्न आवश्यक छ। यसो भए मात्र जनताले सरकार नजिक रहेको महसुस गर्नेछन् । स्थानीय सरकारको प्रभावकारी कार्य सम्पादनबाट मात्र पनि सुखी नेपाली र समृद्ध नेपालको संकल्पलाई यथार्थमा परिणत गर्न ठूलो योगदान पुग्नेछ।

# भाग – दुई: प्रयोगात्मक व्यवस्था

# परिच्छेद ६ : सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्ने औजारहरू र यिनीहरूको प्रयोग गरी केन्द्रदेखि स्थानीय तहसम्म सार्वजनिक सेवालाई प्रभावकारी बनाउने खाका

## ६.१ सामाजिक जवाफदेहिताका औजारहरू

नेपालमा सामाजिक जवाफदेहिताका विभिन्न औजारहरू अभ्यासमा छ। कतिपय औजारहरू ऐन मार्फत लागू गरिएका छन् भने कतिपय कार्यविधि तथा निर्देशिका बनाएर लागू गरिएका छन्। यसैगरी कतिपय औजारहरू भने नागरिक समाजहरूले अभ्यास गरिरहेका छन्।

तथापि, यो विधिलाई स्थानीय तहमा कानूनसम्मत रूपले संस्थागत गर्न नसकिएको अवस्थामा स्थानीय तहको उत्तरदायित्व बहन सम्बन्धी नमुना कार्यविधी (हेर्नुहोस अनुसूची २५, स्रोत: स्थानीय तहको उत्तरदायित्व बहन सम्बन्धी नमुना कार्यविधि २०७८, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७८) संलग्न गरिएको छ।

नेपालमा खासगरी सामाजिक जवाफदेहिता अभिवृद्धि गर्ने संयन्त्र तथा औजारहरूलाई मुलतः निम्नानुसार तीन भागमा बाँडिएको पाईन्छ :

**क) सूचना सम्बन्धी औजारहरू :**

- नागरिक वडापत्र
- सेवा सुविधाहरूको सूची
- स्थानीय सरकारको बजेट
- सूचनाको हक सम्बन्धी कानून
- नागरिकसँग सम्बन्धित कानून, नीति तथा नियमहरूको सूचक
- वेवसाइट तथा तथ्याङ्क पोर्टल
- विभिन्न एप्स, आदि।

**ख) जवाफदेहिता र सदाचार सम्बन्धी औजारहरू :**

- सार्वजनिक खर्चको सोधखोज
- सामुदायिक अंक पत्र
- सार्वजनिक सुनुवाई
- नागरिक प्रतिवेदन पत्र
- सार्वजनिक परीक्षण
- सम्पत्ति घोषणा

**ग) सहभागितामूलक विकास सम्बन्धी औजारहरू:**

- सहभागितामूलक योजना तर्जुमा
- सहभागितामूलक बजेट निर्माण
- कार्यसम्पादन लेखा परीक्षण
- तेस्रो पक्षको अनुगमन

स्थानीय तहको सन्दर्भमा कुरा गर्दा माथिका तिन वटै संयन्त्रहरूलाई एकिकृत गरी कार्यान्वयनमा ल्याउने प्रयास गरिएकोछ । केही विषयगत क्षेत्रहरूमा स्थापित अभ्यासलाई तल प्रस्तुत गरिएकोछ । यी औजारहरू स्थानीय विकास तथा सेवा सुविधा उपलब्ध गराउने क्षेत्रमा सामाजिक जवाफदेहिताको सहि कार्यान्वयन गर्न उपयोग गर्न सकिनेछ :

| सि. न. | विषय क्षेत्र | औजार तथा विधिहरू |
|---|---|---|
| १. | **स्थानीय बिकास तथा सेवा सुविधा उपलब्ध सम्बन्धी सूचना तथा जानकारी** | ▪ स्थानीय सरकारको नागरिक वडापत्र<br>▪ स्थानीय विकास तथा सेवा सुविधाको उपलब्धताबारे अधिकार सम्बन्धी जानकारी पत्र<br>▪ सहभागितामूलक कार्यक्रम र बजेट प्रणाली<br>▪ सूचनाको अधिकार सम्बन्धी जानकारी |
| २. | **जवाफदेहिता र सदाचार** | ▪ स्थानीय विकास तथा सेवा सुविधाको उपलब्धताबारे सामाजिक परीक्षण<br>▪ स्थानीय विकासबारे सार्वजनिक खर्चको अनुगमन<br>▪ सार्वजनिक परीक्षण<br>▪ नागरिक रिपोर्ट कार्ड<br>▪ समुदाय अंक पत्र<br>▪ उजुरी र गुनासो व्यवस्थापन पद्धति |
| ३. | **नागरिक र सेवाग्राहीको सहभागिता** | ▪ सरोकारवाला नक्साङ्कन<br>▪ बहुसरोकार सहकार्य र साझेदारी<br>▪ स्थानीय तहमा बहुपक्षीय सामाजिक जवाफदेहिता मन्च<br>▪ सहभागितामूलक कार्यक्रम र बजेट पद्धति<br>▪ समूह केन्द्रित छलफल<br>▪ नागरिक पृष्ठपोषण प्रणाली<br>▪ सार्वजनिक सुनुवाई |
| ४. | **जवाफदेहीका लागि क्षमता विकास** | ▪ सेवा प्रदायक, सेवाग्राही, नागरिक आदिको मनोव्यवहार परिवर्तनका लागि संचार<br>▪ अभिमुखीकरण, अनुशिक्षण र प्रशिक्षण व्यवस्था<br>▪ सेवाग्राही सशक्तीकरण<br>▪ सचेतना र पैरवी |

***श्रोत:*** *स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहिता, संघीय मार्गदर्शन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभाग, उपचारात्मक सेवा महाशाखा, काठमाडौ, २०७७*

नेपाल सरकारले सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण कार्यविधि, २०६७ जारी गरेर विषयगत कार्यालय, तत्कालीन स्थानीय तह/तह र सामाजिक क्षेत्रमा काम गर्ने नागरिक संघ-संस्था आदिलाई जवाफदेही र पारदर्शी बन्न प्रेरित गरिआएको छ ।

नेपालको संविधान र अन्य ऐन, कानून, कार्यविधि आदिको परिधिमा रहेर स्थानीय तहहरूले तोकिएका कार्य कार्यान्वयन गर्नुपर्ने जिम्मेवारी छ। सोहीअनुरूप स्थानीय सरकारले उत्तरदायित्व र सदाचार व्यवस्थापन गर्न रणनीति निर्माण गर्नुपर्ने, पदाधिकारी र कर्मचारीको जिम्मेवारी निर्धारण र मूल्यांकनको व्यवस्था कार्यान्वयन गर्नुपर्ने, सेवा प्रवाह, वित्तीय अनुशासन र जोखिम न्यूनीकरण, विद्युतीय सुशासन, नागरिक वडापत्रको व्यवस्था, गुनासो सुनुवाइ, सुझाव पेटिकाको प्रभावकारी कार्यान्वयन, पृष्ठपोषण प्रणाली, प्रभावकारी अनुगमन लगायत नागरिक निगरानीका लागि निर्दिष्ट गरिएका कार्य कार्यान्वयन गर्नुपर्ने हुन्छ।

यसका साथै सामाजिक जवाफदेहिताका अन्य औजार जस्तै: सामाजिक परीक्षण, नागरिक वडापत्र, गुनासो पेटिकालगायत नतिजामुखी ढंगले कार्यान्वयन गर्नुपर्ने दायित्व स्थानीय तहको हो। यस्ता औजारले स्थानीय सरकारलगायत अन्य सरोकारवालाको सेवा प्रवाहको सम्पादन, सेवा-सुविधामाथि नागरिकको पहुँच कस्तो छ, सोको नागरिक अनुगमन गर्ने, यो प्रक्रियामा नागरिकको संलग्नता कस्तो रहेको छ, सन्तुष्टि र असन्तुष्टि के-कस्तो छ भनेर सबै कुरा समेटेर उनीहरूको कार्य पद्धतिको सम्प्रेषण गर्ने गर्दछन्।

**स्थानीय तहमा सामाजिक जवाफदेहिता बढाउन प्रयोग गरिएका अथवा प्रयोग गर्न सकिने औजारहरूको प्रयोग बिधि तथा यिनीहरूको उपयोगको स्थिति तलको तालिकामा प्रस्तुत गरिएको छ:**

| क्र.स. | सामाजिक जवाफदेहिता को औजारहरू | परिभाषा | संचालन गर्ने विधि तथा प्रक्रिया | अहिले यसको उपयोग भईरहेको छ/छैन? |
|---|---|---|---|---|
| १. | सामाजिक परीक्षण | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) को व्यवस्था बमोजिम गा.पा./न.पाको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक तथा सामाजिक क्षेत्रमा पारेको समग्र प्रभावको लेखाजोखा, विश्लेषण र मूल्यांकन गर्ने कार्य। | ▪ यसकालागि तेस्रो पक्षको सहयोग लिई कार्य गर्ने।<br>▪ सन्दर्भ सामग्रीको अध्ययन र समीक्षा गर्ने।<br>▪ अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल तथा प्रतिबेदन तयार गर्ने।<br>▪ प्रतिवेदन प्रस्तुति तथा छलफल गर्ने,<br>▪ प्रतिवेदन तयारी गर्ने । | छ |
| २. | सार्वजनिक सुनुवाई | ▪ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) को व्यवस्था बमोजिम गा.पा.र न.पाको सेवा प्रवाह र विकास व्यवस्थापन लगायत कार्यमा सरोकार राख्ने सर्वसाधारण नागरिक र गा.पा./न.पा.को पदाधिकारीहरू बीच सार्वजनिक थलोमा खुला छलफल गर्ने प्रक्रिया।<br>▪ गा.पा./न.पासँग भएको सम्झौता, साझेदारी, कवुलियत, शर्त अनुसार गा.पा.र न.पा.को भौगोलिक क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने विकास साझेदार तथा गैर-सरकारी संस्थाले | ▪ सार्वजनिक सुनुवाईको तयारी गर्ने,<br>▪ अधिकारीहरूसँग सम्पर्क र सहभागी चयन गर्ने,<br>▪ सहजकर्ता छनौट, कार्य तालिका र बजेटको तयारी गर्ने,<br>▪ अन्तिम तयारी तथा कार्य विभाजन गर्ने,<br>▪ सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने,<br>▪ प्रक्रिया अभिलेखन, प्रतिवेदन र फलोअप गर्ने, | छ |

| क्र.स. | सामाजिक जवाफदेहिताको औजारहरू | परिभाषा | संचालन गर्ने विधि तथा प्रक्रिया | अहिले यसको उपयोग भईरहेको छ/छैन? |
|---|---|---|---|---|
| | | आफ्नो कार्य जिम्मेवारीको सन्दर्भमा गर्ने सुनुवाइलाई समेत जनाउनेछ। | | |
| ३. | सार्वजनिक परीक्षण | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५) को व्यवस्था बमोजिम गा.पा./न.पा. ले संचालन गर्ने कार्यक्रम, विकास योजना तथा आयोजनाको लक्ष्य, उद्देश्य, बजेट तथा यसबाट प्राप्त उपलब्धिको बारेमा सरोकारवालाहरूबीच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य। | योजना तथा कार्यक्रमका सम्पूर्ण सरोकारवालाहरू जस्तै, कामदार, ठेकेदार, कर्मचारी, स्थानीय बुद्धिजीवी, राजनीतिक दलका नेता-कार्यकर्ता, उपभोक्तालगायत योजनामा प्रत्यक्ष रूपमा सरोकार राख्ने सम्पूर्ण पक्षका व्यक्तिको संलग्नतामा गर्ने। | **छ** |
| ४. | सामुदायिक अंक पत्र | समुदायमा आधारित सार्वजनिक सेवाको गुणस्तरलाई नागरिकले अनुगमन गर्ने संयन्त्र। यसले नागरिकलाई कुनै खास सेवाको गुणस्तरबारे आफ्नो अनुभूतिका आधारमा विश्लेषण गर्न, असन्तुष्टि पोख्न, राम्रो काम भएको भेटिए प्रशंसा गर्न र कुनै कमी-कमजोरी भेटिए सुधारका लागि अवसर उपलब्ध गराउने माध्यम हो। | १. कार्यालय वा परियोजनाको स्रोत तथा बजेटको आँकलन गर्ने,<br>२. कार्यसम्पादनको आँकलन गर्ने,<br>३. सेवा प्रदायक र सेवाग्राहीले छुट्टाछुट्टै समूहमा बसेर सेवाको स्व–मूल्याङ्कन गर्ने। यसमा सार्वजनिक तहले प्रवाह गर्दै आइरहेको सेवालाई सेवाग्राही र सेवा प्रदायक दुवैले आ–आफ्नै निर्माण गरेको सूचकका आधारमा अङ्क दिने,<br>४. सेवा प्रदायक र सेवाग्राही सँगै बसेर सूचक र तथ्यका विषयमा छलफल गर्दछन्। एक–अर्काका प्रस्तुति सुन्ने,<br>५. दुवै पक्षको सहमतिमा समान सूचक निर्माण गरी उक्त कार्यालय र सेवाग्राही दुवैले आगामी दिनमा सुधार गर्नुपर्ने पक्षलाई लेख्ने र यसको अनुगमनका लागि पनि समिति गठन गर्ने। यसरी निर्माण गरिएका साझा सूचकलाई लेखेर विभिन्न सार्वजनिक स्थानमा समेत टाँस्ने। | **छैन** |
| ५. | नागरिक प्रतिवेदन पत्र | ▪ सेवाग्राही नागरिकले कार्यालयबाट सेवा लिंदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका कुराहरूलाई उल्लेख गरी सेवा भौतिक वा अभौतिक माध्यमवाट कार्यालयलाई पृष्ठपोषण दिने पद्धति।<br>▪ सार्वजनिक रूपमा प्रवाह हुने नितान्त आवश्यक सेवाहरू सेवाग्राहीहरू समक्ष कति हदसम्म बिना कुनै भेदभाव, बिना कुनै दबाब, बिना कुनै अतिरिक्त आर्थिक लेनदेन र बिना कुनै अमानवीय क्रियाकलापबाट सेवाग्राहीसम्म | ▪ नागरिक प्रतिवेदन पत्र कार्यको क्षेत्र परिभाषित गर्ने,<br>▪ नागरिक प्रतिवेदन पत्र तयारी र नागरिक पृष्ठपोषण संकलन गर्ने,<br>▪ सेवाको स्तरनिर्धारण गर्ने,<br>▪ सार्वजनिक सेवा प्रदायक तहहरूसँग सम्वाद गर्ने र प्रतिक्रिया लिने,<br>▪ सुधारकार्यमा नागरिक संलग्नता गराउने,<br>▪ आवधिक मापनका आधार तय एवम् सार्वजनिक मूल्यांकन गर्ने, | **छैन** |

| क्र.स. | सामाजिक जवाफदेहिताको औजारहरू | परिभाषा | संचालन गर्ने विधि तथा प्रक्रिया | अहिले यसको उपयोग भईरहेको छ/छैन? |
|---|---|---|---|---|
| | | सम्मानित रूपमा पुग्न सक्यो कि सकेन भन्नेबारे लेखाजोखा गर्ने । | | |
| ६. | सार्वजनिक खर्चको सोध-खोज | सबै तहको सरकार तथा अन्य गैर सरकारी संघसंस्थाहरूबाट सञ्चालन गरेका योजनामा के कति बजेट आएको छ ? के कति खर्च भयो ? खर्च कसरी हुँदैछ ? के कति प्रतिफल प्राप्त भयो भनेर खोजी गर्ने विधिलाई सार्वजनिक खर्चको सोधखोज भनिन्छ । | ▪ यो विधिमा विनियोजित र खर्चगत तथ्याङ्कहरूको तुलनात्मक विश्लेषण गरी कार्यसम्पादनको अवस्थाको आँकलन गरिन्छ । माथिदेखि तलसम्म बजेटको प्रवाहको अवस्था विश्लेषण गरिन्छ र लक्षित वर्गसँग सामूहिक छलफल र अवस्था विश्लेषण गरिन्छ ।<br>▪ यस विधिबाट सार्वजनिक बजेटको खर्च व्यवस्थापनमा देखिएका समस्या, कमीकमजोरी, अनियमितता, चुहावट सम्बन्धी वास्तविकता पत्ता लगाई तिनको समाधान गरी प्रभावकारी रूपमा काम गर्नका लागि आधार प्रदान गर्दछ । | **छैन** |
| ७. | सहभागितामुलक योजना तथा बजेट तर्जुमा | सहभागितामूलक योजना तथा बजेट बनाउनका लागि स्थानीय समुदायमा आधारित एवम् उपभोक्ता सम्बन्धी संघसंस्था, नागरिक समाज, स्थानीय तह, राजनीतिक दल तथा सरकारी तहका प्रतिनिधि सहभागी गराउने प्रक्रिया । योजना तथा बजेट तर्जुमा गर्दा लक्षित वर्गका मानिसहरूसँग रहेका ज्ञान र अनुभवलाई पनि प्रयोग गर्न सकिन्छ । यस प्रक्रियाले विपन्न एवम् सीमान्तकृत वर्गका नागरिकलाई आफ्नो सरोकारका मुद्दा उठाउने र योजना छनौट तथा बजेट विनियोजन सम्बन्धी निर्णयलाई आफ्नो पक्षमा ल्याउन सहयोग गर्दछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ अनुसार योजना तर्जुमा तथा कार्यान्वयनको बारेमा स्पष्ट रूपमा योजना प्रस्तावदेखि निर्णयसम्मका***सात-चरण अनुसार*** सहभागीतामुलक योजना तथा बजेट तर्जुमा गर्ने । | **छ** |
| ८. | बहिर्गमित सेवाग्राही अभिमत | सेवाग्राहीहरू सेवा लिई कार्यालयबाट बाहिर निस्किने समयमा कार्यालयको सेवाप्रवाहको विषयमा लेखी वा लेखाइदिएको अभिमत वा सुझाव । | ▪ विभिन्न प्रश्नावली मार्फत स्थानीय सरकारलाई आधारभूत शिक्षा र आधारभूत स्वास्थ्य सेवासँग सम्बन्धित प्रतिक्रियाहरू प्राप्त गर्न सक्ने ।<br>▪ सेवाग्राही कार्यालयको मूल ढोकाबाट बाहिर निस्कने बित्तिकै उसले प्राप्त गर्न चाहेको वा प्राप्त गरेको सेवाबारे सोधपुछ गरी अभिमत लिने ।<br>▪ सेवाग्राही अभिमत सङ्कलन गर्ने व्यक्ति सेवाप्रदायक तह (स्थानीय तहको सन्दर्भमा | **छैन** |

| क्र.स. | सामाजिक जवाफदेहिता को औजारहरू | परिभाषा | संचालन गर्ने विधि तथा प्रक्रिया | अहिले यसको उपयोग भईरहेको छ/छैन? |
|---|---|---|---|---|
| | | | कुरा भइरहेकोले सम्बन्धित स्थानीय तहको कार्यालय) को प्रवेश/निकाश द्वार मा बस्ने र सेवाग्राही बाहिर निस्कने बित्तिकै अभिमत लिईन्छ ।<br>▪ यस्तो अभिमत सेवाग्राहीसँगको छलफल तथा अन्तर्वार्ता विधिबाट लिईन्छ । यसका लागि सामान्य चेकलिस्ट (अनुसूची १९) अग्रिमरूपमा तयार गरी सेवाग्राहीले तत्काल लिन चाहेको वा लिएको,<br>▪ - सेवामा केन्द्रित रहेर अभिमत जाहेर गर्न लगाउँने । | |
| ९. | सार्वजनिक उजुरी तथा गुनासो व्यवस्थाव्यव स्थापन प्रणाली | स्थानीय तहले विभिन्न विषयहरूमा नागरिकका गुनासा र उजुरी प्राप्त गरी सो को व्यवस्थित ढंगबाट सुनुवाइ गर्नका लागि लागु गरेको प्रणाली हो । पछिल्लो समयमा यसलाई कम्प्युटराईज्ड प्रणालीसंग जोडिएकोछ, जस मार्फत नागरिकहरूले आफ्नो समस्या वा गुनासो वा सुझाव सम्वन्धित गा.पा./न.पा. मा राख्न सक्दछन् । | सम्बन्धित लाभग्राही वा सरोकारवालाहरूले गा.पा./न.पा. ले उपलब्ध गराउने सेवा सुविधा सम्बन्धी विषयहरूमा आफ्ना गुनासा तथा सुझावहरू भए निर्बाध रूपमा कानून बमोजिम राख्ने । यस्ता गुनासोहरूको व्यवस्थापन गर्न गा.पा./न.पा. कार्यालयमा सम्पर्क व्यक्ति तोकिनेछ ।<br>**<u>गुनासो /सुझावहरू प्राप्त गर्ने बिधि/तरिकाः</u>**<br>▪ आफ्ना गुनासो वडा गा.पा./न.पा. वाट उपलब्ध गराईएको गुनासो फाराम भरी गा.पा./न.पा. भित्र राखिएको सुझाव पेटिकामा खसाल्न सक्छन् वा स्वंय उपस्थित भई वा सम्बन्धित कर्मचारीहरू मार्फत राख्न सक्दछन् ।<br>▪ गा.पा./न.पा. मा सोझै वा हुलाक मार्फत गुनासो पत्र पठाउन सक्दछन् ।<br>▪ गा.पा./न.पा. कार्यालयको वेब-साईट वा ईमेल मार्फत पठाउन र फोन मार्फत टिपाउन सक्दछन् ।<br>▪ गा.पा./न.पा. कार्यालयका कर्मचारीको हकमा आफ्ना गुनासोहरू माथि उल्लेखित कुनै पनि माध्यमवाट सोझै वडा कार्यालयमा दिन सक्दछन् । | **छ** |
| १०. | नागरिक बडापत्र | ▪ गा.पा/न.पा.ले उपलब्ध गराउने विभिन्न सेवा तथा सुविधाको नाम, विवरण, समयावधी, जिम्मेवार कर्मचारी कार्यकक्षको विवरण, सेवा प्राप्त गर्न पुर्याउनु पर्ने प्रक्रिया, लाग्ने | ▪ सबै स्थानीय सरकारले विशेष गरी सेवाग्राहीहरूको निम्ति नागरिक बडापत्र राखी आफुले उपलब्ध गराउने विभिन्न सेवा तथा सुविधाको नाम, विवरण, समयावधि, जिम्मेवार कर्मचारी कार्यकक्षको विवरण, | **छ, तर क्षतिपूर्ति सहितको नागरिक बडापत्रको व्यवस्था छैन ।** |

| क्र.स. | सामाजिक जवाफदेहिताको औजारहरू | परिभाषा | संचालन गर्ने विधि तथा प्रक्रिया | अहिले यसको उपयोग भईरहेको छ/छैन? |
|---|---|---|---|---|
| | | शुल्क एवं दस्तुरका साथै सेवा अवरूद्ध भएमा उजुरी सुन्ने अधिकारी उल्लेख गरी सर्व-साधारणलाई सुसूचित गर्न सार्वजनिक स्थल वा कार्यालयमा टाँगिएको वा टाँसेर राखिएको वा विद्युतीय माध्यमद्वारा प्रकाशित वाचापत्र।<br>▪ यो गा.पा./न.पा. द्वारा प्रदान गरिने सेवाहरूको बारेमा जानकारी प्रदान गर्न तयार गरिएको एक उपकरण पनि भन्न सकिन्छ जहाँ नागरिकको लागि अति आवश्यक विभिन्न सेवाहरू बारे सम्पूर्ण जानकारी पाउन सकिन्छ। | सेवा प्राप्त गर्न पुर्याउनु पर्ने प्रक्रिया, लाग्ने शूल्क एवं दस्तुर आदिबारे जानकारी दिनु पर्ने हुन्छ ।<br>▪ हाल आएर नागरिक वडापत्रलाई डिजिटल वा विद्युतीय बनाउन थालिएको छ। कतिपय सार्वजनिक तहहरूले कार्यालयमा डिजिटल डिस्प्ले नोटिस बोर्ड एवम् श्रव्य तथा श्रव्यदृश्य सहितको नागरिक वडापत्रका साथै मोवाईल एपमा समेत हेर्न सकिने गरी यसको सुरूवात समेत गरेका छन्, जसलाई सकारात्मक र प्रभावकारी माध्यमका रूपमा लिन सकिन्छ। | |
| ११. | सूचनाको हकबारे जानकारी | सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ अनुसार 'सूचनाको हक' भनेको सार्वजनिक तहमा रहेको सार्वजनिक महत्वको विषयबारे सूचना वा त्यहाँ भएका निर्णयहरू, सम्झौतापत्र, नियमावली तथा अन्य कागजात माग्ने र पाउने अधिकार हो। | ▪ सार्वजनिक तहमा सूचना माग्ने प्रक्रिया सूचना पाउन चाहने नेपाली नागरिकले त्यस्तो सूचना पाउनुपर्ने कारण खुलाइ सम्बन्धित सरकारी कार्यालय वा सार्वजनिक तहको सूचना अधिकारी समक्ष निवेदन दिनुपर्ने।<br>▪ सूचना माग गर्नेले जुन र जस्तो रूपमा माग गरिएको हुन्छ, त्यही स्वरूपमा पाइन्छ । दिनेले दिनैपर्छ (जस्तै: लिखित, मुद्रित, फोटोकपी, सिडी, पेनड्राइभ वा अन्य ठोस सामग्रीका रूपमा आदि) । तर निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रने, भत्कने वा नष्ट हुने सम्भावना भएमा सूचना अधिकारीले सोको कारण खोली उपयुक्त स्वरूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्ने। सूचना माग गर्नेले अनुसूची २ मा दिइएको ढाँचामा निवेदन पेश गर्नुपर्ने। | **ऐन अनुसार ब्यबस्थित रूपमा छैन** |
| १२. | सम्पति घोषणा | ▪ सार्वजनिक पद धारण गर्ने व्यक्तिले सेवा प्रवेश गर्दा, पदमा बहाल रहँदा र सेवाबाट बाहिरिँदा आफ्नो र परिवारको नाउँमा रहेको सम्पत्ति विवरण तथा कर तिरेको विवरण सावजनिक गर्ने व्यवस्था।<br>▪ सम्पत्ति विवरणको आवधिक जानकारी नदिने कर्मचारी तथा सार्वजनिक पदाधिकारीलाई राष्ट्रिय सतर्कता | ▪ भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ ले सार्वजनिक पद धारण गर्ने सबैले तोकिएको तहमा आफ्नो र परिवारको नाउँमा रहेको सम्पत्ति विवरण बुझाउनुपर्ने अनिवार्य व्यवस्था छ।<br>▪ पारदर्शीता सम्बन्धी अवधारणालाई आत्मसात गरेर नेपालमा भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३७ मा भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न | **छैन** |

| क्र.स. | सामाजिक जवाफदेहिताको औजारहरू | परिभाषा | संचालन गर्ने विधि तथा प्रक्रिया | अहिले यसको उपयोग भईरहेको छ/छैन? |
|---|---|---|---|---|
| | | केन्द्रले कारबाही र दण्ड समेत गर्न सक्दछ। | तथा भ्रष्टाचार विरूद्ध जनचेतना अभिवृद्धि गर्नका लागि राष्ट्रिय सतर्कता केन्द्रको व्यवस्था गरिएको छ।<br>▪ उक्त ऐनको दफा ३८(ग) ले सार्वजनिक पद धारण गरेका व्यक्तिले प्रचलित कानून बमोजिम दिइएको सम्पत्ति विवरण भरेर राष्ट्रिय सतर्कता केन्द्रमा पठाउनुपर्ने व्यवस्था गरेको छ। | |
| १३. | मोबाइल एप्स, स्थानीय तह एप्स आदि | यो एप्स सूचनाको सजिलो पहुँचको लागि नागरिकको हातमा गा.पा./न.पा. को बारेमा जानकारी प्रदान<br>गर्ने उपकरण हो। | गा.पा./न.पा. ले मोबाइल एप्स विशेषतः नागरिकको अनुप्रयोगका लागि बनाइएको हुन्छ र विभिन्न जानकारीहरू वा सूचनाहरूमा नागरिकहरूको पहुँचलाई यसले सहजता प्रदान गर्न सक्छ। जस्तै: सेवाका बारे सबै विवरणहरू, गा.पा./न.पा. का सदस्यहरूको सम्पर्क जानकारीहरू पाउनुका साथै विभिन्न अधिकारहरूका बारेमा जानकारी तथा समाचारहरू यस एप्स मार्फत प्राप्त गर्न सक्ने। | **केही मात्रामा छ** |
| १४. | तेस्रो पक्ष बाट हुने अनुगमन र मूल्याकन | "तेश्रो पक्षबाट हुने अनुगमन र मूल्याङ्कन" भन्नाले कुनै पनि योजना, कार्यक्रम र आयोजना कार्यान्वयन गर्ने तहको नियन्त्रण बाहिरका सार्वजनिक तहबाट वा सार्वजनिक<br>तह बाहिरका अन्य स्वतन्त्र व्यक्ति वा संस्थाबाट वा त्यस्ता सार्वजनिक तह र अन्य<br>स्वतन्त्र व्यक्ति वा संस्था बाट संयुक्त रूपमा गरिने कार्य। | अनुगमन तथा मूल्याङ्कन कार्यमा स्वतन्त्र वा तेस्रो पक्षको समेत संलग्नता हुनेः विकास नीति, कार्यक्रम/<br>आयोजनाको अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य आवश्यकता अनुसार त्यस्ता नीति, कार्यक्रम र आयोजनाको कार्यान्वयन गर्ने तह भन्दा फरकका सार्वजनिक तह समेतबाट स्वतन्त्र रूपमा गराउनु पर्ने हुन्छ। यसरी कार्य गराउन सार्वजनिक तहको उपलव्ध जनशक्तिबाट नसकिने भएमा वा जनशक्ति उपलब्ध भएतापनि प्रभावकारी रूपमा हुन नसक्ने भएमा वा अनुगमन र मूल्याङ्कन गर्ने कार्य विशेष प्रकृतिको भई सो क्षेत्रका विज्ञको सेवा लिनुपर्ने भएमा वा दातृ तहसँग भएको सम्झौतामा खास आयोजनाको सम्बन्धमा सार्वजनिक तह बाहिरका तेस्रो पक्षबाट अनुगमन र मूल्याङ्कन गर्ने भनिएको अवस्थामा यो निर्देशिकामा उल्लेख भएको प्रकृया अनुसार परामर्श सेवा खरिदको माध्यमबाट तेश्रो पक्षको सेवा लिई अनुगमन र मूल्याङ्कन गराउन सकिने छ। | **केही मात्रामा छ** |
| १५. | सामुदायिक सूचना पाटी | ▪ स्थानीय तहको महत्वपूर्ण सूचना तथा जानकारीहरू प्रदान गरी | ▪ नागरिकहरूकालागि सहज सेवा प्रवाह सकेसम्म नागरिकको घरदैलोमा नै ब्यवस्थित | **केही मात्रामा छ** |

| क्र.स. | सामाजिक जवाफदेहिताको औजारहरू | परिभाषा | संचालन गर्ने विधि तथा प्रक्रिया | अहिले यसको उपयोग भईरहेको छ/छैन? |
|---|---|---|---|---|
| | | सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्ने यो एक सरल औजार हो ।<br>▪ सूचना तथा प्रबिधिजन्य सेवाहरू स्थानीय स्तरमा प्रदान गरी सहरी र ग्रामीण क्षेत्र वीचको digital divide लाई कम गने र सूचना र प्रप्रबिधिमा ग्रामीण जनताको ज्ञानको दयारा फराकिलो बनाई उनीहरूमा चेनताको स्तर वृद्धि गरी स्थानीय सरकारले प्रदान गर्ने विकास तथा सेवा सुविधाहरूलाई प्रभावकारी बनाउने उद्देश्यले यसको व्यवस्था गरिन्छ ।<br>▪ सूचना प्रविधिमार्फत स्थानीय तहमा सूचनाको पहुँच र सहज सेवा उपलब्ध गराउने उद्देश्यका साथ यसको व्यवस्था गरेको पाईन्छ । | गर्न सहयोग पुग्ने खालका सफ्टवेयरको उपयोग गर्न सकिने ।<br>▪ स्थानीय तहका तथ्यांक, सूचना र जानकारीहरू व्यवस्थापन गर्ने, मोबाईल एप्स, Website, गुनासो व्यवस्थापन ई–पोर्टल, अन-लाईन रिपोर्टिङ्ग, शुल्क रहित टेलिफोन सेवा व्यवस्थापन, स्थानीय तहले उपलब्ध गराउने सेवा-सुविधा आदिबारे सरल मोबाइल सन्देश, कर, राजश्व, शुल्क, दस्तुर, दण्ड, जरिवाना, बक्सौनी, खरीद सम्बन्धी विवरण, बार्षिक खरिद योजना, आवधिक तथा बार्षिक योजना, बजेट तथा कार्यक्रमहरू, विकास गतिविधिहरू, सार्वजनिक सूचनाहरू, आदिको व्यवस्था यसको प्रयोग गरी प्रभावकारी रूपमा गर्न सकिन्छ । | |

**स्थानीय तहमा सामाजिक जवाफदेहिता बढाउन उपरोक्त औजारहरूको स-विस्तार व्याख्या**

## १. सामाजिक परीक्षण

**"सामाजिक परीक्षण"** भन्नाले सेवाप्रदायक संस्थाको नीति, नियम, कार्यक्रम कार्यान्वयन, व्यवहार, स्रोत परिचालन, सेवाप्रवाहको अवस्था, सेवाको गुणस्तर, पारदर्शीता र प्रभावकारिता र सम्बन्धित सेवाग्राही, सेवाप्रदायक/व्यवस्थापक पक्ष तथा सो क्षेत्रका सरोकारवालाहरूका धारणाका आधारमा गरिने विश्लेषणात्मक लेखाजोखालाई बुझाउँछ । यस प्रक्रियामा सेवा प्रदान गर्ने क्रममा प्राप्त उपलब्धी तथा सुधारात्मक पक्षहरूलाई तेस्रो पक्षद्वारा सार्वजनिक गरी जिम्मेवारी सहितको सुधार कार्ययोजना तयार गरिनेछ ।

**(क) परीक्षण विधि**

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरी पूरा गर्नुपर्नेछ :

**(ख) सन्दर्भ सामग्री अध्ययन र समीक्षा**

सामाजिक परीक्षकले सन्दर्भ सामाग्रीको रूपमा स्थानीय तहसम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गतवर्षको सामाजिक परीक्षण

प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्ययन गर्नु पर्नेछ। त्यस्ता सामाग्रीहरूको अध्ययन पश्चात स्थानीय तहले सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा समीक्षा र विश्लेषण गर्नु पर्नेछ।

**(ग) अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन, समूह छलफल तथा प्रतिबेदन तयार**

सामाजिक परीक्षकले (सामाजिक परीक्षक सम्वन्धी व्यवस्था ***अनुसूची:१*** मा दिईएको छ) निम्न सूचकहरूका आधारमा स्थानीय तहका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्ध-संरचित (Semi-structured) अन्तरवार्ता लिनुपर्नेछ। अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गर्नु गराउनु पर्नेछ। आवश्यकता अनुसार स्थलगत निरिक्षण र अवलोकन गरी सामाजिक कार्यसम्पादनको अवस्था सुनिश्चित गर्नु पर्नेछ। यस क्रममा सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा प्रस्तुत गरिने ढाँचा र प्रतिवेदन ढाँचा ***अनुसूची २ र ३*** को नमूना अनुसार तयार गर्नु पर्नेछ।

**(घ) प्रतिवेदन प्रस्तुति तथा छलफल**

***अनुसूची २ र ३*** मा उल्लिखित ढाँचामा आधारित प्रतिवेदन देहाय अनुसारको शीर्षकमा केन्द्रीकृत रही छलफलको लागि प्रस्तुत गर्नु पर्नेछ :

- कार्यक्षेत्रको परिचय
- स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू
- गतवर्षका मुख्य मुख्य उपलब्धिहरू
- यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकहरूको आधारमा प्रस्तुत गर्ने )
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- समस्याहरू
- सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू आदि।

**(ङ) प्रतिवेदन तयारी**

छलफलमा उठेका सुझाव तथा निर्णयहरू र कार्य योजना सहित प्रतिवेदन (***अनुसूची : ३ मा दिएको ढाँचा अनुसार***) तयार गर्नु पर्नेछ।

**(च) सामाजिक परीक्षणमा समावेश गराउनुपर्ने**

विषयगत कार्यालयहरू र स्थानीय तहको वार्षिक कार्यक्रम / आयोजनामा समावेश भएका गैर-सरकारी संस्थाहरूको हकमा स्थानीय तहकै अभिन्न अंगको रूपमा सामाजिक परीक्षणमा समावेश गर्नुपर्नेछ।

**(छ) सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको तयारी**

***अनुसूची ५ र ६*** अनुसारको प्रतिवेदन स्थानीय भेलामा प्रस्तुत गरिनेछ।

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित हुन स्थानीय तहका जनप्रतिनिधिहरू, सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरिक समाज, राजनैतिक दलहरू, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, वालबालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, वडा नागरिक मन्च तथा सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू आदि) सँग अन्तरक्रियाका लागि आह्वान गर्नु पर्नेछ।

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रममा सहभागी हुन उपलब्ध सञ्चारका माध्यमहरूद्वारा सर्वसाधारण नागरिकलाई समेत आमन्त्रण गर्नु पर्नेछ।

भेला स्थानीय तह प्रमुखको अध्यक्षतामा बस्नेछ।

**(ज) सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि**

- सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका राख्नु पर्नेछ। उक्त पुस्तिकामा सहभागीहरूको नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था उल्लेख हुनु पर्नेछ।
- कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचार संहिताबारे जानकारी दिनुपर्नेछ।
- सामाजिक परीक्षकले ***अनुसूची- २ र अनुसूची - ३*** बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गर्नेछ।
- प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फबाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नुपर्दछ :
  - स्थानीय तहले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव सूचकको आधारमा स्थानीय तहले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति
  - स्थानीय तहले समयमा सेवा सुविधा दिन सेवा दिन नसक्दा नागरिकले भोग्नु परेका समस्याहरू
  - स्थानीय तहको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता
  - बालबालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता
  - स्थानीय तहले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर
  - सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय तहको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू
- सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरू तथा सामाजिक परीक्षकले टिपोट गरी राख्नुपर्दछ। सहभागीले राखेका जिज्ञासा तथा विचारमा स्थानीय तह तथा सामाजिक परीक्षकले स्पष्ट पार्नु पर्नेछ।
- सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सार संक्षेप तयार प्रतिवेदनमा समावेश गर्नु पर्नेछ।

**(झ) प्रतिवेदन कार्यान्वयन**

**प्रतिवेदन पेश गर्नुपर्ने :** सामाजिक परीक्षकले स्थानीय तहका प्रमुख समक्ष सामाजिक प्रतिवेदन ***अनुसूची: ४*** मा दिईएको नमूना अनुसार पेश गर्नुपर्नेछ।

**<u>प्रतिवेदन सार्वजनिक गर्नुपर्ने :</u>** स्थानीय तहले सो प्रतिवेदन सभामा पेश गरी मुख्य मुख्य बुदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी सार्वजनिक गर्नु पर्नेछ । सामाजिक परीक्षण प्रतिवेदनले औल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न स्थानीय तहले नीतिगत निर्णय गर्न सक्नेछ ।

**(ञ) आचार संहिता**

**<u>आचार संहिता :</u>** सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न अनुसारका आचारसंहिता (***<u>अनुसूची: ५ अनुसार</u>*** ) पालना गर्नुपर्दछ :

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।
- तथ्यांक र सूचनाको आधारमा रही विचार राख्ने ।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई
- सकारात्मक रूपमा लिने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने ।
- सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको कार्यक्रम संचालन विधि ***<u>अनुसूची: ६</u>*** मा दिईएको छ ।

**<u>कागजात उपलब्ध गराउनु पर्ने :</u>**

सामाजिक परीक्षण समन्वय समिति तथा सामाजिक परीक्षकले मागेको विवरण तथ्यांक, सूचना तथा कागजात स्थानीय तह, विषयगत कार्यालय, गै.स.स.तथा अन्य संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

अन्त्यमा यो औजारको प्रयोग झारा टार्ने हिसाबले होइन, गहन प्रकारले गरिने सामाजिक परीक्षणले सरकारी कार्यक्रमको प्रभाव मूल्यांकनमा मद्दत पुग्छ । विशेषगरी, स्थानीय तहमा सम्पन्न कामको लेखाजोखा गर्न यो औजार प्रभावकारी देखिएको छ । यो प्रजातान्त्रिक प्रक्रिया पनि हो ।

प्रवाह गरिएका सेवाहरू नागरिकसम्म पुगे नपुगेको अवस्था बारेपनि सामाजिक परीक्षणका माध्यमद्वारा हासिल गर्न सकिन्छ । यसले कुन ठाउँमा सुधार गर्न जरूरी छ भन्ने कुराको जानकारी दिन्छ ।

यसका माध्यमद्वारा असल अभ्यासको पहिचान भई अर्को स्थानमा अनुशरण गर्न सकिने हुन्छ । यसबाट लगानी र प्रतिफलको मापन हुन्छ । लक्ष्य र प्रगतिबीचको खाडल पहिचान गर्न मद्दत पुग्छ । यस अतिरिक्त, क्षेत्रगत, तहगत र सामाजिक परिवर्तनको प्रगतिबारे जानकारी हासिल गरी अघि बढ्न मद्दत पुग्ने हुँदा सामाजिक परीक्षणलाई नियमित रूपमा सम्पादन गर्नुपर्छ ।

## २. सार्वजनिक सुनुवाई

सबै तहको सरकार वा सार्वजनिक सेवाप्रदायक तहहरूबाट प्रवाह गरेका सेवामा नागरिकका सन्तुष्टि/असन्तुष्टि के छन्, सेवा सुधारका लागि थप के–कस्ता उपाय अपनाउनुपर्छ भनेर सेवाप्रदायक, सेवाग्राही र नागरिकका बीचमा सहभागितात्मक अन्तरक्रिया गरी सुधारका उपाय स्थानीय तहमा अवलम्बन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) र स्थानीय तह सार्वजनिक सुनुवाइ कार्यविधि, २०६७ अनुसार हरेक स्थानीय सरकारले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाइजस्ता कार्यक्रम सञ्चालन गरी स्थानीय सरकारलाई पारदर्शी र जवाफदेही बनाउने व्यवस्था गरेको छ।

स्थानीय सेवाग्राही र सेवा प्रदायक अधिकारीबीच सार्वजनिक चासोका विषयमा जानकारी आदानप्रदान गर्ने र हाकाहाकी प्रश्नोत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाई भन्ने गरिन्छ। यस्ता मञ्चमा स्थानीय तहले प्रवाह गर्दै आएको सेवा तथा वस्तुको गुणस्तर, व्यक्तिगत तथा सार्वजनिक समस्या आदिबारे नागरिकले सेवा प्रदायक तहका पदाधिकारीसमक्ष जिज्ञासा र गुनासो राख्न पाउँछन्। यसले कामको पारदर्शीता बढाउन र समाधान खोज्न सजिलो हुन्छ। साथै, स्थानीय सेवाप्रदायक तहलाई आफूले दिँदै आएको सेवा तथा वस्तुको प्रभावकारिता कस्तो छ भनेर बुझ्न र कमजोरी पाइए सुधारका लागि सुझाव सङ्कलन गर्न पनि यो संयन्त्र प्रभावकारी हुन्छ। सार्वजनिक सुनुवाईलाई नेपाल सरकारले २०६२ सालमा पहिलोपटक कार्यविधि बनाएर सार्वजनिक जवाफदेहिताको औपचारिक संयन्त्रको रूपमा अभ्यासमा ल्याएको थियो। यसपछि संघीय मामिला मन्त्रालय, शिक्षा मन्त्रालय र स्वास्थ्य मन्त्रालयले पनि कार्यविधि बनाएर आफ्ना योजनामा लागू गर्दै आएका छन्।

सुशासन ऐन२०६४ बनेपछि यो विधि कानूनमा नै समेटियो। ऐनको दफा ३० मा सार्वजनिक सुनुवाईबारे उल्लेख छ जसमा सर्वसाधारणलाई सेवा प्रदान गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम–कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाका विधिसम्मत् सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनुवाई गर्नैपर्ने उल्लेख गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय सरकारले सार्वजनिक सुनुवाई सञ्चालन गर्न पर्ने बाध्यात्मक व्यवस्था गरिदिएको छ।

नागरिकले स्थानीय सरकारले प्रवाह गर्दै आएका सेवा-सुविधा, योजनाको पारदर्शीता, सेवा प्रदायकको जवाफदेहिता लगायत विषयमा नियमित रूपमा सार्वजनिक सुनुवाई गर्ने हो भने त्यस्ता योजनामा भएका कमी–कमजोरीलाई सुधार गर्ने र आगामी दिनमा हुन सक्ने अनियमिततालाई नियन्त्रण गर्न सकिन्छ। स्थानीय सरकारले यसको व्यावहारिक र प्रभावकारी कार्यान्वयन गर्दा त्यसले सकारात्मक प्रभाव पार्ने देखिन्छ। पछिल्लो समयमा विभिन्न सार्वजनिक तहहरूले सञ्चालन गर्ने सार्वजनिक सुनुवाईलाई स्थानीय एफएम रेडियोहरूले प्रत्यक्ष प्रसारण गर्न थालेका छन्। यसले कार्यक्रम स्थलमा आउन नसकेका नागरिकहरूले पनि उक्त छलफललाई सुन्न र आफ्ना जिज्ञासा समेत राख्न पाएका देखिन्छन्। सार्वजनिक सुनुवाईको भिडियो तयार गरी प्रदर्शन गर्न सकिन्छ। सामाजिक सञ्जाल खासगरी फेसबुकबाट प्रत्यक्ष प्रसारण गरेर पनि धैरै भन्दा धैरै सहभागीलाई जोड्न सकिन्छ।

| सार्वजनिक सुनुवाईगर्ने चरणहरू | सार्वजनिक सुनुवाईको औजार सञ्चालन प्रक्रिया |
|---|---|
| सार्वजनिक सुनुवाईको तयारी | सार्वजनिक सुनुवाईको उद्वेश्य तय गर्ने, |
| अधिकारीहरूसँग सम्पर्क र सहभागी चयन | कार्यक्रम संचालक चयन गर्ने, |
| सहजकर्ता छनौट, कार्य तालिका र बजेट | समय र स्थान तोक्ने, |
| अन्तिम तयारी तथा कार्य विभाजन | प्रस्तुत गर्नुपर्ने प्रतिवेदनहरूको अन्तिम तयारी गर्ने, |

| सार्वजनिक सुनुवाईगर्ने चरणहरू | सार्वजनिक सुनुवाईको औजार सञ्चालन प्रक्रिया |
|---|---|
| सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन | विषयगत सवालमा जवाफ दिनको लागि आन्तरिक रूपमा विज्ञ वा विषयबारे दखखल प्राप्त व्यक्तिहरू तयारी राख्ने, |
| प्रक्रिया अभिलेखन, प्रतिवेदन र फलोअप | सहभागीहरूको निधो गर्ने र सार्वजनिक माध्यमबाट पूर्व सूचना दिने, |
| | कार्यक्रम सञ्चालनको आवश्यक बन्दोबस्त योजना र कार्य विभाजन गर्ने, |
| | कार्यक्रम संचालकले छलफल प्रक्रियाको लागि आचार संहिता तयार पार्ने, |
| | औपचारिक रूपमा कार्यक्रम सञ्चालन गर्ने आसनग्रहण, अध्यक्षता, उद्देश्यमाथि प्रकाश, प्रतिवेदन प्रस्तुति, छलफल र प्रतिक्रिया, स्थानीय मिडियाबाट प्रत्यक्ष प्रसारण गर्ने, |
| | कार्यविधिले निर्देश गरेअनुसारको ढाँचामा प्रतिवेदन तयार पार्ने । |

प्रायः सबै स्थानीय तहमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनामा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादनलगायत विषय स्पष्ट गरी सरोकारवालासहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण गरी पारदर्शी र जवाफदेहिताको पालना भएको सुनिश्चित गरी ऐनको व्यवस्था कार्यान्वयन हुनुपर्दछ । सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने ढाँचा, सार्वजनिक सुनुवाई मा पालन गर्नुपर्ने आचार संहिता र सार्वजनिक सुनुवाईको प्रतिबेदन ढाँचा ***अनुसूची* ७-९** मा उल्लेख गरिएकोछ ।

## ३. सार्वजनिक परीक्षण

स्थानीय स्तरका विकास निर्माणसँग सम्बन्धित परियोजना तथा गतिविधिमा भएको लगानीको प्रभावकारिताबारे सम्बन्धित सरोकारवाला तथा लाभान्वित समूहको प्रत्यक्ष सहभागितामा लेखाजोखा गरिने विधि नै सार्वजनिक परीक्षण हो । यसको प्रयोग गरी सम्बन्धित परियोजनाका लागि कहाँबाट कति पैसा आयो, कति खर्च भयो, को को व्यक्ति संलग्न भएर के कसरी खर्च गरियो, कस्तो खरिद प्रक्रिया अपनाइयो, खर्च पारदर्शी ढङ्गले गरियो कि गरिएन, योजना सञ्चालन गर्दा के-कस्ता कमी-कमजोरी भए भन्नेबारे योजनासँग सरोकार राख्ने व्यक्तिबाट पृष्ठपोषण लिने गरिन्छ । सार्वजनिक परीक्षणमा योजनाका सम्पूर्ण सरोकारवालाहरू जस्तै, कामदार, ठेकेदार, कर्मचारी, स्थानीय बुद्धिजीवी, राजनीतिक दलका नेता-कार्यकर्ता, उपभोक्तालगायत योजनामा प्रत्यक्ष रूपमा सरोकार राख्ने सम्पूर्ण पक्षका व्यक्तिको संलग्नता रहन्छ । सार्वजनिक तहले प्रवाह गर्दै आएको सेवाको गुणस्तर वृद्धि गराउन एवम् स्थानीय सरकारले सञ्चालन गरेका योजनामा जवाफदेहिता र पारदर्शीता बढाउन सार्वजनिक परीक्षणले मद्दत गर्दछ ।

स्थानीय तहले उपभोक्ता समिति वा सामुदायिक संस्थाहरू (यी समिति/संस्थाहरूले तयार गर्नुपर्ने आयोजना/कार्यक्रमबारेको नमूना विवरण ***अनुसूची १०*** मा उल्लेख छ ) मार्फत् सञ्चालन गर्ने विभिन्न योजनाको अन्तिम किस्ता भुक्तानी दिनुअघि अनिवार्य सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ । सार्वजनिक परीक्षण कार्यक्रम गर्दा प्रस्तुत गर्ने विषयवस्तु आदि ***अनुसूची ११*** मा दिईएको छ ।

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहलाई थप प्रभावकारी बनाउने उद्देश्यले स्थानीय तह सार्वजनिक परीक्षण कार्यविधि २०६७ बनाएर लागू गरेको थियो ।

स्थानीय तह स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को ४२ नम्बर बुँदामा स्थानीय तहले सञ्चालन गर्ने हरेक विकास योजना सम्पन्न भइसकेपछि सार्वजनिक परीक्षण गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको थियो ।

स्थानीय सरकारले सञ्चालन गर्ने हरेक योजनाको अन्तिम भुक्तानी दिनुअघि प्रभावकारी रूपमा सार्वजनिक लेखापरीक्षण गर्ने संस्थागत व्यवस्था गर्नु उपयुक्त देखिन्छ। सार्वजनिक परीक्षणको लागि प्रतिवेदन ढाँचा, सार्वजनिक परीक्षणको लागि निर्माण व्यवसायीले तयार गर्ने विवरण, निर्माण ब्यबसायीले सम्पन्न कार्यक्रम/आयोजनाको सार्वजनिक परीक्षण प्रतिबेदन ढाँचा, सार्वजनिक परीक्षण कार्यक्रमको आचार संहिता, सहजकर्ताले सार्वजनिक परीक्षणमा प्रयोग गर्नुपर्ने कार्यक्रमको नमूना र सहजकर्ताले सार्वजनिक परीक्षणमा प्रयोग गर्नुपर्ने चेक-लिस्टको नमूना विवरण ***अनुसूची १२ देखि १७ सम्म*** दिईएको छ।

## ४. सामुदायिक अंक पत्र

समुदायमा आधारित सार्वजनिक सेवाको गुणस्तरलाई नागरिकले अनुगमन गर्ने संयन्त्र नै सामुदायिक अंकपत्र हो। यसले नागरिकलाई कुनै खास सेवाको गुणस्तरबारे आफ्नो अनुभूतिका आधारमा विश्लेषण गर्न, असन्तुष्टि पोख्न, राम्रो काम भएको भेटिए प्रशंसा गर्न र कुनै कमी-कमजोरी भेटिए सुधारका लागि अवसर उपलब्ध गराउने गर्दछ।

**सामुदायिक अंकपत्र विशेषगरी पाँच चरणमा सञ्चालन गरिन्छः**

**पहिलो चरणः** कार्यालय वा परियोजनाको स्रोत तथा बजेटको आँकलन

**दोस्रो चरणः** कार्यसम्पादनको आँकलन

**तेस्रो चरणः** सेवा प्रदायक र सेवाग्राहीले छुट्टाछुट्टै समूहमा बसेर सेवाको स्व–मूल्याङ्कन गरिन्छ। यसमा सार्वजनिक तहले प्रवाह गर्दै आइरहेको सेवालाई सेवाग्राही र सेवा प्रदायक दुवैले आ–आफ्नै निर्माण गरेको सूचकका आधारमा अङ्क दिने गर्दछन्।

**चौथो चरणः** सेवा प्रदायक र सेवाग्राही सँगै बसेर सूचक र तथ्यका विषयमा छलफल गर्दछन्। एक–अर्काका प्रस्तुति सुन्ने गर्छन्।

**पांचौं चरणः** दुवै पक्षको सहमतिमा समान सूचक निर्माण गरी उक्त कार्यालय र सेवाग्राही दुवैले आगामी दिनमा सुधार गर्नुपर्ने पक्षलाई लेख्छन् र यसको अनुगमनका लागि पनि समिति गठन गर्छन्। यसरी निर्माण गरिएका साझा सूचकलाई लेखेर विभिन्न सार्वजनिक स्थानमा समेत टाँस्ने गरिन्छ।

यस किसिमका सामाजिक जवाफदेहिता अभिवृद्धि गर्ने संयन्त्रको अभ्यासले सेवा प्रदायक र सेवाग्राहीबीच द्वन्द्व तथा असहमति बढ्नुको साटो एकअर्काप्रति सम्मानको भावना जाग्दछ। आपसी सहमति निर्माणमा समेत महत्वपूर्ण भूमिका खेल्दछ। नेपालमा यस संयन्त्रलाई तुलनात्मक रूपमा नयाँ मानिन्छ। नेपाल सरकारले यसलाई आत्मसात् गरेको पाइँदैन। तर, स्थानीय सरकार आफैँले कार्यविधि निर्माण गरी आफ्नो क्षेत्राधिकारभित्र सञ्चालित विकास निर्माणका गतिविधिदेखि विभिन्न सार्वजनिक तहले प्रवाह गरिरहेका सेवा र वस्तुको गुणस्तरबारे पनि अनुगमन गर्ने काम गर्न सक्दछ। स्थानीय सरकारले यस संयन्त्रलाई लागू गर्न स्थानीय नागरिक समाज संस्थाहरूलाई उत्प्रेरित गरी यो पद्धतिलाई आफ्नो सेवा र कामको मूल्याङ्कन गर्ने पद्धतिका रूपमा अभ्यस्त गर्न सके नमुना स्थानीय सरकार बनाउन सहज हुन्छ।

## ५. नागरिक प्रतिवेदन पत्र

सरकारी कार्यालयहरूले नागरिकलाई सार्वजनिक सेवा प्रवाह गरी आफ्नो कार्यसम्पादन गर्दाको प्रत्यक्ष अनुभवलाई समेटिने गरी मूल्याङ्कन कार्यमा उनीहरूलाई पनि सहभागी बनाउने सहभागितात्मक सर्वेक्षण पद्धति अपनाई नागरिक समाज

वा नागरिक समाज संस्थाबाट जानकारी लिई सोको आधारमा सम्बन्धित कार्यालयको मूल्याङ्कन गरी पृष्ठपोषण गर्ने परिपाटीलाई नागरिक प्रतिवेदन पत्र भनिन्छ।

यो प्रक्रिया लागत-प्रभावकारिता (लगानीको अनुपातमा हुने उपलब्धि) को दृष्टिकोणबाट अत्युत्तम ठहरिएको छ। यसबाट सार्वजनिक रूपमा प्रवाह हुने नितान्त आवश्यक सेवाहरू सेवाग्राहीहरू समक्ष कति हदसम्म बिना कुनै भेदभाव, बिना कुनै दबाब, बिना कुनै अतिरिक्त आर्थिक अनियमितता र बिना कुनै अमानवीय क्रियाकलापबाट सेवाग्राहीसम्म सम्मानित रूपमा पुग्न सक्यो कि सकेन भन्नेबारे लेखाजोखा गर्दछ।

नागरिकहरूलाई उच्च गुणस्तरीय सेवा प्रदान गर्नु राज्यको दायित्व हो भने यस्तो सेवा सरल र सहज रूपले प्राप्त भएको महसुस गर्न पाउनु प्रत्येक नागरिकको अधिकार हो यसरी यी दुवै पक्षबाट उपयुक्त रूपले सेवा प्रदान गरेको र प्राप्त गरेको छ भनी सबै पक्ष विश्वस्त हुन पर्दछ सेवा प्रवाहको तौर तरिका, किसिम, गुणस्तर र वातावरणबाट नागरिकहरूले सेवा प्राप्त गर्ने मालिकका रूपमा "हामी नै हौँ" भन्ने महसुस गर्नु पर्दछ यसका लागि राज्यबाट सञ्चालन भएका सेवा प्रदायक संस्थाहरूले नागरिकमाथि प्रदर्शन गर्ने व्यवहार र क्रियाकलाप र सोको नतिजाबाट पुष्टी हुनु पर्दछ।

नागरिक प्रतिवेदन पत्रको आवश्यकता जब राज्य सञ्चालकहरू आफूबाट सञ्चालन भएका सेवा प्रदायकहरूबाट प्रवाह भएका सेवाहरूको स्थिति र त्यसको नागरिक वा सेवाग्राहीहरूमा पर्न गएको प्रभावमा संवेदनहीन, तटस्थ र मौन रहन्छन् अनि नागरिकहरूको कल्याणका लागि राज्यकोषको कसरी उपयोग भइरहेको छ सो बारेमा र अनभिज्ञ (थाहा नभएको) र बेवास्ता (थाहा पाउन नचाहने) स्थितिमा रहन्छन् तब नागरिक समाज वा नागरिक समाज संस्थाहरूले सेवा प्रदायक संस्थाहरूको कार्यप्रणाली र कार्यसम्पादनको प्रत्यक्ष अनुभवयुक्त सूचनाको आधारमा मूल्याङ्कन गरी कार्य प्रणाली र कार्यसम्पादनलाई नागरिकउन्मुख र नतिजापरक बनाउन आवश्यक देखिएको अवस्थामा नागरिक प्रतिवेदन पत्रको आवश्यकता देखिन्छ।

नागरिकहरू आफूमा परेका गुनासा र समस्या समाधानका लागि आफैँ अगाडि नबढी आफ्ना कुराहरू सम्बन्धित ठाउँमा पुर्याउन अधिकतम रूपमा आफ्ना प्रतिनिधिमाथि भर परेको देखिन्छ। नागरिकका प्रतिनिधिहरूले सेवा प्रदायक कार्यालयबाट प्रवाह हुने र भइसकेका सेवाको प्रभावकारिता वृद्धि गर्न र सेवा नागरिकको इच्छा चाहना र आवश्यकता अनुकूल बनाउन सतर्क रहे तापनि निरन्तर दृष्टि पुर्याउन सक्दैनन्। प्रतिनिधिहरू सेवा प्रदायक संस्थाबाट नियमितरूपमा सञ्चालन हुने क्रियाकलापमा भन्दा नीतिगत निर्णयका लागि बढी संलग्न रहनुपर्ने हुन्छ। तर आम नागरिकहरू निरन्तर रूपमा सेवा प्रदायक संस्थाहरूसँग सम्पर्कमा रहन्छन् र प्रभावित पनि भएका हुन्छन्।

सेवा प्रदायक संस्था र नागरिकबीच सेवाको प्रत्यक्ष लेनदेन भएको हुन्छ। प्रत्यक्ष लेनदेनको क्रममा विभिन्न गुनासा, समस्या, कुशलता, सक्षमता आदिको नागरिकहरूले मूल्याङ्कन गरेका हुन्छन्। नागरिकहरूले आफूले संगालेका यी विविध अनुभवलाई उपयुक्त ढङ्गबाट सम्बन्धित ठाउँमा प्रस्तुत गर्न/पुर्याउन चाहन्छन्। यसै सिलसिलामा नागरिकहरूले आफूले भोगेका समस्या र गुनासा शसक्त रूपमा (कहाँ, कसरी र को मार्फत्) व्यक्त गर्ने भन्ने माध्यमको खोजी गरेका हुन्छन्।

नागरिकहरूले आफ्नो आवाज सेवा प्रदायक तहहरू लगायत नीति निर्मातासम्म (वस्तुगत र वैज्ञानिक आधारमा रही) पुर्याउन अपनाइने विविध तरिकामध्ये ***"नागरिक प्रतिवेदन पत्र"*** एक शसक्त माध्यमको रूपमा स्थापित छ।

**नागरिक प्रतिवेदन पत्र अन्तर्गत कार्यालयको मूल्याङ्कनमा निम्न कुराहरू पर्दछन् :**

- सेवाको मूल्याङ्कन मापन तयार गर्ने,
- कार्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्ने,

- सेवाग्राहीको प्रत्यक्ष अनुभवलाई समावेश गर्ने,
- सहभागितात्मक पद्धति अपनाउने,
- नतिजाको मापन विधि तयार गर्ने,
- पृष्ठपोषण गर्ने पद्धति अपनाउने।

**नागरिक प्रतिवेदन पत्रको उपयोग क्षेत्रहरू:**

- सार्वजनिक सेवा र यस सेवा प्रवाह गर्ने संस्थाहरूको मूल्याङ्कन,
- सार्वजनिक सेवा सम्बन्धी सेवाग्राहीको धारणा व्यक्त गर्ने आधार,
- सेवा प्रदायक संस्थाहरूको तुलनात्मक विश्लेषण,
- व्यक्तिगत गुनासा र समस्यालाई सामूहिक रूपमा रूपान्तरण,
- सेवा प्राप्तिका लागि लाग्ने गरेको छद्म वा लुकेको लागत (यदि छ भने) को उजागर गर्ने,
- सेवा प्रदायक संस्थाहरूको कार्यसम्पादनको मूल्याङ्कन र पृष्ठपोषण,
- सेवामा सुधार गर्न व्यवहारिक सुझाव।

**नागरिक प्रतिवेदन पत्रको उपयोग**

- सेवा प्रदायक संस्थाहरूलाई सेवा प्रवाहको स्थिति र प्रभावबारे जानकारी दिई सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन मद्दत पुर्याउँछ,
- सार्वजनिक नीति र कार्यक्रमहरूको लेखाजोखा गरी त्यसको प्रभाव मूल्याङ्कन गर्न मद्दत पुर्याउँछ,
- सरकारको बजेट तर्जुमा वा बाँडफाँड गर्दा क्षेत्रगत रूपमा कार्य दक्षता र नतिजा उपलब्धिको आधारमा तर्जुमा गर्न सूचना प्रदान गर्दछ,
- नीति निर्माताहरूलाई नागरिकहरूको चाहना तथा अपेक्षाको सूचना प्रदान गरी नीति तर्जुमा गर्दा वैकल्पिक उपाय बारेको सोच र तद्अनुरूप नागरिकको मागलाई सार्वजनिक नीतिमा ल्याउन मद्दत पुर्याउँछ।

**नागरिक प्रतिवेदन पत्र कार्यान्वयन विधि र प्रक्रिया**

नागरिक प्रतिवेदन पत्र तयार गर्न सेवाग्राहीसँग प्रश्न सोधेर, प्रश्नावली (***अनुसूची १८*** मा यसको नमूना दिइएको छ) भर्न दिएर वा अवलोकन गरेर सूचना प्राप्त गर्न सकिन्छ। अनुसन्धानकर्ता आफैँले सूचनाको पुस्ट्याइँ गर्नुभन्दा सेवाग्राहीको धारणा र विचार प्रतिबिम्बित गर्नुपर्ने भएकाले प्रश्नावली भराएर वा अन्तर्वार्ताबाट सूचना सङ्कलन गर्ने गरिन्छ। यसमा अनुसन्धानकर्ताले प्रश्नावली तयार पारेर सेवाग्राहीसँग कार्यालय प्राङ्गण वा बाहिरपट्टि नै भेटेर अन्तर्वार्ता भर्ने अभ्यास नेपालमा रहेको छ। यसबाट सेवाग्राहीको सहभागितामा सूचना सङ्कलन भएको ठहरिन्छ।

तत्कालीन स्थानीय विकास मन्त्रालयले २०६७/६८ मा सञ्चालनमा ल्याएको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत केही स्थानीय संस्थाले यस विधिलाई प्रयोगमा ल्याएका थिए। राष्ट्रिय सतर्कता केन्द्रले पनि विभिन्न तहमा अनुगमनमा जाँदा ती तहमा सेवा लिन आएका सेवाग्राहीसँग प्रश्न सोधेर सेवाको गुणस्तरको आँकलन गर्ने गरेको छ।

**नागरिक प्रतिवेदन पत्र कार्यन्वयन प्रक्रियाका विभिन्न चरणहरू**

- नागरिक प्रतिवेदन पत्र कार्यको क्षेत्र परिभाषित गर्ने,
- नागरिक प्रतिवेदन पत्र तयारी र नागरिक पृष्ठपोषण संकलन,
- सेवाको स्तरनिर्धारण गर्ने,
- सार्वजनिक सेवा प्रदायक तहहरूसंग सम्वाद र प्रतिकिया,
- सुधारकार्यमा नागरिक संलग्नता,
- आवधिक मापनका आधार तय एवम् सार्वजनिक मूल्यांकन ।

## ६. सार्वजनिक खर्चको सोध-खोज

स्थानीय सरकार, प्रदेश सरकार, सङ्घीय सरकार तथा अन्य गैर सरकारी संघसंस्थाहरूबाट सञ्चालन गरेका योजनामा के कति बजेट आएको छ ? के कति खर्च भयो ? खर्च कसरी हुँदैछ ? के कति प्रतिफल प्राप्त भयो भनेर खोजी गर्ने विधिलाई सार्वजनिक खर्चको सोधखोज (Public Expenditure Tracking) भनिन्छ ।

कुनै पनि क्षेत्रका लागि बनेको योजना, कार्यक्रम तथा विनियोजन गरिएको स्रोत लक्षित वर्गसम्म पुग्यो या पुगेन ? जुन कामका लागि भनेर बजेट स्वीकृत भएको थियो सोही कार्यमा खर्च भयो कि भएन ? भनेर अनुगमन गर्ने र नभएको पाइए उद्देश्य तथा लक्ष्य अनुरूप खर्च गर्न लगाउनका लागि यस विधिको प्रयोग गरिन्छ । यो विधिमा विनियोजित र खर्चगत तथ्याङ्कहरूको तुलनात्मक विश्लेषण गरिन्छ । कार्यसम्पादनको अवस्थाको आँकलन गरिन्छ । माथिदेखि तलसम्म बजेटको प्रवाहको अवस्था विश्लेषण गरिन्छ र लक्षित वर्गसँग सामूहिक छलफल र अवस्था विश्लेषण गरिन्छ । यस विधिबाट सार्वजनिक बजेटको खर्च व्यवस्थापनमा देखिएका समस्या, कमीकमजोरी, अनियमितता, चुहावट सम्बन्धी वास्तविकता पत्ता लगाई तिनको समाधान गरी प्रभावकारी रूपमा काम गर्नका लागि आधार प्रदान गर्दछ । सार्वजनिक खर्चको खोजी संयन्त्र प्रयोग गर्ने तह तथा व्यक्तिलाई सार्वजनिक खर्च प्रणाालीले कसरी काम गर्छ, सम्बन्धित कामका लागि छुट्याइएको बजेट कसरी खर्च गर्ने भनिएको थियो र त्यो कसरी खर्च भयो जस्ता जानकारी हुनु पर्दछ ।

स्थानीय सरकारबाट सञ्चालन गरिने कार्यक्रम तथा योजनाको खर्च पारदर्शी र जवाफदेही ढङ्गले गर्नु पर्दछ । स्थानीय सरकार सञ्चालन ऐनले पारदर्शीतालाई स्थानीय सरकारको जिम्मेवारीको रूपमा लिएको छ । ऐनमा वित्तीय सुशासन बढाउने गतिविधि गर्नुपर्ने कुरालाई आत्मसात गरेको छ । नागरिक समाजको तहबाट सार्वजनिक खर्चको सोधखोज विधि प्रयोग गर्दा स्थानीय सरकारमा वित्तीय सुशासनमा सुधार ल्याउन मद्दत पुग्दछ । यसका लागि स्थानीय तहको सभाबाट पारित बजेट-कार्यक्रमका विवरण/तथ्याङ्कदेखि उपभोक्ता तहसम्म भएको खर्चको अवस्थाको तहगत जानकारी विश्लेषण र लक्षित समुदायसँग सूचनासहित छलफल गरेर प्राप्त जानकारीको तुलनात्मक प्रस्तुतीकरण गर्न सकिन्छ ।

## ७. सहभागीमूलक योजना तथा बजेट तर्जुमा

लक्षित समुदाय तथा वर्गलाई संलग्न गरी योजना तर्जुमा तथा निर्माण गर्ने विधिलाई सहभागितात्मक योजना तर्जुमा भनिन्छ । सहभागितामूलक योजना बनाउनका लागि स्थानीय समुदायमा आधारित एवम् उपभोक्ता सम्बन्धी संघसंस्था, नागरिक समाज, स्थानीय तह, राजनीतिक दल तथा सरकारी तहका प्रतिनिधि सहभागी हुन सक्छन् । योजना तर्जुमा गर्दा लक्षित वर्गका मानिसहरूसँग रहेका ज्ञान र अनुभवलाई पनि प्रयोग गर्न सकिन्छ । यस प्रक्रियाले विपन्न एवम् सीमान्तकृत वर्गका नागरिकलाई

आफ्नो सरोकारका मुद्दा उठाउने र योजना छनौट तथा बजेट विनियोजन सम्बन्धी निर्णयलाई आफ्नो पक्षमा ल्याउन सहयोग गर्दछ।

योजना तर्जुमा प्रक्रियामा नागरिक लगायत स्थानीय लक्षित समुदायका व्यक्तिलाई सहभागी गराउँदा उनीहरूले सरकारी तहले अवलम्बन गर्ने योजना निर्माण प्रक्रियाबारे धेरै कुरा सिक्न र आफ्ना लागि के गर्दा राम्रो हुन्छ, कसरी माग गर्यो भने योजना प्राप्त गर्न सकिन्छ भन्ने व्यवहारिक ज्ञान प्राप्त गर्दछन्। यस संयन्त्रले नागरिकलाई सरकारी अधिकारीसँगै मिलेर विकास निर्माण सम्बन्धी निर्णय लिन मद्दत पुर्याउँछ।

देश सङ्घीय व्यवस्थामा गए पछि बजेट निर्माण लगायत शासकीय अधिकार स्थानीय तहमै गएकाले तत् सम्बन्धमा आवश्यक कानूनी ब्यवस्था गर्न सक्ने अधिकार स्थानीय तहसँगै रहेको छ। कुनै पनि योजनामा नागरिक सहभागिता सुनिश्चित गर्नका लागि हाल १ करोड रूपैयाँसम्मका योजना उपभोक्ता समिति मार्फत् सञ्चालन गर्ने व्यवस्था छ।

लक्षित समूहको सहभागिता सुनिश्चित गर्नका लागि आयोजना कार्यान्वयन र सञ्चालन गर्दा आयोजननाबाट प्रत्यक्ष रूपमा लाभान्वित हुने घरपरिवारको पहिचान गरी उनीहरूकै भेलाबाट आयोजना स्थलमै ७ देखि ११ जना सदस्य रहेको उपभोक्ता समिति गठन गर्नुपर्ने व्यवस्था छ, भने त्यस्तो समितिमा कम्तीमा ३३% महिला हुनुपर्ने र अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्ने व्यवस्था छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार वस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने व्यवस्था गरेको छ। उक्त ऐनको परिच्छेद ६ मा योजना तर्जुमा तथा कार्यान्वयनको बारेमा स्पष्ट रूपमा योजना प्रस्तावदेखि निर्णयसम्मका ***सात चरणबारे*** उल्लेख गरेको छ।

**स्थानीय तहको योजना तथा बजेट तर्जुमाका चरणहरू:**

| चरण | काम | समय |
|---|---|---|
| १. | **बजेटको पूर्व तयारी:**<br>आयव्ययको प्रक्षेपण गरिएको तथ्याङ्क सहितको विवरण सङ्घीय सरकारमा पेश गर्ने। | **पुस मसान्तभित्र** |
| | सङ्घ र प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने | **चैत मसान्तभित्र** |
| २. | **स्रोत अनुमान तथा बजेट सीमा निर्धारण** | **बैशाख १५ भित्र** |
| ३. | **बस्ती तहका योजना छनौट** | **बैशाख १० भित्र** |
| ४. | **वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण** | **जेष्ठ १५ भित्र** |
| ५. | **बजेट तथा कार्यक्रम तर्जुमा** | **जेष्ठ मसान्त भित्र** |
| ६. | **गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति** | **असार ५ भित्र** |
| ७. | **गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति** | |
| | बजेट तथा कार्यक्रम प्रस्तुति | **असार १० भित्र** |
| | बजेट तथा कार्यक्रम स्वीकृति | **असार मसान्त भित्र** |

स्थानीय नागरिक तथा तिनका प्रतिनिधिहरूलाई प्रत्यक्ष सहभागी गराएर बजेटले समेट्ने क्षेत्र, प्राथमिकता निर्धारण, उपलब्ध स्रोत साधनका आधारमा बजेट विनियोजन, खर्चको व्यवस्थापन र अनुगमन गर्ने गरी तर्जुमा गरिएको बजेटलाई सहभागितामूलक बजेट भन्ने गरिन्छ।

सहभागितामूलक बजेट तर्जुमा गर्दा नागरिक एकै ठाउँमा सँगै बस्छन् र बजेटमा के कस्ता कार्यक्रम र पक्षहरूलाई समावेश गर्नुपर्छ भन्ने बारेमा सम्बन्धित तहलाई सुझाव दिन सक्छन् । बजेट तर्जुमा प्रक्रियामा नागरिकका अनुभव सुन्न र उपयोगी सुझाव लिन सबैभन्दा पहिलो उनीहरूलाई कसरी बजेट निर्माण गरिन्छ, ऐन नियम तथा कार्यविधिहरूमा बजेटका सम्बन्धमा के कस्ता प्रावधानहरू रहेका छन् भन्ने बारेमा जानकारी गराउन जरूरी हुन्छ ।

सहभागितामूलक बजेट भन्नाले बजेट तर्जुमा प्रक्रियामा सहभागिताका अलावा बजेटका चारै चरण– तर्जुमा, पारित, कार्यान्वयन र निगरानी तथा परिणाम समेतमा नागरिक सहभागिताको विधि अवलम्बन गर्नु हो । तसर्थ बजेट स्थानीय सभामा कार्यपालिकाका तर्फबाट प्रस्ताव गरिएपछि सोसम्बन्धी जानकारी र दस्ताबेजहरू नागरिकको पहुँचमा पुग्नु पर्दछ ।

बजेट पारितको चरणमा वैधानिक निर्णायक परिषद्का सदस्यहरू मात्र हुने भए पनि सोबारे नागरिक स्तरमा टिकाटिप्पणी र सुझाव दिने वातावरणले बजेटलाई परिपक्व र सहभागितामूलक बनाउन योगदान दिन्छ । बजेटको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, लेखापरीक्षण जस्ता चरणहरूमा पनि नागरिक सहभागितामा सिर्जनशील उपायहरू अवलम्बन गरिएमा बजेटले लक्षित प्रतिफल दिन सक्ने हुन्छ र नागरिकमा पनि बजेटप्रति स्वामित्वबोध भै कार्यान्वयनलाई सफल बनाउन सहयोग प्राप्त हुन्छ ।

## ८. वहिर्गमित सेवाग्राही अभिमत (Exit Poll)

सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्ने विविध उपकरणहरू यो पनि एक प्रमुख उपकरण हुन् । यसको माध्यमबाट स्थानीय सरकारलाइ सार्वजनिक सुनुवाईका विधिहरू संशोधन गर्न सहयोग मिल्दछ । यसमा भएका विभिन्न प्रश्नावलीहरू स्थानीय सरकारलाई आधारभूत शिक्षा र आधारभूत स्वास्थ्य सेवासँग सम्बन्धित प्रतिक्रियाहरू प्राप्त गर्न मदत गर्दछ ।

सेवाग्राही कार्यालयको मूल ढोकाबाट बाहिर निस्कने बित्तिकै उसले प्राप्त गर्न चाहेको वा प्राप्त गरेको सेवाबारे सोधपुछ गरी अभिमत लिइने भएकाले यस विधिको नाम बहिर्गमित सेवाग्राही अभिमत रहेको हो । सेवाग्राही अभिमत सङ्कलन गर्ने व्यक्ति सेवाप्रदायक तह (स्थानीय तहको सन्दर्भमा कुरा भइरहेकोले सम्बन्धित स्थानीय तहको कार्यालय) को प्रवेश/निकाशद्वार मा बस्नुपर्छ र सेवाग्राही बाहिर निस्कने बित्तिकै अभिमत लिनुपर्छ ।

यस्तो अभिमत सेवाग्राहीसँगको छलफल तथा अन्तर्वार्ता विधिबाट लिनुपर्छ । यसका लागि सामान्य चेकलिस्ट अग्रिमरूपमा तयार गर्न सकिन्छ । लामो प्रश्नावली त्यति प्रभावकारी हुदैन । सेवाग्राहीले तत्काल लिन चाहेको वा लिएको सेवामा केन्द्रित रहेर अभिमत जाहेर गर्न लगाउँदा बढी यथार्थपरक जानकारी आउन सक्छ । उदाहरणका लागि कुनै वडा कार्यालयमा जलवायु परिवर्तन, विपद् व्यवस्थापन तथा वातावरण संरक्षणको क्षेत्रमा आफ्नो कामका लागि गएका सेवाग्राहीको अभिमत लिने हो भने निम्नलिखित चेकलिस्ट प्रयोग गर्न सकिन्छः

- सर्वप्रथम सेवाग्राहीलाई अभिवादन गर्दै एक क्षण समय माग गर्ने ।
- अभिमत लिनुको उद्देश्य बताउने ।
- यस कार्यालयले दिने सेवाको मूल्याङ्कन गर्दै अझ प्रभावकारी बनाउन सुझाव दिने ।
- सेवा लिने कुरामा तपाईंले पाउनुभएका सकारात्मक कुरा सङ्कलन गरी सेवा प्रदान गर्नेलाई सुनाउँदै उसलाई प्रोत्साहित गर्ने ।
- सेवा लिने प्रक्रियामा देखिएका कठिनाइहरू सेवा प्रदान गर्नेलाई सुनाइ उसलाई सुधारका लागि प्रतिवद्ध बनाउने ।

- उत्तरदातालाई यो छलफलमा उसले दिएका अभिव्यक्तिको व्यक्तिगत गोपनीयता कायम राखिने  र केवल विचारमात्र विश्लेषण गरी सम्बन्धित सेवाप्रदायक समक्ष सुधारका लागि प्रयोग गरिने कुरामा विश्वस्त तुल्याउने ।
- सेवाग्राहीको नाम, ठेगाना सोधेर लेख्ने (उक्त सेवाग्राहीको अनुमति लिएरमात्र लेख्ने) ।

<u>सेवाग्राहीसंग निम्नलिखित प्रश्नको उत्तर मागी नोट गर्ने</u>

- तपाइँ के कामले आउनुभएको थियो ?
- तपाइँको काम भयो/भएन ?
- फेरि कहिले बोलाएका छन् ?
- तपाइँको काम बनेको भए कति समय लाग्यो ?
- तोकिएभन्दा बढी आफ्नो खर्च पनि लाग्यो ? कति ?
- तपाइँ के आशा लिएर यो कार्यालय आउनुभएको थियो, त्यो पूरा भयो कि भएन ?
- तपाइँले आफूले भेट्नुपर्ने पदाधिकारी वा कर्मचारीलाई भेट्न कत्तिको सजिलो भयो ?
- कुन व्यक्तिलाई भेट्नुपर्छ र कुन कोठामा हो भन्ने कुरा सजिलै पत्ता लाग्यो कि कसरी पत्ता लगाउनुभयो ?
- सेवा प्रदान गर्नेहरूले कस्तो व्यवहार गरे ?
- तपाइँलाई केही सोध्नुपरेमा वा गुनासा भएमा यस कार्यालयमा कहाँ र कसलाई भन्नुहुन्छ ?
- तपाइँका केही सुझाव भएमा भन्नोस् ?

यसरी लिइएको अभिमत वा भोगेका कुरा ***<u>अनुसूची १९</u>*** को ढाँचामा दिए अनुसार सङ्क्षिप्तरूपमा उल्लेख गर्नुपर्छ । यसरी अभिमत लिँदा सेवाग्राहीले आफूलाई लागेका कुरा निर्धक्करूपमा भन्न सक्ने वातावरण निर्माण गर्नुपर्छ । अन्यथा अभिमत स्पष्टरूपमा नआउन सक्छ । कुरा राख्दा अप्ठेरो पर्छ कि भन्ने डर मनमा रहेमा सेवाग्राहीहरू खुलस्त नहुन सक्छन् । तसर्थ अभिमत लिने काम एकान्तमा गर्नु उपयुक्त हुन्छ र अभिमत लिनुको उद्देश्य समेत स्पष्टरूपमा पहिले नै सेवाग्राहीलाई बताउनु राम्रो हुन्छ ।

केही सेवाग्राहीको अभिमतका आधारमा मात्र छनोट गरिएको सवाल वा विषयले आमसेवाग्राहीको प्रतिनिधित्व गर्न नसक्ने हुँदा कम्तीमा ५० सेवाग्राहीहरूको अभिमत लिनु आवश्यक छ । अभिमत सङ्कलन गर्दा सकेसम्म सबै जातजाति, पेसा, वर्गका सेवाग्राही  एवं, महिला, विपन्न र पिछडिएका वर्गको प्रतिनिधित्व गराउनुपर्छ । यसरी सेवाग्राहीबाट अभिमत सङ्कलन गरिसकेपछि प्राप्त अभिमतहरू विश्लेषण गर्नुपर्छ । अभिमत विश्लेषणका आधारमा महत्वपूर्ण सवाल/विषयहरू पहिचान गर्नुपर्छ ।

## ९. सार्वजनिक उजुरी तथा गुनासो व्यवस्थाव्यवस्थापन प्रणाली

स्थानीय तहले विभिन्न विषयहरूमा नागरिकका गुनासा र उजुरी प्राप्त गरी सो को व्यवस्थित ढंगबाट सुनुवाइ गर्नका लागी लागु गरेको प्रणाली हो । यो एक विद्युतीय प्रणालीमा आधारित उपकरण हो जसमार्फत नागरिकहरूले आफ्नो समस्या वा गुनासो वा सुझाव सम्वन्धित नगर वा गाउँपालिकामा राख्न सक्दछन् । गाउँ तथा नगरपालिकामा प्राप्त गुनासाहरूको व्यवस्थापन गर्न र यसको स्थिति विषयमा अद्यावधिक हुन सहयोग पुर्याओस भन्नका लागि यसको निर्माण गरिएको छ । यस उपकरणले नागरिकका लागि फोनबाट उनीहरूको प्रतिवेदनहरू राख्न सजिलो बनाउँदछ । विशेषगरी, महिला तथा सिमान्तकृत समूहको

लागि उनीहरूको आवाजहरू नगरपालिकासम्म पु-याउने  काममा यसले सहयेग पुर्याउदँछ । यो रिपोर्ट अनलाइन फारम प्रयोग गरी पनि गर्न सकिन्छ ।

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ४ ले प्रत्येक सार्वजनिक तहले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । ऐनले कुनै पनि सार्वजनिक तहले प्रवाह गरेका सेवा सुविधा तथा वस्तुका सम्बन्धमा कुनै पनि असन्तुष्टि तथा गुनासोलाई व्यवस्थापन गर्नका लागि महत्वपूर्ण व्यवस्था गरेको छ । ऐनको परिच्छेद २ मा सूचनाको हक र सूचना प्रवाह सम्बन्धी व्यवस्था छ । ऐनको दफा ३ मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक तहमा रहेको सूचनामा पहुँच हुनेछ भनिएको छ । ऐनको यस प्रावधानले कुनै पनि व्यक्तिको कुनै सार्वजनिक तहले प्रवाह गरिरहेको सेवा तथा वस्तुको बारेमा स्पष्ट पारेकोछ ।

गुनासो भएमा त्यसको बारेमा आवश्यक सूचना माग गर्ने र त्यसको आधारमा गुनासो समाधानको लागि अन्य प्रक्रियाहरूको सुरूवात गर्न सक्ने हुन्छ । उदाहरणका लागि, गाउँपालिकाले वितरण गर्ने सामाजिक सुरक्षा भत्ता समयमा नपाएमा सूचना माग गर्ने र आफ्नो नामको सुरक्षा भत्ता किर्ते दस्तखत गरी अरूले नै बुझिसकेको रहेछ भने सम्वन्धित कार्यालमा तत्काल उजुरी गर्ने र कारवाही नभएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगजस्ता तहमा उजुरी गर्न सकिन्छ ।

ऐनको दफा ४ मा सार्वजनिक तहको दायित्व उल्लेख गरिएको छ । प्रत्येक सार्वजनिक तहले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनुपर्ने उल्लेख छ । सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्नो कामकारबाही खुला र पारदर्शी रूपमा गर्ने र आफ्नो कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने भनिएको छ । यो कानूनी व्यवस्थाको मुख्य उद्देश्य नै सरकारी कामकारवाहीलाई जवाफदेही बनाउन प्रमाणमा आधारित गुनासा र उजुरी नागरिकले गर्न सकुन् भन्ने नै हो । सार्वजनिक उजुरी तथा गुनासो दर्ता किताबको नमूना ***अनुसूची २०*** मा, यसको समाधानको लागि प्रस्ताव नमूना ***अनुसूची २१*** मा र गुनासो समाधान समन्वय समितिमा पेश गर्नु पर्ने विवरण ***अनुसूची २२*** मा दिईएको छ ।

## १०. नागरिक वडापत्र

सार्वजनिक सेवा प्रदायक संस्था तथा तहहरूले प्रवाह गर्ने वस्तु तथा सेवाको किसिम, सेवा प्राप्त गर्दा लाग्ने शुल्क तथा दस्तुर, समयावधि, सेवा प्रवाहको शर्त तथा कार्यविधि, सेवा उपलब्ध हुन नसकेको अवस्थामा गर्न सकिने उजुरीका प्रक्रियाहरू लगायतका विषयहरूलाई प्रष्ट रूपमा खुलाई सेवाग्राहीको जानकारीका लागि सार्वजनिक सेवा प्रदायक तहमा सबैले देख्ने स्थानमा टाँगिएको सार्वजनिक सूचना नै नागरिक वडापत्र हो । यसलाई सेवा प्रदायक तहले सेवा पुर्याउनको लागि जारी गरेको सार्वजनिक प्रतिवद्धताको रूपमा लिने गरिन्छ भने नागरिकका लागि सेवा प्राप्त गर्न सहज हुने सहयोगी जानकारी पत्र मानिन्छ ।

वि.सं. २०६४ सालमा जारी भएको सुशासन ऐनको दफा २५ र २०६५ मा जारी भएको सुशासन नियमावलीको नियम १४ मा हरेक सार्वजनिक सेवा प्रदायक तहहरूले अनिवार्य रूपमा सबैले देख्नेगरी नागरिक बडापत्र राख्नुपर्ने व्यवस्था छ । नेपाल सरकारले २०६८ सालमा जारी गरेको सुशासन कार्ययोजनामा पनि तोकिएको क्षेत्रमा क्षतिपूर्ति सहितको नागरिक वडापत्रको व्यवस्था गरिनेछ भनिएको छ ।

सर्वसाधारण नागरिकका लागि नागरिक बडापत्र सम्बन्धित कार्यालयका बारेमा सूचना प्राप्त गर्ने पहिलो सरल माध्यम हो । तोकिएको समयमा सेवा दिन अस्वीकार गरेमा वा आलटाल गरी ढिलासुस्ती भएमा सुशासन नियमावलीको नियम १४(५) मा अधिकतम ५ हजार रूपैयाँसम्म क्षतिपूर्ति सम्बन्धित कर्मचारीबाटै भराउने व्यवस्था गरिएको छ । कार्यालय प्रमुख समक्ष उजुरी गर्दा पनि समस्या वा गुनासो समाधान नभएमा राष्ट्रिय सतर्कता केन्द्रमा उजुरी दिन सकिन्छ ।

पछिल्लो समय नागरिक वडापत्रलाई डिजिटल वा विद्युतीय बनाउन थालिएको छ । कतिपय सार्वजनिक तहहरूले कार्यालयमा डिजिटल डिस्प्ले नोटिस बोर्ड एवम् श्रव्य तथा श्रव्यदृश्य सहितको नागरिक वडापत्रका साथै मोवाईल एपमा समेत हेर्न सकिने गरी यसको सुरूवात समेत गरेका छन् । यसका साथै विभिन्न परियोजनाले पनि आफ्ना आयोजना तथा कार्यक्रम लागू भएका स्थानहरूमा सो सूचना आयोजना तथा कार्यक्रमको नाम, कूल लागत, जनसहभागिता आदि बारे नागरिक लाई जानकारी दिने चलन पनि छ जसको नमूना/ढाँचा ***अनुसूची-२३*** मा दिएको छ ।

त्यसो त सामाजिक जवाफदेहिताको प्रत्याभूत गर्नलाई नेपालमा वि. सं. २०५६ देखि नागरिक बडापत्रको अवधारणा विकास भएको हो जसको उद्धेश्य तोकिएको समयमा नागरिकलाई सरकारले सेवा सुविधा पारदर्शी एवं प्रभावकारी ढंगबाट प्रवाह गर्ने हो । यसो नगर्दा कर्मचारी र राज्य पक्षबाट क्षतिपूर्ति भर्नुपर्ने हुन्छ । यस्तो व्यवस्थाका कारण कर्मचारीहरू नागरिक प्रति जिम्मेवार हुन्छन र तोकिएको सेवा प्रवाह हुन्छ भन्ने मान्यता रहेको हुन्छ । तथापि , नेपालमा यसको फितलो प्रयोगको कारण नागरिकले सेवा सुविधाहरू विना झन्झट तोकिएको समयमा नपाएको र नागरिक बडापत्रको प्रयोग र कार्यान्वयनको अवस्था कमजोर रहेको देखिन्छ । स्थानीय तहको निर्वाचन पश्चात केही स्थानीय तहहरूले सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षणलाई निरन्तरता दिंदै आएका छन् भने केही स्थानीय तहले यसको नियमित प्रयोग गरेको पाइँदैन ।

कतिपय सरकारी कार्यालयहरूले नागरिक बडा पत्रको प्रतिवद्धतानुसार काम गर्न सकेको देखिंदैन । तसर्थ, प्रत्येक सरकारी कार्यालयमा क्षतिपूर्तिसहितको नागरिक बडापत्रको अनिवार्य व्यबस्था गर्नुपर्छ । यस्तो, क्षतिपूर्तिमा नगद नै दिन नसके पनि ढिलाइको गाम्भिर्यता हेरी माफी माग्ने र सेवा शीघ्र दिनेगरी सर्भिस कुपन जारी गर्न सकिन्छ । यसरी क्षतिपूर्तिको दावी गर्ने नागरिकलाई सजग नागरिकको सम्मान दिई निजको फोटो एक महिना कार्यालयको मूलद्वारमा राख्न सकिन्छ । ढिला सेवा दिएबापत सरकारी मोटरले सेवाग्राहीलाई घरसम्म पुरयाईदिने जस्ता रचनात्मक क्षतिपूर्ति दिन सकिन्छ ।

साथै, नागरिक बडा पत्रहरू अडियो र भिजुयल दुवै हुनुपर्छ । आम नागारिकलाई निजहरूले अपेक्षा गरेको सेवाको विषयमा नागरिक बडा पत्रको प्रावधानहरूको जानकारी गराएर मात्रै कार्यालयभित्र प्रवेश गराउने गरी हेल्पडेक्सका कर्मचारी सक्रिय एवं सेवाग्राहीमैत्री हुनुपर्छ । साथै, सरकारी अड्डाको परिसरमा वाइफाइ फ्रि गरेर नागरिक बडा पत्र सेवाग्राही नागरिकको मोबाइलमा डाउनलोड गराई सोअनुसारको तोकिएको समयमभित्र सेवा हासिल गर्न उत्प्रेरित गर्नुपर्छ ।

नागरिक संस्थाहरूको निरन्तर पैरवी र अभियान पश्चात् नेपाल सरकारबाट जारी भएका सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण र सामाजिक परीक्षण आदि सम्बन्धी निर्देशिका र कार्यविधिहरू पारदर्शी, जवाफदेही र सहभागितामूलक सार्वजनिक सेवा प्रवाह र सुशासन अभिवृद्धिमा महत्वपूर्ण योगदान हुन् ।

सामाजिक जवाफदेहिताका संयन्त्रको प्रभावकारी र सफल कार्यान्वयनको लागि स्थानीय जनप्रतिनिधि तथा कर्मचारीहरू कम क्रियाशील भएको होकी जस्तो भान हुन्छ । साथै हामीमा यी सामाजिक जवाफदेहिता औजार तथा संयन्त्रहरूको कार्यान्वयन गर्न आवश्यक दक्ष सहजकर्ता र प्राविधिक ज्ञान आवश्यक पर्छ, जुन अहिले स्थानीय तहमा सहज रूपमा उपलब्ध छैन ।

तसर्थ यी सबै चुनौतिलाई हटाउने हो भने स्थानीय सरकारले सामाजिक जवाफदेहिता पूरा गर्न निर्वाचित जनप्रतिनिधिहरूले नीति निर्माण, योजना तर्जुमा तथा कार्यान्वयन, सोको अनुगमन, मूल्यांकन तथा सुपरीवेक्षणजस्ता क्षेत्रमा क्रियाशील हुनुपर्ने र यसको लागि आवश्यक दक्ष जनशक्ति तथा सहजकर्ता निर्माण र प्राविधिक ज्ञान बढाउने कार्य गर्नु आवश्यक देखिन्छ । साथै प्रशासनिक जवाफदेहिता पूरागर्न स्थानीय सरकारको कार्यान्वयन तहको भूमिकामा रहेका प्रमुख प्रशासकीय अधिकृतलगायत विषयगत शाखा सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन, प्रगति समीक्षा, आन्तरिक नियन्त्रण र प्रतिवेदनजस्ता क्रियाकलापमा संलग्न हुनुपर्ने टड्कारो रूपमा देखिन्छ ।

## ११. सूचनाको हकबारे जानकारी

सूचनाको हक र सुशासनबीच गहिरो सम्बन्ध छ । सुशासन पाउने नागरिकको नैसर्गिक अधिकार हो । नागरिकबाट प्रत्यायोजित गरिएको अधिकार प्रयोग गर्ने तह र पदाधिकारीले संविधान एवम् कानूनको सीमाभित्र रही उचित प्रक्रिया पूरा गरेर गरिने शासनले मात्र वैधता प्राप्त गर्छ । दिगो शान्तिको निम्ति लोकतान्त्रिक राज्य व्यवस्थाको निर्माण र सुशासनको सुनिश्चितता आवश्यक पर्छ । मुलुकमा सुशासनका निम्ति राज्यले अपनाउने शासन प्रणाली लोकतान्त्रिक हुनुपर्ने र त्यस्तो लोकतान्त्रिक व्यवस्थामा विधिको शासन, राज्यको काम कारवाहीमा पारदर्शीता, स्वच्छता, जवाफदेहिता, सहभागिता, सहमति, समता, उत्तरदायीपन, प्रभावकारी एवम् सक्षमता जस्ता सुशासनका आधारभूत मान्यताहरू प्रतिबिम्बित भएको हुनुपर्छ । नागरिकको चाहना र आकाङ्क्षालाई सम्बोधन गर्न राज्यले उत्तरदायीपूर्ण व्यवस्था, जनमुखी प्रशासन, नागरिकका आधारभूत आवश्यकताको परिपूर्ति, भ्रष्टाचार नियन्त्रण जस्ता कुराहरूको सुनिश्चितता हुनुपर्छ ।

सुशासनका निम्ति सूचनाको हक महत्वपूर्ण औजार हो । नागरिक सुसूचित भएमा शासकहरू शासितप्रति उत्तरदायी हुन्छन् । नागरिक सुसूचित भएमा नै शासक शासितप्रति उत्तरदायी भई नागरिकको हितमा नीति, नियम, कानून, योजना बनाउन जिम्मेवार हुन्छन् जसबाट नागरिकको भविष्य सुनिश्चित हुन्छ । सरकारी प्रणाली, सार्वजनिक तहको निर्णयप्रक्रिया र काम कारवाहीमा पारदर्शीता र जवाफदेहिताको सुनिश्चितताको निम्ति सूचनामा नागरिकको सहज पहुँच आवश्यक हुन्छ । लोकतन्त्रको संस्थागत विकास हुन नागरिक सशक्तीकरण आवश्यक पर्ने भएकाले सूचनाको हकले नागरिकलाई सशक्तीकरण गर्ने, निर्णयलाई अर्थपूर्ण बनाउने, नागरिकले प्रश्न उठाई सार्वजनिक तहको निर्णयमा प्रभाव पार्न सक्ने जस्ता स्थितिको सिर्जना हुन्छ । सूचनाको हकको आवश्यकता र महत्वलाई आत्मसात गरी आधुनिक लोकतान्त्रिक मुलुकहरूले संविधान र विशेष कानूनद्वारा नागरिकका सूचनाको हकको प्रत्याभूति गरी “खुला सरकार”को अवधारणालाई स्वीकार गरेको अवस्था छ ।

- नेपालमा सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीका विशेषताहरू
- नेपालमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले सार्वजनिक तहमा रहेको देहायको विषयसम्बन्धी सूचना प्रवाह नगरिने व्यवस्था गरेको छ :

(क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,

(ख) अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,

(ग) आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैङ्किङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,

(घ) विभिन्न जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने, र;

(ङ) व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पु-याउने ।

यस ऐनमा मूलतः नागरिकलाई सूचनाको हक हुने, खास प्रकारका सूचना प्रवाह नगरिने, सार्वजनिक तहको दायित्व, सूचना अध्यावधिक र प्रकाशन, सूचना अधिकारी, सूचना प्राप्त गर्ने कार्यविधि, उजुरी र पुनरावेदन, राष्ट्रिय सूचना आयोग एवं सूचना संरक्षण, सूचनाको दुरूपयोग गर्न नहुने जस्ता प्रावधान रहेका छन् ।

## नेपालमा सूचनाको हक सम्बन्धी ऐन तथा नियमावलीमा समेटिएका विषयहरू

**क)** सूचनाको हक सम्वन्धी ऐन, २०६४ ले प्रत्येक नागरिकलाई सूचनाको हक हुने तथा सार्वजनिक तहमा रहेका सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ।

**ख)** सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ४ को उपदफा (२) को खण्ड (क) मा प्रत्येक सार्वजनिक तहले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्न सूचनाको वर्गीकरण समेत गर्नुपर्ने व्यवस्था गरेको छ।

यो ऐनको प्रयोजनको लागि सार्वजनिक तह शब्दावलीको परिभाषा गरेको देखिन्छ। जस अनुसार संवैधानिक तह, ऐनद्वारा गठित तह, सरकार गठित तह, कानूनद्वारा गठित सार्वजनिक संस्था र प्रतिष्ठान, राजनीतिक दल र संगठन, सरकारी संगठित संस्था, सरकार वा कानुनी तहसँगको सम्झौताबाट गठित संस्था, सरकार र दाता राष्ट्र वा अन्तराष्ट्रिय संस्थाबाट रकम प्राप्त गरी चलेका गैरसरकारी संस्था र राजपत्रको सूचनाबाट सरकारले तोकेका संस्था सार्वजनिक संस्था हुन्। यी संस्थाले सूचना वर्गीकरण गर्नुपर्ने कर्तव्य तोकिएको छ।

**ग)** यसै गरि ऐनको दफा २७ ले सूचनाको वर्गीकरण सम्बन्धी थप व्यवस्था गरेको छ। जसअनुसार सूचना वर्गीकरणको मूल उदेश्य ऐनको दफा ३ को उपदफा (३) सँग सम्बन्धित सूचनाको संरक्षण गर्नु हो। यसरी संरक्षण गर्नुपर्ने सूचना मूलतः सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा आदि राष्ट्रियता सम्बन्धी विषय, अपराध अनुसन्धान र अभियोजन, आर्थिक विषयहरू एवं बैंकिङ तथा व्यापारिक गोप्यता, जातीय र साम्प्रदायिक सम्बन्ध तथा व्यक्तिगत गोपनियता जस्ता विषयहरू छन् ।

संविधानको धारा २७ को प्रतिबन्धात्मक वाक्यांशले कसैलाई जानकारी दिन कर नलाग्ने गोप्य सूचना भनेका दफा मूलतः यिनै सूचना हुन्। यो ऐनबाहेक अन्य कानूनले पनि यसप्रकारका सूचनाको व्यवस्था गरेको हुनसक्छ र ती पनि सूचनाको हकका अपवाद हुन सक्छन्। प्रचलित नेपाल ऐनहरूका व्यवस्था हेर्दा करिब ३२ वटा ऐनमा करिब ५० वटा गोप्यता सम्बन्धी कानुनी प्रावधान भेटिन्छन्। साथै, वि.सं.२०३९ मा बनेर पनि लागु हुन नसकेको लिखतहरूको गोप्यता सम्बन्धी ऐन, २०३९ पनि छ।

**घ)** यस ऐनको दफा २७ अनुसार सार्वजनिक तहमा रहेका सूचनाको संरक्षण गर्न ती सूचना नीतिगत रूपमा वर्गीकरण गर्नुपर्ने हुन्छ। त्यसको लागि नेपाल सरकारका मुख्य सचिव अध्यक्ष र अन्य दुईजना सदस्य रहेको समितिको व्यवस्था गरिएको छ।

यो व्यवस्थाले गर्दा मन्त्रिपरिषद् वा मन्त्रीले गरेका वा गर्ने निर्णय एवं विधायिका र न्यायपालिकासँग सम्बन्धित संरक्षण गर्नुपर्ने सूचनाको वर्गीकरण पनि मुख्य सचिवको अध्यक्षताको समितिले गर्नुपर्ने भएको छ। खासगरि ऐनको दफा ३ को उपदफा (३) का प्रवाह नगरिने र संविधानको धारा २८ का गोपनीयताको हक सम्बन्धी सूचनाहरूको समग्र स्थिति स्पष्ट नगरी त्यसमा व्याख्याको निम्ति ठाउँ छोडी सो समस्याको समाधान गर्ने जिम्मेवारी विधायिका वा कार्यपालिकाले मुख्य सचिवलाई दिएकोछ ।

**ङ)** ऐनको दफा ३ को उपदफा (३) ले नेपालका सबै सार्वजनिक तहमा रहेका सार्वजनिक सूचनाको नीतिगत वर्गीकरण गर्ने काम सो समितिलाई दिएको छ। सूचनाको नीतिगत वर्गीकरण भनेको ऐनको दफा ३ को उपदफा (३) को खण्ड (क) देखि (ङ) सम्मका सूचनाको वर्गीकरण हो।

**<u>सूचनाको हकका विशेषताहरू तथा महत्व:</u>**

**अ) सूचनाको हकको विशेषताहरू**

क) पारदर्शी पद्धतिको प्रवर्द्धन

ख) कानूनी राज्यको निर्माण

ग) सुशासन प्रवर्द्धन

घ) भ्रष्टाचार नियन्त्रण

ङ) नागरिक सर्वोच्चता

च) जवाफदेहिता

छ) सूचनाको पहूँचमा जोड।

**आ) सूचनाको हकको महत्व**

लोकतन्त्र भनेको जवाफदेही/उत्तरदायी शासन प्रणाली हो। सूचनाको हकले प्रजातन्त्रको सुदृढीकरण गर्दछ र देशको शासन प्रणालीलाई मजबुत बनाउँछ। सूचनाको हक आधुनिक शासन प्रणालीमा अत्यावश्यक सर्तको रूपमा देखापरेको छ। सूचनाको हकले नागरिकलाई सार्वभौम अधिकार प्रयोग गर्न सक्षम बनाउँछ साथै, शासन प्रणालीमा उत्तरदायित्वको प्रत्याभूति गर्दछ। सार्वजनिक निर्णय प्रक्रिया र निर्णयलाई प्रभावकारी बनाउँछ, समाजमा खुला सँस्कृतिको विकास गर्दछ। नागरिकलाई सशक्तीकरण, सार्वजनिक नीतिको प्रभावकारितामा वृद्धि तथा सार्वजनिक सूचनामा नागरिकको अधिकार स्थापित गरिन्छ भने, अधिकार दुरूपयोग, आर्थिक अनियमितता र अनुशासनहीनतामा कमी ल्याउँछ। सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउँछ र शासन प्रणालीमा नागरिकको सहभागितालाई सुनिश्चित गर्दछ। विधिको शासनलाई प्रवर्द्धन, प्रेसको विश्वसनीयता अभिवृद्धि, अफवाह र हल्लालाई निरूत्साहित र प्रजातान्त्रिक शासन प्रणालीलाई सुदृढीकरण गर्दछ।

सूचनाको हक मानव मूल्य र मर्यादासँग सम्बन्धित हक हो जस्ले नागरिकलाई जीवनयापनका लागि समर्थ बनाउँछ। सूचनाको हकको संवैधानिक व्यवस्था र कार्यान्वयनका लागि ऐन ल्याउनु, राज्यले प्रजातान्त्रिक मूल्य मान्यता र सिद्धान्त अंगीकार गर्नु, विश्वव्यापी मानव अधिकार घोषणा १९४८ स्वीकार गर्नु र नेपाल पक्ष रहनु, सार्वजनिक क्षेत्रमा न्यून उत्तरदायित्व रहनु, भ्रष्टाचारको बिगबिगी रहनु, सुसूचित, ज्ञानयुक्त र प्रजातान्त्रिक समाजको विकास हुनु, स्वतन्त्र प्रेसको विकास र संसारका धेरै मुलुकहरूमा सूचनाको हकको अभ्यासको ऐतिहासिकता सफलताले सूचनाको हकको आवश्यकता र महत्व सिद्ध गर्दछ।

**<u>सार्वजनिक तहमा सूचना माग्ने अधिकार तथा प्रक्रिया</u>**

सूचना पाउन चाहने नेपाली नागरिकले त्यस्तो सूचना पाउनुपर्ने कारण खुलाइ सम्बन्धित सरकारी कार्यालय वा सार्वजनिक तहको सूचना अधिकारी समक्ष निवेदन दिनुपर्छ। सूचना माग गर्नेले जुन र जस्तो रूपमा माग गरिएको हुन्छ, त्यही स्वरूपमा पाइन्छ। दिनेले दिनैपर्छ (जस्तै: लिखित, मुद्रित, फोटोकपी, सिडी, पेनड्राइभ वा अन्य ठोस सामग्रीका रूपमा)। तर निवेदकले माग गरेको स्वरूपमा सूचना उपलब्ध गराउँदा सूचनाको स्रोत बिग्रने, भत्कने वा नष्ट हुने सम्भावना भएमा सूचना

अधिकारीले सोको कारण खोली उपयुक्त स्वरूपमा निवेदकलाई सूचना उपलब्ध गराउन सक्छ। सूचना माग गर्नेले ***अनुसूची २४*** मा दिइएको ढाँचामा निवेदन पेश गर्नुपर्दछ।

### अ) सूचना माग र प्राप्ति सम्बन्धी व्यवस्था

नेपाली नागरिकले कुनै पनि सार्वजनिक तहमा रहेका र रहनुपर्ने सूचना प्राप्त गर्न चाहेमा कारण खुलाई निवेदन दिनुपर्ने व्यवस्था ऐनले गरेको छ। कुनै सूचना प्राप्त गर्न चाहने नेपाली नागरिकले त्यस्तो सूचना प्राप्त गर्नु पर्ने कारण खुलाई सम्बन्धित सूचना अधिकारी समक्ष निवेदन दिनुपर्ने व्यवस्था ऐनको दफा ७ (१) मा रहेको छ। नागरिकले सूचना माग गरेको खण्डमा सूचना अधिकारीले तत्काल सूचना उपलब्ध गराउनुपर्दछ। तत्काल सूचना उपलब्ध गराउन नसकिने भएमा सूचना अधिकारीले सोको कारण सहितको जानकारी तुरून्त निवेदकलाई गराउनु पर्ने व्यवस्थापनि रहेको छ। सूचना अधिकारी समक्ष कुनै नागरिकले कुनै व्यक्तिको जिउ-ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको रहेछ भने सूचना अधिकारीले त्यस्तो सूचना माग गरेको चौबीस घण्टाभित्र निवेदकलाई उपलब्ध गराउनुपर्ने समेत ऐनले व्यवस्था गरेको छ। यसरी सार्वजनिक तहमा सूचना अधिकारी तोकिएको अवस्थामा नेपाली नागरिकले सूचना माग गर्न जाँदा लिखित निवेदन गरेको खण्डमा बढीमा दुई साताभित्र माग बमोजिमको सूचना प्राप्त गर्न सक्ने प्रावधान ऐनमा राखिएको छ।

### आ) सूचना प्रवाह सम्बन्धी व्यवस्था

यसरी सूचना माग भएको अवस्थामा सम्बन्धित सार्वजनिक तहका सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवदेन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना उपलब्ध गराउनुपर्ने व्यवस्था ऐनको दफा ७ (२) मा रहेको छ। सार्वजनिक तहहरूले ऐनको दफा ६ मा सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारी तोक्ने, कार्यालय प्रमुखले नियमित रूपमा सूचनाहरू सूचना अधिकारीलाई उपलब्ध गराउने र आवश्यकताअनुसार सूचना शाखाको पनि व्यवस्था गर्न सक्ने प्रावधानहरू उल्लेखित रहेका छन्। यसरी प्रत्येक सार्वजनिक तहहरूले ऐनबमोजिम सूचना अधिकारी तोक्नुपर्ने र आवश्यकताअनुसार तीन/तीन महिनामा आफ्नो तहसँग सम्बन्धित सूचनाहरू अद्यावधिक गरिरहनुपर्ने कानुनी व्यवस्था रहेको छ। सार्वजनिक तहहरूले आम नागरिकहरूलाई सुसूचित गराउन स्वतः प्रकाशन गर्नुपर्ने बीस प्रकारका सूचनाहरू समेत ऐन तथा नियममा तोकिएको छ।

### इ) सूचना प्रवाह गर्न नमिल्ने विषय

ऐनको दफा ३(३) मा पाँच वटा विषयमा सूचना प्रवाह गर्न नमिल्ने व्यवस्था पनि गरेको छ। जसमा नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्तिसुव्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनामा प्रत्यक्ष असर पार्ने, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने र व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य, वा सुरक्षामा खतरा पु-याउने जस्ता विषयहरू गोप्य राख्नुपर्ने प्रावधान रहेको छ। त्यस्तै ऐनको दफा ३(४) मा सार्वजनिक तहको अभिलेखमा यस ऐन बमोजिम प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना भए सूचना अधिकारीले प्रवाह गर्न मिल्ने सूचना छुट्याएर निवेदकलाई उपलब्ध गराउनुपर्ने व्यवस्था उल्लेखछ।

### ई) सूचना नपाएमा उजुरी एवं पुनरावेदनको व्यवस्था

ऐनले नागरिकहरूलाई दुई किसिमको उजुरी गर्न सक्ने व्यवस्था दिएको छ। पहिलो, सार्वजनिक तहका सूचना अधिकारीले ऐनले तोकेको म्यादभित्र कुनै पनि सूचना उपलब्ध नगराएमा, आंशिक मात्र उपलब्ध गराएमा वा सूचना उपलब्ध

गराउन बेवास्ता गरेमा सोही सार्वजनिक तहको कार्यालय प्रमुखसमक्ष उजुरी निवेदन गर्न सक्ने व्यवस्था छ । दोस्रो, सूचना अधिकारीलाई पेस गरेको निवेदन र कार्यालय प्रमुखलाई पेस गरेको उजुरी निवेदनउपर पनि कुनै प्रकारले सुनुवाइ नभएमा राष्ट्रिय सूचना आयोगमा उजुरी निवेदन गर्ने व्यवस्था रहेको छ । त्यस्तै कार्यालयका सूचना अधिकारी एवं कार्यालय प्रमुखले दिएको सूचना आंशिक मात्र भएमा वा गलत सूचना प्राप्त भएमा कार्यालयले सूचना उपलब्ध गराएको मितिले ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न सकिन्छ ।

**उ) सूचना प्राप्तिमा शुल्क सम्बन्धी व्यवस्था**

सूचना प्राप्त गर्दा लाग्ने दस्तुरको सम्बन्धमा ऐनको दफा ८ ले व्यवस्था गरेको छ । सूचना मागकर्तालाई सूचनाको हकसम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम दस पेज सम्मको सूचना निःशुल्क उपलब्ध गराउनु पर्दछ । त्यो भन्दा बढी पेजको सूचना भएमा सामान्य साइजको प्रति पृष्ठ पाँच रूपियाँको दरले राजश्व तिर्नुपर्ने हुन्छ । सामान्य आकारभन्दा ठूलो साइजको पाना भएमा प्रति पृष्ठ दस रूपैया लाग्ने व्यवस्था नियमावलीमा छ । त्यस्तै तोकिएभन्दा बढी मूल्य पर्ने भएमा लागत मूल्यको आधारमा कार्यालयले शुल्क निर्धारण गरी लिन सक्ने व्यवस्था गरिएको छ । सार्वजनिक तहमा रहेको कुनै लिखत, सामग्री वा सो तहको काम कारबाहीको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रूपैयाँ लाग्ने व्यवस्था पनि नियमावलीमा रहेको छ ।

## १२. सम्पति घोषणा

सार्वजनिक पद धारण गर्ने व्यक्तिले सेवा प्रवेश गर्दा, पदमा बहाल रहँदा र सेवाबाट बाहिरिँदा आफ्नो र परिवारको नाउँमा रहेको सम्पत्ति विवरण तथा कर तिरेको विवरण सावजनिक गर्ने व्यवस्थालाई सम्पत्ति घोषणा भनिन्छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ ले सार्वजनिक पद धारण गर्ने सबैले तोकिएको तहमा आफ्नो र परिवारको नाउँमा रहेको सम्पत्ति विवरण बुझाउनुपर्ने अनिवार्य व्यवस्था छ । पारदर्शीता सम्बन्धी अवधारणालाई आत्मसात गरेर नेपालमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ मा भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न तथा भ्रष्टाचार विरूद्ध जनचेतना अभिवृद्धि गर्नका लागि राष्ट्रिय सतर्कता केन्द्रको व्यवस्था गरिएको छ । उक्त ऐनको दफा ३८(ग) ले सार्वजनिक पद धारण गरेका व्यक्तिले प्रचलित कानून बमोजिम दिइएको सम्पत्ति विवरण भरेर राष्ट्रिय सतर्कता केन्द्रमा पठाउनुपर्ने व्यवस्था गरेको छ । यस अनुरूप सम्पत्ति विवरणको आवधिक जानकारी नदिने कर्मचारी तथा सार्वजनिक पदाधिकारीलाई राष्ट्रिय सतर्कता केन्द्रले कारबाही र दण्ड समेत गर्न सक्दछ ।

सार्वजनिक पदमा नियुक्त हुने तथा सार्वजनिक पदधारण गर्ने व्यक्तिले त्यस्तो पदधारण गरे लगत्तै आफू र आफ्नो परिवारको नाममा रहेको चलअचल सम्पत्ति सार्वजनिक रूपमा घोषणा गर्नु पर्दछ । निर्वाचनमा भाग लिने उम्मेदवारले पनि सम्पत्तिको घोषणा गर्नु पर्दछ । निश्चित अवधिका लागि चुनिएको हो भने आफ्नो कार्यकालको बीचमा पुनः सम्पत्ति विवरण सार्वजनिक गर्नु राजनीतिक जवाफदेहिताका दृष्टिले उपयुक्त मानिन्छ । तोकिएको कार्यकाल समाप्त भएपछि पनि अद्यावधिक विवरण सम्पत्ति सार्वजनिक गर्नुपर्ने हुन्छ ।

सम्पत्ति घोषणा गर्ने व्यवस्थाको उद्देश्य, सार्वजनिक पद धारण गरेका व्यक्तिले पाउने तलब भत्ता र सुविधा भन्दा अस्वाभाविक रूपमा उसको सम्पत्ति बढेको देखियो भने त्यस्तो सम्पत्तिलाई अवैध ठहर गरी कानुनी कारबाही अगाडि बढाउन सकियोस् भन्ने मनशाय हो । सार्वजनिक पदाधिकारीको बैध आम्दानी र व्यवसायको स्रोत स्पष्ट गर्न गराउन तथा कतिपय नीति र निर्णयमा स्वार्थ बाझिने पक्ष रहेको भए सो पनि स्पष्ट हुने स्थिति बनाउनु नै यो ऐनको उद्देश्य हो ।

यस्तो कानूनी व्यवस्था भएपनि नेपालमा आफ्नो सम्पत्तिको आवधिक जानकारी नदिने कर्मचारी तथा सार्वजनिक पदाधिकार धेरै पाईन्छ।

## १३. मोबाइल एप्स

नेपालको सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को धारा ३७ मा सूचना प्रविधिको उपयोग गर्ने कुरा उल्लेखितछ। सूचनाको हक सम्बन्धी ऐन, २०६४ ले सार्वजनिक तहहरूलाई सक्रियतापूर्वक छिटो सूचना सार्वजनिक गर्न निर्देशित गरेको छ।

त्यस्तै गरी नेपालमा सन् २००७ बाट विद्युतीय सुशासनको प्रयास शुरू भएता पनि हाल-सालै मात्र विद्युतीय सुशासनको गुरूयोजना समेत तयार भएको छ। सूचना तथा सञ्चार प्रविधि नीति पनि सन् २०१५ मा ल्याइएको छ। सूचना तथा सञ्चार प्रविधि नीतिले देशैभर सस्तो दरमा इन्टरनेट सेवा उपलब्ध गराउन सुझाव दिएको छ।

अब विस्तारै धेरै सार्वजनिक तहहरू सामाजिक सञ्जाल मार्फत् नागरिकसँग जोडिँदै छन् र अन्य डिजिटल प्रविधिको पनि विकास र विस्तार तीव्र भएको छ किनकि विद्युतीय सुशासनको उत्कृष्ट पक्ष के हो भने यसले कर्मचारीतन्त्र, सेवा केन्द्र, बिचौलिया र मध्यस्थकर्ता आदि तहमा हुने अनावश्यक हस्तक्षेप हटाई प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्दछ। यसका विभिन्न स्वरूपहरू छन्ः सरकार र उपभोक्ता, सरकार र व्यापार तथा व्यवसाय, सरकार र सरकार खुला सरकार अवधारणाको एउटा प्रमुख पक्ष पनि शासन प्रणालीमा सूचना प्रविधिको सिर्जनात्मक प्रयोगलाई प्रवर्द्धन गर्नु हो।

सूचना प्रविधि मार्फत् नागरिक साझेदारीमा रचनात्मक अभ्यास सबल हुन सक्छ। यस सन्दर्भमा धेरै गा.पा./न.पा.हरूले मोबाइल एप्स विशेषतः नागरिकको अनुप्रयोगका लागि बनाइएको हुन्छ र विभिन्न जानकारीहरू वा सूचनाहरूमा नागरिकहरूको पहुँचलाई यसले सहजता प्रदान गरिआएको छ। उदाहरणको लागि पालिकहरूको बैठकबारे तुरून्त जानकारी गर्ने/गराउने, सेवाका-सुविधाबारेको विवरण तथा जानकारी, गा.पा./न.पा. का सदस्यहरूको सम्पर्क जानकारीहरू पाउनका साथै विभिन्न जानकारी तथा समाचारहरू यस एप्स मार्फत प्राप्त गर्न सकिन्छ ।

## १४. तेस्रो पक्ष अनुगमन र मूल्याकन

“तेश्रो पक्षबाट हुने अनुगमन र मूल्याङ्कन” भन्नाले कुनै पनि योजना, कार्यक्रम र आयोजना कार्यान्वयन गर्ने तहको नियन्त्रण बाहिरका सार्वजनिक तहबाट वा सार्वजनिक तह बाहिरका अन्य स्वतन्त्र व्यक्ति वा संस्थाबाट वा त्यस्ता सार्वजनिक तह र अन्य स्वतन्त्र व्यक्ति वा संस्था बाट संयुक्त रूपमा गरिने कार्य हो।

विकास नीति, कार्यक्रम, आयोजनाको अनुगमन र मूल्याङ्कन सम्बन्धी कार्य आवश्यकता अनुसार त्यस्ता नीति, कार्यक्रम र आयोजनाको कार्यान्वयन गर्ने तह भन्दा फरकका सार्वजनिक तह समेतबाट स्वतन्त्र रूपमा गराउनु पर्दछ। यसरी कार्य गराउन सार्वजनिक तहको उपलव्ध जनशक्तिबाट नसकिने भएमा वा जनशक्ति उपलब्ध भएतापनि प्रभावकारी रूपमा हुन नसक्ने भएमा वा अनुगमन र मूल्याङ्कन गर्ने कार्य विशेष प्रकृतिको भई सो क्षेत्रका विज्ञको सेवा लिनुपर्ने भएमा वा दातृ तहसँग भएको सम्झौतामा खास आयोजनाको सम्बन्धमा सार्वजनिक तह बाहिरका तेस्रो पक्षबाट अनुगमन र मूल्याङ्कन गर्ने भनिएको अवस्थामा परामर्श सेवा खरिदको माध्यमबाट तेश्रो पक्षको सेवा लिई निष्पक्ष तथा प्रभावकारी अनुगमन र मूल्याङ्कन गराउन सकिनेछ।

यसरी अनुगमन र मूल्याङ्कन गरी प्राप्त हुन आएका प्रतिवेदनहरू प्रचलित कानून अनुसार गोप्य राख्नु पर्ने अवस्थामा वाहेक एक महिनाभित्र सरोकारवालाहरूको जानकारीका निम्ति सम्बन्धित तहले सार्वजनिक गरी यसमा उल्लेख गरिएका सिफारिस तथा थप कार्यहरू कार्यान्वयन गर्नु पर्नेहुन्छ।

## ६.२ सामाजिक जवाफदेहिता कायम गरी स्थानीय तहको सेवालाई प्रभावकारी बनाउने थप उपायहरू

सरकारी कार्यालयको काम आम नागरिकले अपेक्षा गरेको सेवा प्रवाह गर्ने हो। यर्थाथमा, जसले आफ्नो प्राकृतिक गुणको रक्षा गर्छ, त्यसको पहिचान पनि सकारात्मक बन्छ। जसले आफ्नो प्राकृतिक गुण नै नष्ट गर्छ, त्यसलाई धिक्कारिन्छ। त्यस्ले आफ्नो पहिचान गुमाउँछ। बदनामी कमाउँछ। कुनै सरकारी कार्यालय र त्यसको नेतृत्वले रोलमोडेलको पहिचान बनाएका छन् भने कैयौं कार्यालय र तिनको नेतृत्वले आफुलाई भ्रष्टचारीको बिल्ला भिराएका छन्। त्यसो भए सरकारी कार्यालयले न्यूनतम रूपमा आफ्नो पहिचान गुम्न नदिन के गर्नुपर्छ ? भन्ने प्रश्नको उत्तर खोज्ने ध्येयले सरकारी कार्यालयहरूले अबलम्बन गर्नुपर्ने केही सुझावहरू यहा प्रस्तुत छ :

### क) बहुपक्षीय तथा बहुसरोकारमा आधारित र सहभागितामूलक सेवा प्रवाह

प्रक्रियागत रूपमा सेवाप्रदायक, सेवाग्राही तथा अन्य सरोकारवालाहरूको विचार, सुझाव, पृष्ठपोषण, सेवाको सराहना र त्यसप्रतिका गुनासाहरूलाई सामाजिक उत्तरदायित्वका विभिन्न औजारहरू प्रयोग गरी दिगो समाधान खोजी प्रभावकारी सेवा सुविधा उपलब्ध गर्न सकिन्छ। यस क्रममा प्रत्येक सेवाग्राहीले र त्यसमा पनि विशेषगरी समाजका कमजोर वर्ग जस्तै: महिला एवम् वन्चितिमा परेका वर्गले आफ्ना विचार, मूल्यांकन तथा सुझावलाई निर्भिक भई प्रकट गर्न सक्ने गरी सामाजिक उत्तरदायीत्वका विभिन्न औजारहरू प्रयोग गर्ने प्रक्रिया र विधिहरू तयार गरी आवश्यकता अनुसार सहजीकरण एवम् सशक्तीकरण गर्नुपर्दछ।

अतिविपन्न वर्ग, महिला एवम् बन्चितिमा परेका समूहलगायत अन्य सेवाग्राही तथा बहुपक्षीय सरोकारवालाहरूको सक्रिय संलग्नता, स्वामित्व, योगदान तथा जिम्मेवारीको भावना यस समग्र प्रक्रियामा सुनिश्चित गरिनु पर्दछ। अनिमात्र सबै तहको विकास सम्बन्धी आवश्यकता पहिचान गर्न सक्ने, यससम्बन्धी आधारभूत सूचना र जानकारी प्राप्त गर्न सक्ने, गुणस्तरीय सेवा माग गर्न सक्ने, स्थानीय योजना तथा बजेट निर्माण सम्बन्धी नागरिक अधिकारका बारेमा सजग र जागरूक हुने गरी सेवा प्रणालीमा संलग्न हुन सक्ने र आफ्नो आवाज व्यक्त गर्न सक्ने क्षमता र इच्छाशक्ति सहितको नागरिक सक्षमतालाई प्रवर्द्धन गर्न सकिन्छ जसले सरकारको सबै तहमा लोकतान्त्रिक अभ्यास प्रवर्द्धन, सम्बर्द्धन एवम् समुदायको सशक्तीकरण गर्दै सार्वजनिक सेवालाई प्रभावकारी बनाउन महत्वपूर्ण योगदान दिन सक्नेछ।

### ख) क्षतिपूर्ति सहितको वडा पत्र

न.पा./गा.पा.मा नागरिक बडा पत्रको प्रतिवद्धतानुसार काम नभईरहेको तथ्य सबैको सामु स्पस्ट नै छ । यसर्थ, अब उप्रान्त प्रत्येक सरकारी कार्यालयमा क्षतिपूर्तिसहितको नागरिक बडा पत्रको व्यबस्था गर्नुपर्छ। यस्तो, क्षतिपूर्तिमा नगद नै दिन नसके पनि ढिलाइको गाम्भिर्य हेरी माफी माग्ने, आगामी सेवा शीघ्र दिनेगरी सर्भिस कुपन जारी गर्ने, यसरी क्षतिपूर्तिको दावी गर्ने नागरिकलाई सजग नागरिकको सम्मान दिई निजको फोटो एक महिना कार्यालयको मुलद्वारमा राख्ने वा ढिला सेवा दिएबापत सरकारी मोटरले सेवाग्राहीलाई घरसम्म पुरयाईदिने जस्ता रचनात्मक क्षतिपूर्ति दिन सकिन्छ। यसका साथै, नागरिक बडा पत्रहरू अडियो र भिजुयल दुवै हुनु आवश्यक देखिन्छ। आमनगारिकलाई निजहरूले अपेक्षा गरेको सेवाको विषयमा नागरिक बडा पत्रको प्रावधानहरूको जानकारी गराएर मात्रै कार्यालयभित्र प्रवेश गराउने गरी हेल्पडेस्कका कर्मचारी सक्रिय एवं सेवाग्राहीमैत्री

हुनुपर्छ । यसका साथै न.पा./गा.पा.कार्यालय परिसरमा निःशुल्क वाइफाइको व्यवस्था गरेर नागरिक वडा पत्र सेवाग्राही नागरिकको मोबाइलमा डाउनलोड गर्न मिल्ने गराई सोअनुसारको तोकिएको समयमभित्र सेवा हासिल गर्न उत्प्रेरित गर्नुपर्ने आजको आवश्यकता हो ।

**ग) कार्यप्रवाह तालिका**

प्रत्येक न.पा./गा.पा.कार्यालयले नागरिक वडा पत्र राखेर मात्रै पुग्दैन, अनिवार्य रूपमा कार्यप्रवाह तालिका पनि सार्वजनिक गर्नुपर्छ । यसमा आम सेवाग्राही नागरिकले आफ्नो कागजात तयारगर्ने र दर्ता गर्ने प्रक्रिया, कार्यालय प्रमुखको तोक आदेश, स्वयं सेवाग्राही निवेदन लिएर आए हुने वा भन्सार एजेन्ट, कानून व्यवसायी, चार्टर एकाउन्टेन्ट, लेखापढी व्यवसायी, ब्रोकर वा कसैलाई साथ लिएर वा वारेसका माध्यमबाट निवेदन दिन पाइन्छ की पाईदैन भन्ने प्रस्टताका साथ खुलाइदिनुपर्छ । यसरी सेवाग्राहीको निवेदन दर्ता भएपछि कतिवटा कोठामा वा कुनकुन चरण पार गरेपछि पूर्ण सेवा पाइन्छ सो सार्वजनिक गर्नुपर्छ । यसबाट कार्यप्रवाहमा देखिएको दोहोरोपना, झन्झट र अनावश्यक समयलाई कटौती गर्न सकिन्छ । यसबाट सेवाग्राहीमा अतिरिक्त सन्तुष्टि पैदाहुने अवस्था पैदा हुन्छ । यसका लागि कार्य प्रवाह तालिका निर्माण गर्दा कैयौं काममा सुधारका लागि सरकारी पदाधिकारीको आँखा खुल्ने हुन्छ ।

**घ) आन्तरिक कार्य-दिग्दर्शन**

नागरिक वडा पत्र र कार्यप्रवाह तालिकाको साथमा सबै सरकारी तहले आन्तरिक कार्य-दिग्दर्शन तयार गरी लागू गर्नुपर्छ । यसमा प्रत्येक कामका लागि प्रत्येक जिम्मेवार पदाधिकारीले के के कागजातका आधारमा के गर्ने भन्ने किटानी साथ लेखिएको हुन्छ । यो एक प्रकारको अधिकार प्रत्यायोजन हो । यसलाई कार्य विवरणको रूपमा पनि बुझिन्छ । यसरी जुन सरकारी कार्यालयले कार्य विभाजनको स्पष्ट खाका लागू गर्न सक्छ, त्यस कार्यालयमा प्रभावकारी ढंगले काम हुन सकेको अध्ययनले देखाएको छ । कुनै शाखाको जिम्मेवारी पाएपछि सो शाखाले तोकिएको काम कसरी सम्पादन गर्ने भन्ने यस दिग्दर्शनमा लेखिएको हुन्छ ।

यो एक प्रकारको कानुनी दस्तावेज नै हो । यसको आधारमा काम गर्दा कर्मचारीमा बेरूजु कायम हुने वा अख्तियारको दुरूपयोगमा कारबाहीमा परिने वा कहीं कतै मुद्दा मामिला नचल्ने कुराको सुनिश्चितता पैदा हुन्छ । यसर्थ, यस्ता कार्यविधि निर्माण गरी तालुक तहमा पठाउनुका साथै नियामक तहलाई पनि जानकारी गराई वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्छ । यसबाट यस्ता कागजातको स्वामित्व आम सेवाग्राही नागरिकको काँधमा समेत पुगेको विश्वास गरिन्छ । हामीले देखेको/भोगेको अनुभवले के देखाउछ भने यसरी काम गर भनेर मात्रै सरकारी कार्यालयमा काम हुँदैन । यसका लागि काम गर्नेलाई काम गर्न मिल्ने समुचित वातावरण पनि बनाइदिनुपर्ने हुन्छ ।

**ङ) एकद्वार पद्धति**

अहिलेको समयमा सेवाग्राहीलाई आफ्नो कागजात लिएर टेबुल टेबुल चाहर्दै हिँड् भन्न मिल्ने अवस्था छैन । यसका लागि डेस्क प्रणाली लागू गर्नुपर्छ जुन एकद्वार प्रणाली हो । यसका लागि हरेक न.पा./गा.पा. कार्यालयमा सुविधा सम्पन्न आधुनिक हेल्पडेस्क खडा गर्न पनि सकिन्छ । यस डेक्समा सबै कुराको जानकारी भएका कर्मचारी रहेका हुन्छन् । उनीहरूले सेवाग्राहीले ल्याएका सबै कागजातको परीक्षण गरी समय जनाएर निवेदन दर्ता गर्नुका साथै टोकन पनि दिन्छन् ।

यसबाट बडा पत्रमा तोकिएको अवधिमा सेवा प्रवाह गर्न सकिने हुन्छ । सो कार्यालयमा पहिला आउनेले पहिला सेवा प्राप्त गर्ने (फस्ट कम फस्ट सर्वको) नीति लागू हुन्छ । यस प्रकारको सेवा प्रवाहका लागि सबै न.पा./गा.पा.हरू अग्रसर हुनु समयको माग हो ।

### च) घरदैलो सेवा

आम नागरिकलाई अनलाईन सेवा प्रवाह गर्न सकिएमा हरेक सेवा घरदैलोमा पुग्ने स्वतःसिद्ध छ । तथापी घुम्ती सेवाको माध्यमबाट एकीकृत सेवा प्रवाहको थालनीबाट दुर्गम भेगका नागरिकले राहतको महसुस गरेका छन् । यसर्थ, सरकारले सेवाको बजारिकरण गरी आम नागरिकमा सरकारी सेवाहरू सरल र सहज ढंगले घरदैलोमै पाउने वातावरण निर्माण गर्नु आजको आवश्यकता हो अनि मात्र नागरिकले सिहंदरबार गाउ-गाउ पुगेको र यो सरकार हाम्रो लागि पनि हो भनी अनुभूति गर्न सक्छन ।

### छ) जीवन्त तथा भरपर्दो गुनासो व्यवस्थापन

नागरिकले सेवा प्राप्तिको क्रममा अनुभव गरेका प्रशासनिक सास्तीहरूलाई गुनासोको रूपमा व्यक्त गर्दछन् । यसलाई आत्मसात् गरी सुधार गर्नु प्रत्येक तहको सरकारको हो । यस सन्दर्भमा नागरिकको गुनासो सुनी यसको हल गर्ने हेलो सरकार जस्ता पोर्टल संचालन गर्ने, उजूरी र गुनासो बाकस राखी नियमित खोलि कारबाही अगाडि बढाउने र सेवाग्राही सन्तुष्टि फाराम भराउने जस्ता कामहरू गर्न सकिन्छ । यसरी गुनासोको जीवन्त व्यवस्थापनले उत्तरदायी सरकारको भावना प्रवाह हुन्छ ।

यसका लागि सूचनाको हकको अधिकतम उपयोगका लागि पारदर्शीता अवलम्बन गर्नुपर्छ । यर्थाथमा, क्षतिपूर्तिसहितको नागरिक बडा पत्रको समुचित सम्बोधनले पनि नागरिकको गुनासो धेरैहदसम्म सम्बोधन हुने अपेक्षा गर्न सकिन्छ । यसरी, गुनासो व्यवस्थापनको कामलाई हात्तीको देखाउने दाँत जस्तो होइन, जीवन्त एवं भरपर्दो तुल्याउन सके सरकारी कार्यालयका कमीकमजोरी सुधार भई स्वयं सेवाग्राही नागरिकका उचित गुनासोमाथिको सम्बोधन हुन सक्ने थिए ।

### ज) सुशासन ऐनको प्रभावकारी कार्यान्वयन

सुशासन ऐन बमोजिम निश्चित कार्यविधि अवलम्बन गरी काम गर्नुपर्ने आजको मुख्य आवश्यकता हो । यसैगरी, तोकिएको समयमा निर्णय गर्ने, गरेको निर्णयको आधार र कारण खुलाउँदै पारदर्शीता कायम गर्ने, सार्वजनिक चासोको विषय कार्यान्वयन गर्दा सरोकारवाला तथा नागरिक समाजसँग परामर्श लिने, सुशासन ऐनबमोजिम नागरिक बडापत्रको व्यबस्था, घुम्ती सेवा सञ्चालन, सार्वजनिक सुनुवाइ र गुनासो व्यवस्थापन गर्दै सूचना प्रविधिलाई व्यवहारमा उतार्नु पर्छ । यी कामले निश्चयनै सरकारी कार्यालयको आधारभूत पक्षमै परिवर्तन गरी नागरिक मैत्री तुल्याउन मद्दत गर्नेछ ।

### झ) सूचनामा नागरिकको पहुँच

प्रत्येक न.पा./गा.पा. कार्यालयले आम नेपाली नागरिकको सम्बैधानिक र कानुनी सूचनाको हकको पूर्ण सम्मान गर्नुपर्छ । आम नागरिकले माग गरेको सूचना तत्कालै उपलब्ध गराउनुपर्छ । यसैगरी, सूचना अधिकारी तोक्ने, तीन-तीन महिनामा आफूले सम्पादन गरेका कामको स्वतः प्रकाशन जारी गर्नुपर्छ । यसरी कुनैपनि विषयमा सोध्ने, जान्ने र सेवा प्राप्त गर्ने नागरिकको हक स्थापित भएपछि नै आम नागरिकले स्वतः न.पा./गा.पा. कार्यालयको अस्तित्वलाई अन्तर मनदेखि स्वीकार गर्नेछन् ।

### ञ) अटोमेसन प्रणाली

न.पा./गा.पा.ले सम्भव भएसम्मका सेवाहरू विद्युतीय प्रणालीबाट प्रवाह गर्नुपर्छ । यसका निमित्त सेवा प्रवाहका लागि आधुनिक उपकरण जडान गर्नुपर्छ । उदाहरणको लागि, फस्ट कम फस्ट सर्वका लागि टोकन जारी गर्नेदेखि बैकिंग सेवा, प्रमाणपत्रको मुद्रणलगायतका सेवा मोबाइल एपबाट प्रवाह गर्नुपर्छ । यसरी सरकारी कार्यलयहरूका सेवा प्रवाहलाई फुल अटोमेसनमा रूपान्तरित गर्न सके सेवाग्राहीमा सन्तुष्टिको स्तर वृद्धि हुनेछ ।

### ट) उत्साही कर्मचारीतन्त्र

सम्भवतः न.पा./गा.पा.हरूको सार्वजनिक छवि धुमिल तुल्याउन सरकारी कर्मचारी नै बढी जिम्मेवार छन् । यदि उनै कर्मचारी आम नागरिकमा सेवा-प्रवाह गर्न उत्साही भई प्रस्तुत भएमा तत्कालै सरकारी कार्यालय प्रतिको छवि सकारात्मक बन्नु खासै समय लाग्दैन । यसर्थ, कमसेकम फ्रन्टलाइन सेवामा खटिइने कर्मचारी उच्च मनोबल सहित भएका हसमुख हुनुपर्छ । उनीहरूले उच्च सदाचारमा रही नागरिकमैत्री भावनाबाट सेवा प्रवाह गर्नुपर्छ । यसले चुस्त-दुरूस्त सेवा प्रवाहमा सकारात्मक सहयोग पुर्याउन सहयोगनै गर्दछ ।

### ठ) बिचौलियामुक्त प्रशासन

हाल सरकारी सेवा प्रवाहलाई प्रदूषित तुल्याउन बिचौलियाहरूले पनि भूमिका निर्वाह गरिरहेका छन् । यथार्थमा, सरकारी कर्मचारीहरूको सेवाग्राही प्रतिको असहयोगी व्यवहारकै कारण बिचौलियाहरूको उत्पत्ति भएको कुरा घाम जत्तिक्कै छर्लंग छ ।

यसर्थ, कागजमा बिचौलियामुक्त प्रशासन घोषणा गरेर पुग्दैन, सरकारी कर्मचारी सेवाग्राहीमैत्री भएपछि बिचौलियासहितको सेवा भने पनि सरकारी अड्डामा बिचौलिया भेटिने छैनन् । यी र यस्ता कुरालाई मनन गरी काम गर्न र सच्चा राष्ट्रसेवकको पद धारण गर्न योग्य हुन तमाम निजामती, सेना, प्रहरी, शिक्षक, अदालत, संस्थान, आयोग लगायतका सबै राष्ट्रसेवकहरूले स्वच्छ प्रशासन सञ्चालनमा योगदान पु-याउन सकारात्मक, जीवन्त तथा भरपर्दो योगदान गर्न सकिन्छ ।

### ड) योजना तथा बजेट निर्माणमा सूचनाको हक तथा अधिकारको प्रयोग

स्थानीय तहको सामाजिक जवाफदेहिता पूरा गर्नका लागि व्यवस्थापन पक्षको भूमिकामा रहेका निर्वाचित जनप्रतिनिधिहरू नीति निर्माण योजना अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण जस्ता क्षेत्रमा क्रियाशील हुनु पर्ने हुन्छ भने प्रशासनिक जवाफदेहिता पूरा गर्नका लागि स्थानीय तहको कार्यान्वयन तहको भूमिकामा रहेका प्रमुख प्रशासकिय अधिकृतलगायत विषयगत शाखाहरू सहभागितामूलक योजना तर्जुमा, कार्यान्वयन, प्रगति समीक्षा, आन्तरिक नियन्त्रण, प्रतिवेदन जस्ता क्रियाकलापहरूमा संलग्न हुनुपर्ने हुन्छ ।

यसै प्रकार सेवा प्रवाहमा नागरिकका सन्तुष्टि र असन्तुष्टिहरू के रहेका छन् भनी सेवा सुधारका लागि सेवा प्रदायक, सेवाग्राही र नागरिकका प्रतिनिधिहरूका बीच सहभागितात्मक अन्तरक्रियाका लागि सामाजिक जवाफदेहिताका विभिन्न औजारहरूको प्रभावकारी एवं नतिजामुखी ढङ्गले कार्यान्वयन गर्नु पर्ने दायित्व स्थानीय तहको रहेको छ ।

यस्ता औजारहरूको सहयोगवाट स्थानीय तह लगायत यसका सरोकारवालाहरू निकायहरूले सेवा प्रवाहलाई सम्पादन गर्ने, सेवा सुविधाहरू कसरी प्रवाह भएका छन् सोको नागरिक अनुगमन गर्ने, यो प्रक्रियामा नागरिकको संलग्नता कस्तो रहेको छ, सन्तुष्टि र असन्तुष्टि के कस्तो रहेको छ भनी सबै कुरा समेटेर उनीहरूको कार्य पद्धतिको पृष्ठपोषण गर्ने गर्दछन् ।

सामाजिक जवाफदेहिता प्रवर्द्धनको क्षेत्रमा सञ्चार क्षेत्रको पनि एकदमै महत्त्वपूर्ण जिम्मेवारीमा रहन्छ । नियमितरूपमा प्रेस मिटहरू आयोजना गरी स्थानीय तहले सम्पादन गरेका क्रियाकलापहरू, हासिल गरेका उपलब्धिहरू, भोगेका बाधा अड्चनहरू, आगामी दिनका योजनाहरूलाई सम्प्रेषण गराई आम नागरिकलाई सुसूचित गराउन सकेको खण्डमा नागरिक तहबाट उनीहरूको जवाफदेहिता बढाउन सकिने हुनाले सञ्चार क्षेत्रको प्रभावकारी परिचालनका लागि यस क्षेत्रको उपयोगलाईसमेत स्थानीय तहले प्राथमिकता दिनु आवश्यक देखिन्छ् ।

**ढ) स्थानीय तहले विशेष गरी स्था.स.स.ऐन, २०७४ का आधारमा  सामाजिक जवाफदेहिता कायमगरी आफुले दिने सार्वजनिक सेवालाई प्रभावकारी बनाउन निम्न कामहरू  गर्नुपर्ने हुन्छ :**

- स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनवाई जस्ता कार्यक्रम सञ्चालन गर्नु पर्दछ (स्था.स.स.ऐन, २०७४ दफा ७८ (उपदफा ५) ।
- प्रमुख प्रशासकीय अधिकृतले स्थानीय तहको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ (स्था.स.स.ऐन, २०७४ दफा ७६ (उपदफा ३) ।
- स्थानीय तह तथा वडा कार्यालयले आफ्नो आय व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नु पर्नेछ (स्था.स.स.ऐन, २०७४ दफा ७६ (उपदफा ४) ।
- ऐन बमोजिम गठन गरिने समिति, उपसमिति, वा कार्यदलमा नियुक्ति गर्दा समानुपातिक समावेशिता कायम गर्नु पर्नेछ (स्था.स.स.ऐन, २०७४ दफा ११२) ।
- स्थानीय तहले आफ्ना सदस्य तथा कर्मचारीहरूको लागि आचारसंहिता बनाई लागु गर्नु पर्नेछ (स्था.स.स.ऐन, २०७४ दफा ११२) ।

# परिच्छेद ७: स्थानीय तहमा सामाजिक जवाफदेहिताका औजार प्रयोगमा सहजीकरण ज्ञान तथा सीप

## ७.१ सहजीकरण ज्ञान तथा सीप

विभिन्न सामग्री तथा प्रक्रियाको माध्यमद्वारा अनुकूल परिस्थिति (चाहे अनुरूपको अवस्था) सिर्जना गरी कसैलाई कुनै कुरा गर्न सजिलो बनाइदिने कार्य नै सहजीकरण हो । 'सहज' को अर्थ स्वाभाविक, साधारण वा सामान्य भन्ने भएकाले 'सहजीकरण' लाई अर्को शब्दमा भन्दा साधारणीकरण वा सामान्यीकरण पनि भन्न सकिन्छ । अतः कुनै कुरा स्वाभाविक वा सरल रूपमा गर्न सहयोग पु-याउने  कार्य नै 'सहजीकरण' हो ।

सामाजिक जवाफदेहिता प्रवर्द्धनका सन्दर्भमा समुदाय तथा सेवाप्रदायक र समुदायको पक्षबाट सेवाको गुणस्तरीयता, प्रभावकारिता तथा अन्य विभिन्न कुरामा लेखाजोखा गर्न सामाजिक परिचालकले सहजीकरण गर्नुपर्छ । जनसमुदायको क्षमता विकास गरेर सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्ने कार्यलाई उनीहरूकै नेतृत्व, स्वामित्व तथा व्यवस्थापनमा निरन्तर चलिरहने अवस्था सिर्जना गरी सुशासन प्रवर्द्धनप्रवर्द्धन गर्ने तर्फ अगाडि बढाउन सहजकर्ता ले विभिन्न अवस्थामा सहजीकरण गर्नुपर्छ ।

सामाजिक सहजकर्ता न कुनै विषय विशेषज्ञ हो न त वक्ता नै । सहजकर्ताले समूहमा सहभागी बीच एक अर्कासँगको अन्तरक्रिया प्रक्रियालाई सजिलो पार्ने काम गर्छ । उसको मुख्य भूमिका समुदायलाई अनुभव बाँडचुँड गर्ने र सँगै सिक्ने/सिकाउने कुरामा सघाउनु रहेको हुन्छ ।

## ७.२ प्रशिक्षक/सहजकर्ताको कर्तव्य तथा जिम्मेवारी

व्यक्ति वा व्यक्तिहरूको समूहलाई कुनै प्रशिक्षण-कार्य, छलफल प्रवचन/प्रस्तुतीकरण, छलफल, प्रश्नोत्तर, अनुभव आदान प्रदान तथा सल्लाहको माध्यमबाट सहज वातावरण सिर्जना गरी ज्ञान, सीप आदि सिकाउने व्यक्तिनै  प्रशिक्षक/सहजकर्ता हो । कुनैपनि तालिम सहजीकरण गर्नको लागि कम्तिमा दुई जना अनुभवी सहजकर्ता/ प्रशिक्षकको आवश्यकता पर्दछ । हरेक सत्रमा एक जनाले मुख्य प्रशिक्षक र अर्कोले सहयोगी प्रशिक्षकको भूमिका निर्वाह गर्नेछन् । यस्तो व्यवस्था गरेमा प्रशिक्षण-कार्यलाई प्रभावकारी व्यवस्थापन गर्न सकिन्छ ।

अतः प्रशिक्षक/सहजकर्ताले जस्तो नाम त्यस्तै काम गर्न सक्नुपर्छ । परिस्थितिअनुसार काम गर्नेभन्दा परिस्थितिलाई आफ्नो अनुकूल बनाउने व्यक्ति वास्तविक प्रशिक्षक/सहजकर्ता हुनसक्छ । कुनै जटिल वा कठिन कुरालाई विभिन्न माध्यमको प्रयोग गरी सरल तरिकाले सान्दर्भिक उदाहरण र औजारको प्रयोग गरी सहभागीलाई सिकाउनु प्रशिक्षक/सहजकर्ताको कर्तव्य तथा जिम्मेवारी हो ।

## ७.३ सहभागीहरूका विषयमा प्रशिक्षक/सहजकर्ताले जान्नु पर्ने कुराहरू

- रीतिरिवाज, परम्परा, संस्कृति र भाषागत क्षमता,
- समाज,
- समस्या र सो को प्रकृति,
- मनोविज्ञान,
- ज्ञानको स्तर तथा ओहोदा।

## ७.४ प्रशिक्षक/सहजकर्ताले गर्ने हुने र गर्ने नहुने कुराहरू

**गर्ने हुने:**

- सहभागीहरूलाई सुरूमै अभिवादन गरी हरेक सत्र व्यावहारिक कुराबाट शुरूवात गर्ने।
- सहभागी सबै व्यक्तिहरू महत्वपूर्ण हुन भन्ने कुराको सुनिश्चतता गर्ने।
- अर्थपूर्ण सहभागिताको लागि हरदम उत्प्रेरित गर्ने र बोल्न नचाहनेलाई बोल्न प्रोत्साहन गर्ने।
- जो आफुमात्र बोल्न खोज्छन्, ठोकेर यो नै हो भन्छन् वा अरूलाई बोल्न दिदैनन् वा दबाउन खोज्छन् त्यस्तो अवस्थामा अरूलाई बोल्न वा सहभागिताका लागी ठाउँ दिने र प्रोत्साहन गर्ने।
- संवेदनशील हुनसक्ने कुरामा होस पु-याउने ।
- शरिरको हाउभाउको प्रयोग सकारात्मक रूपमा गरि सबैका कुरालांई ध्यानपूर्वक सुन्ने।
- सरल, विनम्र र धैर्यता राख्ने, नरिसाउने।
- छलफलबाट नयाँ सूचना तथा विश्लेषण कसरी प्राप्त हुन्छ विचार गर्ने।
- सबैलाई सुन्नुहोस, सबैलाई हेर्नुहोस, सरल भाषा बोल्नुहोस, तडक भडक नगर्नुहोस र, हसिलो, अनुशासित, एवं फुर्तिलो हुनुहोस।
- शुरूदेखि अन्त सम्म प्रशिक्षण–कार्यलाई गतिशिल, अन्तरक्रियात्मक र चलयमान बनाउने।
- जहिले पनि सहभागीसँग नेत्रसम्पर्क राखी प्रत्यक्ष कुरा गर्ने।
- भाषाको स्तर, शब्दको छनौट तथा उदाहरण समय, स्थान र सन्दर्भ सापेक्ष गर्ने,।
- सहभागीलाई समूह-कार्य वा अन्य अभ्यास गर्ने जिम्मा दिंदा आदर्श, मनगढन्ते तथा हचुवा खालको कार्य नदिई परिस्थितिजन्य र व्यावहारिक खालको कार्य दिनुपर्छ र यस्तो कार्यमा अप्रत्यक्ष रूपमा आफु पनि संलग्न हुने ।

**गर्न नहुने :**

- द्विविधायुक्त प्रश्नहरू नगर्ने।
- थेगोको प्रयोग गर्दा होस पु-याउने ।
- उत्तर आएन भनेर उस्तै प्रश्न नदोहोर्याउने।

- अनावश्यक तडकभडक नगर्ने।
- कसैलाई होच्याउने र कसैलाई उकास्ने नगर्ने।
- सहभागीका विचारलाई दबाउने वा हेप्ने कार्य नगर्ने।
- के तपाईंलाई यस्तो लाग्दैन ? भन्ने खालका निर्देशित प्रश्नहरू नसोध्ने, बरू यसमा यहाँको के विचार छ ? भनेर प्रश्न सोध्न सकिन्छ।
- सहभागीले बुझ्नै नसक्ने गरी छिटोछिटो कुनै कार्य गर्नु हुँदैन।
- सहभागीसँग तर्क–वितर्क नगर्ने।
- आफुमात्र धेरै बोल्नुहुदैन र कसैको पक्ष वा विपक्ष लिन हुदैन।
- धेरै ख्याल-ठट्टा नगर्नुहोस, जोकर बन्न सकिन्छ्।
- आफुलाई सम्बन्धित अधिकार प्राप्त वा आधिकारिक (Official) व्यक्तिको रूपमा प्रस्तुत नगर्ने वा प्रशिक्षकको भूमिकामा मात्र रहने।

## ७.५ प्रशिक्षक/सहजकर्ताले बुझ्नुपर्ने सिकाईका केहि महत्वपूर्ण आधारहरू

क) सहभागीको स्तर, रूचि र आवश्यकता अनुसारको विषयवस्तु भएमात्र सहभागीले सिक्न सक्नेछन।

**ख) प्रस्तुतिः** विषयवस्तु जति व्यावहारिक र आवश्यकता समेट्ने खालको भए पनि प्रशिक्षकको प्रस्तुति मैत्रीपूर्ण, सरल र सहभागितात्मक भएन भने सिकाई हुन सक्दैन।

**ग) बसाई-व्यवस्थापन (प्रशिक्षण कक्षमा सहभागीहरूको लागि):** प्रशिक्षण-कक्षमा सहभागीहरूको लागि गरिएको बसाई उपयुक्त र आरामदायी भएन भने विषयवस्तु र प्रस्तुति जति राम्रो भए पनि सिकाई प्रभावकारी हुन सक्दैन।

**घ) सामग्रीको उपलब्धता र प्रयोगः** सिकाईकोलागि विषयवस्तु पस्कने उपकरण र विधि धेरै महत्वपूर्ण हुन्छ। उपकरणले गाडी सजिलै उठाउने काम गर्छ भने सिकाईका विधिले हातमा तेल लगाएर महिलाले सजिलै चुरा लगाउने कार्यलाई सम्झाउँछ।

**ङ) उत्साहप्रद खेल, कथा, घटना आदिको प्रस्तुतिः** वयस्कहरूले कुनै पनि विषयवस्तु पट्यारलाग्दो किसिमले एकोहोरो तरिकाले सिक्न सक्दैनन्। तसर्थ सान्दर्भिक खेल, कथा र घटना प्रस्तुति र समूहकार्यबाट उनीहरूलाई सिकाउने प्रयास गर्नुपर्छ। यस्ता सान्दर्भिक खेल, कथा र घटना आफैंले अथवा सहभागीबाट खोज्न सकिन्छ।

**च) प्रशिक्षकको व्यवहार**: सहभागीले सिक्न नसकेमा त्यसको जिम्मेवारी आफुले लिनुपर्ने भएको हुँदा प्रशिक्षकको रूपमा प्रस्तुत हुनुपर्छ। बाबु-आमा केटाकेटीको लागि घोडा बनिदिए जस्तो प्रशिक्षक कहिलेकाहिँ सहभागीको सिकाईको लागि घोडा बनिदिनुपर्छ।

**छ) वातावरण**: उपर्युक्त सम्पूर्ण कुराको संमिश्रणबाट नै सिकाईको लागि राम्रो वातावरण तयार हुने भएकाले प्रशिक्षकले जसरी भए पनि सहभागीले सहज मान्ने, मन खोल्ने तथा अप्ठ्यारो नमान्ने वातावरण सिर्जना गर्न सहयोग पुर्याउनु पर्छ।

## ७.६ सामाजिक जवाफदेहिताका औजारहरू प्रयोगमा सहजकर्ताको आचारसंहिता :

**सहजकर्ताले गर्न नहुने कुरा**

- दिइएको समयभन्दा ढिलो आउने
- कृतज्ञता व्यक्त नगर्ने
- अशिष्ट हुने
- अरूको मजाक उडाउने
- बोल्न दिंदा एक जना सहभागीलाई मात्र मौका दिने
- तयारी नगरी आउने
- महिला–पुरूष भेदभाव हुने व्यवहार गर्ने
- सहभागीहरूलाई अन्योलमा पार्ने
- अप्ठ्यारो प्रश्न सोध्ने वा प्रयोग गर्ने
- सहभागीलाई लाजमर्दो पार्ने
- वादविवाद गर्ने
- सहभागीलाई सानो ठान्ने
- धैर्य गुमाउने, हतास हुने
- सहभागीले सुनेनन् भनेर चिच्याउने
- छलफलमा बस्दा सहभागीहरूतिर पीठ फर्काएर बस्ने

## ७.७ सामाजिक जवाफदेहिताका औजार प्रयोग गर्ने व्यक्तिले ध्यान दिनुपर्ने कुराहरू :

- तटस्थता, कुशल सहजीकरण सीप र सहभागीको प्रतिक्रियाको सही अनुमान लगाउन सक्ने दक्षता यस तरिकाको प्रयोग गर्ने सहजकर्तामा नभई नहुने पक्ष हुन्।
- सेवाग्राही र सेवाप्रदायक बीचको प्रतिक्रियात्मक छलफलले सेवा प्रदान गर्ने र सेवा ग्रहण गर्ने अधिकारवाला बीच सम्पर्क सम्बन्ध बढाउने मात्र नभई दुवै पक्षलाई जिम्मेवारी बोध गर्ने कुरामा समेत मद्दत गर्छ। तर अन्दाजका भरमा वा

कसैलाई बदनाम गर्ने मनसायले पनि कोही सेवाग्राही बनेर कुरा गर्न सक्छन् । यस्ता कुरामा सहजकर्ता चनाखो हुनुपर्छ ।

- सेवाग्राहीलाई अनुगमन कार्यमा सक्रिय गराउन र सेवाप्रति उनीहरूको समेत दायित्व बोध गराउन यो प्रभावकारी तरिका त हो तर यो प्रयोग गरेर पाइएको नतिजा र उनीहरूले गरेको प्रतिवद्धता अनुसार सेवा र सेवाप्रदायकमा सुधार आए/नआएको समेत अनुगमन गर्दै नलगेमा यो केवल नाटकका रूपमा मात्र रहन्छ । सेवामा सुधार आउँदैन ।
- यो केवल एकपटक मात्र तयार गरेर हुन्न । यसलाई केही अन्तरालमा नियमित गरेर कमजोरी सुधार गर्दै लैजाने गरी एक अनिवार्य प्रणालीकै रूपमा स्थापित गरिनुपर्छ ।

यो तरिकाबाट लेखाजोखा गरी सेवाप्रदायकमा पाइएका कमजोरी सुधार गर्दै सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्न गैरसरकारी संस्थाहरूले सेवाप्रदायकका विभिन्न तह (स्थानीय, प्रादेशिक तथा संघीय) मा भेटघाट गर्ने । यस कार्यबाट भएका परिवर्तन जानकारी आदान–प्रदान गर्ने र उनीहरूको आवश्यक सहयोगका लागि वातावरण बनाउने कार्यसमेत सँगसँगै गरिएमा यसले प्रभावकारीरूपमा काम गर्नुका साथै अन्य ठाउँमा समेत विस्तार गर्न सजिलो हुन्छ ।

# अनुसूचीहरू

## अनुसूची–१ : सामाजिक परीक्षक सम्वन्धी व्यवस्था

गाउँपालिका/नगरपालिकाले एक वर्षसम्म सम्पादन गरेका कामहरूबाट के कति सामाजिक विकास भयो ? वा सामाजिक जिम्मेवारी पूरा गर्न सम्पादन भएका कामहरू, उपलब्धिहरू र प्रभावहरूको लेखाजोखा गरी प्रतिवेदन पेश गर्न सामाजिक परीक्षकको रूपमा प्रत्यक्ष दुई बिज्ञको समुहलाई तेस्रो पक्षबाट सामाजिक परीक्षकको रूपमा प्रचलित खरिद कानून अनुसार परामर्श सेवा लिनु पर्दछ। कुनै संस्था वा कम्पनीलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिन्छ। संस्था वा कम्पनीलाई सामाजिक परीक्षकको रूपमा सेवा लिँदाको अवस्थामा निर्धारित योग्यता पुगेको हुनु पर्नेछ।

**१. सामाजिक परीक्षकको योग्यता**

(क) स्नातकोत्तर भई सम्वन्धित क्षेत्रको अनुभव,
(ख) सामाजिक परीक्षण सम्बन्धी अनुशिक्षण प्राप्त
(ग) सम्वन्धित गाउँपालिका/नगरपालिकाको कार्यक्रम वा आयोजनामा प्रत्यक्ष सलंग्न नरहेको

**२. पारिश्रमिक**

प्रचलित खरिद कानून अनुसार तयार भएको लागत अनुमानको आधारमा सामान्यतया सामाजिक परीक्षणका लागि पारिश्रमिक निर्धारण गर्न सकिनेछ।

**३. सामाजिक परीक्षकका कामहरू**

सामाजिक परीक्षणका कामलाई ३ चरणमा विभाजन गरिएको छ।

**क) तयारी:** यस चरणमा निजले बाह्य वा आन्तरिक रूपमा सूचना संकलन गर्नु पर्नेछ। सामाजिक परीक्षकले सन्दर्भ सामाग्रीको रूपमा स्थानीय तहसँग सम्बन्धित संघीय तथा प्रदेश कानून, गाउँपालिका/नगरपालिकाले तयार गरेका ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाइ प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू, गत वर्षको सामाजिक परीक्षण प्रतिवेदन तथा अन्य आवश्यक सामाग्रीको अध्ययन गर्नु पर्नेछ।

**ख) विवरण तयारी तथा प्रस्तुती:** गाउँपालिका/नगरपालिकाको सामाजिक कार्यसम्पादनका विषयमा स्पष्ट भएपछि गाउँपालिका/नगरपालिकाका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, विभाग/महाशाखा/शाखा प्रमुख, जिम्मेवार कर्मचारीसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिनुपर्नेछ। अन्तवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल गर्नु पर्नेछ। तिनीहरूको सम्पादनको अवस्था, प्रमुख समस्या, चुनौती र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी सो समेत र अनुसूची २ र ३ अनुसारको विवरण तयार गर्नु पर्नेछ। अन्त्यमा सम्पूर्ण सरोकारवालाको भेलामा सो विवरण प्रस्तुत गरी छलफल गर्नु पर्नेछ।

**ग) प्रतिवेदन चरण**

सरोकारवालाको भेला पश्चात सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गर्नु पर्नेछ। भेलामा उठेका सुझाव तथा निर्णयहरू र कार्ययोजना सहित भेला अध्यक्षलाई प्रतिवेदन बुझाउनु पर्नेछ।

# अनुसूची -२: सामाजिक परीक्षण

**................../नगरपालिका./गाउँपालिका**

**सामाजिक परीक्षकको प्रतिवेदन फारम**

**( वृहत छलफलमा प्रस्तुत गरिने)**

**स्थानीय तहको नाम:**

**मिति :**

१. स्थानीय तहको परिचय (बँबुँदागत रूपमा लेख्ने):

२. स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू (बुँदागत रूपमा लेख्ने) :

३. गत वर्षका मुख्य मुख्य उपलब्धिहरू (बुँदागत रूपमा लेख्ने) :

४. यसवर्षको मुख्य मुख्य उपलब्धीहरू (सूचकको रूपमा प्रस्तुत गर्ने) :

५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा निम्न अनुसार गर्ने:

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकीमा एक घण्टा भित्र पैदल वा यातायातको पहुँच भएको घरधुरी संख्या | | | |
| ५ वर्ष मुनिका बालबालिकाको प्रतिशत | | | |
| खोपमा पहुच भएको जनसंस्या (एक वर्ष मुनिका बालबालिकाको आधारमा) | | | |
| ४ पटक गर्भवती जाच गरिएको महिलाको संख्या (% मा) | | | |
| दक्ष प्रसूतीकर्मीबाट प्रसूती गरिएका महिलाको संख्या | | | |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | | | |
| सवै हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | | | |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिका को संख्या | | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | | |
| प्राथमिक विद्यालयमा पहुच नभएका सो उमेर समुहका बालबालिका संख्या /प्रतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | | | |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहो-याउने र कक्षा उत्तिर्ण हुने दर | | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | | | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय तहबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षामा पहुँच | | | |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | | | |
| शौचालय भएको संख्या वा प्रतिशत | | | |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | | | |
| शौचालय भएको परिवार संख्या | | | |
| सुधारिएको चुलो भएको परिवार संख्या | | | |
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल विवाहको संख्या | | | |
| सामाजिक बिकृति, विसंगति | | | |
| सामाजिक सुरक्षा (जेष्ठ नागरिक, एकल-महिला, अपांग, पिछडिएको क्षेत्र तथा लपोन्मुख जाती) | | | |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | | | |
| बाल क्लवहरूको अवस्था | | | |
| महिला हिंसा | | | |
| रोजगारीको अवस्था | | | |
| स्वरोजगारका प्रयासहरू | | | |
| गरिवी निवारणका प्रयासहरू | | | |
| सामाजिक परिचालन | | | |
| वातावरण सुधारका प्रयासहरू | | | |
| एच.आई.भी र एड्स | | | |
| विकासमा समान सहभागिता | | | |
| **सेवाहरूमा पहुँच** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय<br>कृषि सेवा केन्द्र जान लाग्ने समय | | | |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएका विशेष अवसरहरू | | | |
| **संस्थागत क्षमता** | | | |
| जनशक्ति | | | |
| नीति तथा कार्यक्रम | | | |
| भौतिक व्यवस्था | | | |
| समन्वय र सहकार्यका प्रयासहरू | | | |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | | |

६. गत वर्षमा भोगेका समस्याहरू (बुँदागत रूपमा लेख्ने):

७. सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू (बुँदागत रूपमा लेख्ने) :

सामाजिक परीक्षकको नाम :

दस्तखत :

संस्थाको नाम ( यदि सँस्था भएमा) :

मितिः

# अनुसूची– ३: विषयगत कार्यालय, गैर सरकारी संस्था, जिल्ला, गाउँपालिका/नगरपालिकाको सामाजिक परीक्षकको प्रतिवेदन

**(वृहत छलफलमा प्रस्तुत गरिने)**

१. विषयगत कार्यालय/गैर सरकारी संस्थाको नामः

२. लक्ष्य

क.

ख.

ग.

घ.

३. मुख्य उद्देश्य बुँदागत रूपमा लेख्ने)

क.

ख.

ग.

घ.

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| **संचालित कार्यक्रम/आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धि** | **कैफियत** |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू (बुँदागत रूपमा प्रस्तुत गर्ने)

क.

ख.

ग.

घ.

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमताः

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू (बुँदागत रूपमा लेख्ने)

क.

ख.

ग.

घ.

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू (बुँदागत रूपमा लेख्ने)

क.

ख.

ग.

घ.

**सामाजिक परीक्षकको नामः**

**दस्तखतः**

**संस्थाको नाम (यदि सँस्था भएमा):**

**मितिः**

# अनुसूची–४ : सामाजिक परीक्षकले गाउँपालिका/नगरपालिकाका अध्यक्ष/प्रमुख समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा

श्री ...... गाउँपालिका/नगरपालिका

१. पृष्ठभूमि

२. सामाजिक परीक्षणको उद्देश्य

३. अध्ययन विधि

४. अध्ययनको सीमा

५. बृहत् छलफल कार्यक्रमको विवरण:

क) मितिः ख) स्थानः ग) समयः

६. गाउँपालिका/नगरपालिका र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण संलग्न राख्ने (अनुसूची २ र ३ )

७. सामाजिक परीक्षणवाट देखिएका सबल पक्षहरू (बुँदागत रूपमा लेख्ने)

८. सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा कमी कमजोरीहरू (बुँदागत रूपमा लेख्ने)

९. सामाजिक जिम्मेवारी पूरा गर्न गाउँपालिका र नगरपालिकाले चाल्नु पर्ने कदमहरू वा सुझावहरू

**सामाजिक परीक्षकको नामः**

**दस्तखतः**

**सँस्थाको नाम (यदि संस्था भएमा):**

**मितिः**

# अनुसूची–५ : छलफल कार्यक्रममा सहभागीले पालना गर्नुपर्ने आचारसंहिता

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले पालना गर्नुपर्ने आचारसंहिता

(क) विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने।

(ख) तथ्यांक र सूचनाको आधारमा रही विचार राख्ने।

(ग) निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने।

(घ) सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने।

(ङ) व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचार लाई कायम राख्ने।

(च) सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने।

(छ) सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने।

(ज) बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने।

(झ) आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने।

# अनुसूची–६ : सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको कार्यक्रम संचालन विधि

१. सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरूको उपस्थिति पुस्तिका राख्नु पर्ने । उक्त पुस्तिकामा सहभागीहरूको नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था उल्लेख हुनु पर्नेछ ।

२. कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, सञ्चालन विधि, समय र आचार संहिताबारे जानकारी दिनुपर्ने ।

३. सामाजिक परीक्षकले अनुसूची–२ र अनुसूची–३ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गर्ने ।

४. कार्यक्रममा प्रतिवेदन विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फबाट कार्यक्रमका सहभागीहरू समक्ष निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नुपर्ने–

(क) गाउँपालिका/नगरपालिकाले निर्माण गरेका कानून तथा नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव (सूचकको आधारमा),

(ख) गाउँपालिका/नगरपालिकाले गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थिति,

(ग) गाउँपालिका/नगरपालिकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू,

(घ) गाउँपालिका/नगरपालिकाको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वासनीयता,

(ङ) बालबालिका, महिला, दलित, जनजाति ,गरिब, जेष्ठ नागरिक तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरिएका प्रयासहरूको प्रभावकारिता,

(च) गाउँपालिका/नगरपालिकाले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर,

(छ) सामाजिक उत्तरदायित्व पूरा गर्न गाउँपालिका/नगरपालिकाको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन दिईएका आवश्यक सुझावहरू ।

५. सहभागीहरूले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरूलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरू तथा सामाजिक परीक्षकले टिपोट गरी राख्ने र सहभागीले राखेका जिज्ञासा तथा विचारमा गाउँपालिका/नगरपालिकाका पदाधिकारी, जिम्मेवार कर्मचारी तथा सामाजिक परीक्षकले स्पष्ट पार्ने ।

६. सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले मुख्यमुख्य मुख्य विषय अन्तिम प्रतिवेदनमा समावेश गर्नु पर्ने ।

# अनुसूची –७: सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालनको ढाँचा

क) अध्यक्षता ग्रहण तथा कार्यक्रम सुरू भएको घोषणा गर्ने,

ख) कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्ने ,

ग) आचार संहिताबारे जानकारी गराउने,

घ) सार्वजनिक सेवा प्रवाहबारे संक्षिप्त जानकारी दिने,

ङ) नागरिक प्रतिवेदन पत्र सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने ,

च) सेवा पछिको अभिमत सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने,

ङ) सहभागीहरूबाट तोकिएको विषयमा लिखित तथा मौखिक प्रश्नहरू संकलन गर्ने,

ज) जिम्मेवार पदाधिकारी तथा कर्मचारीहरूले सहभागीका जिज्ञासाहरू स्पष्ट पार्ने,

झ) स्पष्टता पारी सकेपछि थप जिज्ञासा आह्वान गर्ने,

ञ) सम्बन्धित पदाधिकारीबाट थप जिज्ञासा वारेमा स्पष्ट पार्ने ,

ट) समापन मन्तव्य, धन्यवाद ज्ञापन र कार्यक्रम विसर्जन गर्ने ।

## अनुसूची—८ : सार्वजनिक सुनुवाइमा पालना गर्नुपर्ने आचार संहिता

१. सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्ने ।

२. सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्ने।

३. सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नु पर्ने ।

४. सेवाग्राहीमा सहभागी नागरिकहरू धैरैभन्दा धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुँदागत रूपमा छोटकरिमा प्रश्न, प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्ने ।

५. आफुभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहो-याउन नहुने ।

६. चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर मात्र थप प्रश्न राख्ने ।

७. सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न नपाउने ।

८ . सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न नपाइने ।

९. सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएको पाइएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्ने ।

१०. सुनुवाइलाई विषयान्तर हुनबाट रोक्न सबै सहभागी सचेत हुनु पर्ने ।

# अनुसूची—९ : सार्वजनिक सुनुवाइ सम्वन्धी प्रतिवेदनको ढाँचा

| |
|---|
| सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगानाः |
| सुनुवाइ गरिएका विषयवस्तुहरूः |

| |
|---|
| क) |
| ख) |
| ग) |
| घ) |

| |
|---|
| कार्यक्रम आयोजना स्थलः— |
| कार्यक्रम आयोजना गरिएको मिति र समयः |
| कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) |
| उठेका प्रश्न/जिज्ञासा र उत्तरः |

| क्रम संख्या | प्रश्नकर्ता वा गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न वा गुनासो वा सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| | | | | |

**प्रतिवेदन दिएको मितिः**

**सार्वजनिक सुनुवाइ संयोजकको दस्तखतः**

# अनुसूची – १० : उपभोक्ता समिति वा सामुदायिक संस्थाले तयार गर्ने आयोजना वा कार्यक्रम सम्वन्धी विवरणको ढाँचा

१. कार्यक्रम वा आयोजनाको

(क) नामः......................................(ख) स्थल...........................................

(ग) पहिलो किस्ता रकम.........................प्राप्त मिति........................

(घ) लागत रकमः.................................

(ङ) सुरू हुने वा भएको मिति................................

(च) सम्पन्न हुने वा भएको मिति............................

२. उपभोक्ता समिति/गैर सरकारी संस्था/टोल विकास संस्था/सामुदायिक संस्थाको

(क) नामः ....................(ख) अध्यक्षको नाम..........

(ग) सदस्य संख्याः............ महिला संख्या...........पुरूष संख्या.........

३. आम्दानी खर्चको विवरणः

(क) आम्दानी तर्फ

| **आम्दानीको स्रोत (कहाँबाट नगद वा जिन्सी प्राप्त भयो स्रोत खुलाउने)** | **रकम तथा परिमाण** | **कैफियत** |
|---|---|---|
| | | |
| | | |

(ख) खर्च तर्फ

| खर्चको विवरण | दर | परिमाण | जम्मा रकम (रू.) |
|---|---|---|---|
| १. सामाग्री (के के सामाग्री खरिद भयो ?) | | | |
| | | | |
| | | | |
| २. ज्याला (के वापत कति ज्याला भुक्तानी भयो ? | | | |
| | | | |
| ३. श्रमदान विवरण (कति जनाले कुन काममा श्रमदान गरे | | | |
| | | | |
| ४. व्यवस्थापन खर्च (ढुवानी तथा अन्य खर्च) | | | |

(ग) मौज्दात

| विवरण | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| १. नगद | | |
| (क) बैंक | | |
| (ख) व्यक्तिको जिम्मा | | |
| २. सामग्री | | |
| | | |

(घ) भुक्तानी दिन बाँकी

| विवरण | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| | | |

४.योजनाको लक्ष्य तथा प्रगति विवरण

| कामको विवरण | लक्ष्य | प्रगति | पुष्ट्याँइको आधार |
|---|---|---|---|
| | | | |

५. योजनाले पु-याएको लाभ तथा प्रत्यक्ष रूपमा लाभान्वित जनसंख्या (योजना संचालन भएको स्थानका उपभोक्ताहरू):

६. आयोजना वा कार्यक्रम संचालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी वाँडफाँड (कस कसले के कस्तो कामको जिम्मेवारी लिएका थिए खुलाउने:

७. आयोजना वा कार्यक्रम संचालनको क्रममा पालिकाले गरेको अनुगमन पटकः

८. कार्यक्रम संचालनको क्रममा भोगेका समस्याहरू (बुँदागत रूपमा लेख्ने)

९. कार्यक्रम संचालनको क्रममा भएको राम्रो सिकाइ (बुँदागत रूपमा लेख्ने)

१०.सम्पन्न योजनालाई दिगो रूपमा संचालन गर्न भविष्यको योजना के छ ? (बुँदागत रूपमा लेख्ने)

११. समितिको सुझाव अन्य केही भए (बुँदागत रूपमा लेख्ने)

१२. उपभोक्ता समिति/सामुदायिक संस्थाका पदाधिकारी तथा सदस्यहरूको दस्तखतः

| | | |
|---|---|---|
| दस्तखत:........................ | दस्तखत: ...................... | दस्तखत: ...................... |
| नामः | नामः | नामः |
| कोषाध्यक्ष: | सचिव: | अध्यक्ष: |

**विवरण तयार मितिः**

# अनुसूची—११ : सार्वजनिक परीक्षण कार्यक्रममा प्रस्तुत गर्ने विषयवस्तु

**क) वित्तीय लेखा परीक्षणः**

यसले गाउँपालिका/नगरपालिकाको वित्तीय कारोवारको लेखाजोखा तथा पुष्टि गर्दछ । महालेखा परीक्षकको कार्यालयवाट वित्तीय कारोवारको लेखा र त्यसको जाँच गरी वित्तीय कारोवारको अन्तिम प्रतिवेदन दिने कार्य हुन्छ। यस भित्र आन्तरिक र अन्तिम लेखापरीक्षण समेत समाबेश हुन्छ ।

**ख) सार्वजनिक परीक्षणः**

गाउँपालिका/नगरपालिकाले आफनो क्षेत्रभित्र संचालित योजना तथा कार्यक्रमहरूको कार्यान्वयन सुनिश्चित गरी सम्पादन हुनेवा सम्पादित कामको परिमाण, लागत, गुणस्तर समेतको लेखाजोखा गर्न स्थानीय उपभोक्ता तथा सरोकारवालाहरूको सहभागितामा सार्वजनिक परीक्षण गर्दछ। सार्वजनिक परीक्षणको प्रक्रियाले संचालित योजनाको उद्देश्य प्राप्तिमा मात्र सहयोग पु-याउने नभई योजनाको सकारात्मक र सुधार गर्नुपर्ने पक्षमा प्राप्त अनुभव र दृष्टान्तहरूलाई विश्लेषण गरी निर्णय प्रक्रियाका तहमा पृष्ठपोषण गर्दछ । संचालित योजना तथा कार्यक्रमहरू निर्धारित समय र कार्यतालिका अनुरूप कार्यान्वयन भए, भएनन् ? त्यसमा के कति र कसवाट लगानी भएको छ ? के मा कति खर्च भयो ? कामको गुणस्तर कस्तो छ ?खर्च प्रक्रिया तथा विवरण ठीक छन् वा छैनन् ? के कस्ता सुधार कार्य उपयोगी हुन्छ, आदि पक्षबारे सरोकारवालसंग गरिने छलफल, अन्तरक्रिया, विश्लेषण र सूचनाको आदान प्रदानले गाउँपालिका/नगरपालिकाबाट गरिने विकासका कार्यक्रमहरूलाई पारदर्शी, उत्तरदायी र जनमुखी तुल्याउने मात्र होइन स्थानीय उपभोक्ताहरूलाई आफना भावना व्यक्त गर्न सक्षम बनाउँदछ । सार्वजनिक परीक्षण, सामाजिक सशक्तिकरण, सामुदायिक सहभागिता तथा नागरिक निगरानीको निम्ति आवश्यक व्यवस्थापकीय औजार पनि हो ।

सार्वजनिक परीक्षण, योजना संचालनमा जनसहभागिता बृद्धि गर्न तथा जनताहरूवाट सुझाव तथा प्रतिक्रिया लिने उद्देश्यले संचालन हुन्छ । त्यसैले सावर्जनिक परीक्षणमा सहभागीहरूवाट व्यक्त भएका विचारहरू भविष्यको नीति निमाणकोलागि आधार हुन सक्दछ । योजना फरफारक गर्ने काम प्रचलित कानूनमा ब्यवस्था भएका आधारहरू तथा पेश भएका प्रमाणको आधारमा गर्नु पर्ने हुन्छ । योजना फरफारकको क्रममा सार्वजनिक परीक्षणको वेला  व्यक्त विचारलाई आधार लिई फरफारक गर्ने वा नगर्ने भन्ने निर्णय भने गर्नु हुँदैन।

**२. सार्वजनिक परीक्षणको क्षेत्रः**

**क) आन्तरिक रूपमा संचालन हुनेः**

सार्वजनिक परीक्षण गाउँ/नगर कार्यपालिकाले सम्पादन गर्दछ, गराउँछ ।यो  संचालित योजनाको गुणस्तरमा सुधार ल्याउन तथा कार्यान्वयन गर्ने तहको व्यवस्थापनको सुधारका लागि सझ्ुाव तथा प्राप्त सुझावलाई कार्यान्वयन गर्ने उद्देश्यले संचालन गरिन्छ। यो आम उपभोक्ताहरूवाट सँचालित योजनाको प्रारम्भिक जाँचपास पनि हो ।

**ख) उद्देश्य अनुरूप लगानी भए नभएको जाँच तथा सुधारः**

सार्वजनिक परीक्षण कार्यमा उपभोक्ता वर्गलाई स्वयँम् संलग्न गराई सहभागितामूलक र पारदर्शी ढंगले भए गरेका कार्यहरूको विवचेना गर्ने, लेखाजोखा गर्ने, सबल र दुर्बल पक्षहरूको विश्लेषण गरी आगामी दिनहरूमा गर्नुपर्ने सुधारात्मक कार्यको पहिचान गरिन्छ । यसवाट संलग्न सरोकारवालाहरूले सम्पन्न भैसकेका कार्यक्रमबाट सिकेका नयाँ सिकाइ रपाठ आदान प्रदान गरी थप सुधारात्मक उपायहरूको पहिचान गर्दछन ।

**ग) सरोकार पक्षहरूको सहभागिता र खुल्ला छलफलः**

सार्वजनिक परीक्षण कार्य मुख्यत उपभोक्ताहरूको चाहना तथा प्रतिक्रिया बुझ्न संचालन गरिन्छ। सार्वजनिक परीक्षणमा सबै उपभोक्ता तथा योजनाका सरोकार पक्षहरूको प्रतिनिधित्व गराई उपभोक्तालाई लागेका कुराहरू बोल्न स्वतन्त्रता दिइने गरिन्छ।

**३. सार्वजनिक परीक्षणको उद्देश्यः**

क) योजनाको आम्दानी खर्च तथा अन्य विवरणहरू आम उपभोक्ताहरू समक्ष राखी उपभोक्ताहरूको प्रतिक्रिया लिने।

ख) कार्यक्रम प्रति जनचासो वृद्धि गरी सम्बन्धित सरोकारवालाहरूको सहभागिता बृद्धि गर्ने।

ग) निर्णय प्रक्रियामा प्रजातान्त्रिक प्रक्रिया र पारदर्शी व्यवहार अवलम्बन गर्न गराउन सजग गराउने।

घ) कार्यक्रममा हुनसक्ने अनियमितता नियन्त्रण गर्ने र कुनै अनियमितता भएको पाइएमा नियन्त्रण गर्न उपभोक्ताहरूलाई जिम्मेवार बनाउने।

ङ) योजनामा आम उपभोक्ताहरूको स्वामित्व स्थापित गर्ने।

**४. सार्वजनिक परीक्षण पद्दतिः**

ब्यवस्था भएका बिधिको व्याख्या गर्ने

**५. सार्वजनिक परीक्षणमा ध्यान दिनुपर्ने कुराहरूः**

- आम उपभोक्ता भेला भए वा नभएको
- महिला, दलित र पिछडिएको वर्गको उचित प्रतिनिधित्व भए वा नभएको
- कार्यक्रमले समेट्ने क्षेत्रको समानुपातिक प्रतिनिधित्व भए वा नभएको
- आयोजना/कार्यक्रमको हालसम्मको कार्यान्वयन स्थिति जानकारी गराइएको वा नगराइएको
- आयोजना/कार्यक्रमको भौतिक र वित्तीय प्रगति जानकारी गराइएको वा नगराइएको
- विगतका परीक्षणबाट औंल्याइएका सुझावहरूको कार्यान्वयन भए वा नभएको
- अनुगमन सूचकहरू तयार गरिएको वा नगरिएको
- अनुगमनबाट देखिएका कमी कमजोरीहरूको सुधार गरिएको वा नगरिएको
- सहभागीहरूलाई लागको कुराहरू बोल्न दिइएको वा नदिइएको
- सहभागीहरूका विचारलाई जस्ताको तस्तै प्रतिवेदनमा प्रस्तुत गरिए वा नगरिएको

६. **फारामहरूको प्रयोगः** (अनुसूचीमा ब्यवस्था भएका फारामहरूको व्याख्या गर्ने)

७ .गाउँपालिका÷नगरपालिकाले सावर्जनिक परीक्षण अभिमुखिकरण कार्यक्रममा सहभागी गराउनु पर्नेः

- सहभागिहरू (अधिकतम ५० जना)
- गाउँपालिका वा नगरपालिकाका पदाधिकारीहरू

- अध्यक्ष वा प्रमुख तथा उपध्याक्ष वा उपप्रमुखहरू
- कार्यपालिकाका सदस्यहरू
- गाउँपालिका वा नगरपालिकाका विभाग, महाशाखा वा शाखा तथा इकाई प्रमुखहरू
- विकास आयोजनाको कार्यान्वयन संग सम्बन्धित कर्मचारीहरू
- उद्योग वाणिज्य संघ, स्थानीय गैर सरकारी संस्था महासंघ, जस्ता पेशागत संस्था संस्थाका प्रतिनिधिहरू
- राजनैतिक दलका प्रतिनिधिहरू
- महिला, दलित, जनजाति, पिछडिएका वर्ग आदिको उत्थानमा कार्यरत संघ संस्थाका प्रतिनिधिहरू
- कार्यरत प्रमुख गैरसरकारी संस्थाका प्रतिनिधिहरू
- प्रमुख करदाताहरू
- कार्यरत सामुदायिक संस्थाका प्रतिनिधिहरू
- नागरिक समाजका प्रतिनिधिहरू
- अन्य आवश्यकहरू समेत

# अनुसूची – १२: सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा

मिति:

श्री...........................

..................**गाउँपालिका/नगरपालिका,**

**१. योजनाको**

क) नामः

ख) स्थलः

ग) लागत अनुमानः

घ) योजना शुरू भएको मितिः

ङ) योजना सम्पन्न मितिः

च) योजनाको अवस्थाः सम्पन्न, अधुरो, बिग्रेको

**२. उपभोक्ता समिति वा गैर सरकारी संस्था वा सामुदायिक संस्थाको**

क) नामः

ख) अध्यक्षको नामः

ग) सदस्य संख्याः महिला .....       पुरूष.....

३. सार्वजनिक परीक्षण भएको क) मितिः       ख) स्थानः       ग) समयः

**४. उपस्थितिः (उपस्थितिको छाँयाप्रति संलग्न गर्नु पर्ने )**

| **नाम** | **ठेगाना** | **पद** |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**५. योजनाको लक्ष्य तथा प्रगति विवरणः**

| कामको विवरण | लक्ष्य | प्रगति |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**६. उपभोक्ता समिति, गैर सरकारी संस्था तथा सामुदायिक संस्थाले पेश गरेको आम्दानी खर्चको विवरणः**

| आम्दानी तर्फ | |
|---|---|
| विवरण | रकम रू. |
| गाउँपालिका/नगरपालिका/ सहयोगी संस्थाबाट निकासा | |
| सामग्री | |
| जनसहभागिता | |
| श्रमदान | |

| | | खर्चको विवरण | |
|---|---|---|---|
| अनुदान तर्फ | | श्रमदान तर्फ | |
| विवरण | रकम रू. | विवरण | रकम रू. |
| क.निर्माण सामग्री | | क.निर्माण सामग्री | |
| | | | |
| | | | |
| | | | |
| ख.कामदार | | ख.कामदार | |
| | | | |
| | | | |
| ग.ढुवानी | | ग.ढुवानी | |
| | | | |
| | | | |
| घ मेसिनरी औजार | | घ मेसिनरी औजार | |
| | | | |
| | | | |
| जम्मा | | जम्मा | |

उपयुक्त खर्च विवरण उपभोक्ता समितिले पेश गरेको विवरण सँग मेल खान्छ वा खाँदनै ,मेल नखाने भएमा कैफियतमा  जनाउनेः

७. उपभोक्ता समितिरसामुदायिक संस्थाले पेशगरेको विवरणमाथि सार्वजनिक परीक्षणमा उपस्थित व्यक्तिहरूको प्रतिक्रिया तथा सुझावः

| क्र.सं. | सुझावकर्ताको नाम थर | सुझावको क्षेत्र, प्रतिक्रिया तथा सुझावको सारसंक्षेप | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

८ .जानकारीका लागि सो विवरण सबै सरोकारवालाहरूलाई सूचित गर्न सार्वजनिक स्थलको सूचना पाटी टाँस भए वा  नभएको

..................
नामः
सहजकर्ता वा प्राविधिक

....................
नामः
उपभोक्ता समितिको अध्यक्ष

....................
नामः गाउँपालिका  वा नगरपालिकाको पदाधिकारी

**प्रतिवेदन बुझाएको मितिः**

## अनुसूची – १३: सार्वजनिक परीक्षणको लागि निर्माण व्यवसायीले तयार गर्ने विवरणको ढाँचा

१. योजनाको नाम:

क) नामः ...............................................ख) स्थलः......................................

ग) ठेक्का अंकः ......................................   घ) योजना सुरू भएको मितिः

ङ) योजना सम्पन्न मितिः

२ . निर्माण ब्यवसायीकोः

क) फर्मको नामः ..................................ख) प्रोप्राइटरको नामः

३ .सम्पन्न योजनाको लक्ष्य तथा प्रगति विवरणः

| कामको विवरण (मुख्य मुख्य कार्यहरू खुलाउने | लागत अनुमान | यथार्थ |
|---|---|---|
| | | |
| | | |

४. योजनाले पु-याएको लाभ तथा प्रत्यक्ष रूपमा लाभान्वित जनसंख्या (योजना संचालन भएका) स्थानका उपभोक्ताहरूः

५. योजना संचालनको क्रममा पालिकाले गरेको अनुगमन (पटक)

६. कार्यक्रम संचालनको क्रममा भोगेका समस्याहरू (बुँदागत रूपमा लेख्ने)

७. सम्पन्न योजनालाई दिगो रूपमा संचालन गर्न के गर्न आवश्यक छ (बुँदागत रूपमा लेख्ने)

नामः

निर्माण व्यावसायी वा प्रतिनिधिको दस्तखतः

निर्माण व्यावसायीको नामः

विवरण पेश गरेको मितिः

# अनुसूची – १४: निर्माण व्यवसायीवाट संम्पन्न कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा

श्री.....................

गाउँ/नगर कार्यपालिकाको कार्यालय

**१. योजनाको**

क) नामः

ख) स्थलः

ग) ठेक्का अंकः

घ) योजना सुरू भएको मितिः

ङ) योजना सम्पन्न भएको मितिः

**२. निर्माण ब्यवसायीकोः**

क) फर्मको नामः

ख) प्रोप्राइटरको नामः

**३. सार्वजनिक परीक्षण भएको**

क) मितिः

ख) स्थानः

ग) समयः

**४. उपस्थिति**

| नाम थर | ठेगाना | पद र संस्थाको नाम |
|---|---|---|
| | | |

| | | |
|---|---|---|
| | | |
| | | |
| | | |

**५. योजनाको लक्ष्य तथा प्रगति विवरणः**

| कामको विवरण (मुख्य मुख्य कार्यहरू खुलाउने) | लागत अनुमान अनुसारको लक्ष्य | यथार्थ प्रगति |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

**६. निर्माण व्यवसायीले पेशगरेको विवरणमाथि सार्वजनिक परीक्षणमा उपस्थित व्यक्तिहरूको प्रतिक्रिया तथा सुझावः**

| क्र.सं. | सुझावकर्ताको नाम थर | सुझावको क्षेत्र | प्रतिक्रिया तथा सुझावको सारसंक्षेप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**७ . सहभागीबाट आएका विचार तथा अवलोकनबाट देखिएका तथ्यहरूको विश्लेषण**

| | | |
|---|---|---|
| ............... | ................ | ................ |
| नामः | नामः | नामः |
| सहजकर्ता वा प्राविधिक | निर्माण व्यवसायी | गाउँ/नगरपालिकाको पदाधिकारी |

**प्रतिवेदन बुझाएको मितिः**

# अनुसूची – १५: सार्वजनिक परीक्षण कार्यक्रमको आचार संहिता

सार्वजनिक परीक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन, ब्यवस्थित कार्यतालिका तयार गरी छलफल सञ्चालन गर्न र सहजकर्ताले छलफललाई विषयमा केन्द्रित गरी ब्यवस्थित रूपमा सञ्चालन गर्न अनुसूची–१६मा दिइएको नमूना कार्यक्रम तालिका प्रयोग गर्नु पर्नेछ। सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछः

१. विषयवस्तुमा मात्र केन्द्रीत रही छलफल गर्ने ।

२. निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।

३. सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने ।

४. व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचार कायम राख्ने ।

५. सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचार राखे वापत धन्यवाद दिने ।

६. सहजकर्ताले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने ।

७. बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।

# अनुसूची – १६: सहजकर्ताले सार्वजनिक परीक्षण गर्न प्रयोग गर्नुपर्ने कार्यतालिकाको नमूना

| **कार्यक्रम** | **जिम्मेवारी** | **समयावधि** |
|---|---|---|
| कार्यक्रम औपचारिक वा अनौपचारिक कसरी गर्ने हो निर्धारण गर्ने । | | |
| भेलाको उद्देश्यबारे जानकारी गराउने | | |
| योजनाको स्थिति वा प्रगति बारे प्रस्तुतिकरण गर्ने । | | |
| योजनाको स्थितिबारे सहभागीको टिप्पणी प्राप्त गर्ने । | | |
| योजनाको आम्दानी खर्च विवरण प्रस्तुत गर्ने । | | |
| आम्दानी खर्च उपर सहभागीको टिप्पणी प्राप्त गर्ने । | | |
| भेलाको सुझाव अभिलेखन गर्ने । | | |
| रेकर्ड गरिएको सुझाव तथा सहीछाप दुरूस्त राख्ने । | | |

# अनुसूची – १७: सार्वजनिक परीक्षणका लागि सहजकर्ताले प्रयोग गर्नुपर्ने चेकलिष्ट

## कार्यक्रम वा आयोजना सम्बन्धी विवरण

क) कार्यक्रम वा आयोजना समुदायले माग गरे अनुसार छ वा छैन ?

ख) लाभान्वित घरधुरी संख्या कति छ।

ग) लक्षित वर्ग (समावेशी, दलित, आदिवासी/जनजाति, महिला, गरीब, पिछडिएको वर्ग र अन्य) को संख्या कति छ ?

घ) योजनाबाट हुने उपलब्धिका सूचकहरू प्रष्ट छन वा छैनन् ?

ङ) लक्ष्य र उपलब्धि बीचको फरक के कस्तो छ ?

च) योजनाको दिगोपनका लागि समुदायको सहभागिता तथा योगदान छ वा छैन ?

छ) योजना समयमा सम्पन्न भयो वा भएन? भएन भने कारणहरू के रहे ?

ज) योजना संचालन गर्न गठित उपभोक्ता समितिको गठन प्रक्रिया उपयुक्त भए वा नभएको।

झ) उपभोक्ता समितिमा वास्तविक उपभोक्ताको प्रतिनिधित्व भए वा नभएको।

## योजनाको व्यवस्थापन तथा लेखाप्रणाली

क) जिम्मेवारी तालिका प्रष्ट छ छैन ? तथा योजना संचालन गर्नेले प्रस्तुत गरे अनुसारको योजना सम्पन्न भए नभएको।

ख) खरिद प्रक्रिया ऐन, नियम तथा निर्देशिका बमोजिम भयो वा भएन ? प्रतिस्पर्धात्मक प्रकृयाद्वारा नभएको भए कारण खुलाउने।

ग) रू. ५००० भन्दा माथिको खरिदमा मूल्य अभिवृद्धि करको बिल समावेश भए नभएको। विलहरूमा त्रुटिहरू भए वा नभएको।

घ) स्टोर व्यवस्थापनमा त्रुटि रहे वा नरहेको।

ङ) अग्रिम भुक्तानी रकम योजनाको उपभोक्ता समिति वा सञ्चालक समितिले गरेको निर्णय भन्दा फरक छ वा छैन।

छ) काटिएको चेक, बैंकको विवरण सँग भिडाएर रूजु गरिएको छ वा छैन।

ज) खर्च विवरणमा उल्लिखित अनुसारका मानिसले काम गरेको हो, होइन?

झ) काम गर्ने मानिसले पुरै ज्याला पाएका छन् वा छैनन्?

ञ) गाउँपालिका वा नगरपालिकाबाट समय समयमा निरीक्षण भएको छ वा छैन ? निरीक्षण पश्चात् प्राप्त सुझावहरू कार्यान्वयन भए वा भएनन्?

**पारदर्शीता**

क ) योजना स्थलमा योजनाको लगानी बारे प्रष्ट हुने गरी सूचना बोर्ड राखियो वा राखिएन ?

ख) योजनाको सञ्चालन खर्चको विवरण प्रष्ट छ वा छैन ।

ग)मेजरमेन्ट बुक नापी किताव प्रष्ट सित राखिएको छ वा छैन ।

घ) आयोजना वा कार्यक्रम कार्यान्वयन हुनु अगाडि पर्याप्त जानकारी गराउने काम भए वा नभएको ।

**अन्य**

क) सहभागीमध्ये कसैले उपभोक्ता समितिको कुनै सदस्यको विशेष प्रशंसा मात्र गरेको वा विरोध गरेको अवस्थामा कारण पत्ता लगाउने।

ख) सूचना प्रवाहमा दलित, महिला, बालबालिका र पिछडिएका वर्गको सहभागिता रह्यो वा रहेन । कतैबाट अवरोध छ वा छैन पत्ता लगाउने ।

ग) प्राविधिकहरूबाट समयमै सुझाव र सल्लाह प्राप्त भयो वा भएन? दिइएका सल्लाह र सुझावहरू उपयुक्त थिए वा थिएनन्?

घ) योजनालाई प्रभावकारी रूपमा संचालन गर्न भविष्यको योजना के छ?

ङ) योजना संचालनको क्रममा महत्वपूर्ण सिकाइ के रह्यो?

# अनुसूची — १८ : नागरिक प्रतिवेदन (Citizen Report Card )

(सन्तुष्टि वा असन्तुष्टि जनाउने)

उत्तरदाताको नाम र थरः— .................. जातजातिः............................

लिङ्गः महिला ( ) पुरूष ( ) उमेर ............

शिक्षाः .................................... पेशा.................................

ठेगानाः ......................... गाउँपालिका/नगरपालिका, वडा नं. ......... सम्पर्क फोन नं. ...

| | |
|---|---|
| १ | सेवाको सन्तुष्टि |
| | १.१ तपाइँले यस कार्यालयको सेवाबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो?<br>सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( )<br>१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?<br>सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( ) |
| २. | सेवाको नियमितता<br>२.१ नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ?<br>सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( )<br>२.२ कार्यालय नियमित रूपमा पदाधिकारी र कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता (संञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ?<br>विश्वस्त ( ) ठीकै ( ) अविश्वस्त ( )<br>२.३ तपाईले सेवा लिन जाँदातोकिएको बाहेक अतिरिक्त रकम तिर्नु भयो?<br>तिरेको छैन ( ) एकदमै कम ( ) धेरै तिरेको ( ) |

| | |
|---|---|
| | २.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ?<br><br>१ दिन ( ) २ दिन ( ) धैरै दिन ( ) |
| ३. | सेवा प्रतिको जनविश्वास |
| | ३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?<br><br>विश्वस्त ( ) ठीकै ( ) अविश्वस्त ( )<br><br>३.२ यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरूलाई जानकारी प्रचार प्रशार कत्तिको गर्नु भएकोछ?<br><br>धैरे ( ) ठीकै ( ) गरेको छैन ( )<br><br>३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ?<br><br>धैरे ( ) ठीकै ( ) विश्वास छैन ( )<br><br>३.४ यस कायार्लयले विपन्न वर्गर्को लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ?<br><br>छ ( ) छैन ( ) अलिअलि थाहा छ( ) |
| ४. | सेवाको गुणस्तर<br><br>४.१ यस कार्यालयबाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनु हुन्छ ?<br><br>सन्तुष्ट ( ) कम सन्तुष्ट ( ) असन्तुष्ट ( )<br><br>४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो?<br><br>आफै ( ) गाउँका ठूलाबडाको ( ) विचौलियाको ( )<br><br>४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु प-यो?<br><br>१ पटक ( ) २ पटक ( ) सो भन्दा वढी( ) |

| | |
|---|---|
| ५. | सेवा सम्बन्धी जानकारी |
| | ५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?<br><br>अति राम्रो ( ) ठीकै ( ) नराम्रो ( )<br><br>५.२ कार्यालयमा भएको नागरिक बडापत्र बारे तपाईलाइ जानकारी छ ?<br><br>छ ( ) आंशिक जानकारी छ ( ) कुनै जानकारी छैन( )<br><br>५.३ कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?<br><br>अति राम्रो ( ) ठीकै ( ) खासै राम्रो छैन ( )<br><br>५.४ पालिका तहमा सञ्चालन गरिने सावर्जनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशत सम्म हुने गरेको छ ?<br><br>२० प्रतिशत जति ( ) ५० प्रतिशत भन्दा माथि ( ) थाहा छैन ( )<br><br>५.५ सभाबाट कानून बनाउँदा र कार्यपालिकामा नीति, नियम र निर्देशिका र मापदण्ड तर्जुमा गर्दा हुने छलफलमा आम नगरिकको प्रतिनिधित्व भएको छ?<br><br>छ ( ) ठीकै छ ( ) प्रतिनिधित्व साह्रै कम छ( ) |
| ६. | नागरिक बडापत्र/उजुरी पेटिका वा गुनासो सुन्ने अधिकारी सम्बन्धमा<br><br>६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन्?<br><br>धैरे ( ) कम ( ) गरेको छैन( )<br><br>६.२ तपाईको विचारमा गाउँपालिका/नगरपालिका वा यसका सेवाप्रदायकहरूले नागरिक बडापत्र अनुरूप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ?<br><br>धैरे ( ) ठीकै ( ) अति कम ( )<br><br>६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयो कत्तिको भएको छ?<br><br>धैरे ( ) ठीकै ( ) अति कम ( )) |

## नागरिक प्रतिवेदन पत्र

## प्रश्नावली भाग —२

| | |
|---|---|
| १. | सिफारिस सम्बन्धी |
| | १.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरूको प्रष्ट जानकारी पाउनु भयो?<br>पाएँ ( ) ठीकै पाएँ ( ) स्पष्ट पाइँन ( )<br>१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु प-यो?<br>दिएँ ( ) थोरै दिएँ ( ) मागिएन र दिइएन पनि ( )<br>१.३ त्यहाँबाट दिने सिफारिस लिँदा कसको सहयोग लिनुभयो?<br>आफै ( ) विचौलिया वा कायर्कता एकै मान्छे ( ) नेता वा ठूलाबडा ( )<br>१.४ राजस्व को–कससँग उठाउने गदर्छन् ?<br>सबैसँग उठाउँछन् ( ) सीमित व्यक्तिसँग मात्र उठाउँछन् ( ) आयको आधारमा उठाउँछन् ( )<br>१.५ शुल्क, सेवादस्तुर को–कससँग उठाउने गदर्छन् ?<br>सवै सेवाग्राहीसँग उठाउने गरेको छन ( ) कुनै कुनै सेवाग्राहीसँग उठाउने गरेका छन ( ) |
| २. | पूर्वाधार विकास, वातावरण र सरसफाई सम्बन्धी |
| | २.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ?<br>राम्रो ( ) ठीकै ( ) खराब ( )<br>२.२ कार्यालयमा सेवा प्रवाह र कार्यसम्पादन सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको हुने गरेको छ?<br>तुरून्तै हुन्छ ( ) पटक पटक भने पछि मात्रै हुन्छ ( ) जति भने पनि हुंदैन ( )<br>२.३ तपाईको विचारमा गाउँपालिका/नगरपालिकाले पूर्वाधार सम्बन्धी कार्यक्रम के कस्तो किसिमले कार्यान्वयन गर्छ?<br>नियमित र राम्रोसँग ( ) ठीकै गर्छ ( ) नियमित रूपमा गर्दैन ( )<br>२.४ तपाईको गाउँपालिका/नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ? |

| | |
|---|---|
| | राम्रो ( ) ठीकै ( ) खराब ( )<br>२.५ तपाईको पालिकामा संचालन गरेका आयोजनाहरू कत्तिका प्रभावकारी छन्?<br>प्रभावकारी छन् ( ) ठीक छन् ( ) प्रभावकारी छैनन् ( )<br>२.६ स्थानीय सरकारमा आयोजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ?<br>सहज ( ) असहज ( ) ठीकै ( ) अप्ठया्रो ( )<br>२.७ गाउँपालिका/नगरपालिकाको आयोजना सम्पन्न भएपछि जाँचपास गर्दा प्राविधिकहरूलाई रकम दिनुपर्छ?<br>पर्दैन ( ) मागेरै लिन्छन् ( ) रकम नदिए अप्ठ्यारो पार्छन् ( )<br>२.८ आयोजना सञ्चालन गर्दा गाउँपालिका/नगरपालिकावाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो?<br>सजिलै पाइयो ( ) कहिलेकाँही पाइयो ( ) माग गर्दा पनि पाइएन ( )<br>२.९ गाउँपालिका/नगरपालिकामा विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ?<br>सजिलै पाइन्छ ( ) सोधेपछि पाइन्छ ( ) सोधेपनि पाइदैन ( )<br>२.१० गाउँपालिका/नगरपालिकावाट आचार संहिता पालना भएको छ?<br>पालना भएको छ ( ) ठीकै पालना भएको छ ( ) कत्ति पनि पालना भएको छैन ( )<br>२.११ आयोजना सञ्चालन गर्दा गाउँपालिका/नगरपालिकावाट कत्तिको सहयोग पाउनु भएको छ?<br>धेरै सहयोग पाएको छु ( ) ठीकै सहयोग पाएको छु ( ) निरूत्साहित गरिन्छ ( ) |
| ३. | गाउँपालिका/नगरपालिकाको वित्तीय व्यवस्थापन र कार्यसम्पादन |
| | ३.१ आर्थिक श्रोत कस्तो छ ?<br>आवश्यक श्रोत उपलब्ध ( ) कम श्रोत उपलब्ध ( ) अति कम श्रोत उपलब्ध ( )<br>३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?<br>अति सरल ( ) ठीकै ( ) जटिल ( )<br>३.३ कार्यालयमा भएका कर्मचारीमा वित्त व्यवस्थापन र परिचालन सीप कस्तो छ ?<br>आवश्यक सीप छ ( ) आवश्यकता भन्दा कम छ ( ) सीप निकै कम छ ( )<br>३.४ गाउँपालिका/नगरपालिकाको आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नु भएको छ ? |

| | |
|---|---|
| | टाँसेको देखेको छु ( ) कहिलेकाही टाँसेको देखिन्छ ( ) खै कतै देखिएन ( )<br>३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?<br>छ ( ) ठीकै मूल्याङ्कन हुने गरेको छ ( ) कहिले पनि भएको थाहा छैन ( )<br>३.६ कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?<br>सन्तुष्ट ( ) ठीकै ( ) असन्तुष्ट ( ) |
| ४. | पारदर्शीता सम्वन्धी |
| | ४.१ यस गाउँपालिका/नगरपालिकाको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ?<br>धेरै जानकारी पाएको छु ( ) ठीकै जानकारी पाएको छु ( ) कम जानकारी पाएको छु ( )<br>४.२ गाउँपालिका/नगरपालिकाले निर्माण गरेका ऐन, नियम, नीति, निर्णय, बजेट कार्यक्रम, कार्यप्रगति आदि सम्बन्धी विवरण सार्वजनिक हुने गर्दछ ?<br>हुने गरेको छ ( ) हुने गरेको छैन ( ) जानकारी नै छैन ( )<br>४.३ सार्वजनिक हुने माध्यम के के हुन् ?<br>वेवसाइट ( ) सूचना पाटी ( ) पत्रपत्रिका र मिडिया ( ) सार्वजनिक सुनुवाई ( )<br>४.४ गाउँपालिका/नगरपालिकाको कार्यालयबाट तपाईले चाहेको विवरण पाउँनु भएको छ?<br>सहजै पाए ( ) धेरै पटक भनेपछि पाए ( ) पाइन ( ) वास्ता नै गरिएन ( ) |

# अनुसूची—१९: सेवा पछिको अभिमत (Exit Poll) संकलन गर्ने ढाँचा

| |
|---|
| क .सेवा पछिको (**Exit Poll** ) सर्वेक्षणको प्रश्नावली |
| |

| |
|---|
| १. सेवाग्राहीको लिङ्गः— पुरूष/महिला |
| २. जातः |
| ३.उमेरः |
| ४. शिक्षाः |
| ५. कार्यालय सम्म आइपुग्दा लागेको समयः |
| ६. आउनुको उद्देश्यः यस कार्यालयको काममा मात्र आउनु भएको हो वा अन्य कामको लागि पनि हो? |
| ........................................................... |

७) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो? रेजा (-☑_☐) चिन्ह लगाउनुहोस्।

| | | |
|---|---|---|
| क) | सिफारिस लिन/पु-याउन | |
| ख) | अनुमति/दर्ता/नवीकरण | |
| ग) | आर्थिक सहयोग लिन | |
| घ) | योजना माग गर्न | |
| ङ) | योजनाको किस्ता लिन | |
| च) | योजनाको मूल्याङ्कन तथा फरफारक गराउन | |

| | | |
|---|---|---|
| छ) | योजनाको अन्तिम भुक्तानी लिन | |
| ज) | स्थानीय सरकारले राखेको सूचना प्राप्त गर्न | |
| झ) | सूचनामूलक सामग्री प्राप्त गर्न | |
| ञ) | अन्य कुनै भए उल्लेख गर्नुहोसः | |

८) सेवा सुविधा प्राप्ती सम्बन्धी तपाइको स्वमूल्याङ्कन कस्तो रह्यो?

| क्र.स. | सेवाको नाम | स्वःमूल्यायाङ्कन –उपयुक्त कोठामा चिन्ह ( ) लगाउने | | |
|---|---|---|---|---|
| १. | सेवा लिन कोसँग सम्पर्क गर्ने ? भन्नेमा तपाईको धारणा के–कस्तो छ? | अति स्पष्ट ( ) | ठीकै ( ) | अस्पष्ट ( ) |
| २. | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै ( ) | ठीकै ( ) | थोरै ( ) |
| ३. | तपाई प्रति सेवा प्रदायक कर्मचारीले व्यवहार कस्तो गरेको पाउनु भयो ? | मिलनसार र मैत्रीपूर्ण ( ) | ठीकै ( ) | अभद्र वा अमर्यादित ( ) |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरू (प्रमाण, कागजात र शुल्क, दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए ( ) | ठीकै ( ) | अलमल हुने गरी अस्पष्ट सूचना दिए ( ) |
| ५. | तपाईले राख्नुभएका समस्याका सम्बन्धमा के–कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए ( ) | ठीकै ( ) | समाधान दिन सकेनन् ( ) |
| ६. | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो? | अति सजिलो (छोटो) ( ) | ठीकै ( ) | लामो ( ) |

९. कार्यालयको कुनकुन पक्षहरू धेरै राम्रो लाग्यो र कुनकुन पक्षलाई सुधार गर्नुपर्ने देख्नु भयो ?

| **राम्रा लागको कुराहरू** | **सुधार गर्नुपर्ने विषयहरू** |
|---|---|
| १.<br>२.<br>३.<br>४.<br>५. | १.<br>२.<br>३.<br>४.<br>५. |

# अनुसूची– २०: सार्वजनिक उजुरी तथा गुनासो दर्ता किताब

| क्र.स. | गुनासोकर्ताको नाम थर | गुनासोको संक्षिप्त विवरण | गुनासोसँग सम्बन्धित पदाधिकारी तथा महाशाखा/शाखा | गुनासोको वर्गीकरण | गुनासो उपर गरिएको प्रथम सम्बोधन | दर्ता गर्नेको नाम, थर र पद | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

# अनुसूची–२१ : सार्वजनिक उजुरी तथा गुनासो समाधानको लागि प्रस्ताव

| क्र.स. | गुनासोको सङ्क्षिप्त व्यहोरा | गुनासो समाधानको लागि विद्यमान कानूनी तथा संस्थागत व्यवस्था | गुनासो समाधानको लागि कानूनी तथा संस्थागत व्यवस्थामा रहेको कमी | कानूनी तथा विषयविज्ञको राय | गुनासो समाधानको लागि गर्नुपर्ने निर्णय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**गुनासो समाधान समन्वय समितिका**

संयोजकः नाम थरः पदः दस्तखतः

सदस्यः नाम थरः पदः दस्तखतः

सदस्यः नाम थरः पदः दस्तखतः

सदस्यः नाम थरः पदः दस्तखतः

सदस्य सचिवः नाम थरः पदः दस्तखतः

# अनुसूची–२२ : गुनासो समाधान समन्वय समितिमा पेश गर्नु पर्ने विवरण

| क्र.स. | गुनासोको सङ्क्षिप्त विवरण | गुनासो समाधानको लागि अपर्याप्त कानून तथा संस्थागत व्यवस्था तथा अधिकारक्षेत्रको विवरण | कानून तथा विषयविज्ञको राय | गुनासो समाधानको लागि गर्नु पर्ने निर्णयको प्रस्ताव |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

गुनासो सुन्ने अधिकारीको नामः

दस्तखतः

मितिः

कार्यालय प्रमुखको नामः

दस्तखतः

मितिः

# अनुसूची —२३: आयोजनाको सूचनापाटीको ढाँचा

| | |
|---|---|
| • आयोजना/परियोजनाको नाम: | आयोजना वा परियोजना स्थल |
| • कुल लागत/बजेट (रू.): | गाउँपालिका/नगरपालिकाको लगानी (रू.): |
| • जनसहभागिता (उपभोक्ता वा समुदायले व्यहोर्ने) रकम (रू.): | अन्य लगानी(रू): |
| • परियोजना सुरू मिति: | सम्पन्न हुने मिति: |
| • निर्माण व्यवसायी, उपभोक्ता समिति वा कार्यान्वयन गर्ने तह संस्थाको नाम: | सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं: . |
| • लाभाविन्त घरपरिवार: | लाभान्वित जनसंख्या: |

# अनुसूची - २४ : सूचना माग गर्ने निवेदनको नमुना फारम

मिति:

श्री.........................

**विषय : सूचना पाउँ भन्नेबारे**

महोदय,

उपर्युक्त सम्बन्धमा ....................................................का लागि यस कार्यालयमा रहेका तपसिलका सूचनाहरू आवश्यक भएकोले सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ अनुसार ती सूचना तथा जानकारीको प्रमाणित प्रतिलिपि उपलब्ध गराइदिनुहुन यो निवेदन गर्छु । सूचना प्राप्त गर्न लाग्ने कानून बमोजिमको दस्तुर बुझाउन तयार छु ।

१) ....................... ..........................

२) ........................ ..................................

**बोधार्थ:** राष्ट्रिय सूचना आयोग, काठमाडौँ

**निवेदक :**

दस्तगत:

फोन :

इमेल:

# अनुसूची - २५ : स्थानीय तहको उत्तरदायीत्व बहन सम्बन्धी कार्यविधि, २०७८ (नमुना कार्यविधी) *स्रोत: नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौ*

नमुना कार्यविधि

... ... ... गाउँ/नगर पालिका, ... ... जिल्ला......प्रदेश

**स्थानीय तहको उत्तरदायित्व वहन सम्बन्धी कार्यविधि, २०७८**

**स्वीकृत मिति :**

**प्रस्तावना :**

स्थानीय सुशासन, दिगो विकास र समृद्धि हासिल गरी लोकतन्त्रलाई सुदृढ बनाउन नेपालको संविधान र राष्ट्रिय नीतिले अंगिकार गरेका सेवामैत्री, समावेशी, गुणस्तरीय सेवा प्रवाह सुनिश्चित गर्दै जनताको सुसूचित हुने हक संरक्षण समेत गर्ने अभिप्रायले पारदर्शी तरिकाले नागरिकप्रति पूर्णरुपमा जिम्मेवार हुने ध्येयले स्थानीय सार्वजनिक उत्तरदायित्व वहन प्रणाली (ठाडो र तेर्सो समेत) स्थापित गर्न वान्छनीय भएकोले "स्थानीय सरकार सन्चालन ऐन, २०७४" को दफा १०२ को उपदफा २ बमोजिम यस ... ... ... गाउँ/नगरपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

**परिच्छेद - १**

**प्रारम्भ**

१. **संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम "... ... ... गाउँ/नगरपालिकाको उत्तरदायित्व वहन सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

२. **प्रारम्भ :** यो कार्यविधि तुरुन्त लागू हुनेछ।

३. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **"उत्तरदायित्व भन्नाले"** नेपालको संविधानले स्थानीय तहलाई तोकेका जिम्मेवारी पूरा गर्ने सम्बन्धमा नागरिकका चांसोहरुलाई चित्तबुझ्दो तथा जवाफदेही प्रकारले सम्बोधन गर्नु भन्ने बुझ्नु पर्छ। सार्वजनिक पद धारण गरेको राजनीतिक वा प्रशासनिक पदाधिकारीले सार्वजनिक सरोकार वा चांसोको विषयमा आफूले गरेका कार्य, कार्य सम्पादनको स्तर, गुणात्मकता एवं सार्वजनिक स्रोतको उपयोगको बारेमा सरोकारवालावर्ग समक्ष चित्तबुझ्दो उत्तर दिने संयन्त्र वा व्यवस्था भन्ने बुझिन्छ। यो शब्दले आफूले गरेका निर्णय, कार्यसम्पादन, क्रियाकलाप तथा व्यवहारका सम्बन्धमा सरोकारवालाको तर्फवाट आउनसक्ने जिज्ञासा र प्रश्नहरुको औचित्यपूर्ण र चित्तबुझ्दो जवाफकालागि आवश्यक संयन्त्रको स्थापना र उक्त पद्धतिको प्रयोगमा तत्परता र उत्सुकता समेत बुझ्नु पर्छ।

(ख) **"ठाडो उत्तरदायित्व"** भन्नाले स्थानीय तहले सेवा प्रवाह गर्नु पर्ने नागरिक जसको प्रतिनिधिमूलक संस्था भएर स्थानीय तहले काम गर्छ, उनीहरुप्रति चित्तबुझ्दो किसिमले उत्तरदायित्व वहन गर्नु भन्ने बुझ्नु पर्छ।

(ग) **"तेर्सो उत्तरदायित्व"** भन्नाले उत्तरदायित्व वहन गर्ने सिलसिलामा स्थानीय तहभित्र कानुन तथा नीति अनुसार बाँडफाँड भएको उत्तरदायित्व संरचना तत् तत् पदाधिकारी वा संयन्त्रले पालना गर्नु पर्छ भन्ने बुझिन्छ। परीक्षण र सन्तुलन (check and balance) को सिद्धान्त अवलम्बन गरी कार्यकारी, व्यवस्थापिका र न्यायाधिकारीको संरचनाका आधारमा खोजिने उत्तरदायित्व पनि यस्तो उत्तरदायित्व हो।

(घ) **"सामाजिक उत्तरदायित्व"** भन्नाले नागरिक सक्रियता र सहभागितका माध्यमबाट स्थानीय तहलाई नागरिकप्रति उत्तरदायित्व वहनको जिम्मेवारी अनुभूत गराउने उपायंको रुपमा बुझ्नु पर्छ। यसमा सर्वसाधारण नागरिक, नागरिक संस्था र समाज प्रत्यक्ष वा परोक्ष रुपमा उत्तरदायित्वलाई मूर्तरुप दिन र प्रवर्द्धन गर्न सक्रिय रुपमा सहभागी हुन्छन्।

(ङ) **"वैधानिक उत्तरदायित्व"** भन्नाले कानुनले स्पष्ट वा सांकेतिक रुपमा तोकेको जिम्मेवारी वहन गर्ने मापदण्ड र क्रियाकलाप सम्झनु पर्छ।

(च) **"नैतिक उत्तरदायित्व"** भन्नाले सार्वजनिक पद धारणा गरेका जनप्रतिनिधि, कर्मचारी तथा अन्य व्यक्तिहरुले उच्चतम नैतिकता कायम गर्ने सिलसिलामा कानुनले स्पष्ट रुपमा उल्लेख नगरे पनि सांकेतिक रुपमा उल्लेख गरिएका जिम्मेवारी र नागरिकले अपेक्षा गरेको नैतिक सदाचार सम्बन्धी चरित्रका क्रियाकलाप बुझ्नु पर्छ।

(घ) **"प्रमुख"** भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ। **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ङ) **"उपप्रमुख"** भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ। **"उपाध्यक्ष"** भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(च) **"कार्यपालिका"** भन्नाले गाउँ कार्यापालिका / नगर कार्यपालिका सम्झनु पर्छ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिका / गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ज) **"सार्वजनिक सुनुवाई"** भन्नाले स्थानीय तहले गरेका नीति तर्जुमा, योजना तथा कार्यक्रम, सार्वजनिक सेवा प्रवाह, नागरिक सम्बन्ध, पूर्वाधार निर्माण, शिक्षा स्वास्थ्य जस्ता आधारभूत सेवा, सुशासन तथा पदाधिकारीहरुको कार्यसम्पादन शैली सम्बन्धमा लिईएका निर्णय, गरिएका क्रियाकलाप र स्थानीय तह व्यवस्थापन विषयमा नागरिक तथा स्थानीय तहका पदाधिकारीहरु वीचको खुला बहस भन्ने बुझ्नु पर्छ। यसमा सर्वसाधारणलाई आफ्ना राय, प्रतिक्रिया, धारणा र प्रश्न राख्न पर्याप्त अवसर दिइन्छ, जसको चित्तबुझ्दो उत्तर सम्बन्धित पदाधिकारीले दिने अपेक्षा गरिन्छ।

(झ) **"सामाजिक परीक्षण"** भन्नाले स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले लक्षित वर्गको आर्थिक-सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण मूल्याङ्कन गर्ने तथा एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य बुझ्नु पर्छ।

(ञ) **"सार्वजनिक परीक्षण"** भन्नाले स्थानीय विकास परियोजनामा भएको लगानीको प्रभावकारिताका बारेमा सम्बन्धित सरोकारवाला तथा लाभान्वित समूहको प्रत्यक्ष सहभागितामा लेखाजोखा गरिने संयन्त्रलाई बुझ्नु पर्छ।

(ट) **"स्थानीय खर्चको सोधखोज"** भन्नाले स्थानीय तहको संलग्नतामा स्थानीय तह, जिल्ला समन्वय समिति, सरकारी तथा गैरसरकारी निकायबाट विकास योजना सञ्चालनका लागि गरिएको बजेट बाँडफाँड, बजेट निकासा, खर्चको अवस्था, भईसकेका खर्चबाट प्राप्त प्रतिफल के कस्तो रहेको छ भनी खोजी गर्ने काम बुझ्नु पर्छ ।

(ठ) **"नागरिक बडापत्र"** भन्नाले स्थानीय तहले नागरिकलाई प्रदान गर्ने सेवाहरुको किसिम, सेवा प्राप्त गर्दा लाग्ने शुल्क तथा दस्तुर, सेवा प्रदान गर्ने जिम्मेवार व्यक्ति, सेवाको गुणस्तर, सेवा प्रदान गर्दा लाग्ने समयावधि, सेवा प्रवाहको शर्त तथा कार्यविधि, सेवा उपलब्ध हुन नसकेको अवस्थामा उपचारको विधि जस्ता कुराहरु खुलाईएको कार्यविधि सम्झनु पर्छ । यस्तो विवरण सूचना पाटीको रुपमा सबै सेवाग्राहीले सजिलै देख्ने र बुझ्ने गरी कार्यालयको हाताभित्र अनिवार्य रुपमा टाँगिनु पर्छ ।

(ड) **"सामुदायिक सूचना पाटी"** भन्नाले सर्वसाधारणलाई तत्काल कुनै महत्वपूर्ण सूचना दिनु पर्ने अवस्थामा सार्वजनिक र सामुदायिक रुपमा सूचनाको व्यहोरा तयार पारी टाँस्ने पाटी वा बोर्ड सम्झनु पर्छ, जसमा पुराना सूचना निकालेर नयाँ सूचना टाँस्ने सुविधा हुने गर्छ ।

(ढ) **"गुनासो व्यवस्थापन"** भन्नाले स्थानीय तहका काम र सेवा प्रवाह सम्बन्धमा सेवाग्राही वा नागरिकलाई कुनै गुनासो, उजुरी, निवेदन, रायसल्लाह वा रायप्रतिक्रिया दिन इच्छा लागेमा सरल प्रक्रियाबाट त्यस्तो गुनासो व्यक्त गर्ने र सो गुनासोमा स्थानीय निकायले आवश्यक कारवाही गरी गुनासो फछ्र्यौट गर्न अपनाइने व्यवस्थापन विधि सम्झनु पर्छ ।

(ण) **"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले स्थानीय तहले कार्यक्रम सञ्चालन गर्दा महिला र पुरुषबीच विद्यमान सामाजिक र आर्थिक सम्बन्धलाई मध्यनजर गर्दै सञ्चालित कार्यक्रमले महिला र पुरुष दुवैका आवश्यकता र सरोकारहरूलाई सम्बोधन गर्ने नियोजित प्रयासबाट तर्जुमा गरिने कार्यक्रम तथा बजेट सम्झनु पर्छ । यसलाई महिलाको छुट्टै बजेट मान्नु हुन्न, समग्र बजेट तथा कार्यक्रमलाई लैङ्गिकमैत्री र सन्तुलन बनाउने एउटा विधिको रुपमा बुझ्नु पर्छ ।

(त) **"बालमैत्री सुशासन"** भन्नाले स्थानीय सुशासनका क्रममा बालबालिकाको हित संरक्षण गर्ने ध्येयले स्थानीय तहले निर्धारण गरेको बालबालिकासम्बन्धी नीति, कानून तथा कार्यक्रममा भएका सुशासनसम्बन्धी प्रावधानहरु सम्झनु पर्छ ।

(थ) **"गैरसरकारी संस्था नियमन"** भन्नाले स्थानीय तहको कार्यक्षेत्रमा रहेका गैरसरकारी संस्थाहरुको सञ्चालन तथा व्यवस्थापनलाई पारदर्शी, उत्तरदायी र सहभागिमूलक बनाउन तर्जुमा गरिएका नियम र त्यसको कार्यान्वयन सम्झनु पर्छ । यस शब्दले नागरिक समाज, स्थानीय संघ संस्था, अगुवा नागरिकहरुको सञ्जाल, समुदायमा आधारित संस्थाहरु, परम्परागत सामाजिक संस्था तथा क्लबहरु समेत जनाउँछ ।

(द) **"सूचनामा पहूँच र सूचनाको अधिकार"** भन्नाले नेपालको संविधानको धारा २७ को सूचनाको हक र सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार स्थानीय तहमा नागरिकको सूचना प्राप्त गर्न पाउने अधिकारको संरक्षण र सूचनामा सहज पहूँच सम्झनु पर्छ ।

(ध) **"आवधिक प्रतिवेदन"** भन्नाले स्थानीय तहले कानून अनुसार वा व्यवस्थापकीय दृष्टिकोणले तयार पारेका दैनिक, साप्ताहिक, मासिक, वार्षिक, आवधिक, प्राविधिक, विषयगत जस्ता सबै प्रकारका प्रतिवेदन तथा दस्तावेजहरु सम्झनु पर्छ । यस परिभाषाभित्र स्थानीय तहले प्रकाशित गरेको सबै प्रकारका सामग्री पनि पर्नेछन् ।

(न) **"अनुगमन तथा पृष्ठपोषण"** भन्नाले स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा कार्यरत विभिन्न निकाय तथा संस्थाहरुको काम कारवाहीको सुपरिवेक्षण तथा अनुगमन गर्ने र अनुगमनबाट देखिएका कैफियतहरु पृष्ठपोषण गर्ने प्रक्रियालाई सम्झनु पर्छ । यस परिभाषामा स्थानीय तहले स्थलगत रुपमा गर्ने बजार अनुगमन, योजना कार्यान्वयन अनुगमन र संघसंस्थाको अनुगमन समेत बुझ्नु पर्छ ।

(प) **"लाभग्राही तथा सरोकारवालाहरुसँग परामर्श"** भन्नाले स्थानीय तहले नीति निर्माण, कार्यक्रम तथा बजेट तर्जुमा, सेवा प्रवाह, स्थानीय सुशासन सम्बन्धमा नागरिकलाई सहभागी गराउने ध्येयले सर्वसाधारण, लाभग्राही, हित समूह, सरोकारवाला, सम्बन्धित निकायसँग गर्ने छलफल, परामर्श, कुराकानी र सूचना आदान प्रदान गर्ने कार्यलाई बुझ्नु पर्छ ।

(फ) **"सेवाग्राही सर्भेक्षण"** भन्नाले स्थानीय तहले प्रवाह गरेको सेवा र सुशासन सम्बन्धमा सेवाग्राहीको दृष्टिकोण, मत तथा धारणा के छ भनी विधिवत् रुपमा पहिल्याउन गरिने औपचारिक अध्ययन, विश्लेषण तथा सर्भेक्षण सम्झनु पर्छ । यस शब्दले सेवाग्राहीको सन्तुष्टि मापन वा परीक्षण गर्न गरिने सर्भेक्षणलाई समेत जनाउँछ ।

(ब) **"स्वेतपत्र वा स्थितिपत्र"** भन्नाले स्थानीय तहले आफ्ना काम, कार्यक्रम, सुशासन, व्यवस्थापन, साधन स्रोत आदिका बारेमा नागरिकलाई सुसूचित गर्ने ध्येयले बेला बेलामा स्थिति प्रष्ट पार्न तयार पारेका विवरण, प्रतिवेदन, दस्तावेज र सूचनालाई सम्झनु पर्छ ।

(भ)

## परिच्छेद २

### उत्तरदायित्व वहनको महत्व र उद्देश्य

**४. उत्तरदायित्व वहनको महत्व :** (१) नेपालको संविधान र कानूनले निर्दिष्ट गरेका जिम्मेवारी र उत्तरदायित्व वहन गर्नु स्थानीय तहको मूल कर्तव्य हो ।

(२) नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने, उनीहरुको गुनासो व्यवस्थापन गर्ने, उनीहरुले अनुभूत गरेका समस्याहरु बुझ्ने र समाधान गर्ने मूल उपायको रुपमा उत्तरदायित्व वहनका उपाय, बिधि र प्रक्रियालाई लिइनु पर्छ ।

(३) नागरिकसँगको सहकार्य, प्रभावकारी सेवा प्रवाह, विकास निर्माणका कामहरु तथा शासकीय प्रणालीको व्यवस्थापनका लागि उत्तरदायित्व वहन एउटा ठोस माध्यमको रुपमा रहेको छ ।

(४) उत्तरदायित्वको माध्यमलाई स्थानीय तहले आफ्ना जिम्मेवारी र कर्तव्य पूर्णरुपमा पालना गरेको छ छैन भनी प्रभावकारी किसिमबाट परीक्षण गर्ने एउटा भरपर्दो औजारको रुपमा लिनु पर्छ ।

(५) उत्तरदायित्व वहन स्थानीय तहका लागि सुशासन कायम गर्ने र जनहितमा काम गर्ने अवसरको रुपमा लिइनु पर्छ ।

(६) यस कार्यविधिले औंल्याएका र अंगिकार गरेका उत्तरदायित्व वहनका उपायहरु कार्ययोजना बनाई अवलम्बन गर्नु स्थानीय तह र मातहतका निकायहरुको मूल कर्तव्य हो ।

(७) यस कार्यविधिले स्थानीय तहको उत्तरदायित्व वहन प्रणालीलाई निश्चित संरचना, विधि र प्रक्रियामा राखेर सबैको उत्तरदायित्व वहन कर्तव्यलाई एकरुपतामा ढाल्न मद्धत गर्नेछ ।

(८) आफ्ना नागरिकहरुलाई सेवा प्रवाहबाट सन्तुष्ट राख्नु र नागरिकका इच्छा अनुसार स्थानीय तहमा प्रतिनिधित्व गर्नु सबै जनप्रतिनिधिहरुको मूल कर्तव्य हो ।

**५. उत्तरदायित्व वहनको उद्देश्य :** (१) उत्तरदायित्व वहनको मूल उद्देश्य "नागरिकप्रति स्थानीय तहको जिम्मेवारी र कर्तव्य प्रभावकारी किसिमले पूरा गर्न सघाउ पुऱ्याउँदै नागरिकको गुनासो, प्रश्न र जिज्ञाशाको चित्तबुझ्दो उत्तर दिनु" रहेको छ ।

(२) उपबूँदा (१) अनुसारको उद्देश्य हासिल गर्न स्थानीय तहले निम्न अनुसारका कार्यगत उद्देश्यहरु पनि हासिल गर्ने प्रयास गर्नेछ :

(क) स्थानीय तहका क्रियाकलापबारे नागरिकमा जानकारी प्रवाह गरेर ज्ञान वृद्धि गर्दै नागरिक तथा स्थानीय तहको सम्बन्ध सुदृढ पार्ने ।

(ख) संविधान, कानून, नीति अनुसार योजना, कार्यक्रम, मापदण्ड र सेवा प्रवाह व्यवस्थापन गरी नागरिकमैत्री सुशासन कायम गर्ने ।

(ग) स्थानीय तहका योजना तथा क्रियाकलाय सञ्चालन, व्यवस्थापन तथा नियन्त्रणमा नागरिक केन्द्रित सन्तुलन कायम गर्ने ।

(घ) सेवा र विकास निर्माण कार्यलाई सहभागितामूलक, पारदर्शी, समावेशी, मितव्ययी, गुणस्तरीय तथा सेवाग्राहीमैत्री बनाउन टेवा प्रदान गर्ने ।

(ङ) स्थानीय तहका क्रियाकलापका सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन कार्यमा नागरिक सहभागिता अभिबृद्धि गरी गराई स्थानीय तहको उत्तरदायित्व वहन प्रणालीलाई नागरिकमैत्री बनाउने ।

(च) उत्तरदायित्व वहन प्रणालीबाट नागरिकको सूचना पाउने हकको संरक्षण गर्दै उनीहरुको सूचनामा पहुँच बृद्धि गर्ने, गुनासो सम्बोधन गर्ने तथा जनआवाजको कदर गर्दै तद्अनुकूल नीति तथा कार्यक्रम तर्जुमा गर्न प्रेरित गर्ने ।

(छ) स्थानीय शासन प्रकियामा उत्तरदायित्व वहन प्रणालीलाई अविरल र सवलीकृत गर्न नागरिक समुदायको भूमिका प्रवर्द्धन गर्ने ।

(ज) नागरिकको चाहना, इच्छा र रोजाई अनुसार स्थानीय तहले प्रयोग गर्ने शक्ति तथा अधिकारको स्वरुप र बिधिलाई समायोजन गर्दै जाने ।

(झ) सेवा प्रवाहमा सुधार, दिगो विकास, स्थानीय शासन सुदृढीकरण, भ्रष्टाचार नियन्त्रण र नागरिक सशक्तिकरणमा जोड दिने ।

(ञ) स्थानीय राजनीतिज्ञ र निर्वाचित पदाधिकारी एवं राष्ट्रसेवक कर्मचारीलाई जनता र समाजप्रति उत्तरदायी बनाउने पद्धतिको विकास गर्ने ।

(ट) स्थानीय तहलाई नागरिकबाट प्राप्त हुने नीतिगत, कार्यक्रमगत तथा सेवा प्रवाह व्यवस्थापनमा पृष्ठपोषण र सुझावलाई संस्थागत र अविरल बनाउँदै तद्अनुरुप उत्तरदायित्व बहन गर्न सघाउ पुऱ्याउने ।

**६. सहयोगको अपेक्षा :** (१) यस कार्यविधिका उद्देश्यहरु हासिल गर्न स्थानीय तहका जनप्रतिनिधिहरु, कर्मचारीहरु, सरोकारवालाहरु र सर्वसाधारण नागरिकहरुले स्थानीय तहलाई सहयोग गर्छन् भन्ने अपेक्षा राखिएको छ ।

(२) उत्तरदायित्व वहनसम्बन्धी कार्यक्रम, गतिविधि तथा पहलहरुमा सबै नागरिक र सम्बद्ध पक्षको स्वामित्व रहने र कार्यक्रममा सक्रिय सहभागिता रहनेछ भन्ने अपेक्षा गरिएको छ ।

**७. उत्तरदायित्व वहनसम्बन्धी संबैधानिक व्यवस्था :** (१) स्थानीय तहले वहन गर्नु पर्ने उत्तरदायित्व विषयमा नेपालको संविधान २०७२ ले निम्न अनुसार व्यवस्था गरेको छ, जसलाई स्थानीय तहले हुबहु कार्यान्वयन गर्नुपर्छ :

(क) संविधानको प्रस्तावनामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यबस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र सम्बृद्धिको आकांक्षा पूरा गर्न संविधान सभाबाट पारित गरी यो संविधान जारी गर्दछौं भनिएको छ ।

(ख) संविधानको धारा ४ मा नेपाल राज्यको व्यबस्थामा नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनिएको छ ।

(ग) संविधानको धारा ५६ मा राज्यको संरचनामा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भनिएको छ । साथै, नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानून बमोजिम गर्नेछन् भनिएको छ ।

(घ) संविधानको धारा ५७ मा राज्यशक्तिको वाडफांडमा संबिधानको अनुसूची ५ अनुसार संघ सरकारको, अनुसूची ६ अनुसार प्रदेश सरकारको, अनुसूची ७ अनुसार संघ र प्रदेश सरकारको, अनुसूची ८ अनुसार स्थानीय तहको र अनुसूची ९ अनुसार संघ, प्रदेश र स्थानीय सरकारको एकल र साझा अधिकार हुनेछ भनिएको छ । साथै, तर, प्रदेश सरकार र स्थानीय तहले निर्माण गरेको कानून संघीय कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ भनिएको छ ।

(ङ.) संविधानको धारा ५८ मा अबशिष्ट अधिकारमा यो अधिकार संघ सरकारलाई हुनेछ भनिएको छ ।

(च) संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोगमा तीनै तहका सरकारले यस अधिकारको प्रयोग गर्नेछन् भनिएको छ । साथै, तर, (अ) संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाई समेत लागू हुने गरी आबश्यक नीति, मापदण्ड र कानून बनाउन सक्नेछ । (आ) संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउने छन् र प्रदेश र स्थानीय तहले बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुनेछ । (इ) बैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारको हुनेछ । यस्तो सहायता वा ऋण लिँदा देशको समष्टिगत आर्थिक स्थायित्व हुनेगरी लिनु पर्नेछ । (ई) संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यबस्थापन तथा अन्य बित्तिय अनुशासन सम्बन्धी व्यबस्था संघीय कानून बमोजिम हुनेछ भनिएको छ ।

(च) संविधानको धारा ६० मा राजश्व स्रोतको वाडफाँडमा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्र क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरुबाट राजश्व उठाउन सक्नेछन् तर, साझा सूचीभित्रको विषयमा र कुनैपनि तहको सूचीमा नपरेको विषयमा कर लगाउने र राजश्व उठाउने व्यबस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ भनिएको छ । साथै, नेपाल सरकारले संघीय सञ्चित कोषबाट प्रदान गर्ने सशर्त अनुदान, समपूरक अनुदान वा अन्य प्रयोजनका लागि दिने विशेष अनुदान वितरण सम्बन्धी व्यबस्था संघीय कानून बमोजिम हुनेछ भनिएको छ ।

(छ) संविधानको धारा २३१ मा संघ र प्रदेश वीचको व्यबस्थापकीय अन्तरसम्बन्धमा संघीय कानून नेपालभरी वा आवश्यक्तानुसार नेपालको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिनेछ भनिएको छ ।

(ज) संविधानको धारा २३२ मा संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ भनिएको छ । साथै, नेपाल सरकारले आफैँ वा प्रदेश सरकार मार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई यो संविधान र संघीय कानून बमोजिम आबश्यक सहयोग गर्न र निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुनेछ भनिएको छ ।

(झ) संविधानको धारा २३५ मा संघ, प्रदेश र स्थानीय तह वीच समन्वय कायम गर्न संघीय संसदले आबश्यक कानून बनाउनेछ भनिएको छ । साथै, प्रदेश, गाउँपालिका वा नगरपालिका बीच समन्वय कायम गर्न र कुनै राजनैतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्नेछ भनिएको छ ।

## परिच्छेद - ३

### उत्तरदायित्व व्यवस्थापन

**८. स्थानीय तहले अवलम्बन गर्ने उत्तरदायित्वको प्रकार :** (१) स्थानीय तहले उत्तरदायित्व वहन गर्न निम्न अनुसारका उत्तरदायित्वलाई आधार मान्ने छ :-

**(क) ठाडो उत्तरदायित्व:-** (अ) आफ्ना नागरिकप्रति प्रत्यक्ष रुपले स्थानीय तहले वहन गर्नु पर्ने उत्तरदायित्व हो ।

(आ) यस कार्यविधि अनुसार स्थानीय तहले ठाडो उत्तरदायित्व अनिवार्य रुपले वहन गर्नु पर्नेछ ।

(इ) ठाडो उत्तरदायित्वको रुपमा यस कार्यविधिको दफा १० मा १६ बटा उपाय वा औजारहरु प्रस्ताव गरिएका छन् । स्थानीय तहले यी सबै वा उपयुक्त उपाय वा औजारहरु अवलम्बन वा प्रयोग गर्न सक्नेछन् ।

**(ख) तेर्सो उत्तरदायित्व:-** (अ) आफ्ना नागरिकप्रति उत्तरदायित्व वहन गर्ने सिलसिलामा स्थानीय तहको सभा, कार्यपालिका, वडा समिति, विषयगत शाखा वा एकाइ, स्थानीय गौरवका आयोजना, तथा यस्तै अन्य निकायबीच नियन्त्रण र सन्तुलनका लागि उत्तरदायित्वसम्बन्धी प्रावधानहरु अवलम्बन गर्नु पर्नेछ ।

(आ) यस कार्यविधिले तोकेका उत्तरदायित्वका प्रावधान र उपायहरु पालिना गर्नु सबै निकाय र एकाइको अनिवार्य कर्तव्य हुनेछ ।

(इ) यस कार्यविधिको छैठौं परिच्छेदमा दिइएको आन्तरिक नियन्त्रण र सन्तुलन (तेर्सो उत्तरदायित्व) का प्रावधान अनुसार आ-आफ्ना दायित्वहरु अनिवार्य रुपमा पूरा गर्नेछन्

**९. उत्तरदायित्व वहन गर्नु पर्ने :** (१) सबै जनप्रतिनिधि र जनप्रतिनिधिलाई सघाउने कर्मचारी तथा व्यक्तिहरुले यस कार्यविधि अनुसार उत्तरदायित्व वहन गर्नु पर्नेछ ।

(२) कानुनले तोके अनुसार सबैले बैधानिक उत्तरदायित्व वहन गर्नु पर्नेछ । कसैले वहन नगरेमा कानुनी उपचारको भागी हुनु पर्नेछ ।

(३) सबै जनप्रतिनिधि, सम्बद्ध कर्मचारी र व्यक्तिहरुले यस कार्यविधि अनुसार नैतिक उत्तरदायित्व वहन गर्नु पर्नेछ । सबै जनप्रतिनिधिले उच्च नैतिकता प्रदर्शन गर्नेछन् ।

**१०. उत्तरदायित्वका उपाय तथा माध्यम :** (१) यस कार्यविधि अनुसार उत्तरदायित्व वहन गर्न स्थानीय निकायले निम्न अनुसारका उपाय वा औजार प्रयोग गर्न सक्नेछन् :-

| क.सं. | उपाय वा औजार | क.सं. | उपाय वा औजार |
|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई | ९ | बालमैत्री सुशासन |
| २ | सामाजिक परीक्षण | १० | गैरसरकारी संस्था नियमन |

| | | | |
|---|---|---|---|
| ३ | सार्वजनिक परीक्षण | ११ | सूचनामा पहूँच र सूचनाको अधिकार |
| ४ | स्थानीय खर्चको सोधखोज (सार्वजनिक खर्च) प्रष्ट्याई | १२ | बार्षिक, आवधिक, प्राविधिक प्रतिवेदन |
| ५ | नागरिक बडापत्र | १३ | अनुगमन तथा पृष्ठपोषण |
| ६ | सामुदायिक सूचना पाटी | १४ | लाभग्राही तथा सरोकारवालाहरुसँग परामर्श |
| ७ | गुनासो व्यवस्थापन | १५ | सेवाग्राही सर्भेक्षण (Perception Survey) |
| ८ | लैङ्गिक उत्तरदायी बजेट मूल्यांकन | १६ | स्वेतपत्र वा स्थितिपत्र जारी |

(२) एकरुपता र निश्चित प्रक्रियाका लागि स्थानीय निकाय र सम्बन्धित संरचना वा कार्यालय वा एकाइ वा आयोजना/कार्यक्रमले निर्धारित ढाँचा र बिधि अनुसार उपबूँदा नं. (१) अनुसारका उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

(३) उपबूँदा नं. (१) अनुसारका उपायहरु अवलम्बन गर्दा निम्न कुरामा ध्यान दिनु पर्नेछ :-

(क) सर्वसाधारण नागरिक र सरोकारवालाहरुको सक्रिय सहभागिता सुनिश्चित गर्ने ।

(ख) लक्षित वा लाभग्राहीवर्गलाई अधिकतम रुपमा समेट्ने ।

(ग) यी उपायहरु पारदर्शीढङ्गले सार्वजनिक रुपमा अपनाउने वा कार्यक्रम आयोजना गर्ने ।

(घ) उत्तरदायित्व वहनका प्रत्येक कार्यक्रम सञ्चालन गर्दा जिम्मेवार व्यक्तिको रुपमा संयोजक वा सम्पर्क व्यक्ति तोक्ने ।

(ङ) प्रत्येक कार्यक्रमको अभिलेख राख्ने, प्रतिवेदन तयार पार्ने र प्रतिवेदन स्वीकृत भएको सात दिनभित्र सार्वजनिक गरी सम्बन्धित निकाय वा व्यक्ति कहाँ पठाउने ।

## परिच्छेद - ४

## उत्तरदायित्व वहनका माध्यम

**११. सार्वजनिक सुनुवाई :** (१) उत्तरदायित्व वहनको महत्वपूर्ण औजारको रुपमा सार्वजनिक सुनुवाईलाई प्रयोग गर्नु पर्दछ ।

(२) कार्यपालिकाले बर्षमा कम्तिमा दुई पटक र अन्य संरचना वा निकायले बर्षमा कम्तिमा एक पटक आफ्ना नीति, कार्यक्रम तथा सेवा प्रवाह सम्बन्धमा सार्वजनिक सुनुवाईको कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(३) सार्वजनिक सुनुवाईको कार्यक्रम सञ्चालन गर्नु अघि यस कार्यक्रमको उद्देश्य, कार्यक्रमको विषय, कार्यतालिका, सहभागीहरु, स्थान मिति र समय, खुलेको सूचना जारी गर्नु पर्नेछ । सहभागीहरुलाई औपचारिक रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

(४) सार्वजनिक सुनुवाई प्रारम्भ भएपछि यस कार्यक्रमको उद्देश्य र उपादेयता बारेमा संक्षिप्त जानकारी दिएर विषयबस्तु प्रस्तुत गरेर छलफलको आयोजना गर्नु पर्नेछ ।

(५) छलफलको क्रममा सहभागीलाई बोल्न प्राथमिकता दिनु पर्नेछ र पालै पालो बोल्न वा प्रश्न गर्न प्रेरित गर्नु पर्नेछ ।

(६) सार्बजनिक सुनुवाई कार्यक्रम मर्यादित ढङ्गले सञ्चालन हुनुपर्नेछ ।

(७) सहभागीका धारणहरु टिपोट गर्नु पर्नेछ । टिपोटको आधारमा जवाफ दिने र कार्यकमको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(८) इच्छुक सबै सहभागीहरुले आफ्ना धारणा राखेपछि त्यहाँ उठेका प्रश्न वा जिज्ञासाहरुका बारे स्थानीय तहका सम्बन्धित जिम्मेवार व्यक्तिहरुले पालै पालो चित्तबुझ्दो उत्तर दिनु पर्नेछ ।

(९) दिइएको उत्तरमा कसैको प्रश्न वा जिज्ञासा छ भने सो समेत राख्ने मौका दिनु पर्नेछ ।

(१०) यसपछि सार्वजनिक सुनुवाई कार्यक्रमको निचोड सहित समापन गर्नु पर्नेछ ।

(११) यस्तो कार्यक्रमको प्रतिवेदन तयार गर्नु पर्नेछ र सो प्रतिवेदन कार्यपालिकाले स्वीकृत गरी प्रप्त पृष्ठपोषण कार्यान्वयनको लागि तत् तत् शाखा, निकाय वा एकाइमा पठाउनु पर्नेछ ।

(१२) सार्वजनिक सुनुवाई सम्बन्धमा बार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्नु पर्नेछ ।

(१३) सार्वजनिक सुनुवाई गर्दा सकेसम्म निष्पक्षता र विवाद व्यवस्थापनका लागि स्वतन्त्र संस्था वा विज्ञबाट सहजिकरण गराउनु पर्नेछ ।

(१३) यस कार्यकममा अनावश्यकरुपमा व्यक्तिगत लांल्छना लगाउने, अशिष्ट भाषा प्रयोग गर्ने, झैझगडा गर्ने, कार्यकम बिथोल्ने, कार्यकममा उत्तेजना फैलाउने लगतयतको कार्य निषेध गर्नुपर्छ ।

**१२. सामाजिक परीक्षण :** (१) महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, जनजाती, अपाङ्गता भएका, असहाय, सीमान्तकृत, बेरोजगार, बहिष्करणमा परेका, मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्वासी जस्ता लक्षित वर्गका लागि सञ्चालन गरेको नीति र कार्यक्रम लक्ष्य अनुसार सबैको पहूँचमा पुग्यो पुगेन ?

वातावरणमैत्री तरिकाले सञ्चालन गरियो गरिएन ? लाभ र प्रतिफल लक्षित बगमा समुचित रुपमा वितरण भयो भएन ? सामाजिक न्याय कायम गर्न सकियो सकिएन ? जस्ता समाजसँग प्रत्यक्ष रुपले सम्बन्धित क्षेत्रहरुमा अपेक्षित नतिजा प्राप्त भयो वा भएन भनी कार्यपालिकाले प्रत्येक आर्थिक बर्षमा कम्तिमा एक पटक सामाजिक परीक्षण गराउनु पर्छ ।

(२) सामाजिक परीक्षण गर्दा मूलतः समुदायको माग र प्राथमिकतालाई सम्बोधन गरियो गरिएन ? स्रोत साधनको समुचित वितरण भयो भएन ? कार्यक्रमहरु सञ्चालन गर्दा लक्षित वर्गको स्वामित्व कस्तो रह्यो ? सेवा प्रवाह गर्दा पारदर्शिताको अवस्था कस्तो रह्यो ? सामाजिक सद्भाव कायम गर्न र कुरिती निर्मूल पार्न कस्तो योगदान रह्यो ? भन्ने विषयमा केन्द्रीत गरिनु पर्छ ।

(३) स्थानीय तहसँग प्रत्यक्ष सम्वन्ध वा सरोकार नभएका बिज्ञ संस्था वा व्यक्तिबाट निष्पक्ष रुपमा सामाजिक परीक्षण गराउनु पर्छ । आवश्यक भएमा स्थानीय तहले सामाजिक परीक्षण समन्वय समिति बनाई बिज्ञहरु परिचालन गर्न सक्नेछ ।

(४) सामाजिक परीक्षण प्रतिवेदन प्राप्त भएपछि १५ दिनभित्र कार्यपालिकाले सो प्रतिवेदन विश्लेषण गरी स्वीकृत गर्नु पर्नेछ र कार्यान्वयनमा लैजानु पर्नेछ ।

**१३. सार्वजनिक परीक्षण :** (१) सरकारी निकाय, स्थानीय तह, गैरसरकारी संस्था तथा सामुदायिकस्तरबाट हुने विकासका विविध क्रियाकलाप तथा सेवा प्रवाहलाई छिटो छरितो, पारदर्शी र मितव्ययी बनाउन सेवाग्राहीको प्रत्यक्ष संलग्नता र सक्रिय सहभागिताको अवस्था नियमित रुपमा परीक्षण गरिनु पर्छ ।

(२) परियोजनाका लागि कहाँबाट कति पैसा आयो ? कति खर्च भयो ? को को व्यक्तिहरु संलग्न भए ? र कसरी खर्च गरियो ? कस्तो खरिद प्रक्रिया अपनाइयो ? खर्च पारदर्शी ढङ्गले गरियो कि गरिएन ? र योजना सञ्चालन गर्दा के कस्ता कमी कमजोरी भए, भन्ने बारेमा लाभग्राही, जनता वा योजनासँग प्रत्यक्ष सरोकार राख्ने उपभोक्ता समूह र व्यक्तिहरुबाट पृष्ठपोषण लिइनु पर्छ ।
(३) यस्तो परीक्षण योजना सञ्चालन भएकै स्थानमा सो योजनामा संलग्न मजदुर, प्राविधिक, इन्जिनियर, ठेकेदार, लेखा तथा स्टोरका कर्मचारी, स्थानीय राजनीतिक दलका प्रतिनिधि तथा उक्त योजनासँग प्रत्यक्ष सरोकार राख्ने उपभोक्ताको सहभागितामा सम्पन्न गरिनु पर्छ ।

(४) औपचारिक रुपमा सरोकारवालाबाट खर्चको लेखाजोखा गरिने संयन्त्र भएकोले यो संयन्त्रले विकास निर्माणको प्रशासनिक तथा आर्थिक व्यवस्थापन पक्षको प्रभावकारिता परीक्षण गर्दछ । यसैले यस्तो परीक्षण सरोकारवालाबाट अभिमत सङ्कलन गर्न प्रयोग गर्नु पर्छ ।

(५) योजना तथा कार्यक्रममा भएको लगानी तथा योजना तथा कार्यक्रम कार्यान्वयन प्रक्रियाको आधारमा सार्वजनिक परीक्षणलाई (क) समुदायस्तरबाट गरिने सार्वजनिक परीक्षण (ख) स्थानीय तहको सहयोगमा गरिने सार्वजनिक परीक्षण गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । यसो भए पनि स्थानीय तहको प्रत्यक्ष संलग्नता वा सामान्य सहयोगबाट सार्वजनिक परीक्षण गर्ने गराउने बिधिलाई स्थानीय तहले प्राथमिकता दिनु पर्छ ।

(६) स्थानीय तहको संलग्नतामा रु दशलाख भन्दा कम रकम लगानी भएका योजनाहरुको परीक्षण उपभोक्ता समिति, गैरसरकारी संस्था, टोल विकास संस्था र सामुदायिक संस्थाबाट गराउनु उपयुक्त हुन्छ ।

(७) सार्वजनिक परीक्षणका निमित्त कम्तिमा सात दिन अगावै सार्वजनिक परीक्षण हुने मिति, समय र स्थान खोली समुदायका सदस्यहरुलाई सामुदायिक परीक्षणको सूचना दिनु पर्छ ।

(८) योजना सम्वन्धी विवरण तयार गरी सार्वजनिक परीक्षण कार्यक्रममा योजना तथा कार्यक्रम सञ्चालन गर्ने निकायले सम्पन्न योजना सम्वन्धी विवरण सार्वजनिक परीक्षण कार्यविधि, २०६७ मा दिइएको ढाँचामा तयार गरी आम्दानी कति भयो ? खर्च कति भयो ? मौज्दात कति बाँकी छ ? आदि बिषय सामुदायिक भेलामा पेश गर्ने, छलफल गराउने र अनुमोदन भए / नभएको व्यहोराको निर्णय अभिलेखित गर्नु पर्छ ।

**१४. स्थानीय खर्चको सोधखोज (सार्वजनिक खर्च प्रष्ट्याई) :** (१) स्थानीय तहको संलग्नतामा स्थानीय स्तरमा हुने सबै प्रकारका खर्चको विवरण सार्वजनिक खर्च प्रष्ट्याई वा सोधखोज (Local Expenditure Tracking) माध्यमबाट नियमित र विस्तृत रुपमा सार्वजनिक गर्नु पर्छ ।

(२) बजेटको खर्च व्यवस्थापनमा देखिएका समस्या, कमी कमजोरी, अनियमितता, चुहावटसम्बन्धी वास्तविकता पत्ता लगाई तिनको समाधान गर्ने ध्येयले स्थानीय खर्चको सोधखोज कार्यक्रम गर्नु पर्छ ।

(३) स्थानीय खर्चको सोधखोज गर्दा स्थानीय वजेट र स्थानीय निकाय क्षेत्रवारे ज्ञान भएका विज्ञहरु समावेश भएको एउटा टोली वनाउने र सरकारबाट स्थानीय तहमा अनुदानका लागि विनियोजन गरिएको बजेट, संघीय सरकारबाट स्थानान्तरण हुने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले कति सिफारिस गरेको थियो ? कति हस्तान्तरण भयो ? भन्ने कुराको विवरण तयार पारी छलफल गरेर प्रतिवेदन बनाउनु पर्छ ।

**१५. नागरिक बडापत्र :** (१) आफ्नो कार्यालयले नागरिकलाई प्रदान गर्ने सेवा सम्बन्धमा कार्यविधिको रुपमा नागरिक बडापत्र तयार गर्नु पर्नेछ ।

(२) उपबूँदा (१) अनुसार बडापत्र तयार गर्दा कम्तिमा सेवाको विवरण, किसिम, सेवाग्राहीले पेश गर्नु पर्ने कागजात तथा प्रमाण, सेवा प्राप्त गर्दा लाग्ने शुल्क तथा दस्तुर, सेवा प्राप्त गर्न लाग्ने अधिकतम समय, सेवा प्रदान गर्ने जिम्मेवार कर्मचारी, सेवाको गुणस्तर, सेवा प्रवाहको शर्त तथा कार्यविधि, सेवा उपलब्ध हुन नसकेको अवस्थामा क्षतिपूर्ति तथा उपचारको विधि जस्ता कुराहरु खुलाउनु पर्छ ।

(३) यी विवरणको संक्षिप्त तर स्पष्ट विवरण सेवाग्राहीले सजिलै जानकारी पाउन् भन्ने ध्येले सबैले देख्ने र बुझ्ने गरी कार्यालयको हातामा सूचना पाटीको रुपमा टाँग्नु पर्नेछ ।

(४) सुशासन ऐन, २०६४ को दफा २५ र सुशासन नियमावली, २०६५ को नियम १४ ले नागरिक बडापत्र सम्बन्धी व्यवस्था गरेको छ, जसको पालना अनिवार्यरुपमा गर्नु पर्नेछ । यस ऐन र नियमावलीले सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा तोकिए बमोजिम नागरिक बडापत्र राख्नु पर्नेछ व्यवस्था गरेको छ ।

(५) नागरिक बडापत्रको सूचना वेबसाइटमा पनि राख्नु पर्नेछ ।

(६) विद्युतीय माध्यम वा अनलाइन सेवा प्रदान गर्ने अवस्थामा कार्यालयको सम्बन्धित साइट वा एपमा नागरिक बडापत्रको विवरण अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(७) नागरिक बडापत्र अनुसार सेवा प्राप्त नभएको अवस्थामा यस बारे गुनासो गर्ने सरल र स्पष्ट व्यवस्था हुनु पर्नेछ ।

(८) कुनै कर्मचारीको लापरवाही वा ढिलासुस्तीका कारणले नागरिकलाई हानि नोक्सानी पुऱ्याएमा सेवाग्राहीलाई सुशासन नियमावलीको नियम १४ (५) को व्यवस्था अनुसार अधिकतम् रु ५ हजार रूपैयाँसम्म सम्बन्धित कर्मचारीबाटै क्षतिपूर्ति भराउन सक्ने व्यवस्थालाई कार्यान्वयन गर्ने प्रावधान हुनु पर्नेछ ।

**१६. सामुदायिक सूचना पाटी** : (१) स्थानीय तहले नागरिकलाई महत्वपूर्ण जानकारी सामुदायिक सूचना पाटीबाट पनि प्रदान गर्न सक्छन् ।

(२) नागरिकलाई उपयोगी हुने सूचनाहरु यस्ता पाटीमा टाँस्नु पर्छ ।

(३) सूचना सामग्री सुरक्षित रहने गरी सूचना पाटी बनाउन सकिन्छ र सो पाटीमा सूचना टाँसेर सर्वसाधारणले सजिलै देख्न र पढ्न सक्ने गरी यथास्थानमा टाँग्नु पर्नेछ ।

(४) के कस्ता सूचना यस्ता पाटीमा टाँस्ने भन्ने कुराको निधो कार्यपालिकाले गर्नु पर्नेछ तर सूचनाहरु स्थानीय भाषामा तथा सबैले बुझ्ने भाषामा तयार पार्नु पर्नेछ ।

(५) सामुदायिक सूचना पाटीलाई पारदर्शिता पाटी वा सामाजिक उत्तरदायित्वको सूचना पाटीको रुपमा लिनु पर्नेछ ।

(६) सूचना पाटीमा स्थानीय तहका सूचना मात्र हुनु पर्छ भन्ने छैन, उपयोगिताका आधारमा अन्य मातहतका कार्यालय, गैरसरकारी संस्था वा अन्य निकायका सूचनाहरु टाँस्न कार्यपालिकाले अनुमति दिन सक्छ ।

(७) सार्वजनिक सूचना पाटीलाई सकेसम्म संक्षिप्त र कुनै खास विषयका सूचना प्रवाह गर्ने माध्यमको रुपमा लिन सकिन्छ ।

**१७. गुनासो व्यवस्थापन** : (१) ठाडो उत्तरदायित्व वहनको महत्वपूर्ण माध्यमको रुपमा रहेको गुनासो व्यवस्थापनलाई स्थानीय तहले प्राथमिकता दिनु पर्नेछ ।

(२) आफ्ना नागरिकको प्रत्येक गुनासोलाई उचित व्यवस्थापन गर्नु प्रत्येक स्थानीय तहको कर्तव्य र जिम्मेवारी हुन्छ ।

(३) सर्वसाधारण नागरिकले आफ्ना गुनासो व्यक्तिगत वा सामुहिक रुपमा उजुरी, निवेदन, रायसल्लाह, जानकारी कुनै पनि तरिकाले सहज र सजिलो माध्यमबाट स्थानीय तहमा जुनसुकै बेला पनि दिनसक्ने गरी गुनासो सुन्ने व्यवस्था गर्नु पर्नेछ ।

(४) विद्युतीय, अनलाईन, लिखित, मौखिक सबै प्रकारका माध्यमबाट नागरिकले गुनासो दिन सक्ने व्यवस्था गर्नु पर्नेछ ।

(५) स्थानीय निकायमा जुनसुकै माध्यमबाट प्राप्त भएको भए पनि प्रत्येक गुनासो सम्बोधन हुनु पर्नेछ । गुनासोकर्तालाई चित्तबुझ्ने तरिकाले गुनासो किनारा लगाउनु पर्नेछ । सोको जानकारी गुनासोकर्तालाई दिनु पर्नेछ ।

(६) गुनासोकर्ताले सजिलै थाहा पाउन सक्ने किसिमले गुनासो व्यवस्थापनको प्रक्रिया वा प्रगति पहिल्याउन ( ट्र्याकिंग गर्न) सक्ने व्यवस्था हुनुपर्नेछ ।

(७) अनलाइन, लिखिन निवेदन, उजुरी पेटिका, डिजिटल माध्यम, मौखिक, लिखित जुनसुकै स्वरुपमा व्यक्तिगत, सामुहिक कुनै पनि तरिकाले गुनासो व्यक्त गर्न सक्ने प्रावधान गर्नु पर्नेछ। सबै गुनासोको महत्व समान हुनु पर्छ।

(८) स्थानीय तहले सञ्चालन गरिरहेको हेल्प डेस्कलाई गुनासो सुन्ने, प्राप्त गर्ने, प्रशोधन गर्ने र गुनासोकर्तालाई जवाफ दिने मुख्य माध्यम बनाउन सकिन्छ।

(९) गुनासो व्यवस्थापनमा गुनासो सुन्ने अधिकारी, गुनासो सुन्ने सम्बन्धमा कुनै उजुरी छ भने त्यस्तो उजुरी लिने व्यक्ति, गुनासोको अभिलेख, गुनासो फछ्र्यौट र त्यसको जानकारी गुनासोकर्तालाई दिने व्यवस्था अनिवार्य रुपमा हुनुपर्नेछ।

(१०) स्थनीय तहले गुनासो सुन्ने अधिकारी तोकी निजको विवरण सार्बजनिक गर्नुपर्नेछ।

**१८. लैङ्गिक उत्तरदायी बजेट :** (१) स्थानीय तहले तर्जुमा गर्ने बजेटबाट महिला र पुरुषको विकासमा पुऱ्याएको योगदानको परीक्षण तथा लेखाजोखा गरी लैङ्गिक समानता हासिल गर्ने एउटा संयन्त्रको रुपमा लैङ्गिक उत्तरदायी बजेटलाई लिइनु पर्छ।

(२) लैङ्गिक उत्तरदायी बजेट भनेको सरकारी बजेट मात्र होईन, यसलाई गैरसरकारी संस्था, दातृ निकाय, साझेदारी संस्था, निर्वाचित निकाय तथा सरकारद्वारा निर्माण गरिने बजेटको समष्टी स्वरुपमा लिइनु पर्छ ।

(३) स्थानीय तहको योजना तथा बजेट तर्जुमा प्रकियामा लैङ्गिक उत्तरदायी बजेटका लागि लक्षित गरी स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ लागू भएकोमा सो निर्देशिकाको पूर्ण पालना गर्नु पर्नेछ।

(४) नेपाल सरकारले हस्ताक्षर गरेका महिला विरुद्ध सबै प्रकारका भेदभाव अन्त्य गर्ने महासन्धी (CEDAW), बेईजिग कार्यमन्च (BPFA) र सहस्राब्दी बिकास लक्ष्य (MDGs) तथा दिगो विकासको अबधारणा (SDGs) जस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरुमा जाहेर गरिएका प्रतिबद्धता तथा राष्ट्रिय नीतिहरुको समानता सम्बन्धी उद्देश्य पूरा गर्ने कुरालाई प्राथमिकता दिनु पर्नेछ।

(५) लैङ्गिक उत्तरदायी बजेटलाई स्थानीय तहले आफ्नो बार्षिक नीति, कार्यक्रम तथा बजेटको अभिन्न अङ्ग बनाउनु पर्नेछ।

**१९. बालमैत्री सुशासन :** (१) बाल बचाउ, बाल संरक्षण, बालविकास, बालसहभागिता जस्ता बालअधिकारका चार पक्षका लागि स्थानीय शासनका सूचकहरु तयार पारी बालमैत्री सुशासन कायम गर्नु पर्नेछ।

(२) बाल बचाउ कार्यक्रम अन्तर्गत (क) पांच बर्षभित्रका प्रत्येक बालबालिकाले पूर्ण रुपमा डिपिटी, हेपटाइटिस वि, दादुरा लगायतका खोपको व्यवस्था, (ख) गर्भवती आमा सुत्केरी गराउन दक्ष स्वास्थ्यकर्मीको व्यवस्था, (ग) गर्भवती महिलाहरुले कम्तिमा प्रसुति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराउने व्यवस्था गर्नु पर्नेछ।

(३) बाल संरक्षणका सूचकका रुपमा (क) ५ बर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता गर्ने, (ख) बाल विवाहलाई दुरुत्साहन गर्ने व्यवस्था गर्नु पर्नेछ।

(४) बाल विकासका सूचकका रुपमा (क) कक्षा १ को लागि विद्यालय जाने उमेर समुहका शतप्रतिशत बालबालिकाहरु विद्यालयमा भर्ना हुने व्यवस्था, (ख) औपचारिक शिक्षाबाट वञ्चित बालबालिकाको लागि अनौपचारिक शिक्षा, (ग) प्रत्येक विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालय हुने व्यवस्था गर्नु पर्नेछ ।

(५) बाल सहभागिताका सूचकका रुपमा (क) स्थानीय तहले सञ्चालन गर्ने योजनामा बालबालिकालाई प्रत्यक्ष लाभ पुग्ने योजनालाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्राथमिकता दिन गरेको व्यवस्था कार्यान्वयन गर्नु पर्नेछ ।

(६) बालबालिका भविष्यका कर्णधार भएकाले उनीहरुको शिक्षा, स्वास्थ्य, पोषण, खेलकूद, हेरचाह र व्यक्तित्व विकासका लागि स्थानीय तहले पर्याप्त ध्यान दिनु पर्नेछ ।

**२०. गैरसरकारी संस्था नियमन** : (१) नेपालको संविधान, स्थानीय तहसँग सम्बन्धित कानून एवं सार्वजनिक नीतिको आधारमा स्थानीयस्तरका नागरिक गैरसरकारी संस्थाहरुको नियमन गर्नु स्थानीय तहको कर्तव्य हो ।

(२) गैरसरकारी संस्थाहरुको नियमन गर्दा स्थानीय तहले सेवाग्राहीको हीतलाई मध्येनजर गर्दै यी संस्थाको कार्यविवरण र आचार संहिता तयार गरी लागू गर्नू गराउनु पर्नेछ ।

(३) स्थानीय तहले नियमन गर्दा यी संस्थाहरुको आन्तरिक सुशासन, कार्य व्यवस्था अनुगमन, वैधानिकता, सहभागिता, स्वामित्व, जस्ता विषयमा समाजप्रति उत्तरदायी हुने किसिमले गर्नु पर्नेछ ।

(४) नागरिकको सूचनाको हकलाई संरक्षण गर्ने ध्येयले जनसम्पर्क, सूचना प्रवाह, सामाजिक उत्तरदायित्व सम्बन्धमा स्थानीय तह विशेष चनाखो हुनु पर्नेछ ।

(५) सामाजिक उत्तरदायित्वको क्षेत्रमा नागरिक समाजको भूमिका र ती संस्थामा काम गर्ने कर्मचारीहरुको आचार संहिता समेत पहिचान हुने गरी नियमनको व्यवस्था हुनु पर्नेछ ।

(६) गैरसरकारी संस्थाको भूमिकाले स्थानीय तहको उत्तरदायित्व वहनमा प्रत्यक्ष प्रभाव पर्न सक्ने हुनाले स्थानीय तहले यस कुरामा विशेष ध्यान पुऱ्याउनु पर्दछ ।

**२१. सूचनामा पहूँच र सूचनाको अधिकार** : (१) उत्तरदायित्व वहनको मुख्य माध्यम सूचना र जानकारी भएकोले स्थानीय तहले पूर्ण तरिकाले पारदर्शी हुने गरी आफूसँग भएको सूचना तथा जानकारी आफ्ना नागरिहरुको सहज र सरल प्रकारले नियमित रुपमा प्राप्त गर्न सक्ने गरी व्यवस्था गर्नु पर्नेछ ।

(२) सार्वजनिक चासो र हितका सूचनाहरु नियमितरुपमा सरल माध्यमबाट स्थानीय तहले आवधिक र पटके रुपमा प्रवाह गर्ने व्यवस्था गर्नु पर्नेछ । सूचना प्रवाहमा कुनै पनि प्रकारको अवरोध नआओस् भनेर सजग हुनु पर्नेछ ।

(३) नागरिकको व्यक्तिगत सूचनाको हकलाई पूर्ण सम्मान गर्नु पर्नेछ । कानूनले व्यवस्था गरेको हदसम्म व्यक्तिको वैयक्तिक सूचनालाई संरक्षण गर्ने वाहेक स्थानीय तहमा सृजना भएका र/वा स्थानीय तहले सङ्कलन गरेका सूचना सार्वजनिक सम्पत्ति हुन् भन्ने मान्यताका आधारमा पारदर्शी र प्रवाहयोग्य हुनु पर्नेछ ।

(४) विना अवरोध सूचना प्रवाह गर्नु लाभको पद धारण गरेका सबै व्यक्ति र पदाधिकारीको अनिवार्य कर्तव्य हुनेछ ।

(५) स्थानीय तहले अनिबार्यरुपमा सूचना अधिकारी तोकी निजको विवरण सार्वजनिक गर्नुपर्नेछ ।

**२२. बार्षिक, आवधिक, प्राविधिक प्रतिवेदन :** (१) स्थानीय तहले आफ्ना काम, कार्यसम्पादन र कार्यप्रगति बारे जानकारी दिन नियमित रुपमा दैनिक, साप्ताहिक, मासिक, बार्षिक, विषयगत तथा प्राविधिक प्रतिवेदनहरु तयार पार्नु पर्नेछ ।

(२) उपबूँदा नं. (१) अनुसारका प्रतिवेदनहरुका अतिरिक्त सर्वसाधारणलाई विभिन्न विषयमा जानकारी दिने उपयुक्त सामग्रीहरु पनि प्रकाशित गर्नु पर्नेछ ।

(३) यस्ता प्रतिवेदन तथा सामग्रीहरु तयार भई स्वीकृत भएको बढीमा एक हप्ता भित्र सार्वजनिक गरिसक्नु पर्नेछ ।

(४) यी सबै प्रतिवेदनहरु अनिबार्यरुपमा स्थानीय तहको वेभसाईटमा राख्नु पर्नेछ ।

**२३. अनुगमन (स्थलगत सहित) तथा पृष्ठपोषण :** (१) स्थानीय तहले आफ्नो कार्यक्षेत्रमा भइरहेका काम, गतिविधि, आयोजना सञ्चालन, सेवा प्रवाह र सामाजिक सहजिकरणका गतिविधिको कार्ययोजना बनाएर नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपबूँदा (१) अनुसारको अनुगमनमा स्थानीय तह आफैंले सञ्चालन गरेका सेवा र आयोजनाका अतिरिक्त अन्य सरकारी तथा गैरसरकारी निकाय एवं निजी क्षेत्रले सञ्चालन गरेको व्यवसाय पनि पर्दछ ।

(३) यस्तो अनुगमन डेस्क, स्थलगत तथा विद्युतीय प्रणाली सबै किसिमबाट गर्न सकिन्छ ।

(४) प्रत्येक अनुगमन कार्यबाट देखिएका कैफियत, रायसल्लाह र पृष्ठपोषण सहितको प्रतिवेदन तयार पार्नु पर्नेछ र सम्बन्धित निकायलाई सो प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।

(५) अनुगमन कार्यबाट देखिएका कैफियत र प्रदान गरिएका राय सुझाव कार्यान्वयन भयो कि भएन भनेर पनि नियमित रुपमा अनुगमन विश्लेषण गर्नु पर्नेछ ।

**२४. लाभग्राही तथा सरोकारवालाहरुसँग परामर्श :** (१) आफुले गरिरहेको काम, गतिविधि, प्रगति, बिषेश नागरिक चासोका विषय आदिमा लाभग्राही, सरोकारवाला सर्वसाधारण नागरिकको राय परामर्श लिन र धारणा बुझ्न उनीहरुलाई प्रत्यक्ष र सक्रिय रुपमा सहभागी गराउनु पर्नेछ ।

(२) नागरिकको सहभागिता र स्वामित्व विना कुनै पनि नीति, कानुन, योजना, बजेट, परियोजना परित र कार्यान्वयन गर्न हुँदैन ।

(३) सर्वसाधारण नागरिक र सेवाग्राहीसँग समय समयमा परामर्श गर्नु आवश्यक ठानिनु पर्छ ।

(४) उत्तरदायित्व वहनको एउटा सशक्त माध्यम लाभग्राही र सरोकारवालाहरुसँग परामर्श गर्नु र परामर्शबाट आएका निचोडहरु कार्यान्वयन गर्नु हो भन्ने कुरालाई प्राथमिकता दिनु पर्छ ।

(५) स्थानीय तहले गर्ने कुनै पनि कामको स्वामित्व लाभग्राही र सरोकारवालाले पनि लिउन् भन्ने प्रयास गरिनु पर्छ ।

**२५. सेवाग्राही सर्भेक्षण (Perception Survey) :** (१) आफुले प्रवाह गरेको सेवा, प्रदान गरेको सुशासन र सञ्चालन गरेको कार्यक्रमको प्रभावकारिता, नतिजा र सेवाग्राहीको सन्तुष्टिको अवस्था पहिल्याउन स्थानीय तहले नियमित र आवधिक रुपमा सेवाग्राहीको राय तथा धारणा बुझ्न सर्भेक्षण गरिरहनु पर्नेछ ।

(२) यस्तो सर्भेक्षणलाई सेवाग्राही सन्तुष्टि सर्भेक्षणको रुपमा पनि लिन सकिन्छ ।

(३) यस्ता सर्भेक्षण सकेसम्म स्वतन्त्र विज्ञहरुको टोलीबाट गराउनु पर्छ र तथ्याङ्किय सूत्रहरु **(Stastitical method)** प्रयोग गरेर सर्भेक्षण गर्ने प्रयास गरिनु पर्छ ।

(४) यस्ता सर्भेक्षणका प्रतिवेदनहरु व्यापक रुपमा सार्वजनिक गरिनु पर्छ ।

(५) सर्भेक्षणबाट देखिएका निचोडहरु समय मै उपयुक्त किसिम र माध्यमबाट कार्यान्वयन गरिनु पर्छ ।

**२६. स्वेतपत्र वा स्थितिपत्र जारी :** (१) स्थानीय तहले समय समयमा आफ्नो काम र कार्यक्रमको वर्तमान अवस्था बारे नागरिकलाई विस्तृत रुपमा जानकारी दिन स्वेतपत्र वा स्थितिपत्र जारी गर्नु पर्नेछ ।

(२) नीति, कार्यक्रम, व्यवस्थापन वा समग्र सेवा प्रवाहमा कुनै विशेष परिवर्तन हुन लाग्यो, कुनै नयाँ महत्वपूर्ण कार्यक्रम ल्याउन लागियो वा कुनै विशिष्ट परिस्थिति सिर्जना भयो भने नागरिकलाई आफ्नो स्थिति बारे जानकारी दिन आवश्यक हुन सक्छ, स्थानीय तहले आवश्यकता महसुश गर्न सक्छ ।

(३) उपबूँदा नं. (२) अनुसारको अवस्थामा स्थानीय निकायले स्वेतपत्र वा स्थिति पत्र जारी गर्नु वाञ्छनीय हुन्छ ।

(४) स्वेतपत्रमा बर्तमान अवस्था, विशिष्ट परिस्थितिको व्याख्या, स्थानीय तहले चाल्न लागेको कदम वा गर्न लागेको काम, त्यसबाट नागरिकलाई पर्न सक्ने सकारात्मक एवं नकारात्मक प्रभाव, नागरिकबाट स्थानीय तहले गरेको अपेक्षा जस्ता कुरा समेटिनु पर्छ ।

## परिच्छेद - ५

## कार्यान्वनको लागि संस्थागत व्यवस्था

**२७. स्थानीय ठाडो उत्तरदायित्व व्यवस्थापन :** (१) स्थानीय तहले उत्तरदायित्व व्यवस्थापन तथा प्रयोग गर्दा निम्न अनुसारका बूँदामा ध्यान पुऱ्याउनु पर्नेछ :-

(क) परिच्छेद ३ अनुसारका उत्तरदायित्वका माध्यम र औजारको उपयुक्त प्रयोग वा कार्यान्वयन ।

(ख) यी माध्यमहरु कार्यान्वयन गर्दा नागरिकहरुको स्वामित्व र सक्रिय सहभागिता सुनिश्चित ।

(ग) बिधिवत् योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण र प्रतिवेदन तयारी ।

(घ) सम्पूर्ण काम र गतिविधिको दस्तावेज तयार र सिलसिलेबार अभिलेखिकरण ।

(ङ) नियमित रुपमा नागरिकको राय, प्रतिक्रिया तथा पृष्ठपोषण सङ्कलन, प्रशोधन, विश्लेषण र सार्वजनिकीकरण ।

(च) सेवा प्रवाहको प्रभावकारिता तथा सेवाग्राही सन्तुष्टिको नियमित परीक्षण ।

(छ) विज्ञहरुको सेवा प्राप्ति र प्रविधिको प्रयोग ।

(२) उपबूँदा नं. (१) बमोजिमका औजारहरुको प्रयोग गर्दा खर्च क्षमता, खर्च व्यवस्था र अपेक्षित उपलब्धिलाई समेत मनन गर्नुपर्नेछ ।

**२८. उत्तरदायित्व वहन सम्पर्क व्यक्ति** (१) स्थानीय निकायले यस कार्यविधि अनुसार उत्तरदायित्व वहन भएको छ वा छैन भनी अनुगमन, परीक्षण र मूल्याङ्कन गर्न प्रमुख/अध्यक्षलाई उत्तरदायित्व वहन प्रमुख सम्पर्क व्यक्ति तोक्न सक्नेछ । निजले स्थानीय तहका कुनै पदाधिकारी वा प्रमुख प्रशासकीय अधिकृतलाई यस्तो जिम्मेवारी प्रत्यायोजन गर्न सक्नेछ ।

(२) यस कार्यविधि अनुसार उत्तरदायिन्व वहन गर्नु स्थानीय तहका प्रत्येक पदाधिकारी र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) कार्यस्थानीय तह, वडा समिति, विषयगत कार्यालय, स्थानीय गौरबका आयोजनाका प्रमुखहरुले यस कार्यविधि वमोजिम उत्तरदायित्व वहनका माध्यम तथा उपायहरुलाई समेटी कम्तिमा बार्षिक कार्यक्रम बनाएर कार्यान्वयन गर्नु पर्नेछ ।

(४) प्रत्येक नागरिकको जिज्ञाशा तथा गुनासो व्यवस्थापन गर्नु उत्तरदायित्व वहनको अनिवार्य माध्यम मानिनेछ ।

## परिच्छेद - ६

### तेर्सो (आन्तरिक नियन्त्रण) उत्तरदायित्व व्यवस्थापन

**२९. आन्तरिक नियन्त्रण (तेर्सो उत्तरदायित्व व्यवस्थापन** (१) स्थानीय तहमा उत्तरदायित्व सम्बन्धी व्यवस्थाको आन्तरिक नियन्त्रण यस परिच्छेद अनुसार गर्नु पर्नेछ ।

(२) आन्तरिक नियन्त्रण सम्बन्धी उत्तरदायित्व र जिम्मेवारी निम्न अनुसार हुनेछ :-

**(क) सहकारिता, सहअस्तित्व र समन्वय प्रवर्द्धन गर्ने जिम्मेवारी** : नेपालको संविधानको धारा २३२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रस्तावनामा उल्लेख भए बमोजिम स्थानीय तहले आफ्नो अधिकारको प्रयोग गर्दा संघ र प्रदेश सरकारसँग सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रबर्द्धन गर्ने उत्तरदायित्व पालना गर्नुपर्नेछ ।

**(ख) स्थानीय तहको संख्या र सिमाना हेरफेर गर्ने जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ अनुसार स्थानीय तहको संख्या र सिमाना हेरफेर गर्नु परेमा सभाको दुईतिहाई बहुमतबाट प्रदेशमा लेखी पठाउनु पर्छ । यसर्थ, गाउँ वा नगर कार्यपालिका यस प्रयोजनका लागि गाउँ वा नगर सभा र प्रदेश सरकारप्रति उत्तरदायी हुनु पर्नेछ ।

**(ग) स्थानीय तहको नाम र केन्द्र हेरफेर गर्ने जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ मा स्थानीय तहको नाम र केन्द्र हेरफेर गर्नु परेमा दुईतिहाई बहुमतबाट प्रदेश सरकार मार्फत संघीय सरकारमा पठाउनु पर्छ । यसर्थ, गाउँ वा नगर कार्यपालिका यस प्रयोजनका लागि गाउँ वा नगर सभा र संघीय सरकारप्रति उत्तरदायी हुनु पर्नेछ ।

**(घ) सांस्कृतिक र पर्यटकीय स्थानीय तह घोषणा गराउने जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९ मा प्रदेश सरकारले कुनैपनि स्थानीय तहलाई सांस्कृतिक र पर्यटकीय स्थानीय तह घोषणा गर्न सक्ने व्यबस्था छ । यस्का लागि स्थानीय तह गाउँ वा नगर सभा र प्रदेश सरकार प्रति उत्तरदायी भई आफ्नो स्थानीय तहलाई सांस्कृतिक र पर्यटकीय स्थानीय तह घोषणा गराउन उत्तरदायी हुनुपर्नेछ ।

**(ङ.) न्यूनतम दररेट निर्धारणको जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा बमोजिम स्थानीय तहले न्यूनतम दररेट निर्धारण गर्नु पर्नेछ। यस्तो न्यूनतम दररेट नेपाल सरकारले तोकेभन्दा कम हुनु हुँदैन । यस्को सुनिश्चितताका लागि स्थानीय तहले सभामा तुलनात्मक तालिका प्रस्तुत गरी उत्तरदायित्व बहन गर्नु पर्नेछ ।

**(च) समिति, उपसमिति वा कार्यदल गठन गर्ने जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ मा स्थानीय तहले समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्ने व्यबस्था छ । यस अनुसार आवश्यक समिति, उपसमिति र कार्यदल गठन गरी संभव भएसम्मका अधिकतम वडा सदस्यहरुलाई समेत जिम्मेवारी दिनु पर्नेछ । साथै, यस सम्बन्धी कामको प्रगति सभामा प्रस्तुत गर्नु कार्यपालिकाको उत्तरदायित्व हुनेछ ।

**(छ) संघ संस्थालाई परिचालन गर्ने जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १५ मा स्थानीय तहले उपभोक्ता, निजी क्षेत्र, सामुदायिक संघसंस्था, सहकारी र गैरसरकारी संस्थालाई परिचालन र समन्वय गर्नेछ भनिएको छ । यसर्थ, यी निकायहरुलाई अधिकतम् जिम्मेवारी प्रदान गरी परिचालन गर्नु पर्नेछ

। साथै, यी संघ संस्थाबाट भए गरेका प्रगति विवरण नियमितरुपमा सभामा पेश गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

**(ज) कामको बाडफांड गर्ने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ मा स्थानीय तहको कार्यसम्पादन र कार्यविभाजन नियमावली बमोजिम पालिकाको अधिकार अध्यक्ष, उपाध्यक्ष, नगर प्रमुख, नगर उपप्रमुख, वडाअध्यक्ष र कार्यपालिका सदस्यहरुले प्रयोग गर्ने व्यवस्था छ। यसर्थ, स्थानीय तहले कार्यसम्पादन र कार्यविभाजनका छुट्टा छुट्टै नियमावली कार्यपालिकाबाट स्वीकृत गरी जारी गर्नुपर्नेछ। यस प्रयोजनका लागि छुट्टै ऐन जारी गर्नु पर्ने छैन। यस कार्य सम्पादनको प्रत्याभूतिका लागि यी नियमावलीहरु राजपत्रमा प्रकाशित गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

**(झ) अधिकार प्रत्यायोजनको जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८ मा स्थानीय तहले आफ्नो अधिकार नगरप्रमुख वा अध्यक्षदेखि अधिकृतसम्मलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था छ। यस अनुसार आम जनतामा प्रवाह गरिने सेवा सुविधा र विकास निर्माणको कामको शीघ्रता र चुस्तताका लागि आवश्यक अधिकारको प्रत्यायोजन गर्नु पर्नेछ। यसरी अधिकार प्रत्यायोजन गरिएको जानकारी सर्वसाधारणलाई वेभसाईट लगायतको माध्यमबाट सुसूचित गर्ने उत्तरदायित्व कार्यपालिको हुनेछ।

**(यं) सभाको बैठक आह्वान गर्ने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ मा सामान्यतः गाउँसभा र नगरसभाको बैठक वर्षमा दुईपटक बस्ने व्यवस्था छ। यसर्थ, समयमै एजेण्ड सहित सभाको बैठक आह्वान गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

**(ट) समिति गठनको जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ बमोजिम स्थानीय तहमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत गठन हुनेछन्। जसअनुसार समितिहरु गठन गरी स्वयं कार्यपालिकाको कामको गुण दोष लगाउने संयन्त्र क्रियाशील तुल्याउने उत्तरदायित्व कार्यकालिकामा रहनेछ।

**(ठ) बजेट तर्जुमा गर्दा प्राथमिकता प्राप्त क्षेत्रमा जोड दिने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले बजेट तर्जुमा गर्दा तोकिएको ढाँचामा तोकिएको प्राथमिकता प्राप्त क्षेत्रमा बजेट केन्द्रित गर्नुपर्नेछ। यसका लागि स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति र राजश्व परामर्श समितिहरुले समुचित ध्यान दिनु पर्नेछ। साथै, सभालाई यसको पूर्ण प्रत्याभूति गराउने उत्तरदायित्व कार्यपालिकाको हुनेछन्।

**(ड) साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य सञ्चालन गर्ने जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ बमोजिम स्थानीय तहले साझेदारी वा संयुक्त व्यवस्थापनमा विभिन्न क्षेत्रमा काम गर्नुपर्छ। यसरी वर्षभरिमा गरिएका कामको छुट्टै खण्डमा सभामा प्रगति प्रस्तुतीकरण गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

**(ढ) राष्ट्रिय भवन संहिता पालनाको जिम्मेवारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम स्थानीय तहले नेपाल सरकारले जारी गरेको राष्ट्रिय भवन संहिताको पालना गर्नु गराउनु पर्छ। यसका लागि पालिकाले समुचित कार्यविधि जारी गर्ने उत्तरदायित्व कार्यपलिकाको हुनेछ।

**(ण) न्याय निरुपणको जिम्मेवारी :** नेपालको संविधानको धारा २१७ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम स्थानीय तहमा न्यायिक समिति रहनेछ। जसअनुसार तोकिएको प्रकिया र समयभित्र न्याय निरुपण गर्ने उत्तरदायित्व न्यायिक समितिको हुनेछ।

**(त) राजश्व र ऋण असुलीको जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ बमोजिम स्थानीय तहले कानुन बनाएर कर असुली गर्नुपर्छ। साथै, आबश्यक्तानुसार कानून बनाएर ऋण उठाउनु पर्छ। यसका लागि कानूनको मस्यौदा तर्जुमा गरी सभाद्वारा स्वीकृत गराई राजपत्रमा प्रकाशित गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

**(थ) राजश्व परामर्श समिति गठन गर्ने जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ बमोजिम स्थानीय तहमा स्थानीय राजश्व परामर्श समिति गठन गर्नुपर्छ। यस्तो समिति नगर उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा गठन गरी निजी क्षेत्रको समेत प्रतिनिधित्व गराउने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

**(द) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय तहमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गर्नुपर्छ। यस्तो समिति नगर प्रमुख वा अध्यक्षको संयोजकत्वमा गठन गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

**(ध) बजेट तथा कार्यक्रम तर्जुमा समिति गठनको जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिम नगर उपप्रमुख वा उपाध्यक्षको संयोजकत्वमा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

**(न) तोकिएको समय र ढाँचामा वार्षिक बजेट पारित गर्ने जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले तोकिएको समय र ढाँचा बमोजिम वार्षिक बजेट पेश गर्ने र पारित गराउने जिम्मेवारी कार्यपालिकको हुनेछ।

**(प) वार्षिक लेखा परीक्षण गराउने जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ बमोजिम स्थानीय तहले महालेखा परीक्षकबाट वार्षिक लेखा परीक्षण गराउने जिम्मेवारी कार्यपालिकाको हुनेछ।

**(फ) सङ्गठन तथा व्यबस्थापन सर्वे प्रतिबेदन सभाबाट पारित गराउने जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ बमोजिम स्थानीय तहको सङ्गठन तथा व्यबस्थापन सर्वे प्रतिबेदन सभाबाट पारित गराई सोही बमोजिम नै स्थायी, अस्थायी, करार, ज्यालादारी वा सल्लाहकारी सेवा र आउटसोर्सिंगबाट पदपूर्ति गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

**(ब) जिल्ला सभामा सहभागी हुने जिम्मेवारी** : नेपालको संविधानको धारा २२० र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १२ जिल्ला सभाको बैठकमा सहभागी हुने र जिल्ला समन्वय समितिको कामलाई प्रभावकारी तुल्याउने उत्तरदायित्व स्थानीय तहका नगरप्रमुख र नगरउपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको हुनेछ।

**(भ) स्थानीय तहको सम्पत्ति संरक्षणको जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद १३ बमोजिम स्थानीय तहको सम्पत्ति संरक्षण गर्नुपर्छ। यसका लागि स्थानीय तहभित्र रहेका सबै सार्बजनिक, पर्ति, नदी उकास, वन र खानी क्षेत्र लगायतका सार्बजनिक जमिनको संरक्षण गर्ने, अतिक्रमण हुन नदिने, तारबार, घेरा पर्खाल लगाउने वा सार्बजनिक हितमा उपयोग गरी संरक्षण गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

**(म) आचार संहिता लागू गर्ने जिम्मेवारी** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ बमोजिम स्थानीय तहले आचार संहिता निर्माण गरी लागू गर्नुपर्छ। सामान्यतः यस्तो आचार संहितामा मुलुकको सार्वभौमसत्ता, अखण्डताको प्रतिकूल कार्य नगर्ने, संघ, प्रदेश र स्थानीय तह बीचको सुसम्बन्धमा आँच

नपुऱ्याउने, जनताको सार्वभौम अधिकार, स्वशासन लगायतका मान्य सिद्धान्त विपरित वक्तव्य नदिने, अनावश्यक र गैह्र कानूनी आश्वासन नदिने, राजनैतिक आस्थाका आधारमा सेवाप्रबाहमा भेदभाव नगर्ने, सामाजिक भेदभाव नगर्ने, कसैको स्वाभिमानमा आँच नपुऱ्याउने, लैङ्गिक समानतामा आँच नपुऱ्याउने, स्रोत र साधनको अनधिकृत प्रयोग नगर्ने, कुनै पनि प्रकारको स्वार्थ निहित कार्य नगर्ने लगायतका बूँदा समेटिईनु पर्छ। यसरी स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीले पालना गर्नुपर्ने छुट्टा छुट्टै आचार संहितासम्बन्धी ऐनको मस्यौदा सभामा पेश गरी पारित गराई राजपत्रमा प्रकाशित गर्ने उत्तरदायित्व कार्यपालिकाको हुनेछ।

(३) उपबूँदा (२) अनुसारका जिम्मेवारी र उत्तरदायित्व वहन गर्ने क्रममा स्थानीय तहले प्रमुख, उपप्रमुख वा अध्यक्ष, उपाध्यक्ष वा समिति संयोजक, प्रमुख कार्यकारी अधिकृत, वा विषयगत कार्यालय प्रमुखलाई अधिकार तोक्न सक्नेछ। तर यसरी अधिकार प्रत्यायोजन भए पनि स्थानीय तहको उत्तरदायित्व वहन गर्ने जिम्मेवारी भने यथावत रहनेछ।

## परिच्छेद - ७

## संस्थागत व्यवस्था

**३०. उत्तरदायित्व वहन कार्यविधि कार्यान्वयन तथा प्रवर्द्धन :** (१) यो कार्यविधि कार्यान्वयन र प्रवर्द्धन गर्न निम्न अनुसारको समिति गठन गरी क्रियाशील बनाउनु पर्नेछ :

(क) गाउँसभा/नगरसभाको सुशासन समितिको अध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) सामुदायिक संस्था TLO मध्येबाट कार्यस्थानीय तहले छानेको प्रतिनिधि एक - सदस्य

(घ) आम सञ्चार माध्यम, सूचना प्रविधि पत्रकारमध्येबाट स्थानीय तहले तोकेको प्रतिनिधि एक - सदस्य

(ङ) महिला सामुदायिक संस्था, आमा समूह, पिछडिएकोवर्ग आदि मध्येबाट तीन जना- सदस्य

(च) नागरिक समाज, प्रवुद्ध वर्गबाट एक जना - सदस्य

(छ) प्रशासन/सुशासन शाखा प्रमुख - सदस्य सचिव

(२ )उपबूँदा (१) अनुसारको समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) सामाजिक उत्तरदायित्वका क्षेत्र र प्राथमिकता पहिचान गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यस्थानीय तह समक्ष पेश गर्ने ।

(ख) स्थानीय तहले गरे गराएका सामाजिक उत्तरदायित्वका कार्यहरुको समीक्षा गरी आवश्यक सुझाव सहितको प्रतिवेदन कार्यपालिकामा पठाउने ।

(ग) सुशासन, सेवा प्रवाहमा समुदायको सहभागिता प्रवर्द्धनमा सघाउने ।

(घ) खुला स्थानीय सरकार र सूचनामा नागरिकको पहुँच बृद्धि गराउने ।

(ङ) सामाजिक उत्तरदायित्वका औजारको विधि सम्मत प्रयोगलाई स्थानीय तहको अभिन्न कार्य संस्कृतिमा रुपान्तर गर्न सहयोग गर्ने ।

(च) स्थानीय तहलाई सामाजिक उत्तरदायित्व प्रवर्द्धनमा पृष्ठपोषण दिने ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समितिले नै निर्धारण गर्नेछ ।

परिच्छेद - ८

## स्थानीय सरकार तथा नागरिक समाज र संघसंस्थाहरुको भूमिका

**३१. सम्बन्धित निकायको भूमिका :** (१) सामाजिक उत्तरदायित्व कार्यान्वयनमा स्थानीय सरकारको भूमिका निम्न अनुसार हुनेछ :

(क) सामाजिक उत्तरदायित्व निर्वाह गर्न प्रतिवद्ध भै यसका औजार तथा उपायहरु प्रयोग गरी स्थानीय निकायमामा सुशासन अभिवृद्धि गर्ने गराउने ।

(ख) यस कार्यविधि बमोजिमका सामाजिक उत्तरदायित्वका उद्देश्य पूरा गर्न गराउन नियमित अभ्यास गर्ने गराउने ।

(ग) गुनासो प्राप्ति, प्राथमिकता, सम्बोधन र समीक्षा गर्ने व्यवस्था मिलाउने ।

(घ) सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोक्ने, गुनासो सुन्ने संस्थागत व्यवस्था गर्ने ।

(ङ) खुला स्थानीय सरकार पद्धति अवलम्वनमा र निरन्तरता दिने ।

(च) जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीको आचार संहिता तयारी तथा कार्यान्वयन गर्ने गराउने र सो को पालना भए नभएको नियमित रुपमा अनुगमन गर्ने ।

(छ) सेवा प्रवाह, विकास व्यवस्थापन, सामाजिक सुरक्षा आदि स्थानीय तहका कार्यक्रमहरुको सामाजिक उत्तरदायित्वको दृष्टिकोणले नियमित अनुगमन, मूल्याङ्कन र प्राप्त पृष्ठपोषणको उपयोग गर्ने ।

(ज) स्थानीय तह, प्रदेश र संघीयस्तरका कानून, नीति, योजना र प्राथमिकता कार्यान्वयन एवं परिपालना गर्ने ।

(झ) नागरिको मौलिक हकका बारेमा सचेतना जगाउने ।

(ञ) स्थानीय तहमा मितव्ययिता, पारदर्शीता र सुशासन प्रवर्द्धन गर्ने ।

(ट) स्थानीय शासनमा नागरिक सहभागिता सचेतना अभिवृद्धि गर्ने, र TLO तथा सामुदायिक संस्थाको परिचालनमा सहजीकरण गर्ने

(ठ) स्थानीय तहले उपयोग गरेका सामाजिक उत्तरदायित्वका उपाय र त्यसका प्रतिफलको नियमित समीक्षा गरी सुधारलाई निरन्तरता दिने ।

**३२. नागरिक समाज र संघ संस्थाको काम, कर्तव्य र अधिकार :** (१) सामाजिक उत्तरदायित्व कायम गराउन नागरिक समाज, संघ संस्थाको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ :

(क) सार्वजनिक सेवा सुविधाहरुको बारेमा नागरिक शिक्षा र सचेतनाका कार्य सञ्चालन गर्ने ।

(ख) माग पक्षको क्षमता बृद्धि गरी सेवा लिन सक्ने अर्थात् सेवा पाउने अधिकार प्रचलन गराउने ।

(ग) अधिकारमा आधारित आपूर्ति पक्ष (Supply side) को नागरिक हितमा प्रवलीकरण गर्ने

(घ) मांग र आपूर्ति पक्षबीच सन्तुलन, उपयोग र प्रतिफलमा समन्वय र सहकार्य गर्ने ।

(ङ) सेवा प्रदायक, नीति निर्मातालाई नागरिकप्रति उत्तरदायी हुन लगाउने र पारदर्शिता बढाउने विषयमा निरन्तर पैरवी गर्ने ।

(च) नागरिक अधिकारका पक्षमा वकालत गर्न, भ्रष्टाचार नियन्त्रण गर्न, गरिबी घटाउन नागरिक आवाज संगठित गरी खबरदारी, निगरानी र परिचालन गर्ने ।

(छ) निगरानी निकायहरुलाई सदाचार, अनुशासन कायम गर्न सहयोग गर्ने ।

(ज) नागरिकका गुनासा, असन्तुष्टि सम्बन्धित निकायहरु समक्ष पुऱ्याउने र समस्या समाधानका सम्बन्धमा सोधखोज गर्ने ।

(झ) सेवाको गुणस्तर, विकास आयोजनाका कार्यान्वयन स्थिति र खर्च विश्वसनीयता एवं नागरिक सन्तुष्टिबारे स्थानीय सरकारलाई पृष्ठपोषण गर्ने ।

(ञ) सार्वजनिक कार्यहरुको प्रभावकारी नागरिक अनुगमन कार्यमा सहयोग गर्ने र सामाजिक जवाफदेही सम्बन्धी नीति निर्माणमा पृष्ठपोषण गर्ने ।

(ट) सेवा प्रदायकका कार्यहरु नागरिकसम्म पुऱ्याउने, समावेशी र सहभागितामूलक बनाउन तथा सम्बन्धहरु हार्दिक बनाउन सहजीकरण भूमिका खेल्ने ।

(ठ) लोकतान्त्रिक मूल्य, मान्यता, कानूनको पालना, समतामूलक वितरण प्रणाली सुदृढ गर्न सहयोग गर्ने ।

(ड) संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका राम्रा काममा थप सहयोग गर्ने र कमी कमजोरी औंल्याई स्थानीय स्वायत्त शासनलाई पद्धतिमुखी र जनमुखी बनाउन सहयोग गर्ने ।

परिच्छेद-९

विविध

**३३. स्थानीय तहको मूल कर्तव्य :** (१) सामाजिक उत्तरदायित्वलाई स्थानीय तहको शासकीय पद्धतिका सहयोगी औजारका रुपमा प्रयोग गरी स्थानीय लोकतन्त्र जनमुखी, सेवामुखी र जनताप्रति उत्तरदायीयुक्त ढंगले स्थानीय सरकार सञ्चालन गर्नु स्थानीय तहको मूल कर्तव्य हुनेछ ।

**३४. कार्यविधि संशोधन :** (१) स्थानीय तहले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

**३५. कदर र सचेत :** (१) सामाजिक जवाफदेही प्रभावकारी ढंगले निर्वाह गर्ने गाउँस्थानीय तह तथा नगरस्थानीय तहमध्ये उत्कृष्ट गाउँस्थानीय तह तथा नगरस्थानीय तह पहिचान गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उचित कदर गर्ने सिलसिलामा आवश्यक सूचना, तथ्याङ्क र प्रगति प्रतिवेदन निर्धारित समयमै उपलब्ध गराउनु पर्नेछ । साथै, यससम्बन्धी कमजोर कार्यसम्पादन गर्नेलाई मन्त्रालयले सचेत गराउने छ ।

**३६. कार्ययोजना बनाउनु पर्ने :** (१) यस कार्यविधि अनुसार उत्तरदायित्व वहन गर्ने सिलसिलामा स्थानीय तहले कार्यान्वयन कार्ययोजना बनाउनु पर्नेछ । कार्ययोजनाको ढांचा अनुसूचीमा रहेको छ ।

(२) यस्तो कार्ययोजना आर्थिक बर्षलाई आधार मानेर तीन बर्षको कार्ययोजना बनाउनु उपयुक्त हुनेछ ।

## अनुसूची

### बूँदा ३६ (३) सँग सम्बन्धित

### उत्तरदायित्व वहन सम्बन्धी कार्ययोजना

| क्र.सं. | उत्तरदायित्व | कार्यक्रम | समयसीमा | सहभागी | स्थान | अपेक्षित नतिजा | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| १ | सार्वजनिक सुनुवाई | | | | | | |
| २ | सामाजिक परीक्षण | | | | | | |
| ३ | सार्वजनिक परीक्षण | | | | | | |
| ४ | स्थानीय खर्चको सोधखोज ( सार्वजनिक खर्च) प्रष्ट्याइं | | | | | | |
| ५ | नागरिक वडापत्र | | | | | | |
| ६ | सामुदायिक सूचना पाटी | | | | | | |
| ७ | गुनासो व्यवस्थापन | | | | | | |
| ८ | लैङ्गिक उत्तरदायी बजेट मूल्यांकन | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | बालमैत्री सुशासन | | | | | | |
| १० | गैरसरकारी संस्था नियमन | | | | | | |
| ११ | सूचनामा पहुँच र सूचनाको अधिकार | | | | | | |
| १२ | बार्षिक, आवधिक, प्राविधिक प्रतिवेदन | | | | | | |
| १३ | अनुगमन तथा पृष्ठपोषण | | | | | | |
| १४ | लाभग्राही तथा सरोकारवालाहरुसँग परामर्श | | | | | | |
| १५ | सेवाग्राही सर्भेक्षण (Perception Survey) | | | | | | |
| १६ | स्वेतपत्र वा स्थितिपत्र जारी | | | | | | |

ooo

# सन्दर्भ सामग्री


- सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धी कार्यविधि, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय काठमाडौं, २०६२
- सार्वजनिक सुनुवाईको अवधारणा, असल शासनका लागि वकालतः स्रोत संगालो, प्रो पब्लिक, काठमाडौ,२०६३
- स्थानीय तह आर्थिक प्रशासन नियमावली, २०६४
- सूचनाको हकसम्वन्धी ऐन (२०६४) तथा नियमावली (२०६५), कानून किताब व्यवस्था समिति
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ र सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- स्थानीय तह सामाजिक परीक्षण कार्यविधि, सार्वजनिक परीक्षण कार्यविधि र सार्वजनिक सुनुवाइ कार्यविधि २०६७,
- हेलो सरकार कक्ष संचालन निर्देशिका, २०६८
- सुचनाको हक सम्बन्धी ऐन कार्यान्वयन र अनुगमन सम्बन्धी कार्यविधि, २०७१
- सामाजिक परिचालन कार्यविधि, २०७१
- लैंगिक उत्तरदायी बजेट स्थानीयकरण रणनीति, २०७१
- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- सुशासन प्रवर्द्धन रणनीति तथा कार्य-योजना, २०७४
- सार्वजनिक वित्तीय व्यवस्थापन कार्य संचालन निर्देशिका, २०७५
- स्थानीय तह वित्तीय शुसासन जोखिम मूल्याङ्कन कार्यविधि कार्यविधि, २०७७
- स्वास्थ्य क्षेत्रका लागि सामाजिक जवाफदेहिता, संघीय मार्गदर्शन, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
- स्वास्थ्य सेवा विभाग, उपचारात्मक सेवा महाशाखा, काठमाडौ, २०७७
- नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गै.स.स.हरूको छाता सङ्गठन, २०१०
- खड्का के. तथा भट्टराई सी., सामाजिक जवाफदेहिताको एक्काईस वटा औजार सम्बन्धी श्रोत-पुस्तिका, बिश्व बैंक, काठमाण्डौ, नेपाल, २०१२
- दाहाल तारानाथ, एकीकृत प्रविधिमार्फत सुशासन प्रवर्द्धनमा नागरिक सहभागिता अभिवृद्धि, प्रशिक्षण सहजीकरण सहायक पुस्तिका, फ्रिडम फोरम, २०१९
- दुवाडी स्थानेश्वर, नागरिक समाज र स्थानीय सरकार बीचको सहकार्यका अवसर र चुनौतीहरू, भाद्र २०७६
- आचार्य, केशव कुमार र बैद्य, सिर्जना, "स्थानीय तहमा सुशासनको संस्थागत विकासका लागि सामाजिक उत्तरदायित्व कार्यान्वयनको अवस्था", फाल्गुन,२०७७, https://www.prasashan.com/2021/02/28/220342/.
- आचार्य, केशव कुमार र बैद्य, सिर्जना, "पालिकामा सामाजिक उत्तरदायित्व : संस्थागत प्रतिबद्धता हो वा हात्तिको देखाउने दाँत ?", फाल्गुन,२०७७, https://ujyaaloonline.com/story/494941
- मैनाली गोपी, सामाजिक जवाफदेहिता र सार्वजनिक क्षेत्र, प्रशासन.कम, २५ श्रावण २०७७
- बास्कोटा, कृष्णहरि, सरकारी अड्डा सुधारका एक दर्जन अचुक अस्त्र, जनवरी, २०२१
- www.opmcm.gov.np
- www.mofald.gov.np
- सामुदायिक सूचकांक म्यानुअल, हेल्भेटास, झम्सीखेल ललितपुर (www.helvetas.ch/nepal)
- www.cuts-international.org
- राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाडौँ, www.nvc.gov.np
- Brinkerhoff, Derick W. "Accountability and health systems: toward conceptual clarity and policy relevance," Health Policy and Planning, 2004.